समृद्ध नौगाड, सुखी नौगाडबासी

# प्रथम एकीकृत आवधिक विकास योजना

## २०८१/८२-२०८५/८६



## नौगाड गाउँपालिका दार्चुला

### सुदूरपश्चिम प्रदेश, नेपाल

समृद्ध नौगाड, सुखी नौगाडबासी

# प्रथम एकीकृत आवधिक विकास योजना

# २०८१/८२-२०८५/८६


**प्रकाशक** : नौगाड गाउँपालिका, दार्चुला

**सभाबाट पारित मिति** : २०८१ असार १० गते

**प्रकाशन मिति** : २०८२ जेठ २६ गते



**सर्वाधिकार** : नौगाड गाउँ कार्यपालिकाको कार्यालय



**मुद्रण प्रति** : १२१ प्रति

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या / Ref. No.:२०८०/०८१ | मिति/Date: - २०८१ असार १० गते
चलानी नम्बर / Dispatch No.:- | नेपाल सम्बतः ११४४ तछलागा तृतीया

## गाउँपालिका अध्यक्षको मन्तव्य



नेपाली जनताको लामो समय देखीको त्याग, बलिदानपूर्ण पटक-पटकको संघर्ष र आन्दोलनको उपलब्धि स्वरूप नेपालको संविधान, २०७२ जारी भई मुलुकमा संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था कायम भएको छ । संघीय संरचना अनुसार नै स्थानीय तहको निर्वाचन सम्पन्न गरी नेपालमा नयाँ संविधान बमोजिमको संघिय ढाँचाको राज्य संरचनाको कार्यान्वयन गर्ने जिम्मेवारी जनताले हामीलाई सुम्पेका छन् । संविधानको मूल मर्म र भावना अनुसार दिगो शान्ति र सामाजिक न्याय सहितको समृद्धिमा पुर्‍याउन यो व्यवस्थाको जग बसाल्ने ऐतिहासिक अवसर हामी जनप्रतिनिधिहरूले प्राप्त गरेका छौ । हाम्रो संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरी स्वाधीन र समुन्नत राष्ट्र निर्माण गर्ने परिकल्पना गरेको छ। यसैगरी संयुक्त राष्ट्रसंघ द्वारा सन् २०३० सम्मका लागि निर्धारण गरिएका १७ वटा दिगो विकास लक्ष्यलाई मध्यनजर गरी बलियो आधारशिला तयार गर्न संविधानले निर्देशन गरे अनुसारको राज्यको नीतिमा समायोजन हुने गरी योजनाबद्ध विकासको सुरुवात गर्न वाञ्छनीय भएको छ ।

नौगाड गाउँपालिकाको "*समृद्ध नौगाड, सुखी नौगाडबासी*" भन्ने दीर्घकालीन सोचको आधारमा निर्माण भएको प्रथम एकीकृत आवधिक विकास योजना (२०८१/८२-२०८५/८६) सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, पुन्ना, डोटीको आर्थिक तथा प्राविधिक सहयोगमा एकीकृत आवधिक विकास योजना निर्माण गर्न दिईएको जिम्मेवारी अनुसार काम सम्पन्न गरिएको छ । प्राकृतिक सम्पदाले भरिपूर्ण, धार्मिक, सामाजिक तथा सांस्कृतिक विविधता भएको नौगाड गाउँपालिकाका जनताको आर्थिक, सामाजिक न्याय सहितको समृद्ध समाज निर्माण गर्न र योजनाबद्ध विकास गर्नका लागि यो प्रथम आवधिक योजना मार्गदर्शक हुनेछ । हाम्रो स्रोत र साधनहरूलाई सबै आधारभूत तहमा रहेका जनताहरूको पहुँच र लाभ पुग्ने गरी उपयोग र बिस्तार हुनेछ । समृद्धि सहितको सुशासनलाई संस्थागत विकास गर्न यो आवधिक विकास योजना महत्वपूर्ण दस्तावेजको रूपमा रहनेछ । यसलाई तयार गर्नका लागी प्रत्यक्ष, अप्रत्यक्ष रूपमा योगदान गर्नु हुने सम्पूर्ण शुभचिन्तक, विज्ञ, गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरू, विषयगत समितिहरू, सहजिकरणमा संलग्न कर्मचारीहरू, आम जनसमुदाय, सरकारी तथा गैर सरकारी विकास साझेदार संस्थाहरू, राजनीतिक दलका प्रतिनिधि, सुदूरपश्चिम प्रदेश सरकार लगायत सबैलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै यस आवधिक विकास योजनाको सफल कार्यान्वयनमा सहयोग गर्न सम्बद्ध सबै पक्षसँग हार्दिक अनुरोध गर्दछु ।

दलजित सिंह धामी
गाउँपालिका अध्यक्ष

नौगाड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय होपरीगाड, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

### नौगाड गाउँपालिकाका उपाध्यक्षको भनाई



सर्वप्रथम राष्ट्र निर्माण, राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि भएका विभिन्न ऐतिहासिक जनआन्दोलन तथा संघर्षमा अतुलनीय भूमिका निर्वाह गर्ने सम्पूर्णमा उच्च सम्मान प्रकट गर्छु । संविधानसभा मार्फत असोज ३, २०७२ मा "नेपालको संविधान" जारी भएपछि नेपालमा संघीय शासन प्रणालीको थालनी भयो। जेठ १५, २०६५ मा बसेको संविधान सभाको पहिलो बैठकले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य विधिवत् रूपमा घोषणा गर्यो ।

संविधानले अङ्गीकार गरेअनुसार संघ, प्रदेश र स्थानीय सरकार अहिले अभ्यासमा छन् । राज्य पुनः संरचना पश्चात् संघियताको कार्यान्वयनमा गर्न स्थानीय तहलाई सुदृढ गरी जनताका समस्यालाई समाधान गर्न स्थानीय तहलाई स्रोत सम्पन्न बनाउनु पर्ने देखिन्छ । स्थानीय स्रोतको व्यापक परिचालनका लागि योजनाबद्ध विकासको स्पष्ट खाँका तयार गरी नौगाडबासी जनताको जीवनस्तरमा दीर्घकालीन दिगो सुधार ल्याउने स्पष्ट उद्देश्य रहेको छ । जनताको नजिकको सरकार भनेको स्थानीय सरकार भएको हुँदा जनता समस्याहरूलाई पनि नजिकबाट स्थानीय सरकार तथा स्थानीय जनप्रतिनिधिहरूले बुझेका हुन्छन्।

स्थानीय सरकार तथा जनप्रतिनिधिहरूले स्थानीय स्रोत साधन परिचालन, स्थानीय कला सीप ज्ञानको उन्नतिकरण गरी स्थानीय जनताका समस्या समाधान गर्दै नौगाडबासी जनताको जीवन स्तरमा सुधार ल्याई नौगाडबासी जनतालाई दिगो स्थानीय विकासको अनुभूति गराउने हाम्रो लक्ष्य रहेको छ । सो लक्ष्य प्राप्तिका लागि विभिन्न क्षेत्रको विकासलाई समेट्न प्रथम एकीकृत आवधिक विकास योजना (२०८१/८२-२०८५/८६) तर्जुमा गरी पारित गर्दै पालिकाको वार्षिक विकास कार्यक्रम कार्यान्वयन गर्न लागेको हुँदा यस एकीकृत आवधिक विकास योजना (२०८१/८२–२०८५/८६) समृद्धि सहितको सुशासनलाई संस्थागत विकास गर्न महत्वपूर्ण दस्तावेजको रूपमा रहनेछ । आवधिक विकास योजना तयार गर्नका लागी प्रत्यक्ष, अप्रत्यक्ष रूपमा योगदान गर्नु हुने सम्पूर्ण शुभचिन्तक, विज्ञ, पालिकाका सम्पूर्ण जनप्रतिनिधिहरू, विषयगत समितिहरू, सहजिकरणमा संलग्न कर्मचारीहरू, आम समुदाय, सरकारी तथा गैर सरकारी विकास साझेदार संस्थाहरू, राजनीतिक दलका प्रतिनिधि, सुदूरपश्चिम प्रदेश सरकार लगायत सबैलाई विशेष धन्यवाद दिन चाहन्छु साथै आवधिक विकास योजना निर्माणको परामर्श संस्था क्रिएटिभ मल्टिसेक्टर रिसर्च ट्रेनिङ एण्ड कन्सल्टेन्सि प्रा.लि. (CMRTC) काठमाडौं प्रति विशेष आभार प्रकट गर्दै, अन्तमा यो प्रथम एकीकृत आवधिक योजनाको सफल कार्यान्वयनको शुभकामना व्यक्त गर्न चाहन्छु ।

जगत सिह ठगुन्ना

गाउँपालिका उपाध्यक्ष

नौगाड गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

होपरीगाड,दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या / Ref. No.: - २०८०/०८१

चलानी नम्बर / Dispatch No.:-

मिति/Date: - २०८१ असार १० गते

नेपाल सम्बतः ११४४ तछलागा तृतीया

नौगाड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय होपरीगाड, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

## प्रमुख प्रशासकीय अधिकृतको मन्तव्य



दार्चुला जिल्लाको उत्तरपूर्व भागमा अबस्थित नौगाड गाउँपालिकाको आफ्नै खालको धार्मिक, राजनैतिक र सामाजिक-साँस्कृति महत्व र विशेषता रहेको छ। यस गाउँपालिकाको प्रथम एकीकृत आवधिक विकास योजना (२०८१/८२ देखि २०८५/८६) सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, पुन्ना, डोटीको आर्थिक तथा प्राविधिक सहयोगमा यो दस्तावेज तयार गरिएको हो । यस गाउँपालिकाको विकास र समृद्धिका लागि पहिचान गरिएका प्राथमिकताहरू, निर्दिष्ट गरिएका कार्यक्रम तथा योजनाहरू साथै विनियोजन भएको बजेटको प्रभावकारिता त्यतिबेला मात्र परिणाममुखी हुन जान्छ जतिबेला यी सबै कार्यक्रमहरूवाट प्रत्यक्ष रूपमा लाभान्वित सरोकारवालाहरू स्वःस्फूर्त रूपमा अधिकतम जनसहभागीताका साथ साझेदारीको हिस्सेदार भई लाभ प्राप्त गर्न सक्नेछन। यहि विकासक्रमको जाँच गर्ने कसीको रूपमा आवधिक योजना तयार पारिएको हो ।

यो दस्तावेज तयार गर्ने क्रममा गाउँपालिकाको तर्फवाट अत्यन्त उत्साहका साथ सौहार्दपूर्ण वातावरण तयार गर्ने गाउँपालिका अध्यक्ष, उपाध्यक्ष लगायत सम्पूर्ण जनप्रतिनिधिज्यूहरू, विषयगत समितिहरू आर्थिक तथा प्राविधिक सहयोग गर्ने सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, पुन्ना, डोटीको सम्पूर्ण टीम, कार्यक्रम-योजना, नीति तथा कार्यक्रमको छलफलमा महत्वपूर्ण सहभागीताका साथ उपस्थित राजनैतिक दल, विषयगत निकायका प्रमुख एवं प्रतिनीधि, फिल्डस्तरमा खटिएर योजनाको अभिलेखीकरण गर्ने कर्मचारी, बुद्धिजीवी तथा नागरिक समाज, गाउँ कार्यपालिकाको विभिन्न शाखा अन्तरगत यो कामलाई पूर्णता दिन महत्वपूर्ण भूमीका निर्वाह गर्ने सम्पूर्ण शाखाका प्रमुख तथा कर्मचारी साथीहरूलाई धन्यवाद दिन चाहन्छु । साथै यस आवधिक विकास योजना निर्माणको प्राविधिक काममा निरन्तर खटिएर जिम्मेबारी पुरा गर्नुहुने क्रिएटिभ मल्टिसेक्टर रिसर्च ट्रनिङ एण्ड कन्सल्टेन्सि प्रा.लि. (CMRTC) काठमाडौंको सम्पूर्ण टिमका सदस्यहरूप्रति विशेष आभार प्रकट गर्न चाहन्छु ।

पुष्कर सिह धामी

प्रमुख प्रशासकीय अधिकृत

<u>विषयसूची</u>

**परिच्छेद १: परिचय........................................................................................................१**
१.१ पृष्ठभूमि..........................................................................................................१
१.२ आवधिक योजना निर्माणको उद्देश्य..................................................................१
१.३. एकीकृत आवधिक योजना तर्जुमाका चरण तथा प्रक्रियाहरू ..................................२
**परिच्छेद २: नौगाड गाउँपालिकाको अवस्था विश्लेषण तथा उपलब्धि समीक्षा ..................................४**
२.१. गाउँपालिकाको परिचय ..................................................................................४
२.१.२ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना...........................................४
२.१.२ प्राकृतिक तथा सांस्कृतिक सम्पदा.......................................................................४
२.१.३ जनसंख्या विवरण............................................................................................५
२.२ आर्थिक विकासको अवस्था ...............................................................................६
२.२.१ कृषि तथा खाद्य सुरक्षा.....................................................................................६
२.२.२ पर्यटन तथा संस्कृति..........................................................................................७
२.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति ..................................................................७
२.२.४ आम्दानी, रोजगार र वित्तीय सेवा.......................................................................८
२.३ सामाजिक विकासको अवस्था..............................................................................९
२.३.१ आधारभूत स्वास्थ्य तथा पोषण............................................................................९
२.३.२ शैक्षिक विकास .............................................................................................. १०
२.३.३ खानेपानी तथा सरसफाइ.................................................................................. ११
२.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण.................................................. १२
२.३.५ युवा, खेलकुद तथा कला.................................................................................. १३
२.४ पूर्वाधार विकासको अवस्था ............................................................................... १४
२.४.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण..................................................... १४
२.४.२ सडक, पुल तथा यातायात.................................................................................. १४
२.४.३ विद्युतीकरण तथा वैकल्पिक ऊर्जा ...................................................................... १५
२.४.४ सूचना, सञ्चार तथा प्रविधि................................................................................ १६
२.४.५ सिँचाइ............................................................................................................ १६
२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था.................... १७
२.५.१ वन तथा जैविक विविधता ................................................................................ १७
२.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन .................................................................. १७
२.५.३ वातावरण व्यवस्थापन ...................................................................................... १८
२.५.४ विपद् व्यवस्थापन............................................................................................. १८
२.६ सुशासन तथा संस्थागत विकासको अवस्था ........................................................... १९
२.६.१ स्थानीय नीति, ऐन तथा सुशासन........................................................................ १९
२.६.२ संगठनात्मक विकास.......................................................................................... १९
२.६.३ वित्तीय स्रोत परिचालन...................................................................................... १९
२.६.४ योजना व्यवस्थापन............................................................................................ २०
**परिच्छेद ३: दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति.................................................... २१**
३.१ पृष्ठभूमि........................................................................................................... २१
३.२ मुख्य समस्या तथा चुनौतीहरू............................................................................. २१

३.२.१ समस्याहरू........ २१
३.२.२ चुनौतीहरू........ २१
३.३ अवसर तथा सम्भावनाहरू........ २१
३.४ निर्देशक सिद्धान्त ........ २२
३.५ सोच, लक्ष्य तथा उद्देश्य ........ २२
३.६ परिमाणात्मक लक्ष्य निर्धारण ........ २५
३.७ रणनीति तथा प्राथमिकता........ २८
३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट........ २९
**परिच्छेद ४: आर्थिक विकास........ ३१**
४.१ कृषि तथा पशुपंक्षी पालन ........ ३१
४.१.१ पृष्ठभूमि........ ३१
४.१.२ समस्या तथा चुनौतीहरू ........ ३१
४.१.३ सम्भावना तथा अवसर ........ ३२
४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना........ ३२
४.१.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू ........ ३३
४.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान र जोखिम पक्ष........ ३४
४.२ सिँचाइ ........ ३५
४.२.१ पृष्ठभूमि........ ३५
४.२.२ समस्या तथा चुनौतीहरू ........ ३५
४.२.३ सम्भावना तथा अवसर ........ ३५
४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना........ ३५
४.२.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू ........ ३६
४.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान तथा जोखिम पक्ष ........ ३७
४.३ पर्यटन विकास ........ ३८
४.३.१ पृष्ठभूमि........ ३८
४.३.२ समस्या तथा चुनौती ........ ३८
४.३.३ सम्भावना तथा अवसर ........ ३८
४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना........ ३८
४.३.५ मुख्य कार्यक्रम आयोजनाहरू........ ४०
४.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान तथा जोखिम पक्ष ........ ४१
४.४ उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति........ ४२
४.४.१ पृष्ठभूमि........ ४२
४.४.२ समस्या तथा चुनौती ........ ४२
४.४.३ सम्भावना तथा अवसर ........ ४२
४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना........ ४३
४.४.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू ........ ४४
४.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान तथा जोखिम पक्ष ........ ४५
४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा ........ ४६
४.५.१ पृष्ठभूमि........ ४६
४.५.२ समस्या तथा चुनौती ........ ४६
४.५.३ सम्भावना तथा अवसर ........ ४६

४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना............ ४७
४.५.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू ............ ४८
४.५.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान तथा जोखिम पक्ष ............ ४९
**परिच्छेद ५: सामाजिक विकास ............ ५०**
५.१ आधारभूत स्वास्थ्य ............ ५०
५.१.१ पृष्ठभूमि............ ५०
५.१.२ समस्या तथा चुनौती ............ ५०
५.१.३ सम्भावना तथा अवसर ............ ५१
५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना............ ५१
५.१.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू ............ ५२
५.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान तथा जोखिम पक्ष ............ ५३
५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन ............ ५४
५.२.१ पृष्ठभूमि............ ५४
५.२.२ समस्या तथा चुनौतीहरू ............ ५४
५.२.३ सम्भावना तथा अवसर ............ ५४
५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना............ ५५
५.२.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू ............ ५६
५.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान तथा जोखिम पक्ष ............ ५७
५.३ खानेपानी तथा सरसपफाइ ............ ५९
५.३.१ पृष्ठभूमि............ ५९
५.३.२ समस्या तथा चुनौतीहरू............ ५९
५.३.३ सम्भावना तथा अवसर ............ ५९
५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना............ ५९
५.३.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू ............ ६१
५.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान तथा जोखिम पक्ष ............ ६२
५.४ लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा लक्षित वर्ग............ ६३
५.४.१ पृष्ठभूमि............ ६३
५.४.२ समस्या तथा चुनौती ............ ६३
५.४.३ सम्भावना तथा अवसर ............ ६३
५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना............ ६४
५.४.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू ............ ६५
५.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान तथा जोखिम पक्ष ............ ६७
५.५. युवा तथा खेलकुद............ ६८
५.५.१ पृष्ठभूमि............ ६८
५.५.२ समस्या तथा चुनौती ............ ६८
५.५.३ सम्भावना तथा अवसर ............ ६८
५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना............ ६९
५.५.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू ............ ७०
५.५.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान तथा जोखिम पक्ष ............ ७१
**परिच्छेद ६: पूर्वाधार विकास क्षेत्र............ ७२**
६.१ आवास तथा बस्ती विकास र शहरीकरण............ ७२

६.१.१ पृष्ठभूमि........ ७२
६.१.२ समस्या तथा चुनौती ........ ७२
६.१.३ सम्भावना तथा अवसर ........ ७२
६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना........ ७३
६.१.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू ........ ७४
६.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान तथा जोखिम पक्ष ........ ७५
६.२ सडक, यातायात तथा पुलपुलेसा ........ ७६
६.२.१ पृष्ठभूमि........ ७६
६.२.२ समस्या तथा चुनौती ........ ७६
६.२.३ सम्भावना तथा अवसर ........ ७६
६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना........ ७६
५.२.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू ........ ७८
६.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान तथा जोखिम पक्ष ........ ७९
६.३ विद्युत् तथा वैकल्पिक ऊर्जा........ ८०
६.३.१ पृष्ठभूमि........ ८०
६.३.२ समस्या तथा चुनौती ........ ८०
६.३.३ सम्भावना तथा अवसर ........ ८०
६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना........ ८०
६.३.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू ........ ८२
६.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान तथा जोखिम पक्ष ........ ८३
६.४ सूचना, सञ्चार तथा प्रविधि ........ ८५
६.४.१ पृष्ठभूमि........ ८५
६.४.२ समस्या तथा चुनौती ........ ८५
६.४.३ सम्भावना तथा अवसर ........ ८५
६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना........ ८५
६.४.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू ........ ८७
६.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान तथा जोखिम पक्ष ........ ८८
**परिच्छेद ७: वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र........ ८९**
७.१ वन तथा जैविक विविधता........ ८९
७.१.१ पृष्ठभूमि........ ८९
७.१.२ समस्या तथा चुनौती ........ ८९
७.१.३ सम्भावना तथा अवसर ........ ९०
७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना........ ९०
७.१.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू ........ ९२
७.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान तथा जोखिम पक्ष ........ ९३
७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन........ ९५
७.२.१ पृष्ठभूमि........ ९५
७.२.२ समस्या तथा चुनौती ........ ९५
७.२.३ सम्भावना तथा अवसर ........ ९५
७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना........ ९५
७.२.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू ........ ९८

७.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान तथा जोखिम पक्ष ........ ९९
७.३ वातावरण तथा फोहोर व्यवस्थापन ........ १०१
७.३.१ पृष्ठभूमि ........ १०१
७.३.२ समस्या तथा चुनौती ........ १०१
७.३.३ सम्भावना तथा अवसर ........ १०१
७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १०१
७.३.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू ........ १०३
७.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान तथा जोखिम पक्ष ........ १०४
७.४ विपद् व्यवस्थापन तथा जलवायु परिवर्त अनुकुलन ........ १०५
७.४.१ पृष्ठभूमि ........ १०५
७.४.२ समस्या तथा चुनौती ........ १०५
७.४.३ सम्भावना तथा अवसर ........ १०५
७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १०५
७.४.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू ........ १०७
७.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान तथा जोखिम पक्ष ........ १०८
**परिच्छेद ८: संस्थागत विकास तथा सुशासन क्षेत्र ........ १०९**
८.१ सुशासन ऐन, कानुन तथा न्यायिक व्यवस्था ........ १०९
८.१.१ पृष्ठभूमि ........ १०९
८.१.२ समस्या तथा चुनौती ........ १०९
८.१.३ सम्भावना तथा अवसर ........ ११०
८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ११०
८.१.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू ........ १११
८.१.६ अपेक्षित उपलब्धि तथा नतिजा अनुमान तथा जोखिम पक्ष ........ ११२
८.२ वित्तीय स्रोत परिचालन ........ ११३
८.२.१ पृष्ठभूमि ........ ११३
८.२.२ समस्या र चुनौतीहरू ........ ११३
८.२.३ सम्भावना र अवसरहरू ........ ११३
८.२.४ लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति ........ ११४
८.२.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू ........ ११५
८.२.६ अपेक्षित उपलब्धि तथा नतिजा अनुमान तथा जोखिम पक्ष ........ ११६
८.३ मानव संसाधन, संस्थागत विकास तथा सेवा प्रवाह ........ ११७
८.३.१ पृष्ठभूमि ........ ११७
८.३.२ समस्या तथा चुनौतीहरू ........ ११७
८.३.३ सम्भावना र अवसरहरू ........ ११७
८.३.४ लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति ........ ११८
८.३.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू ........ ११९
८.३.६ अपेक्षित उपलब्धि तथा नतिजा अनुमान तथा जोखिम पक्ष ........ १२०
८.४ योजना व्यवस्थापन ........ १२१
८.४.१ पृष्ठभूमि ........ १२१
८.४.२ समस्या तथा चुनौतीहरू ........ १२१
८.४.३ सम्भावना तथा अवसरहरू ........ १२२

८.४.४ लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति........................................................................ १२२
८.४.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू .......................................................................... १२३
८.४.६ अपेक्षित उपलब्धि तथा नतिजा अनुमान तथा जोखिम पक्ष.................................................. १२४
**परिच्छेद ९: कार्यान्वयन व्यवस्था.............................................................................. १२५**
९.१ पृष्ठभूमि.................................................................................................... १२५
९.२ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना.................................................................. १२५
९.२.१ समस्या तथा चुनौती ...................................................................................... १२५
९.२.२ सम्भावना तथा अवसर ..................................................................................... १२५
९.२.३ लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति....................................................................... १२६
९.२.४ जनशक्ति व्यवस्थापन तथा कार्यक्रमहरू...................................................................... १२७
९.२.५ अपेक्षित उपलब्धि तथा नतिजा अनुमान तथा जोखिम पक्ष.................................................. १२९
९.३ विषय क्षेत्र अनुसार अनुमानित बजेट........................................................................... १३०
९.४ स्रोत अनुमान तथा प्रक्षेपण..................................................................................... १३१
९.५ स्रोत परिचालन रणनीति......................................................................................... १३२
९.६ गाउँपालिकाको राजश्व सुधार योजना ........................................................................... १३२
९.७ आवधिक योजना कार्यान्वयन..................................................................................... १३३
९.७.१ कार्यान्वयन कार्ययोजना ................................................................................... १३३
९.७.२ मार्गदर्शन तयारी.......................................................................................... १३४
९.७.३ दिगो विकास लक्ष्यको स्थानीयकरण.......................................................................... १३४
९.८ अनुगमन तथा मूल्याङ्कन योजना................................................................................ १३५
९.८.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता........................................................................ १३५
९.८.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी........................................................................ १३६
९.८.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया........................................................................... १३६
अनुसूची १ : आयोजनाहरूको सूची ................................................................................ १३७
अनुसूची २ : आधार नक्सा (GIS Map)............................................................................. १७५
अनुसूचि ३ : तस्बिरहरू .......................................................................................... १८०

## तालिका सूची


तालिका १ समष्टिगत घरसंख्या तथा जनसंख्या विवरण....५
तालिका २ वडागत घर तथा जनसंख्या विवरण....५
तालिका ३ गाउँपालिकाको विगतको स्रोत परिचालन अवस्था.... २०
तालिका ४ परिमाणात्मक लक्ष्य.... २५
तालिका ५ गाउँपालिका गौरवका आयोजनाहरू.... २९
तालिका ६ कृषि तथा पशुपंक्षीपालन क्षेत्रमा गाउँपालिकाले गर्ने मुख्य कार्यक्रमहरू.... ३३
तालिका ७ कृषि तथा पशुपंक्षी पालन क्षेत्रको नतिजा खाका.... ३४
तालिका ८ गाउँपालिकाको सिँचाइ क्षेत्रका मुख्य कार्यक्रम तथा आयोजनाहरू.... ३६
तालिका ९ सिँचाइ क्षेत्रको नतिजा खाका.... ३७
तालिका १० गाउँपालिकाको पर्यटन, सँस्कृति तथा सम्पदा सम्बन्धी कार्यक्रम तथा आयोजनाहरू.... ४०
तालिका ११ पर्यटन, सँस्कृति तथा सम्पदा क्षेत्रको नतिजा खाका.... ४१
तालिका १२ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति कार्यक्रम तथा आयोजनाहरू.... ४४
तालिका १३ उद्योग, व्यापार तथा व्यवसाय क्षेत्रको नतिजा खाका.... ४५
तालिका १४ श्रम, रोजगारी र सामाजिक सुरक्षा क्षेत्रको मुख्य कार्यक्रम तथा आयोजनाहरू.... ४८
तालिका १५ श्रम, रोजगारी र सामाजिक सुरक्षाक्षेत्रको नतिजा खाका.... ४९
तालिका १६ आधारभूत स्वास्थ्य क्षेत्रको कार्यक्रम तथा आयोजनाहरू.... ५२
तालिका १७ आधारभूत स्वास्थ्य क्षेत्रको नतिजा खाका.... ५३
तालिका १८ शिक्षा, विज्ञान तथा नवप्रवर्तन सम्बन्धी मुख्य कार्यक्रम तथा आयोजनाहरू.... ५६
तालिका १९ शिक्षा, विज्ञान तथा नवप्रवर्तनक्षेत्रको नतिजा खाका.... ५७
तालिका २० खानेपानी तथा सरसफाइ सम्बन्धी मुख्य कार्यक्रम तथा आयोजनाहरू.... ६१
तालिका २१ खानेपानी तथा सरसफाइ क्षेत्रको नतिजा खाका.... ६२
तालिका २२ महिला, बालबालिका तथा लक्षित वर्ग सम्बन्धी मुख्य कार्यक्रम तथा आयोजनाहरू.... ६५
तालिका २३ महिला, बालबालिका तथा लक्षित वर्गक्षेत्रको नतिजा खाका.... ६७
तालिका २४ युवा तथा खेलकुद सम्बन्धी मुख्य कार्यक्रम तथा आयोजनाहरू.... ७०
तालिका २५ युवा तथा खेलकुद क्षेत्रको नतिजा खाका.... ७१
तालिका २६ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण क्षेत्रको मुख्य कार्यक्रम तथा आयोजनाहरू.... ७४
तालिका २७ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण क्षेत्रको नतिजा खाका.... ७५
तालिका २८ सडक, पुल तथा यातायात क्षेत्रको मुख्य कार्यक्रम तथा आयोजनाहरू.... ७८
तालिका २९ सडक, पुल तथा यातायात क्षेत्रको नतिजा खाका.... ७९
तालिका ३० जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा क्षेत्रको मुख्य कार्यक्रम तथा आयोजनाहरू.... ८२
तालिका ३१ जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा क्षेत्रको नतिजा खाका.... ८३
तालिका ३२ सूचना सञ्चार तथा प्रविधि क्षेत्रको मुख्य कार्यक्रम तथा आयोजनाहरू.... ८७
तालिका ३३ सूचना सञ्चार तथा प्रविधि क्षेत्रको नतिजा खाका.... ८८
तालिका ३४ वन तथा जैविक विविधता क्षेत्रको मुख्य कार्यक्रम तथा आयोजनाहरू.... ९२
तालिका ३५ वन तथा जैविक विविधता क्षेत्रको नतिजा खाका.... ९३
तालिका ३६ भूसंरक्षण तथा जलाधार व्यवस्थापन क्षेत्रको मुख्य कार्यक्रम तथा आयोजनाहरू.... ९८
तालिका ३७ भूसंरक्षण तथा जलाधार व्यवस्थापनक्षेत्रको नतिजा खाका.... ९९

तालिका ३८ वातावरण तथा फोहोरमैला व्यवस्थापन क्षेत्रको मुख्य कार्यक्रम तथा आयोजनाहरू............. १०३
तालिका ३९ वातावरण तथा फोहोरमैला व्यवस्थापन क्षेत्रको नतिजा खाका...................................... १०४
तालिका ४० विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता मुख्य कार्यक्रम तथा आयोजनाहरू.................................................................................................................. १०७
तालिका ४१ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता क्षेत्रको नतिजा खाका.. १०८
तालिका ४२ संस्थागत विकास तथा सुशासन मुख्य कार्यक्रम तथा आयोजनाहरू................................ १११
तालिका ४३ संस्थागत विकास तथा सुशासन क्षेत्रको नतिजा खाका ............................................... ११२
तालिका ४४ वित्तीय स्रोत परिचालन क्षेत्रका मुख्य कार्यक्रम तथा आयोजनाहरू................................. ११५
तालिका ४५ वित्तीय स्रोत परिचालन क्षेत्रको नतिजा खाका.......................................................... ११६
तालिका ४६ मानव संसाधन तथा संस्थागत विकास क्षेत्रका मुख्य कार्यक्रम तथा आयोजनाहरू.............. ११९
तालिका ४७ मानव संसाधन तथा संस्थागत विकास क्षेत्रको नतिजा खाका ...................................... १२०
तालिका ४८ योजना व्यवस्थापन क्षेत्रका मुख्य कार्यक्रम तथा आयोजनाहरू...................................... १२३
तालिका ४९ योजना व्यवस्थापन क्षेत्रको नतिजा खाका ............................................................. १२४
तालिका ५० संस्थागत व्यवस्था तथा मानव संसाधन योजना कार्यक्रम तथा आयोजनाहरू...................... १२७
तालिका ५१ योजना व्यवस्थापन क्षेत्रको नतिजा खाका ............................................................. १२९
तालिका ५२ विषयक्षेत्र अनुसार अनुमानित बजेट ...................................................................... १३०
तालिका ५३ गाउँपालिकाको आवधिक विकास योजनाको अनुमगन तथा मूल्याङ्कन प्रक्रिया.................... १३६

## चित्र सूची

चित्र १ खानेपानी प्रयोगको अवस्था ...................................................................................... ११
चित्र २ सरसफाइको अवस्था.............................................................................................. ११
चित्र ३ विद्युतको पहुँचको अवस्था ...................................................................................... १५
चित्र ४ सूचना सञ्चार तथा प्रविधिको पहुँचको अवस्था ............................................................. १६

## १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले नेपाललाई विधिवत रूपमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीमा रूपान्तरण गरेको छ । तीन तहको सरकार मध्ये स्थानीय तहहरू अविच्छिन्न उत्तराधिकारवाला स्वशासित निकायहरूका रूपमा स्थापित भएका छन् । संवैधानिक रूपमा नै स्थानीय स्तरको शान्ति, समृद्धि, स्थायित्व तथा विकासका लागि स्वयं स्थानीय तहहरूलाई अधिकार बाडफाड गरिएको छ । नेपालको संविधान २०७२ ले दिएको शासकीय अधिकारको उपयोग गर्दै नौगाड गाउँपालिकाले यो ५ वर्षे प्रथम एकीकृत आवधिक विकास योजना तर्जुमा गरेको छ । यो ५ वर्षे विकास आवधिक योजना यस नौगाड गाउँपालिकाको पहिलो आवधिक योजना हो, जुन आ.व. २०८१।८२ देखि २०८५।८६ सम्मका लागि तयार गरिएको छ । यस आवधिक योजनामा विकासका मुख्य सूचकाङ्कहरू निर्धारण गरिएको छ ।

यो एकीकृत आवधिक योजना तर्जुमा प्रक्रियामा जनसहभागितामा आधारित सहभागितामूलक योजना तर्जुमा पद्धतिहरू र प्रशंसनीय खोज लगायतका विधिहरू प्रयोग गरिएको छ । यस गाउँपालिकाको आवधिक योजना तर्जुमा नेपाल सरकारको सोह्रौ आवाधिक योजना र सुदूरपश्चिम प्रदेश सरकारको प्रथम आवाधिक विकास योजनाका लक्ष्य तथा उद्देश्यहरूसँग तादाम्यता मिलाइएको, जनताका बिचारहरू, गाउँपालिका भित्रका सूचनाहरू, नेपालको संविधान, ऐन, कानुन, नीति नियमहरू एवं विभिन्न कार्यक्रमहरूमा उल्लेखित सूचनाहरू, सरोकारवालाहरूसँग गरिएको अन्तरक्रियाबाट प्राप्त अभिमतहरू संकलन गर्नुका साथै विभिन्न आन्तरिक तथा बाह्य स्रोतहरूको समेत लेखाजोखा, व्याख्या तथा विश्लेषण गरिएको छ ।

आवधिक योजना भनेको स्थानीय सरकारको एक गतिशील दस्तावेज हो। जसलाई समय सापेक्ष बनाउन संशोधन, पुनरावलोकन तथा परिमार्जन गर्दै अघि बढ्न सकिनेछ । यस पञ्चवर्षीय आवधिक योजनाले नौगाड गाउँपालिकाको विकासलाई मार्गनिर्देशन गर्ने छ साथै गाउँपालिकाको विकास र परिवर्तनका लागि नयाँ अवसरहरूको खोजी गर्न, व्यवस्थित र पद्दतिगत विकास प्रक्रिया अवलम्बन गर्न, सहभागितामूलक विकास प्रक्रियालाई सुनिश्चित गर्न र पारदर्शिता कायम गर्न मद्दत गर्नेछ ।

**आवधिक योजना तर्जुमाका आधारहरू**
नेपालको संविधान
स्थानीय सरकार सञ्चालन ऐन, २०७४
अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७
सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय र अन्तरसम्बन्ध सम्बन्धी ऐन, २०७७
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
सघीय र प्रादेशिक आवाधिक योजनाहरु
विद्यमान राष्ट्रिय, प्रादेशिक र स्थानीय नीति
स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७
प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी

## १.२ आवधिक योजना निर्माणको उद्देश्य

- नौगाड गाउँपालिकाको यो प्रथम आवधिक योजनाले गाउँपालिकाको समग्र विकास प्रक्रियालाई योजनाबद्ध, लक्ष्योन्मुख, व्यवस्थित, पारदर्शी र दिगोपना कायम गर्न मार्गनिर्देशनको रूपमा काम गर्नेछ । त्यसैगरी सहभागितामूलक र योजनाबद्ध विकास कार्यक्रम सञ्चालन गर्न गाउँपालिकाको दक्षता र सुशासन अभिवृद्धि गर्न सहयोग पुग्नेछ । साथै, समतमूलक विकास र सामाजिक न्यायमार्फत जनताको जीवनस्तर अभिवृद्धि हुनेछ ।
- नेपालको संविधानले निर्दिष्ट गरेको समाजवाद उन्मुख समाज निर्माणका क्रममा संविधानले प्रदत्त गरेका मौलिक हकहरूको सुनिश्चितताका लागि योजनाबद्ध विकास गर्ने र तदनुरूपका कार्यक्रमहरू सञ्चालन गर्ने पद्धति विकास गर्नु ।

- जनचाहना, आवश्यकता र मागमा आधारित कार्यक्रम सञ्चालनलाई सुनिश्चित गर्दै गाउँपालिकाका आधारभूत आवश्यकताहरू परिपूर्ति गर्न र गाउँपालिकाभित्रका नागरिकहरूको सुख तथा आत्मसम्मानको सबलीकरणका लागि मार्गदर्शन स्थापित गर्नु ।
- आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय विकासका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न आधार तय गर्नु।
- गाउँपालिका भित्रका नागरिकहरूको सीप, क्षमता र दक्षता अभिवृद्धि गरी स्थानीय स्रोत साधनको समुचित तथा अधिकतम प्रयोग गरी आयआर्जन बढाउने र रोजगारका अवसरहरू सृजना गर्ने सैद्धान्तिक आधार तयार गर्नु ।
- "समृद्ध नौगाड सुखी नौगाडबासी" भन्ने सोचलाई साकार पार्न दिन दिगो विकास, वातावरणीय सन्तुलन र संस्थागत सुदृढीकरणका लागि खाका तयार गर्नु ।

## १.३. एकीकृत आवधिक योजना तर्जुमाका चरण तथा प्रक्रियाहरू

| क्रियाकलाप | सम्पन्न मिति | उपस्थिति | क्रियाकलाप |
|---|---|---|---|
| विद्यमान प्रावधान तथा नीति नियमहरूको पुनरावलोकन | | परामर्शदाता र विज्ञ समूहहरू | निम्न नीति तथा प्रावधानहरूको अध्ययन गरियो<br>• विभिन्न कानुन तथा नीति नियमहरू<br>• सङ्घीय सरकार, प्रदेश सरकार तथा राष्ट्रिय योजना आयोग, दिगो विकास लक्ष्यहरू तथा गाउँपालिकाको विगतका विकास योजनाहरूको पुनरावलोकन<br>• नौगाड गाउँपालिकाका विगत तीन वर्षका नीति तथा कार्यक्रम<br>• नेपाल सरकारका नीति, कार्यक्रम तथा विकास योजनाहरू |
| अभिमुखीकरण कार्यशाला | २०८१ बैशाख १४ | गाउँकार्यपालिका, शाखा प्रमुख, राजनीतिक दलका प्रतिनिधि | • सन्दर्भ सामग्रीको अध्ययन<br>• अभिमुखीकरण कार्यशालाको आयोजना<br>• आवधिक योजनाको महत्व बारेमा जानकारी<br>• आवधिक योजना तर्जुमा का विधि-प्रक्रिया का बारेमा जानकारी<br>• गाउँपालिकाका अध्यक्षको अध्यक्षतामा आवधिक योजना तर्जुमा समितिको गठन<br>• क्षेत्रगत समिति संयोजकको अध्यक्षतामा क्षेत्रगत समितिको गठन |
| वडागत छलफल तथा योजना सङ्कलन | २०८१ वैशाख ३१ | वडा अध्यक्ष, वडा स्तरीय जानकार व्यक्ति, राजनीतिक | • क्षेत्रगत रूपमा वडाका समस्या, चुनौती तथा सम्भावना, अवसर संकलन<br>• वडागत योजना संकलन तथा प्रथामिकरण |

| क्रियाकलाप | सम्पन्न मिति | उपस्थिति | क्रियाकलाप |
|---|---|---|---|
| | | दलका प्रतिनिधि | |
| तथ्याङ्क प्रशोधन, लेखन | | वडा अध्यक्ष, वडा स्तरीय जानकार व्यक्ति, राजनीतिक दलका प्रतिनिधि | वडागत छलफल, गाउँपालिकाको पार्श्व चित्र तथा शाखागत सूचकका आधारमा प्रारम्भिक प्रतिवेदनको तयारी |
| योजना तर्जुमा कार्यशाला | २०८१ जेठ ०१ | गाउँकार्यपालिका, शाखा प्रमुख, राजनीतिक दलका प्रतिनिधि, स्थानीय विज्ञ, विभिन्न संघ संस्थाका प्रतिनिधि | • गाउँपालिकाको दिर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा क्षेत्रगत कार्यक्रम तय<br>• गाउँपालिकाको गौरवका आयोजनाहरू तय<br>• वडागत तथा शाखागत रूपमा प्राप्त तथ्यांकका आधारमा तयार पारिएको मस्यौदा प्रतिवेदनको प्रमाणीकरण |
| मस्यौदा प्रतिवेदन तयारी तथा प्रस्तुतीकरण | २०८१ जेठ २५ | परामर्श दाता कम्पनी तथा विषय विज्ञ | • मस्यौदा प्रतिवेदन प्रस्तुतीकरण तथ्यांक तथा योजना प्रमाणीकरण कार्यशाला<br>• गाउँ कार्यपालिकामा एकीकृत आवधिक विकास योजनाको अन्तिम प्रतिवेदन पेश |

## २.१. गाउँपालिकाको परिचय

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राष्ट्र नेपालको सूदुरपश्चिम प्रदेश अन्तर्गत दार्चुला जिल्लाको उत्तरपूर्व भागमा अवस्थित नौगाड गाउँपालिका साविकका ४ वटा गा.वि.स.हरू ईयरकोट, खार, सिप्टी र धुलिगडा समायोजन भै बनेको यो गाउँपालिकाको घोषणा वि.संनं. २०७३।११।२५ मा गरिएको हो । दार्चुला सदरमुकामबाट करिब २८ किमि टाँढा रहेको यस गा.पा.को क्षेत्रफल १८०.२७ वर्ग किलोमिटर रहेको छ। कुल ६ वटा वडामा विभाजित यस नौगाड गाउँपालिकाको २,९७५ घरपरिवार र जनसख्या १५,५२८ रहेको छ । यस गाउँपालिकामा विभिन्न जातजातिहरू रहेका छन् । यस गाउँपालिकामा धामी, ठगुन्ना, टमटा, ओड, दमाइ, लुहार, कामी, भुल, जोशी, भट्ट, बम, महता, सितोली, डडाल, मन्याल, जुहारी, कार्की, सितोली, महर, ठेकरे, आदि थर तथा जातजातिहरू बसोबास गर्दै आएका छन ।

### २.१.२ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

दार्चुला जिल्लाको उत्तरपूर्व भागमा अवस्थित नौगाड गाउँपालिका साविकका ४ वटा गा.वि.स.हरू ईयरकोट, खार, सिप्टी र धुलिगडा मिलेर बनेको छ । दार्चुला सदरमुकामबाट करिब २८ किमि टाढा रहेको यस गाउँपालिकाको कूल क्षेत्रफल १८०.२७ वर्ग किलोमिटर मध्ये वडा न. १ को ६१.४९ वर्ग किलोमिटर, वडा न. २ को २३.७८ वर्ग किलोमिटर वडा न. ३ को १४.२२ वर्ग किलोमिटर, वडा न. ४ को ३०.०७ वर्ग किलोमिटर, वडा न. ५ को ११.७५ वर्ग किलोमिटर र वडा न. ६ को ३८.९६ वर्ग किलोमिटर क्षेत्रफल रहेको छ । यस गा.पा.को पूर्वमा अपिहिमाल गा.पा र मार्मा गापा, पश्चिममा महाकाली नगरपालिका र दुहुँ गापा, उत्तरमा व्यास गापा, दुहुँगापा र अपिहिमाल गापा र दक्षिणमा शैल्यशिखर नगरपालिका र मार्मा गा.पा. पर्दछन । ६ वटा वडामा विभाजित यो गाउँपालिका २९ डिग्री ३६ मिनेट उत्तरदेखि ३० डिग्री १५ मिनेट उत्तरी अक्षांश र ८० डिग्री २२ मिनेट पूर्वदेखि ८१ डिग्री ०९ मिनेट पूर्वी देशान्तरमा अवस्थित छ ।

### २.१.२ प्राकृतिक तथा सांस्कृतिक सम्पदा

जैविक विविधताका दृष्टिकोणले यस क्षेत्रमा स्तनधारी वन्यजन्तुहरूका साथसाथै विभिन्न प्रजातिका घस्रिने जीवजन्तुहरू, चराचुरूङ्गीहरू प्रशस्त संख्यामा पाइन्छन् । यसका साथै महत्वपूर्ण वनस्पतिहरू (सल्ला, गुराँस आदि) लगायत मूल्यवान जडीबुटीहरू समेत पाईन्छन् ।यस गाउँपालिकाको वन क्षेत्रमा गैरकाष्ठ वन पैदावार, खासगरी जडीबुटी र सुगन्धित विरूवाहरू प्रर्याप्त मात्रामा पाइन्छन् । यहाँका जंगलमा दुर्लभ, बहुमूल्य तथा महत्वपूर्ण जडीबुटीहरू टिमुर, चिराइतो, पाखनवेद, दालचिनी, काउलो बोक्रा, सतुवा, जटामसी, तितेपाती, रिठा, कट्की आदि पाइन्छन् । यस प्रकारको बहमूल्य जडीबुटीहरूलाई सामुदायिक वन, कबुलियती वन र सार्वजनिक तथा निजी वन क्षेत्रहरूमा व्यावसायिक रूपमा खेती गरी गैरकाष्ठ वन पैदावारमा आधारित उद्यमहरू स्थानीयस्तरमा संञ्चालन गर्न सकेमा स्थानीय जनताको जीविकोपार्जनमा पनि टेवा पुग्न सक्ने देखिन्छ । यस गाउँपालिकामा भौगोलिक विविधता पाइन्छ । अधिकांश भाग भिरालोपन, विविध प्रकारको वन क्षेत्र, घाँसेमैदान र पानीको स्रोतहरूले भरिपूर्ण रहेको छ । यही विषमताले गर्दा यस क्षेत्रमा स्तनधारी वन्यजन्तुहरूका साथसाथै विभिन्न प्रजातिका घस्रिने जीवजन्तुहरू पनि पाइन्छन् । यस क्षेत्रमा पाइने मुख्य जीवजन्तु मृग, रतुवा, थार, चितुवा, स्याल, बदेंल, भालु, बादर, जरायो, पाटे बाघ, दुम्सी लगायत रहेका छन् । चराचुरूङ्गीहरूमा डाँफे कालिज, ढुँकुर, न्याउली, कोइली, काग, सारस, सुगा, च्याकुरो, प्याउरो आदि प्रशस्त मात्रामा पाइन्छन् ।

खसआर्य समुदायको बाहुल्य रहेको यस क्षेत्रको परामपरागत भेषभुषा, रितीरिवाज र लोकसंस्कृति पर्यटन प्रवर्द्धनका लागि उपयोगी छन् । सडक सञ्जाल, विद्युत, सरंचना र सञ्चारको अलावा पर्यटन पूर्वाधारको विकास भएमा धार्मिक, कृषि, वनमा आधारित ग्रामीण पर्यटन विकास मार्फत समग्र गाउँपालिकाको विकासमा टेवा पुग्ने देखिन्छ ।यस गाउँपालिकामा विभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्रहरू पनि रहेका छन् । गाउँपालिकाको सबैभन्दा अग्लो स्थानमा रहेको सिद्धको टोपी पनि एक हो । यस्तै दार्चुला जिल्लाकै प्रसिद्ध धार्मिक तथा

पर्यटकीय स्थल छिपुलथान, लगायत थुप्रै धार्मिक तथा पर्यटकीय ठाउँहरू पनि यस गाउँपालिका भित्र रहेका छन्। भौगोलिक हिसाबले विकट रहे पनि नौगाड गाउँपालिका प्राकृतिक रूपमा एकदमै सुन्दर र रमणीय ठाउँ रहेको छ । यहाँको प्राकृतिक सुन्दरता पर्यटकहरूलाई स्वागत गर्न प्रतिक्षारत छ तर आवश्यक पूर्वाधार र प्रचारप्रसारको कमीले हालसम्म पर्यटक भने उल्लेखनीय रूपमा आएको पाइदैन । यहाँको मौलिक संस्कृति र विभिन्न नाचगानहरू जस्तैः देउडा र छलिया नृत्य तथा जीवनपद्धति पनि पर्यटनका लागि आकर्षक हुन सक्छन् ।

### २.१.३ जनसंख्या विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको कुल घरधुरी संख्या २,९७५ रहेको छ भने कुल जनसंख्या १५,५२८ रहेको छ, जसमा महिला संख्या ५१.७० प्रतिशत र पुरूषको संख्या ४८.३० प्रतिशत रहेको छ । यसका साथै यस गाउँपालिकामा औसत घरको आकार ५.२२ छ । कुल जनसंख्या मध्ये काम गर्ने उमेरको जनसंख्या (१५-६४ वर्ष ४९.७५% आश्रित जनसंख्या (१५ वर्षमुनिका बालबालिका र ६५ वर्षभन्दा माथिका वृद्ध) ५०.२५% छ । पूर्ण रूपमा साक्षर जनसंख्या ७२९१ जना छन् । विद्यालय जाने उमेर समुहको जनसंख्या मध्ये (५-२५ वर्ष), २,७२१ पुरूष र २,६०६ विद्यालयमा भर्ना भएका छन् । यस गाउँपालिकाको समष्टिगत र वडागत जनसंख्या विवरण यस प्रकार रहेको छ ।

**तालिका १ समष्टिगत घरसंख्या तथा जनसंख्या विवरण**

| घरधुरी संख्या | कुल जनसंख्या | महिला | पुरूष | औसत परिवारको आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|
| २,९७५ | १५,५२८ | ८,०३० | ७,४९८ | ५.२२ | ९३.३७ |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

**तालिका २ वडागत घर तथा जनसंख्या विवरण**

| वडा नं. | घरधुरी संख्या | जनसंख्या | | | परिवारको आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | जम्मा | महिला | पुरूष | | |
| १ | ४४६ | २३०६ | १२११ | १०९५ | ५.१७ | ९०.४२ |
| २ | ४७५ | २५६३ | १३३२ | १२३१ | ५.४० | ९२.४२ |
| ३ | ४५६ | २२३२ | ११४१ | १०९१ | ४.८९ | ९५.६२ |
| ४ | ६२८ | ३१९७ | १७१७ | १४८० | ५.०९ | ८६.२० |
| ५ | ३२४ | १६४२ | ८४७ | ७९५ | ५.०७ | ९३.८६ |
| ६ | ६४६ | ३५८८ | १७८२ | १८०६ | ५.५५ | १०१.३५ |
| जम्मा | २,९७५ | १५,५२८ | ८०३० | ७४९८ | ५.२२ | ९३.३७ |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

## २.२ आर्थिक विकासको अवस्था

### २.२.१ कृषि तथा खाद्य सुरक्षा

गाउँपालिकामा केही मात्रामा समथर भूमिका अलावा प्रायः सबैजसो भूभाग भिरालो र पाखाहरूले भरिएको छ । यस क्षेत्रको मुख्य खाद्यान्न मकै, गहुँ, धान, कोदो, जौ र फाफर आदि हुन् । फलफूल अन्तर्गत पुलुम, केरा, स्याउ, आरू, मेवा, कागती, सुन्तला, जुनार, एभोकाडो, किवी, नासपाति, जुनार जस्ता जातका फलफूल हुने लगाउने चलन छ । त्यसैगरी तरकारी बाली आलु, पिडालु, काउली, रायो, मुला, बन्दा, पालुङ्गो, गाजर, प्याज, बेसार, अदुवा, आदि हुने गर्दछ । दालबालीहरूमा मास, मसुरो, भटमास, केराउ, सिमी, राजमा लगाउने गरिन्छ । यस क्षेत्रमा विशेष गरी पशुपालनमा गाई, भैंसी, भेडाबाखा, बङ्गुर, खरायो, चौंरी आदि र पंक्षीपालन अन्तर्गत कुखुरा पालन गरिन्छ । गाउँपालिका भित्रका वनमा औद्योगिक बाली दालचिनी, तेजपत्ता, रिठ्ठा पाइने गर्दछ । यहाँको भौगोलिक बनावट र हावापानी अनुसार उपरोक्त खेतीपाती, फलफूल र तरकारी राम्रोसँग गर्न सकिने अनुकूलता छ ।

कृषि तथा पशुपालन सम्बन्धी विवरण

| विवरण | इकाइ | संख्या |
|---|---|---|
| कृषि योग्य जमिन | हेक्टर | ७६५ |
| स्थायी बालि लाग्ने जमिन | हेक्टर | २५० |
| अस्थायि बालि लाग्ने जमिन | हेक्टर | ७१७ |
| पशु पालक कृषक संख्या | संख्या | २८९३ |
| गाइगोरू संख्या | वटा | ११४६८ |
| रागा भैसी संख्या | वटा | २२६६ |
| बाख्र च्यांग्रा संख्या | वटा | १३७६३ |

स्रोत राष्ट्रिय कृषि गणना २०७८

**उपलब्धि समीक्षा**

यस गाउँपालिकामा कृषक समुह १२२, कृषि फर्म ६६, पशुपन्छी पालन फर्म १४३ र मौरीपालन व्यवसाय ६ वटा रहेका छन् । गाउँपालिका भित्र कृषकले उत्पादन गरेको कृषि उपजको बजार पहुँचका लागि जिल्लाको दोस्रो ठुलो बजार गोकुलेश्वर देखि गाउँपालिका केन्द्र सम्म कालोपत्रे सडक र जिल्ला सदरमुकाम खलंगा बजार देखि गाउँपालिका केन्द्र सम्म कच्ची सकडको पहुँच रहेको छ । गाउँपलिकाले कृषि तथा पशुपन्छि व्यवसायमा प्राविधिक सहयोग र सहजिकरण गर्न आवश्यक कृषि प्राविधिक नियुक्त गरी खटाईएको छ । यस गाउँपालिकामा अन्नबाली उत्पादन वार्षिक २७,५५० क्विन्टल तथा नगदे बाली १,००० क्विन्टल रहेको छ । कृषि उत्पादनको हिसाबले वडा नं. २, ३ र ४ र भेडाबाखा पालनका लागि सबै पालिकाको सबै वडाहरूमा अधिक सम्भावना रहेको छ। यस गाउँपालिकामा कृषि तथा पशुपालन फार्म १७२ रहेका छन् । हाल सम्म गाउँपालिकाले कार्यान्वयनमा ल्याएका प्रमुख कार्यक्रमहरूमा मासु प्रवर्द्धन, आलु पकेट, सिँचाइ, कृषि यान्त्रीकरण, तरकारी पकेट बिस्तार, मौरी पकेट विस्तार, उन्नत बिउ बिजन वितरण आदि हुन् ।

गाउँपालिकाले कृषि तथा पशुपंन्छी विकास शाखा र सबै वडा कार्यालयहरूमा आवश्यक कृषि प्राविधिक र भेटेरेनरी प्राविधिक जनशक्ति राखि कृषि तथा पशुपालनमा प्राविधिक सहयोग र सहजिकरण गर्दै आएको छ । कृषकहरूसँगको लागत साझेदारीमा बेमौसमी तरकारी खेतीका लागि हाल सम्म गाउँपालिका भरीमा कुल ४१० वटा ग्रिन हाउस, च्याउ खेतीका लागि ९० वटा च्याउ उत्पादन घर बनाएको छ । कृषि आधुनिकिकरण तथा यान्त्रिकरण कार्यक्रम अन्तर्गत १२८ वटा कृषि प्रविधिमा आधारित यन्त्र तथा उपकरण कृषकहरूलाई उपलब्ध गराएको छ । साथै स्याउ, किवी, केरा र सुन्तला जस्ता फलफुलको व्यावसायिक उत्पादन बढाउनका लागि २१ वटा व्यावसायिक बगैचा स्थापना गर्न आर्थिक अनुदान तथा प्राविधिक सहयोग उपलब्ध गराएको छ । गाउँपालिकाले कृषि विकासका कृषकहरूलाई घरवारी व्यवस्थापन तालिम, नर्सरी नाइके पुनर्ताजगी तालिम, स्थानीय स्रोत व्यक्ति तालिम र व्यवसायिक तरकारी खेती तालिम उपलब्ध गराएर दक्ष जनशक्ति उत्पादनमा विशेष जोड दिएको छ । गाउँपालिकाले कृषि तथा पशुपंक्षी क्षेत्रको विकास र व्यवसाय प्रवर्द्धनका लागि कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन ऐन, २०८० र कृषक समूह दर्ता कार्यविधि २०८० तर्जुमा गरेको छ ।

### २.२.२ पर्यटन तथा संस्कृति

प्रशस्त हरियाली क्षेत्र, हिमाली तथा पहाडी मनोरम दृश्य, स्वच्छ खोलानाला तथा झरनाहरूका कारण समग्र दार्चुला जिल्ला र यसै भित्र पर्ने नौगाड क्षेत्र आफैमा रमणीय ठाउँ हो । यस बाहेक यस गाउँपालिकामा रहेका धार्मिक तथा सांस्कृतिक क्षेत्रहरूमा छिपुल्थान, नागेश्वर धाम, मालिकार्जुन उचाकोट, कैलाश कालभैरवनाथ, लटीनाथ, भैरवनाथ घोडेधार, शिद्दटोपी, छिपुल्थान, सिप्टीसेरा, ताराकोट, भुजन डाँडा, गुन्ढाडु झरना, नौगाडेश्वरी मन्दिर, दुर्गा मन्दिर आदि रहेका छन् । यी पर्यटकीय सम्भावित स्थल पनि हुन्, जसकारण अझ रमाइलो र मनमोहक गन्तव्य स्थानका रूपमा रहेको छ । प्रशस्त मात्रामा नभए पनि केही हदसम्म यस क्षेत्रमा रहेका होमस्टे र पाहुनालाई स्वागत गर्ने उत्कृष्ट संस्कारले पर्यटकका लागि आकर्षक गन्तव्य बनाएको छ । बाहुन, क्षेत्री र दलित समुदायको बाहुल्य रहेको यस क्षेत्रमा विशेषगरी  विसु दशैं, तिहार, तिज, फागुपूर्णिमा जस्ता चाडपर्वहरू मनाइन्छ । देउडा गीतमा छमछमी नाच्नु यस क्षेत्रका मानिसहरूको संस्कृति नै हो, जसले पर्यटकहरूलाई मनग्गै लोभ्याउने गरेको पाइन्छ ।

**उपलब्धि समीक्षा**

संस्कृति र पर्यटनका हिसावले गाउँपालिका आकर्षक क्षेत्रको रूपमा रहेको छ । आन्तरिक तथा बाह्य पर्यटकलाई भित्र्याई पर्यटन व्यवसाय मार्फत स्थानीय आयस्तर उकास्ने उद्देश्यका साथ वडा नं. २ सुण्डमुण्डमा छिपुलथान बहुउद्देश्यीय पार्क निर्माण सम्पन्न गरी सञ्चालपनमा ल्याएको छ । त्यसै गरी वडा नं. १ मा पर्ने प्रसिद्ध नागेश्वर धाम, वडा न. ३ को ताराकोट धार्मिक स्थल, वडा नं. ४ को गणेश विनायक धार्मिक स्थल सम्म पुग्ने धार्मिक पर्यटकीय पद मार्ग निर्माण गरेको छ । यस क्षेत्रको स्थानीय मौलिक सस्कृति र पहिचान संरक्षण तथा प्रवर्द्धनका लागि संस्कृति संरक्षण सम्बन्धी कार्यक्रम तथा क्रियाकलाप सञ्चालन गरेको छ । गाउँपालिकाले स्थानीय धर्म संस्कृतिको जगेर्ना र धार्मिक पर्यटकलाई भित्र्याउन गाउँपालिका भित्र रहेका विभिन्न धार्मिक स्थलहरूमा परम्परागत शैलीमा मठ तथा मन्दिर निर्माण गरेको । यस क्षेत्रको प्रचार-प्रसार तथा विकासका लागि गाउँपालिकाले संघीय र प्रदेश सरकारसँगको सहकार्य र सहलगानीमा पर्यटन पूर्वाधार विकास र स्थानीय मौलिक संस्कृति संरक्षणको थालनी तथा पहल हुन गरेको छ ।

### २.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

यस गाउँपालिकाको विद्यमान व्यवसायहरू मुख्यतया कृषि, हस्तशिल्प र खुद्रा व्यापार छन्, जसले यस क्षेत्रको परम्परागत आर्थिक आधारलाई प्रतिबिम्बित गर्दछ। यस गाउँपालिकामा साना उद्योग अन्तर्गत साना होटल तथा किराना पसल १३७ वटा, फेन्सी पसल १६ वटा, सिलाई कटाई प्रशिक्षण केन्द्र १, सिलाई व्यवसाय १२ वटा, सुन पसल १ वटा, स्वास्थ्य क्लिनिक ५ वटा, स्टेशनरी पसल ६ वटा, आइएमई १ वटा, मोवाइल पसल ५ वटा, हार्डवयर पसल २ वटा, काठ तथा फनिर्चर उद्योग ६ वटा, फलामजन्य उद्योग २ वटा रहेका छन् । गाउँपालिकाबाट कृषि उत्पादकत्व अभिवृद्धि र स्थानीय हस्तकलाको प्रवर्द्धनमा केन्द्रित हुँदै औद्योगिक वृद्धिलाई प्रोत्साहन गर्ने प्रयासहरू थालिएका छन् । यद्यपि, यी क्षेत्रहरूमा प्रविधिको प्रयोग सीमित छ, प्रायः अपर्याप्त पूर्वाधार र स्रोतहरूको कारणले सीमित भएका हुन्। उन्नत कृषि प्रविधि र उपकरणको प्रयोगद्वारा कृषि अभ्यासलाई आधुनिकीकरण गर्नाले उत्पादकत्व र दिगोपनलाई उल्लेखनीय रूपमा बढावा दिन सकिन्छ । यद्यपि, स्रोतमा पहुँचको अभाव, ज्ञानको अभाव र आर्थिक समस्याका कारण यस क्षेत्रमा विशेष परिवर्तन गर्न सकिएको छैन ।

**उपलब्धि समीक्षा**

यस नौगाडगा उँपालिकामा 'क' श्रेणीको बैंक (ग्लोबल आइएमई बैंक) १ वटा र ६ वटा सहकारी गरी कुल ७ वटा वित्तीय संस्था सञ्चालनमा छन् । त्यस्तै उद्योग, व्यापार, व्यवसाय र आपूर्ति तथा घ वर्गको निर्माण कम्पनी १५ वटा रहेका छन् । पालिका भित्र सामुहिक र व्यक्तिगत गरी ९ वटा अल्लो प्रशोधन, नेपाल हाते कागज उद्योग १ वटा व्यवसाय सञ्चालनमा रहेका छन् । पालिका भित्रै वडा नं. ५ मा च्युरी हर्बल लघु उद्यमी समुहले

च्युरी साबुन उत्पादनको थानली गरेको छ । सिप विकास र उद्यमशिलता बढाउन हाल सम्म पालिकाबाट अल्लो प्रशोधन तथा कपडा बुनाई, सिलाई कटाई, होजियारी, च्युरी हर्बल साबुन, नमकिन उत्पादन, अचार उत्पादन, सिस्नो पाउडर उत्पादन, नेपाली हाते कागज उत्पादन, कुखुरा पालन, ड्राइभिङ, काष्ठकला, विद्युत् वायरिङ सम्बन्धी सीप विकास तालिम सञ्चलन गरिएको छ । पालिका भित्र प्रशस्त मात्रामा पाइने स्थानीय रिठा, तेजपत्ता पाखनवेद, ओखर, मौसमी तरकारीहरू, चिराइतोमा आधारित व्यवसाय तथा उद्योग सञ्चालनको सम्भावना रहेको छ । प्रमुख कार्यक्रम अन्तर्गत गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम रहेको उद्योग तथा व्यवसाय प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि यस पालिकामा उद्योग तथा व्यवसाय प्रवर्द्धन इकाई प्रमुख १ जना, उद्यम विकास सहजकर्ता २ जना गरी ३ जना कर्मचारी कार्यरत छन् । गाउँपालिकाले यस सम्बन्धी नीति, ऐन तथा निर्देशिका तर्जुमा गरी उद्योग, व्यापार तथा व्यवसाय मापदण्ड तय गरेको छ ।

- प्राइभेट फर्म रजिस्ट्रेसन ऐन २०७९
- व्यवसाय दर्ता तथा नवीकरण कार्यविधि २०८०
- 'घ' वर्ग इजाजत-पत्र सम्बन्धी कार्यविधि २०८०
- बजार व्यवस्थापन तथा अनुगमन कार्यविधि,२०७९

गाउँपालिकाले पूर्वाधार विकास, क्षमता अभिवृद्धि र स्रोत परिचालन मार्फत आफ्नो औद्योगिक, व्यापार र व्यवसाय क्षेत्रलाई प्रवर्द्धन गर्न विविध प्रयासहरू गरेको छ । मुख्य पहलहरूमा राम्रो बजार पहुँचका लागि सडक सञ्जालहरू सुधार गर्ने, बजार र भण्डारण सुविधाहरूको स्तरोन्नति गर्ने, र उच्च उत्पादन हुने बीउहरू, कृषि मेसिनरीहरू, र सिँचाइ प्रणालीहरू वितरण गरेर उन्नत खेती प्रविधिहरू प्रवर्द्धन गर्ने प्रयास गरेको छ । गैरसरकारी संस्थाहरू, निजी लगानीकर्ताहरू, र अन्तर्राष्ट्रिय एजेन्सीहरूसँगको सहकार्यले अत्यावश्यक स्रोतहरू र विशेषज्ञता प्रदान गर्नमा सहयोग गरेको छ जसले पालिकाको आर्थिक वृद्धि,रोजगारी सृजना र नागरिकहरूको जीविकामा वृद्धि गर्नका लागि अनुकूल वातावरण बनाइदिएको छ ।यस पालिकाले उद्योग, व्यापार तथा व्यवसाय क्षेत्रमा बजेट विनियोजन गरेको छ, जसमा आ.व. २०७८/७९ मा रू ४७,८८,२०० २०७९/८० मा रू ५२,६५,००० र २०८०/८१ मा रू २८,४०,००० गरी विगत ३ वर्षमा जम्मा रकम रू १,२८,९३,२०० छ ।

### २.२.४ आम्दानी, रोजगार र वित्तीय सेवा

गाउँपालिकाको मुख्य आयस्रोत र रोजगारीको क्षेत्र भनेको कृषि नै हो । यसका अवाला स्थानीय उद्यमहरू र वैदेशिक रोजगार मुख्य आय तथा रोजगारीको क्षेत्रहरू हुन् । राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिकामा हाल कृषि तथा पशुपालन (९७.८४%), पूर्ण रोजगारी संख्या करिब १ प्रतिशत, वैदेशिक रोजगारीमा रहेको करिब १५ प्रतिशत र सामान्य तथा प्राथमिक क्षेत्रका कामदार ११.४ %, र शिल्पकला तथा कालिगडी ४.७६% रहेका छन् ।

**उपलब्धि समीक्षा**

कृषि क्षेत्रबाट रोजगारी अभिवृद्धि गर्ने अभिप्रायले गाउँपालिकाले कृषि तथा व्यवसायिक दुवै प्रयोजनका लागि ऋणको प्रभावकारी उपयोगबारे बासिन्दाहरूलाई शिक्षित गराउने उद्देश्यले विभिन्न कार्यशाला तथा तालिमहरू आयोजना गरेको छ । त्यसैगरी उद्योगी व्यवसायीलाई नयाँ व्यवसाय स्थापना, विद्यमान व्यवसाय सञ्चालन र विस्तार, नयाँ मेसिनरी उपकरण खरिद र कार्यशील पुँजी कायम गर्न ऋण कसरी लिने र उपयोग गर्ने भन्ने बारे मार्गदर्शन गरिएको छ । यसका साथै गाउँपालिकाले वित्तीय संस्था र स्थानीय जनताबीच राम्रो सञ्चार र सहकार्यलाई सहज बनाएको छ । सहयोगी वातावरण सिर्जना गरेर, तिनीहरूले वित्तीय सेवाहरूमा पहुँच बढाउनका लागि मद्दत गरेर सेवा विस्तारमा सहजीकरण गरेको छ ।गाउँपालिकाले यस क्षेत्रमा केही वर्षदेखि

बजेट विनियोजन गरी परिवर्तन र विकासका लागि सकारात्मक पहलहरू गरेको छ । आम्दानी, रोजगारी र वित्तीय सेवा अन्तर्गत गाउँपालिकाले विनियोजन गरेको बजेट आ.व. २०७८/७९ मा रू १,९०,०००, आ.व. २०७९/८० मा रू ५,००,००० र आ.व. २०८०/८१ मा रू ७,००,००० गरी विगत ३ वर्षको जम्मा रकम रू १३,९०,००० छ । यस पालिकामा आ.व २०७८।७९ मा कुल बेरोजगार संख्या २५८५ जना रहेकोमा प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत ५८६ जना, आ.व ७९।८० मा २७८ जना र आ.व ८०।८१ मा ९४ जनाले रोजगारी हासिल गरेका छन् । श्रम तथा रोजगार क्षेत्रमा गाउँपालिकाले आ.व २०७८/७९ मा रू ३,००,००० २०७९/८० मा रू ९६,०७,००० र २०८०/८१ मा रू ० गरी विगत ३ वर्षको जम्मा रकम रू ९९,०७,००० बजेट विनियोजन गरी काम गरेको छ ।

## २.३ सामाजिक विकासको अवस्था

### २.३.१ आधारभूत स्वास्थ्य तथा पोषण

नौगाड गाउँपालिका, दार्चुला एक विकट तथा दुर्गम भू-भागमा अवस्थित गाउँपालिका हो । जहाँ भौगोलिक कठिनाइ, पहुँचको अभाव, जनचेतनाको कमी र पूर्वाधारको न्यूनताले आधारभूत स्वास्थ्य सेवा प्रणालीलाई प्रभावित पारिरहेको छ। गाउँपालिका भित्र हाल आधारभूत अस्पताल १ , प्राथमिक स्वास्थ्य केन्द्र २ वटा, स्वास्थ्य चौकी ४ वटा, स्वास्थ्य इकाइहरू ९ वटा स्वास्थ्य संस्थाहरूबाट आधारभूत स्वास्थ्स सेवा प्रवाहमा रहिरहेको छ । यद्यपि, दक्ष जनशक्ति अभाव, नियमित औषधि आपूर्ति चुनौतीपूर्ण हुनुका साथै सन्दर्भ सेवा (referral service) कमजोर रहेको पाइन्छ । सुरक्षित मातृत्व सेवा, खोप कार्यक्रम, नवजात शिशु तथा बाल स्वास्थ्य सेवा, परिवार नियोजन, स्वास्थ्य शिक्षा, पोषण सेवा जस्ता कार्यक्रमहरू सञ्चालनमा आए तापनि समुदायमा अझै पोषणसम्बन्धी जनचेतनाको अभाव, महिला तथा बालबालिकाको कुपोषण दर, तथा सुत्केरी सेवा उपयोग दर न्यून देखिन्छ। बालबालिकामा कुपोषण (wasting, stunting), महिलामा रक्तअल्पता (anemia), र किशोरी स्वास्थ्यसम्बन्धी समस्याहरू प्रमुख छन् । गाउँपालिकाले स्वास्थ्य क्षेत्रको सुधारका लागि तालिम प्राप्त स्थानीय स्वास्थ्यकर्मी, जनशक्ति परिचालन, मातृ तथा बाल स्वास्थ्य केन्द्रहरूको स्तरोन्नति, नियमित स्वास्थ्य जाँच कार्यक्रम, पोषण शिक्षा तथा पूरक आहार (micronutrient supplementation) प्रवर्द्धनमा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ। यसका साथै, मातृशिशु सेवा, स्वच्छता तथा पोषणलाई एकीकृत रूपमा अघि बढाउने नीति अवलम्बन गर्दै स्थानीय स्वास्थ्य संस्थाहरूको क्षमता अभिवृद्धिमा जोड दिइएको छ।

**उपलब्धि समीक्षा**

गाउँपालिकाले जनस्वास्थ्य सुधार गर्न धेरै स्वास्थ्य कार्यक्रमहरू आयोजना तथा सञ्चालन गरेको छ । दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा पुर्याउन विभिन्न वडामा एकीकृत घुम्ती शिविर सञ्चालन गर्ने गरिएको छ । गाउँपालिकाले समुदायलाई सरसफाइ, पोषण र रोग रोकथामका बारेमा जानकारी गराउन स्वास्थ्य सचेतना र स्वास्थ्य शिक्षा कार्यक्रमहरू सञ्चालन गरेको छ । गाउँपालिकामा १ वटा आधारभूत अस्पताल, ४ वटा स्वास्थ्य चौकी र २ वटा आधारभूत स्वास्थ्य ईकाई केन्द्र र ९ वटा सामुदायिक स्वास्थ्य इकाई केन्द्र स्थापना गरी सञ्चालनमा ल्याएको छ । ९ वटा स्वास्थ्य संस्थामा सुरक्षित प्रसुति सेवा सञ्चालनमा ल्याएको छ । ७ वटा स्वास्थ्य संस्थामा आधारभूत प्रयोगशाला स्थापना गरी आधारभूत स्वास्थ्य सेवा रगत जाँच, खकार जाँच र अन्य सामान्य चेकजाँच गर्ने कार्यको थालनी गरेको छ । हरेक वडामा प्राथमिक स्वास्थ्य सेवा केन्द्रहरू र पालिकामा १० शैया आधारभूत अस्पताल रहेता पनि दुर्गम गाउँहरूमा बसोबास गर्ने जनतालाई गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा पहुँच उपलब्ध गर्न गाह्रो भएको छ । यस गाउँपालिकाले व्यवस्थित स्वास्थ्य सेवा विकास र सेवालाई समुचित रूपमा उपलब्ध गराउन वार्षिक रूपमा बजेट विनियोजन गर्ने गरेको छ । स्वास्थ्य सेवाका क्षेत्रमा गाउँपालिकाले विनियोजन गरेको बजेट विवरण आ.व. २०७८/७९ मा रू ५,१४,६७,३२०, २०७९/८० मा रू ४,६७,३६,३८० र २०८०/८१ मा रू ६,०५,२४,००० गरी विगत ३ वर्षमा जम्मा रकम रू १५,८७,२७,७०० छ ।

### २.३.२ शैक्षिक विकास

यो गाउँपालिका दार्चुला जिल्ला सुदूरपश्चिम प्रदेशमा पर्ने एक विकट तथा पहाडी भूगोलमा अवस्थित गाउँपालिका हो । जहाँ शैक्षिक विकास दीर्घकालदेखि चुनौती र सम्भावनाको दोभानमा रहँदै आएको छ। यहाँ आधारभूतदेखि माध्यमिक तहसम्मका विद्यालयहरू सञ्चालनमा छन्, तथापि शैक्षिक पहुँच, गुणस्तरीय शिक्षा, सिकाइ उपलब्धि र भौतिक पूर्वाधारमा उल्लेखनीय सुधारको खाँचो देखिन्छ । गाउँपालिकामा हाल ४५ वटा विद्यालयहरू सञ्चालनमा छन्, जसमा आधारभूत, निम्न माध्यमिक, र माध्यमिक तहका विद्यालयहरू समावेश छन् । विद्यालयमा विद्यार्थी दर्ता दरमा केही सुधार देखिए तापनि विद्यार्थीहरूको नियमित उपस्थिति, सिकाइ उपलब्धि (learning outcome), तथा एसईई पास दर अपेक्षाकृत कमजोर देखिन्छ। गाउँपालिकाको विभिन्न क्षेत्रको सामाजिक—आर्थिक अवस्था, जनशक्ति अभाव, अपूर्ण संरचना, तथा प्रविधिको सीमित प्रयोग शैक्षिक विकासमा बाधक तत्त्व बनेका छन् । गाउँपालिकाले शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालय भवन निर्माण, छात्रवृत्ति वितरण, विद्यालय खानपान कार्यक्रम, शिक्षण तालिम, ICT प्रवर्द्धन, र बालमैत्री वातावरण निर्माणजस्ता कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । साथै, बालबालिका विद्यालय बाहिर नरहोस् भन्ने उद्देश्यले बाल क्लबको सक्रियता र शिक्षक अभिमुखीकरण कार्यक्रमहरू पनि सञ्चालनमा छन् । नजिकिँदै गरेको डिजिटल युगमा नौगाड गाउँपालिकाले ग्रामीण पृष्ठभूमिमा पनि प्रविधिमैत्री र गुणस्तरीय शिक्षाको विकास गर्दै लैजाने दीर्घदृष्टिकोण राखेको छ । यस गाउँपालिकामा माध्यमिक विद्यालय ७ वटा रहेका छन् । माध्यमिक तहका विद्यार्थी ९४३ जना छन् । आधारभूत विद्यालय ३६ वटा र विद्यार्थी संख्या ३,९२४ रहेका छन् । बाल विकास केन्द्र ३७ वटा र विद्यार्थी संख्या ५६० जना छन्  सबै विद्यालयमा पक्की भवन छन् । तर भवनहरूको उचित मर्मत-सम्भार गरी जोखिम प्रतिरोधी बनाउन आवश्यक छ। सबै विद्यालयहरूमा गरेर छात्रामैत्री ९ वटा शौचालय छन् भने बालमैत्री ५ शौचालय छन् । तर अपाङ्गमैत्री शौचालय भएको विद्यालय हाललाई छैन ।

**उपलब्धि समीक्षा**

गाउँपालिका भित्र माध्यमिक विद्यालय ७ वटा, आधारभूत विद्यालय (१-८) १४ वटा, आधारभूत विद्यालय (१-५) २२ वटा गरी ४३ वटा सामुदायिक विद्यालयहरू र २ वटा संस्थागत गरी जम्मा ४५ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन् । यस पालिकामा दरबन्दी न्यून भएका विद्यालयमा गाउँपालिका अनुदानबाट शिक्षक दरबन्दी सिर्जना गरिएको छ। माध्यमिक विद्यालयहरूमा प्रायः विज्ञान प्रयोगशालाहरू र पुस्तकालयहरू छन् । तर उचित रेखदेख, समुचित व्यवस्थापनको विकास र पुस्तकालय उपयोग गर्ने विद्यार्थीहरूको बानी-व्यवहारमा परिवर्तन ल्याउन भने अत्यावश्यक देखिन्छ । पालिकाले शिक्षकहरूको क्षमता अभिवृद्धिको लागि शैक्षिक पात्रो निर्माण गरी लागु गरेको छ । शिक्षा विकास क्षेत्रको नियमन र सुशासनका लागि पालिकाले ऐन, नीति, निर्देशिका तर्जुमा गरी लागु गरेको छ  । गाउँपालिकाले जनहित मावि धुलिगडा, भूमिराज मावि कसाड, दिपज्वती आवि च्यूरीवगड, केदारेश्वरी मावि सुण्डमुण्ड र पानीधारा दल्लेख गरी ५ विद्यालयमा आ.व. २०७८/७९ मा चर्पी निर्माणका लागि रू १२,६९,०२६ विनियोजन गरी यस क्षेत्रको विकास र सुधारका लागि काम गरेको छ । जनगणना २०७८ अनुसार यस गाउँपालिकामा लेख्न-पढ्न सक्ने जनसंख्या १०,४६५, पढन मात्र सक्ने जनसंख्या ३२ र लेखपढ गर्न नसक्ने जनसंख्या ३,६०४ रहेको छ । पालिका भरीका विद्यालयहरुमा स्थायी शिक्षक ८६, राहत शिक्षक ४२ र गाउँपालिका अनुदान शिक्षक ७४ र शिक्षण सिकाई अनुदान शिक्षक १५ जना गरी जम्मा २१७ जना जनशक्ति परिचालन गरेको छ । गत वर्ष शिक्षा विकासतर्फ रू. १२ करोड बजेट विनियोजन गरिएको छ । समग्र साक्षरता दर ७४.२० प्रतिशत रहेको छ, जसमा पुरूष साक्षरता दर ८४.२२ प्रतिशत र महिला साक्षरता दर ६५.०४ प्रतिशत रहेको छ । गाउँपालिकाले शिक्षा विकास क्षेत्रमा आ.व.२०७८/७९ मा रू १८,२५,५७,०००, २०७९/८० मा रू १५,७०,४२,८८० र २०८०/८१ मा रू १७,४३,११,५०० गरी विगत ३ वर्षमा जम्मा रकम रू ५१,३९,११,३८० विनियोजन गरेको छ ।

### २.३.३ खानेपानी तथा सरसफाइ

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकामा करिब ९८.१९ प्रतिशत जनसंख्यामा खानेपानी सेवा पुगेको छ जस मध्य ३२.७० प्रतिशतका लागि सुरक्षित खानेपानी सेवा उपलब्ध छ भने ६५.४७ प्रतिशत परिवारका लागि व्यवस्थित पाइपबाट सप्लाइ खानेपानी सेवा उपलवध छ तर नियमित पानी परिक्षण गरी शुद्धता र सुरक्षा विषयको सुनिश्चितता गर्नुपर्ने आवश्यकता छ । त्यसैगरी ५४ घरपरिवारले अझै पनि खोला,खोल्सा तथा कुवाको पानी प्रयोग गरिरहेका छन् । खानेपानीको सेवाबाट वन्चित यस्तो समुदायका लागि पालिकाले प्रयास बढाउनुपर्ने अवस्था छ ।




*स्रोत : राष्ट्रिय जनगणना २०७८*

चित्र १ खानेपानी प्रयोगको अवस्था

त्यसैगरी चर्पी प्रयोग गर्ने कुल घरधुरी संख्या २७९९ (९४.०८ प्रतिशत) छ, जसमा फ्लससहितको अत्याधुनिक चर्पी भएको परिवार संख्या २५ र सेप्टिक ट्यांकमा जोडिएको फ्लस चर्पी भएको परिवार संख्या २,७७४ छ । सामान्य खाल्डे चर्पी भएका परिवार १५९ र चर्पी सुविधा नभएका र सम्भवत: खुला दिसा गर्ने परिवार संख्या १७ रहेको छ । गाउँपालिकाभर हाल २ वटा सार्वजनिक शौचालय रहेका छन् । सार्वजनिक शौचालयको सरसफाइ र नियमित मर्मत-सम्भार हुन नसकेको र जिम्मेवारी बहन गर्ने कुनै निकायलाई स्पष्ट जिम्मेवारी समेत नरहेकाले समस्या छ ।




*स्रोत : राष्ट्रिय जनगणना २०७८*

चित्र २ सरसफाइको अवस्था

**उपलब्धि समीक्षा**

राष्ट्रिय जनगणना २०७८ का अनुसार ९८.१९ प्रतिशत जनसंख्यामा खानेपानी सेवा पुगेको देखिएता पनि आधार वर्ष २०८०।०८१ सम्म यस गाउपालिकामा सञ्चालन भएका ग्राभिटि, लिफ्टिङ र आकासेपानी संकलनमा साना ठुला गरी ७१ वटा खानेपानी योजना मार्फत गाउँपालिका भित्र रहेका २९७५ घरधुरी मध्ये ३६.३० प्रतिशत घरधुरीमा आधारभूत तहको र २८.५७ प्रतिशत मध्यम स्तर गरी जम्मा ६४.८९ प्रतिशत घरधुरीमा सुरक्षित खानेपानी सुविधा उपलब्ध भएको छ । दिगो विकासको लक्ष्य नं ६ बमोजिम कुनै पनि घरधुरिमा उच्च स्तरको खानेपानी सुविधा उपलब्ध भएको छैन । यस गाउँपालिका वडा नं ४ सिप्टिमा २ वटा स्थानमा सार्वजनिक शौचालय निर्माण भएकोमा स्थानीय तह स्थापना पश्चातको बढ्दो शहरीकरण र यातायातको पूर्वाधार विकास पश्चात अन्य स्थानहरुमा पनि सार्वजनिक शौचालय निर्माण र उचित सम्भार / व्यवस्थापन गर्न आवश्यक देखिन्छ । यसका साथै गाउँपालिका भित्र रहेका (क), (ख) र (ग) वर्गका अपाङ्ग रहेका घरधुरीमा प्रयोगकर्ता मैत्रि शौचालय निर्माणमा सहयोग गरि नेपाल सरकारको पूर्ण सरसफाइको अभियानलाई थप सहयोग पुग्ने देखिन्छ ।

### २.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विकास प्रक्रियाको अभिन्न अंग हो । गाउँपालिकाले सकेसम्म सबैको सम्मान, सहभागिता र पहिचानका लागि कामहरू गरेको छ । नौगाड गाउँपालिका दार्चुला जिल्लामा अवस्थित भौगोलिक रूपले विकट, आर्थिक दृष्टिले पछाडि, र सामाजिक संरचनामा विविधतायुक्त क्षेत्र मानिन्छ। यहाँका समुदायहरूमा परम्परागत जातीय, लैङ्गिक, र वर्गीय विभाजन गहिरो रुपमा पाइन्छ, जसले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) लाई चुनौती दिने गरेको छ । गाउँपालिकाभित्र महिलाहरू, दलित, जनजाति, अपांगता भएका व्यक्ति, गरिब, तथा पछाडि पारिएका समुदायहरू विभिन्न सामाजिक, आर्थिक तथा राजनैतिक अवसरहरूबाट वञ्चित हुने गरेका छन्। परम्परागत पितृसत्तात्मक सोच, शैक्षिक पहुँचको अभाव, तथा रोजगारीको सीमित अवसरले महिलाहरूको क्षमता विकासमा अवरोध पुर्‍याउने गरेको छ। यस्तै, दलित समुदाय अझै पनि छुवाछुत तथा विभेदको शिकार बन्ने गरेका छन्।

लैङ्गिक समानता र समावेशीकरणका लागि सम्बन्धी विभिन्न नीति तथा कार्यक्रमहरू लागू गरिए पनि तिनको प्रभावकारी कार्यान्वयनमा गाउँपालिकाले अझै पनि विभिन्न चुनौतीहरू भोग्दै आएका छन्। यद्यपि पछिल्ला वर्षहरूमा संघीयताको कार्यान्वयनसँगै स्थानीय तहमा महिला र पछाडि पारिएका वर्गहरूको सहभागिता बढाउने प्रयत्नहरू भएका छन् । महिला वडासदस्यको अनिवार्य सहभागिता, महिला तथा बालबालिका शाखाको स्थापना, र सामाजिक सुरक्षा कार्यक्रमहरू मार्फत सकारात्मक प्रयासहरू देखिन थालेका छन् । तर यस्ता पहलहरूलाई दीगो बनाइ लैङ्गिक तथा सामाजिक समानताको वातावरण निर्माण गर्न समावेशी योजना, शिक्षा, सीपमूलक तालिम, तथा व्यवहारिक रूपान्तरण आवश्यक देखिन्छ। विशेष गरी नीति निर्माणदेखि कार्यान्वयन तहसम्म महिलाहरू र सामाजिक रूपमा पिछडिएका समुदायहरूको सक्रिय र समान सहभागिता सुनिश्चित गर्नु अत्यन्त जरुरी छ । गाउँपालिकाका निर्णय प्रक्रिया तथा योजना कार्यान्वयनमा पनि यस विषयलाई विशेष रूपमा लिइन्छ । नौगाड गाउँपालिकामा कुल जनसंख्याको ५१.७१ प्रतिशत (८०३० जना) महिला जनसंख्या छ । महिला, गरीव, दलित, अपाङ्गता भएका तथा सिमान्तकृत समुदायको प्रभावकारी सहभागितामा समाबेशिकरण पद्धतिबाट गाउँपालकाका निर्णयहरू गर्ने, विकास योजना कार्यान्वियन गर्ने र समस्या तथा विशेष सवालहरूमा छलफल गर्ने र समाधान निकाल्ने काम गर्ने अभ्यास छ ।

**उपलब्धि समीक्षा**

यस गाउँपालकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा विभिन्न कामहरू गरेको छ । बाल विवाह न्यूनीकरण गर्न, बाल यौन दुर्व्यवहार र लागु औषध नियन्त्रण सम्बन्धी जनचेतनामूलक कार्यक्रम ६ वटा वडाहरूमा नै प्रारम्भ भएको छ । बालमैत्री स्थानीय शासन लागु गरिएको छ, छुवाछुतमुक्त र विभेदरहित समाज निर्माण विभिन्न अभियान प्रारम्भ भएको छ। लैंगिक हिंसा, घरेलु हिंसा न्युनिकरण गर्न र महिला हक अधिकारका लागि आवाज बुलन्ध गर्न ६ वटै वडामा महिला सञ्जाल गठन गरिएको छ । रुढीबादी परम्पराहरू कम गर्न र महिला अधिकारको सुनिश्चितता गर्न विभिन्न दिवसीय कार्यक्रमहरू र अभियानहरू सञ्चालन गरिएको छ । गैरसरकारी संस्थाहरूले लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी सचेतना कार्यक्रमहरू सञ्चालन गरेका छन् । हरेक वर्ष विद्यालय उमेर समुहका छात्राहरूलाई आत्मरक्षा तालिम प्रदान गरिएको छ । महिलाहरूलाई सीप र आर्थिक स्वतन्त्रता प्रदान गर्न व्यावसायिक तालिम र लघुवित्त पहलजस्ता आर्थिक रूपमा महिलाहरूलाई सशक्तीकरण गर्ने उद्देश्यका परियोजनाहरू कार्यान्वयन भइरहेका छन्। गाउँपालिकाको जेसी नीतिले स्थानीय शासनमा लैङ्गिक र सामाजिक समावेशीकरणलाई प्राथमिकतामा राखेको सुनिश्चित गर्न विशेष लक्ष्यहरू, कार्यहरू र जिम्मेवारीहरूको रूपरेखा स्पष्ट गरिएको छ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण क्षेत्रमा गाउँपालिकाले आ.व.२०७८/७९ मा रू ४,३०,०००, २०७९/८० मा रू २४,२५,००० र २०८०/८१ मा रू १७,६८,००० गरी विगत ३ वर्षमा रू ४६,२३,००० विनियोजन गरी यस क्षेत्रको विकासमा सहयोगी भूमिका निर्वाह गरेको छ ।

## २.३.५ युवा, खेलकुद तथा कला

गाउँपालिकाको सामाजिक संरचनामा युवाहरूको महत्वपूर्ण भूमिका रहेको छ। जनसंख्याको उल्लेख्य हिस्सा युवावर्ग रहेको उनीहरूलाई सशक्त बनाउने र सिर्जनात्मक ऊर्जा सकारात्मक दिशातर्फ उन्मुख गराउने प्रयास आवश्यक छ । हालको अवस्थामा खेलकुद पूर्वाधारहरू प्रारम्भिक चरणमै रहेका छन् । खेलकुद गतिविधिका लागि प्रयोग गरिने प्रमुख स्थानहरू स्थानीय विद्यालयका खेलमैदानहरू हुन्, जसले विभिन्न खेल तथा सार्वजनिक कार्यक्रमहरूका लागि बहुउद्देश्यीय स्थलको रूपमा काम गर्दै आएका छन् । फुटबल, भलिबल र क्रिकेटजस्ता खेलहरू यहाँका युवाबीच लोकप्रिय छन्। यद्यपि समर्पित खेलमैदान, रंगशाला, र प्रशिक्षणका लागि आवश्यक संरचना तथा स्रोतहरूको अभावले खेलकुदको व्यवस्थित विकासमा अवरोध पुर्‍याएको छ। गाउँपालिकामा युवाहरू विभिन्न प्रकारका दुर्व्यसन (मादक पदार्थ सेवन, चुरोट, सुर्ती, लागूपदार्थ आदि) मा संलग्न रहेको तथ्याङ्कले देखाउँछ, जुन चिन्ताजनक विषय हो। यो अवस्थाले उनीहरूको स्वास्थ्य, अध्ययन, तथा सामाजिक व्यवहारमा प्रत्यक्ष असर पारिरहेको छ। यस समस्यालाई सम्बोधन गर्न शिक्षा, सचेतना, परामर्श सेवा तथा पुनर्स्थापना कार्यक्रमहरूको आवश्यकता छ ।

गाउँपालिकाका युवाहरूको राजनीति, सामाजिक अभियान र नेतृत्वमा समेत उल्लेखनीय सहभागिता देखिन्छ। युवाहरू वडास्तरदेखि विभिन्न राजनीतिक दल तथा युवा संगठनहरू मार्फत स्थानीय तहको नीति निर्माण, योजना निर्माण तथा कार्यान्वयन प्रक्रियामा सक्रिय सहभागिता जनाइरहेका छन्, जुन लोकतान्त्रिक अभ्यासको दृष्टिकोणले सकारात्मक संकेत हो । यस्तै, कला, साहित्य, तथा सांस्कृतिक अभिव्यक्तिहरू पनि नौगाडका युवाहरूको पहिचान र आत्मविश्वास विकासमा महत्त्वपूर्ण भूमिका खेलिरहेका छन्। स्थानीय सांस्कृतिक कला—विधाहरूलाई संरक्षण तथा प्रवर्द्धन गर्न आवश्यक नीति र कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्ने देखिन्छ। गाउँपालिकाभित्र कलाकारहरू, हस्तकलाकारहरू तथा सांगीतिक प्रतिभाहरूलाई प्रोत्साहन गर्ने अवसरहरू सिर्जना गर्नु दीर्घकालीन रूपमा सकारात्मक हुनेछ। यस आधारमा, नौगाड गाउँपालिकामा युवाहरूलाई लक्षित गर्दै खेलकुद, कला, सीप विकास, उद्यमशीलता तथा सामाजिक सचेतना अभिवृद्धि गर्न रणनीतिक ढंगले कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ, जसले समावेशी विकास र सामाजिक रुपान्तरणमा टेवा पुर्‍याउनेछ।

**उपलब्धि समीक्षा**

यस गाउँपालिकाले माध्यमिक विद्यालयहरूमा सम्भव सम्म खेल मैदान बनाएको छ । हरेक वर्ष मेला पर्व र विशेष चाडवाडहरूको अवसर पारे विभिन्न खेलकूद आयोजनामा सहयोग र सहजिकरण गर्दै आएको छ । पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता हरेक वर्ष सञ्चालन गर्दैआएको छ । जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा प्रथम स्थान हासिल गर्न नसकेता पनि सक्रिय सहभागिता जनाउँदै आएको छ । युवा र खेलकुदको विकासमा उल्लेखनीय रूपमा उन्नति गरेको त छैन तर यस क्षेत्रको विकासका लागि केही प्रयासहरू भने गरेको छ । युवाहरूलाई खेलकूदप्रति आकर्षित गर्न हरेक वर्ष उमेर समुह अन्तर्गतको विभिन्न खेलकूद प्रतियोगिता सञ्चालन गर्ने गरिएको छ । युवा सक्रियता र खेलकुद विकासका लागि बेलाबेलामा वार्षिक प्रतियोगिताहरू आयोजना गर्दै आएको छ, भने लक्षित युवाहरूका लागि विभिन्न कार्यक्रमहरू पनि सञ्चालन गरेको छ । युवा खेलाडीहरूलाई क्षेत्रीय र राष्ट्रिय स्तरहरूमा उत्कृष्ट बनाउन केही पहलहरू गरेको छ ।युवा तथा खेलकुद क्षेत्रमा गाउँपालिकाले आ.व.२०७८/७९ मा रू ५,७०,०००, २०७९/८० मा रू १७,८०,००० र २०८०/८१ मा रू १९,००,००० गरी विगत ३ वर्षमा जम्मा रकम रू ४२,५०,००० विनियोजन गरी केही भए पनि यस क्षेत्रको विकासमा सहयोग गर्न प्रयास गरेको छ ।

## २.४ पूर्वाधार विकासको अवस्था

### २.४.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

गाउँपालिकामा शहरीकरण उन्मुख बस्तीहरू खासै छैनन् । केही हदसम्म बस्ती विकास क्षेत्र रूपमा सिप्टी, दल्लेख, खार र धुलिगडा रहेका छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकामा रड र सिमेन्ट सहितका पक्की घर ३८ वटा, ढुंगा, इट्टा र सिमेन्टले बनेका घर २२४ वटा, ढुंगा माटोले बनेका घरहरू २७११ र काठले बनेका घरहरू २ वटा रहेका छन् । यस गाउँपालिकाको कुल भूभाग मध्ये २ प्रतिशत भूभाग आवास तथा सहरीकरणमा उपयोग भएको छ। खानेपानी र सरसफाइको सुविधा एवं यातायाता तथा विद्युत सुविधाका अभावहरू बस्ती विकास तथा शहरीकरणका मुख्य बाधकहरू हुन् ।

**उपलब्धि समीक्षा**

यस गाउँपालिकामा जोखिम प्रतिरोधात्मक आवास विकास तथा शहरीकरणका लागि खासै धेरै कामहरू गरिएको छैन । सामुदायिक विद्यालय भवनहरू पक्की ६९ र कच्ची भवन ३६ वटा, स्वास्थ्य संस्थाका भवन १८ वटा, अल्लो प्रशोधन केन्द्रका भवन ६ वटा, कृषि उपज सङ्कलन केन्द्र ६ वटा, सामुदायिक भवन ६ वटा र मठ मन्दिर १६ वटा निर्माण भएका छन् । दुर्गम क्षेत्र भएका कारण सामान ढुवानी र दक्ष कामदारको उपलब्धता पनि यस क्षेत्रका लागि जटिल विषय हुन् । विद्यालय र सार्वजनिक कार्यालयहरूका भबनहरू निर्माण गर्नुका अलावा आवास तथा भवन निर्माण र शहरीकरणका काममा थोरै योजना सहित काम गरिएको छ । गाउँपालिकाले बस्ती विकास र शहरीकरण क्षेत्रमा गाउँपालिकाले विनियोजन गरेको बजेट विवरण अनुसार २०७८/७९ मा रू १,२८,५७,०००, २०७९/८० मा रू ३,३६,३८,७३६ र २०८०/८१ मा रू २,४९,९२,००० गरी विगत ३ वर्षमा जम्मा रकम रू ७,१४,८७,७३६ रहेको छ ।

### २.४.२ सडक, पुल तथा यातायात

यातायात क्षेत्रको विकास समीक्षा गर्दा यस गाउँपालिकामा को सुखेखोला देखि चिउरीवगर सम्म कालोपत्रे सडक छ । नौगाड गाउँपालिकाको केन्द्र होपरिगाड जोड्ने सडक पिच गर्ने काम भैरहेको छ । यो सडकको काम सम्पन्न हुँदा यस गाउँपालिकामा करिब १५ कि.मि. कालोपत्रे सडक बन्नेछ । यसका अलावा प्रायः सबै वडाको केन्द्रमा धुले सडक सञ्जालले जोडिएको छ । यस गाउँपालिकामा यातायात पूर्वाधारको रूपमा ६१ कि.मि कच्ची सडक सञ्जाल विद्यमान छ । भएका सडकहरू वर्षाको भल-बाढीबाट प्रायः क्षतिग्रस्त हुने गर्छ । यस गाउँपालिकामा २ वटा पक्की पुल र विभिन्न खोलानालाहरूमा १४ झोलुंगे र ८ वटा ट्रस पुल गरी करिब २४ वटा पुलहरू छन् ।

**उपलब्धि समीक्षा**

नौगाड गाउँपालिकाका वडाहरू जोड्नेगरी सडक निर्माण तथा विस्तारका कार्यक्रम अन्तर्गत ९५ कि.मि. जति ट्याक निर्माण गरिएको छ। यस गाउँपालिकामा आर्थिक वर्ष २०८०/८१ को अन्तय सम्ममा जम्मा पक्की सडक ६.५ कि.मि, माटे तथा धुले सडक ४७ कि.मि., पि.सि.सि. बाटो ५.३९ कि.मि., घोरेटो बाटो ८०.५ कि.मि., आर.सि.सि. पुल १९ वटा, झोलुङ्गे पुल १४ वटा , ८ वटा ट्रष्ट पुल र पक्की पुल २ वटा रहेका छन् । यस गाउँपालिकाको वडा नं. १ बाहेक सबै वडामा सडक सञ्जालको पहुँच पुगेको छ । उच्च स्तरीय सडक सुविधाको पहुँचमा रहेको बासिन्दा करिव २५ प्रतिशत र काम चलाउ यातायातको सेवा उपभोग गरिरहेको जनसंख्या करिब ४५ प्रतिशत छ । अझै पनि २० प्रतिशत जनसंख्या भने सडक सुविधाको पहुँच बाहिर छ। यस गाउँपालिकामा ऐन नीति निर्देशिका र श्रम सहकारी सञ्चालन कार्यविधि विद्यमान छ। सदरमुकाम खलङ्गा जोड्ने देथला-खार-खलङ्गा सडक खण्ड कच्ची ५० कि.मि. रहेको छ । गाउँपालिकाले विगत ३ आर्थिक वर्षमा सडक, यातायात तथा पुलको विकासका लागि कुल रू ८,९२,८०,२६४ रकम विनियोजन गरी यस क्षेत्रको विकासमा विशेष प्रयास गरेको छ।

### २.४.३ विद्युतीकरण तथा वैकल्पिक ऊर्जा

यो गाउँपालिका एक विकट र भौगोलिक हिसाबले चुनौतीपूर्ण स्थानीय तह हो। यहाँको अधिकांश भूभाग पहाडी तथा दुर्गम भएको कारण पूर्वाधार विकासमा ढिलाइ भई आएको छ। विशेषतः विद्युत् पहुँचको अभावले स्थानीय बासिन्दाको दैनिक जीवन, शिक्षा, स्वास्थ्य, कृषि, तथा साना उद्योग व्यवसायमा प्रत्यक्ष असर परेको छ । हालसम्म गाउँपालिकाका केही वडामा मात्र केन्द्रीय ग्रिडमार्फत विद्युत् सेवा पुगेको छ भने अधिकांश वडाहरूमा अझै पनि विद्युत् सेवा पुग्न बाँकी छ। विद्युतीकरणका लागि हालसम्म सूक्ष्म जलविद्युत् आयोजना, सौर्य ऊर्जा प्रणाली तथा बायोग्यासजस्ता वैकल्पिक ऊर्जा स्रोतहरूको प्रयोग गरिएको भए पनि ती सबै क्षेत्रलाई समेट्न नसकेको अवस्था छ ।

गाउँपालिकाको भौगोलिक बनावट तथा नदी नालाको उपयुक्तताले साना तथा सूक्ष्म जलविद्युत् आयोजना सञ्चालनका लागि सम्भावना उच्च रहेको पाइन्छ । साथै, यहाँको जलवायु र घामको मात्रा हेर्दा सौर्य ऊर्जाको पनि राम्रो सम्भावना रहेको देखिन्छ। तर प्रविधि, पूँजी, जनचेतना तथा क्षमता अभावले गर्दा वैकल्पिक ऊर्जाको पूर्ण उपयोग गर्न सकिएको छैन । स्थानीय सरकारको नीति तथा योजनामा ऊर्जा पहुँचलाई प्राथमिकता दिइएको भए पनि विद्यमान स्रोत, जनशक्ति र प्रविधिको अभावले विद्युतीकरण कार्य सुस्त गतिमा अघि बढिरहेको छ। यस सन्दर्भमा, दिगो विकास लक्ष्यमाथि केन्द्रित हुँदै सम्पूर्ण वडाहरूमा पहुँचयुक्त, भरपर्दो र वातावरणमैत्री ऊर्जा सेवा सुनिश्चित गर्न दीर्घकालीन रणनीति आवश्यक छ। यसका लागि वैकल्पिक ऊर्जा प्रवर्द्धनका कार्यक्रम, सार्वजनिक-निजी साझेदारी, अन्तर सरकारी सहकार्य, तथा समुदायमैत्री ऊर्जा परियोजनाहरूको विकास अपरिहार्य देखिन्छ । यस गाउँपालिकामा ६ वटा लघु जलविद्युत आयोजना रहेका छन् । जसमा होपरीगाड प्रथम लघु जलविद्युत आयोजना १०० किलोवाट वडा नं. ३, मौनेखोला लघु जलविद्युत आयोजना ४५ किलोवाट वडा नं. ६, होपरीगाड लघु जलविद्युत आयोजना ५० किलोवाट वडा नं. ४, खार लघु जलविद्युत आयोजना १५ किलोवाट वडा नं ३, मुलखोला लघु जलविद्युत आयोजना ९ किलोवाट वडा नं . ५ र ९ किलोवाट नागु मुलखोला लघु जलविद्युत आयोजना वडा नं. १ मा सञ्चालनमा रहेको छ ।




*स्रोत : राष्ट्रिय जनगणना २०७८*

*चित्र ३ विद्युतको पहुँचको अवस्था*

**उपलब्धि समीक्षा**

गाउँपालिकामा नेशनल ग्रिड र माइक्रो हाइड्रोबाट विद्युत सेवा प्राप्त गर्ने घरसंख्या १,८६९ रहेको छ । सोलार सिस्टमबाट विद्युत सेवा लिने जनसंख्या ७७३ तथा दाउरा र मट्टितेलमा निर्भर जनसंख्या ३३३ रहेको छ । ६ वटा लघु जलविद्युत आयोजना रहेका छन् जसमा होपरीगाड प्रथम लघु जलविद्युत आयोजना १०० किलोवाट वडा नं. ३, मौनेखोला लघु जलविद्युत आयोजना ४५ किलोवाट वडा नं. ६,होपरीगाड लघु जलविद्युत आयोजना ५० किलोवाट वडा नं. ४, खार लघु जलविद्युत आयोजना १५ किलोवाट वडा नं ३, मुलखोला लघु जलविद्युत आयोजना ९ किलोवाट वडा नं . ५ र ९ KW नागु वडा नं. १ मा सञ्चालन रहेका छन् । विद्युत तथा वैकल्पिक ऊर्जा क्षेत्रमा गाउँपालिकाले विनियोजन गरेको बजेट अनुसार आ.व. २०७८/७९ मा रू १,१९,२५,000, २०७९/८० मा रू ८९,६०,००० र २०८०/८१ मा रू ४०,५७,००० गरी विगत ३ वर्षमा जम्मा रकम रू २,४९,४२,००० रहेको छ ।

### २.४.४ सूचना, सञ्चार तथा प्रविधि

भौगोलिक रूपमा विकाट यस गाउँपालिकामा सूचना, सञ्चार तथा प्रविधिको अवस्था सन्तोषजनक नभए पनि ६ वडाका प्राय सबै स्थानहरुमा GSM मोबाइल नेटवर्क सेवाको कभरेजमा जोडिएको छ। सबै वडा कार्यालय र ६ वटै वडा स्वास्थ्य चौकी र स्वास्थ्य संस्थाहरूमा फाइवर मार्फत इन्टरनेट पहुँच पुर्‍याईएको । तथापि केही दुर्गम भेगका थौरै जनताहरु सर्वसुलभ सञ्चारको पहुँचबाट अझै टाढै हुनुहुन्छ ।




*स्रोत : राष्ट्रिय जनगणना २०७८*

*चित्र ४ सूचना सञ्चार तथा प्रविधिको पहुँचको अवस्था*

**उपलब्धिस समीक्षा**

राष्ट्रिय जनगणना २०७८ अनुसार यस पालिकामा इन्टरनेट सुविधा, कम्प्युटर, स्मार्ट मोबाइल फोन लगायतका सञ्चार तथा प्रविधिका सामानहरू प्रयोग गर्ने जनसंख्या भए तापनि भरपर्दो र दिगो इन्टरनेट सेवाको अभावका कारण सूचना, सञ्चार र प्रविधिको पर्याप्त उपभोग गर्न सकिएको अवस्था छैन । गाउँपालिका र यस अन्तर्गतका कार्यालयहरूबाट ई-शासन सञ्चालन गर्ने योजना अनुरूप सबै वडा कार्यालयहरूमा अप्टिकल इन्टरनेट सेवाको पहुँच विस्तार गरिएको छ । आधारभूत अस्पताल, ४ वटा स्वास्थ्य चौकी, २ वटा आधारभूत स्वास्थ्य केन्दरहरूमा तीव्र गतिको इन्टरनेट सेवाको पहुँच रहेको छ । सबै सरकार गैरसरकारी संस्थाहरूमा थप इन्टरनेट सेवाको विस्तार अपरिहार्य रहेको छ । तथापि कम्तिमा एउटा सूचना, सञ्चार र प्रविधिको सेवा-सुविधा उपभोग गरिरहेका मानिसहरू करिब ९८ प्रतिशत रहेका छन् । सूचना, सञ्चार र प्रविधि क्षेत्रमा गाउँपालिकाले विनियोजन गरी विशेष कामहरू गर्ने जमर्को गरेको छ । यस गाउँपालिकाले यस क्षेत्रमा आ.व.२०७८/७९ मा रू ६,४०,००० २०७९/८० मा रू ५,३०,००० र २०८०/८१ मा रू ६,००,००० गरी विगत ३ वर्षमा जम्मा रकम रू १७,७०,००० विनियोजन गरी यस क्षेत्रको विकासमा सकारात्मक प्रयास गरेको छ ।

### २.४.५ सिँचाइ

यस गाउँपालिकामा कुल खेती योग्य जमिनमध्ये सिँचाइ कुलोको निर्माण भएर ५.७ हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको छ। सिँचाइका लागि यस क्षेत्रमा भएका खोलानालाहरू घट्टे खोला, नाखु खोला, सेम्मेरा खोला हुन् । यस्तै वडा नं. १ मा रहेका नांखु खोला, दह खोला, गोफा खोला, गोधानी खोला, गुनढाडु खोला, वडा नं. ३ मा रहेके खार खोला, अंग्रला खोला, घोरकट्या खोला, सल्ला खोला, वडा नं. ४ का होपरी खोला वडा नं. ५ का टिङ्करी खोला, भिड खोला, मुल खोला, सेलाबगर खोला तथा वडा नं. ६ का धुलिगडा खोला, गाडिया गाड, थागिल गाड, रैचु खोला आदि हुन् । यस गाउँपालिकाको मध्य भागमा नौगाड नदी बग्दछ जसको उत्गम स्थान वडा नं. १ को सबै भन्दा उच्च चुचुरोमा रहेको छ । नौगाड नदीले पालिकाको सबै वडालाई छोएर बगेको छ यस नदि किनाराका धेरै खेती योग्य जमिन सिँचाई गर्न सम्भावना रहेको छ ।

**उपलब्धि समीक्षा**

खोलानाला र जलाशय प्रशस्त भए तापनि दुर्गम क्षेत्र भएका कारण सिँचाइ क्षेत्रमा अपेक्षाकृत विकास गर्न सकिएको छैन । गाउँपालिकाले विगत वर्षमा ४ वटा साना स्तरका सिँचाइ योजना सञ्चालन गरी १२५ घरपरिवारको खेती योग्य जमिनमा सिँचाई सुविधा पुर्‍याएको छ । विभिन्न स्थानमा सिँचाईका लागि ५ वटा पानी सङ्कलन गर्न ट्याङ्की निर्माण गरिएको छ । प्रायः भिरालो भूगोल र बस्तीमुनि खोला तथा नदीनाला हुनुले यस

क्षेत्रमा सिँचाइ सुविधा उपलब्ध गराउनु कठिन विषय बनेको छ । यी खोलाहरूको प्रयोग गरेर सामान्य सिँचाइ सुविधा उपलब्ध गराइएको भए तापनि सिँचाइ क्षेत्रम महत्त्वपूर्ण र जनअपेक्षा अनुसार सम्बोधन गर्न सकिएको अवस्था छैन । वर्षा याममा भारी वर्षा हुने र बाढी पहिरोले क्षति गर्ने सम्भावना प्रचुर रहेको छ जसको समयमै र उचित मर्मत-सम्भार गर्न आर्थिक र प्राविधिक हिसाबले जटिलताहरू छन्। सिँचाइ क्षेत्रका यी कमजोरीले अझ बलियो र भरपर्दो सिँचाइ प्रणालीको तत्काल आवश्यकतालाई जोड दिइएको छ । तर सिँचाइ क्षेत्रको विकास एक व्यापक परिधिमा हुने भएको हुँदा संघ र प्रदेश सरकारसँग सहकार्य गरी यस क्षेत्रलाई अघि बढाउन आवश्यक छ । विगतका प्रयासलाई हेर्दा गाउँपालिकाले आ.व. ७८/७९ मा रू ४,६८,००,०००, ७९/८० मा रू १,००,००० र ८०/८१ मा रू २३,५५,००० गरी विगत ३ वर्षमा जम्मा रकम रू ४,९२,५५,००० विनियोजन गरी सिँचाइ क्षेत्रको विकासमा योगदानको प्रयास गरेको छ ।

## २.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

### २.५.१ वन तथा जैविक विविधता

गाउँपालिका वन सम्पदाले धनी र जैविक विविधतामा सम्पन्न रहेको छ । गाउँपालिका भित्र हाल ३६ वटा सामुदायिक वनहरू सक्रिय रूपमा संगठित भई कार्यरत छन् । कुल भू-भाग मध्ये करिब ३० प्रतिशत क्षेत्र वनले ढाकिएको छ भने १० प्रतिशत भू-भाग घाँसे मैदान, चरिचरण तथा बाँझो जमिनको रूपमा रहेको छ । सामुदायिक वनहरूको सक्रिय सहभागिताले स्थानीय स्तरमै वन स्रोतको संरक्षण, उपयोग र व्यवस्थापनमा समुदायको स्वामित्व वृद्धि भएको छ । यस क्षेत्रको प्रमुख वनस्पतिहरूमा टिमुर, चिराइतो, सतुवा, सिम्चडी, स्यामजरी, दालचिनी, रिठा, च्युउरी आदि समावेश छन् । यी वनस्पतिहरूको व्यावसायिक खेती तथा स्थानीय मूल्य अभिवृद्धि कार्यक्रमले आर्थिक उन्नतिमा योगदान पुर्‍याउन सक्ने प्रचुर सम्भावना रहेको छ । यसअनुसार, तीन वर्षको अवधिमा कुल रू १५,९४,००० विनियोजन गरी विभिन्न वन संरक्षण, वृक्षारोपण, जैविक विविधता व्यवस्थापन तथा वातावरणीय सुधारका कार्यक्रमहरू कार्यान्वयन गरिएको छ । गाउँपालिकाले आगामी दिनमा पनि सामुदायिक वनहरूलाई प्रविधियुक्त, आत्मनिर्भर र वातावरणमैत्री बनाउने दीर्घकालीन रणनीति अवलम्बन गर्दै वन तथा जैविक विविधताको दिगो व्यवस्थापनलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता व्यक्त गर्दै आएको छ । गाउँपालिकाले आ.व. ७८/७९ मा रू ७,९४,०००, ७९/८० मा रू ३,००,००० र ८०/८१ मा रू ५,००,००० गरी विगत ३ वर्षमा जम्मा रकम रू १५,९४,००० विनियोजन गरी काम गरेको छ ।

### २.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

यस क्षेत्रमा रहेका प्रमुख खोलानालाहरूमा नौगाड, सुकेखोला, धुलिगाड खोला, रैचुगाड, होपरी खोला, खार खोला गुनढाडु खोला, घट्ट खोला, चिनाड खोला, दह खोला, भिडा खोला, गोफा खोला, नांखु खोला रहेका छन् । खोला किनारमा मानिसहरूको बसोबास रहेको, खेतीपाती हुने गरेको र चरिचरण समेतको क्षेत्र हुने भएको हुँदा वार्षिक वर्षा याममा बाढी र पहिरोको प्रकोपले व्यवसाय र जिविकोपार्जनमा समस्याहरू सृजना हुने गरेको छ । यसको समाधानका लागि ठोस प्रयास र पहलहरू आवश्यक छ ।

**उपलब्धि समीक्षा**

माटोको क्षयलाई कम गर्न र जलाधार भित्र माटोको उर्वरता कायम राख्न टेरेसिङ र माटो संरक्षण उपायहरू लागू गरेको छ । वडा नं. १ को क्षेत्र मा जलस्रोतको संरक्षण र माटोको क्षय कम गर्न विभिन्न पहलहरू भएका छन् । वडा नं. ३ मा जलाधार संरक्षण गर्न दिगो भूमि व्यवस्थापन अभ्यासहरू भएका छन् । वडा नं. ४ मा जल संरक्षण र भूमि स्थायित्व सुधार गर्ने कार्य भएको छ । वडा नं ५ मा जमिनको उपयोग व्यवस्थापन र पानीका स्रोतको संरक्षण गर्ने आयोजनाहरू कार्यान्वयन गरिएको छ । वडा नं. ६ मा जलाधार व्यवस्थापन र भूमि संरक्षणमा केन्द्रित कार्य भएका छन् । गाउँपालिकाले आव. ७८/७९ मा रू ४,२०,०००, ७९/८० मा रू १,५०,००० र ८०/८१ मा रू १,५०,००० गरी विगत ३ वर्षमा कुल रकम रू ७,२०,००० विनियोजन गरी व्यवस्थित भू-संरक्षण तथा जलाधार व्यवस्थापन गतिविधिहरू सञ्चालन गरेको छ ।

### २.५.३ वातावरण व्यवस्थापन

पहाडी भूभाग र ग्रामीण परिवेशको विशेषता रहेको यस क्षेत्रमा फोहोर व्यवस्थापनमा खासै उल्लेखनीय प्रगति भएको पाइँदैन । घरेलु र व्यावसायिक फोहोर प्रायः जताजतै फालिन्छ, जसले वातावरणीय प्रदूषण र स्वास्थ्य खतराहरू निम्त्याउन सक्ने सम्भावना रहिरहन्छ।स्थानीय सरकारसँग प्रभावकारी फोहोर व्यवस्थापन कार्यक्रमहरू कार्यान्वयन गर्न वित्तीय र प्राविधिक स्रोतहरू सीमित रहेका छन् । यी मुद्दाहरूलाई सम्बोधन गर्ने प्रयासहरूमा फोहोर घटाउने र रिसाइकल गर्ने उद्देश्यले साना-सामुदायिक पहलहरू गरिएका छन्, तर यी समग्र आवश्यकताहरू पूरा गर्न अपर्याप्त छैन । त्यसैगरी पानीका स्रोतहरूको संरक्षण, वन फडानि नियन्त्रण र वातावरणमैत्री विकास प्रयासहरूबाट यस क्षेत्रको वातावरणा सुधारका लागि ठोस रूपमा नभए पनि केही व्यवस्थित योजना सहित गाउँपालिकाले गतिविधिहरू अगाडि बढाइरहेको छ । वातावरणा व्यवस्थापन क्षेत्रमा गाउँपालिकाले आ.व. २०७९/८० मा रू ६,५०,००० र २०८०/८१ मा रू ४,३०,००० गरी विगत २ वर्षमा कुल रकम रू १०,८०,००० विनियोजन गरी वातावरण व्यवस्थापन क्षेत्रमा योजनाबद्ध विकासको थालनी गर्ने प्रयास गरेको छ ।

### २.५.४ विपद् व्यवस्थापन

गाउँपालिकाको क्षेत्रफलको ठूलो हिस्सा जङ्गलले ढाकेको, जैविक विविधताले भरिपूर्ण र बहुमूल्य प्राकृतिक स्रोतहरू छन्। गाउँपालिकाको वातावरणीय व्यवस्थापन सम्बन्धी वर्तमान स्थितिमा प्राकृतिक प्रकोपको प्रभावलाई न्यूनीकरण गर्न पूर्वतयारीका उपायहरू र कार्यान्वयन गरिएका छन् ।गाउँपालिकाले बाढी, पहिरो र खडेरी जस्ता चरम मौसमी घटनाहरूको प्रभावलाई सामना गर्न जलवायु-उत्थानशील पूर्वाधार निर्माणमा लगानी गरेको छ।कृषि र जीविकोपार्जनमा जलस्रोतको महत्त्वलाई ध्यानमा राख्दै, गाउँपालिकाले जलवायु परिवर्तनका असरहरू जस्तैः पानीको अभाव र परिवर्तनशीलतालाई सम्बोधन गर्न दिगो जलस्रोत व्यवस्थापनमा केन्द्रित योजना तर्जुमाको प्रयास गरेको छ । मनसुनजन्य विपद प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७ अनुसार यस नौगाड गाउँपालिकामा मनसुनजन्य विपद्बाट प्रभावित घरधुरीलाई पालिकाले घर पुनर्निर्माण अन्तर्गत आर्थिक वर्ष २०७७/७८ मा १८ घर र आर्थिक वर्ष २०७८/७९मा ९ र आर्थिक वर्ष ८०/८१मा २६ घरहरु पुर्निनिर्माणका गर्न आर्थिक साहायता प्रदान गरिएको थियो। साथै विपदबाट परेको बिरामीलाई आर्थिक सहयोग तथा उपचार खर्च दिने गरेको छ । यस गाउँपालिकामा निम्नानुसार जोखिम क्षेत्र पहिचान गरिएको छः

- वडा नं. १ मा जात्रा, गोधानी, बगड, सिराड
- वडा नं. २ मा सुन्डमुन्ड, पन्खार, गोधानी, दल्लेख
- वडा नं. ३ मा खार, परिखार, बगड जामिर, खुकुलिगाउँ
- वडा नं. ४ मा होपरी, सिप्टी, कपडे
- वडा नं. ५ मा सौकेबगड, होपरीगाड, श्रीवगड, च्युरीवगड
- वडा नं. ६ मा खेडा, रैचु, पारी रैचु, परिखोला

विपद व्यवस्थापन तथा जलवायु परिवर्त क्षेत्रमा आ.व.२०७८/७९ मा रू ७०,२१,६५७ २०७९/८० मा रू २३,१०,००० र २०८०/८१ मा रू ४२,००,००० गरी विगत ३ वर्षमा कुल रकम रू रू १,३५,३१,६५७ विनियोजन गरी यस क्षेत्रका गतिविधिहरू अघि बढाइरहेको छ।

## २.६ सुशासन तथा संस्थागत विकासको अवस्था

### २.६.१ स्थानीय नीति, ऐन तथा सुशासन

गाउँपालिकको आफ्नै प्रशासनिक सुविधा सम्पन्न भवन रहेको छ । सार्वजनिक जवाफदेहिताको वृद्धि र संचालित योजनाहरूको नागरिक समाज, पत्राकार र सरकारी निकायका जिम्मेवार तथा प्रमुखबाट अनुगमन गर्ने कार्य भईरहेको छ। गाउँपालिकाका हालसम्म ३८ वटा ऐन, नीति, निर्देशिका र कार्यविधि जारी गरी स्थानीय राजपत्रमा प्रकाशित गरिएको छ। स्थानीय नीति, ऐन तथा सुशासन क्षेत्रमा गाउँपालिकाले आ.व. २०७८/७९ मा रू ४,२०,०००, २०७९/८० मा रू ८,००,००० र २०८०/८१ मा रू ८,००,००० गरी विगत ३ वर्ष कुल रकम रू २०,२०,००० विनियोजन गरी स्थानीय सुशासनलाई प्रवर्द्धन गर्ने प्रयास गरेको छ।

### २.६.२ संगठनात्मक विकास

नौगाड गाउँपालिकामा हाल स्वीकृत दरबन्दी संख्या ५० जना कर्मचारी भए तापनि हाल ३२ जनामात्र कर्मचारी कार्यरत छन्। पालिकाको प्रशासन शाखाले उपलब्ध गराएको अभिलेखअनुसार प्रमुख प्रशासकीय अधिकृत १ जना, सूचना अधिकारी ३ जना, स्वास्थ्य क्षेत्रका कर्मचारी ४ जना, शिक्षा क्षेत्रका कर्मचारी १ जना, कृषि क्षेत्रका कर्मचारी ७ जना प्राविधिक कर्मचारी ३ जना, अन्य १३ जना र महिला कर्मचारी ६ जना कार्यरत छन् । गाउँपालिकामा प्रयोगमा रहका उपकरण तथा मेसिनहरूमा एम्बुलेन्स सेवा, उपकरण, निर्माण र मर्मत मेसिनरी, कार्यालय र आईटी उपकरणहरू, पालिकाको प्रशासनिक कार्यहरू सहज बनाउन कम्प्युटर, प्रिन्टर र सञ्चार उपकरणहरू, कृषि उपकरण, बीउ र अन्य कृषि मेसिनरीहरू सहित स्थानीय किसानहरूलाई सहयोग गर्न विभिन्न औजार र मेसिनहरू / फोहोर व्यवस्थापन उपकरणहरू उपलब्ध रहेका छन् ।मानव संसाधन र संस्थागत विकास क्षेत्रमा गाउँपालिकाले आ.व.२०७८/७९ मा रू १२,६०,००० २०७९/८० मा रू ६,५०,००० र २०८०/८१ मा रू ७,२५,००० गरी विगत ३ वर्षमा कुल रकम रू २६,३५,००० विनियोजन गरेको छ।

### २.६.३ वित्तीय स्रोत परिचालन

नेपालमा, स्थानीय तहमा वित्तीय स्रोत परिचालन गर्ने कानुनी प्रावधान मुख्यतया नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य विभिन्न सहयोगी नियमावली र दिशानिर्देशहरू द्वारा निर्देशित छ। नेपालको संविधान २०७२ ले स्थानीय सरकारहरूको वित्तीय स्वायत्तताको स्पष्ट रूपरेखा प्रदान गरेको छ। धारा २२० ले स्थानीय सरकारहरूलाई तिनीहरूको अधिकार क्षेत्र भित्र कर, शुल्क संकलन र शुल्कहरू लगाउन अधिकार दिएको छ, धारा २२१ ले संघ, प्रदेश र स्थानीय सरकारहरू बीच राजस्वको न्यायोचित बाँडफाँटलाई अनिवार्य गर्दछ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले मुलतः आन्तरिक र बाह्य गरी दुई प्रकारका स्रोतबाट आय आर्जन गर्नसक्ने छ । यसका अलावा क्षमताको आधारमा स्थानीय तहले आन्तरिक ऋण लिन सक्ने व्यवस्था पनि गरिएको छ भने संघ र प्रदेशबाट अनुदानहरू (सशर्त, समपूरक र विशेष), वित्तीय समानीकरण र राजस्व बाँडफाँड पाउने व्यवस्था मिलाइएको छ । स्थानीय सरकारले वार्षिक बजेट र विकास योजना बनाउनु पर्ने हुन्छ, यी बजेट तथा कार्यक्रमहरू राष्ट्रिय विकास नीति र प्राथमिकताहरू सँग मिल्नु पर्ने हुन्छ ।

नौगाड गाउँपालिकाको वित्तीय स्रोत परिचालन क्षेत्रको उपलब्धि समीक्षा :

नौगाड गाउँपालिकाले विगत ३ वर्षमा कुल रू १,३३,२१,४८,७४२ वित्तीय स्रोत प्राप्त गरी परिचालन गरेको छ ।

**तालिका ३ गाउँपालिकाको विगतको स्रोत परिचालन अवस्था**

| क्र.स. | आ.व. | स्रोत | रकम रू |
|---|---|---|---|
| १ | २०७८।७९ | | ४८,६०,४२,९६४ |
| २ | २०७९।८० | | ४२,८८,८५,२७८ |
| ३ | २०८०।८१ | | ४१,७२,२०,५०० |
| ४ | | कुल बाह्य स्रोत | १,३०,४३,२२,८४६ |
| ५ | | कुल आन्तरिक स्रोत | २,७८,२५,८९६ |
| ६ | | कुल पुँजीगत स्रोत | ८२९२२१२६२ |
| ७ | | कुल प्रशासनिक स्रोत | ३८,६८,८९,३१२ |

स्रोतः गाउँपालिकाको आर्थिक प्रतिवेदन (२०७९-२०८१)

### २.६.४ योजना व्यवस्थापन

गाउँपालिकाबाट कार्यान्वयन हुने ८० प्रतिशत आयोजनाहरू उपभोक्ता समितिका माध्यमबाट हुने गरेको छ । गाउँपालिकाको योजना तथा प्राविधिक शाखाले योजना ब्यबस्थापनको काम गर्ने गर्छ । हाल गाउँपालिकामा सब इन्जिनियर २ जना, प्राविधिक सहायक १ जना, सब ओभरसियर १ जना, रहेका छन् । सार्वजनिक खरिद नियमावली दफा ९७ बमोजिम बनेको उपभोक्ता समिति गठन परिचालन कार्यविधि अनुसार गठित उपभोक्ता समितिले १ करोड सम्मका आयोजना सञ्चालन गर्ने व्यवस्था छ । विभिन्न कोषको स्थापना र सञ्चालन कार्यविधि तयार भई पारित हुनुका साथै सञ्चयकोष, नागरिक लगानी कोष र सावधिक जीवन बीमाका सम्पूर्ण फाटवारीहरू अनलाइन प्रणालीबाट दाखिला तथा पेश गर्ने गरिन्छ ।

## ३.१ पृष्ठभूमि

गाउँपालिको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य एवं रणनीतिहरू निर्धारण गर्दा निर्वाचित जनप्रतिनिधिहरू, क्रियाशील राजनीतिक दलका प्रतिनिधिहरू, निजी क्षेत्र, गाउँपालिकाका सरोकारवाला निकाय तथा संघसंस्था, सामुदायिक संस्था, नागरिक समाज, गैसस, स्थानीय पत्राकार लगायतका प्रतिनिधिहरूको वृहत उपस्थिति एवं सहभागितामा व्यापक छलफल एवं अन्तरक्रियाबाट निर्धारण गरिएको छ । यसरी निर्धारण गरिएका दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य एवं रणनीतिहरू निम्नानुसार उल्लेख गरिएका छन् । यसै सन्दर्भमा गाउँपालिकाको मुख्य समस्याहरू, मुख्य चुनौतीहरू र मुख्य सम्भावना र अवसरको विद्यमान अवस्था समेत बिश्लेषण गरिएको छ। उक्त विवरणहरू याहाँ उल्लेख गरिएको छ ।

## ३.२ मुख्य समस्या तथा चुनौतीहरू

### ३.२.१ समस्याहरू

गाउँपालिकाको समग्र विकासका लागि मुख्य समस्याहरू पहिचान गर्न विभिन्न भौगोलिक, सामाजिक-आर्थिक, पूर्वाधार र वातावरणीय कारकहरू विश्लेषण गरिएको छ । यस गाउँपालिकामा स्वच्छ खानेपानी, सरसफाइ, स्वास्थ्य सेवा, शिक्षा, र बिजुलीजस्ता आवश्यक सेवाहरूमा सन्तोषजनक पहुँच भए तापनि केही जनसंख्या अझै पहुँचबाट बाहिर रहेको, उच्च गरिबी दर हुनु,भौगोलिक कठिनाइ, सडक, पुल र यातायात सञ्जाल लगायतका अपर्याप्त पूर्वाधारहरू हुनु, सीमित सिँचाइ, पुरानो खेती अभ्यासहरू र भूमि क्षयजस्ता कारकहरूद्वारा उत्पादन र खाद्य सुरक्षा समस्या हुनु, वन फँडानी, माटोको क्षय, जल प्रदूषण र जैविक विविधताको हानिसहितको वातावरणीय ह्रासले दिगो विकास र इकोसिस्टममा पारेको असर ले समस्या सृजना गर्नु, गुणास्तरीय स्वास्थ्य र शिक्षा सेवाको समस्या । विद्यालय छाड्ने दर उच्च, र विद्यालयहरूमा अपर्याप्त पूर्वाधार सेवा सुबिधाहरू, साना किसान र उद्यमीहरूका लागि लगानी र दक्षताको अभाव, बाढी, पहिरो र खडेरी जस्ता प्राकृतिक प्रकोपहरूको जोखिम हुनु, रोजगारीका अवसरहरूका लागि शहरी क्षेत्रहरू र विदेशमा युवाहरूको पलायन उच्च हुनु, डिजिटलाइजेशनको समस्या र महिला, बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरू जस्ता लक्षित समूहहरूका लागि अपर्याप्त सामाजिक सेवा र सहयोग आदि प्रमुख समस्या पहिचान गरिएका छन ।

### ३.२.२ चुनौतीहरू

गरिबी न्यूनीकरण गर्नु, युवा बेरोजगारी नियन्त्रण गर्नु, उद्योग-व्यवसाय प्रवर्द्धन गरी युवा सहभागिता बढाउनु, आयातित उपभोग्य वस्तुमाथिको परनिर्भरतालाई न्यूनीकरण गर्नु, कृषि प्रणालीलाई जलवायु परिवर्तन अनुकूलन बनाउनु, लागु पदार्थ दुर्व्यसन नियन्त्रण गर्नु, जलवायु अनुकुलन कृषि विकास र दिगो वातावरणीय व्यवस्थापन गर्नु, स्वास्थ्य सेवा पूर्वाधारको विस्तार र सुधारमा लगानी, दक्ष चिकित्सा कर्मचारीहरूको व्यवस्था गर्नु र जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न विपद् पूर्वतयारी उपायहरू सुदृढ गर्ने, प्रारम्भिक चेतावनी प्रणालीहरू विकास गर्नु आदि बिषयहरू रहेका छन ।

## ३.३ अवसर तथा सम्भावनाहरू

बिभिन्न समस्या र चुनौतीहरूका बाबजुद कृषि, गैरकाष्ठ वन पैदावरहरू, पर्यावरण पर्यटन, जडीबुटी र दिगो स्रोत व्यवस्थापन प्रवर्द्धन गर्न, आर्थिक अवसरहरू सिर्जना गर्न र वातावरणीय दिगोपन अभिवृद्धि गर्न उर्वर भूमि, जलस्रोत र वन जस्ता प्रचुर प्राकृतिक स्रोतहरू प्रयोग गर्न सकिने, स्लेट खानी, क्रसर उद्योग, खरि खानी विकास तथा प्रवर्द्धन गर्न सकिने, गाउँपालिकाको रणनीतिक स्थान, सहरी केन्द्रहरूमा लगानीलाई प्रोत्साहन गरी आर्थिक वृद्धि र रोजगारी सृजनालाई प्रोत्साहित गर्न सकिने, शिक्षा, सीप विकास, र उद्यमशीलता कार्यक्रमहरूमा लगानी अभिवृद्धि गरी युवाहरूलाई सशक्तीकरण गर्न, उनीहरूको रोजगारी बढाउन सकिने, सूचना र सञ्चार प्रविधि विकासमा अन्तरनिहित गर्नु, सूचनामा पहुँच सुधार गर्न, ई-शासनको सुविधा, र कृषि, शिक्षा, र स्वास्थ्य सेवा

जस्ता क्षेत्रहरूमा नवीनतालाई बढावा दिन सकिने, विकास परियोजनाहरू कार्यान्वयन गर्न, सेवा प्रवाहमा वृद्धि गर्न र समावेशी वृद्धि प्रवर्द्धन गर्न स्रोत, विशेषज्ञता र सञ्जालको उपयोग गर्न निजी क्षेत्रका संस्थाहरू, गैरसरकारी संस्थाहरू, विकास एजेन्सीहरू र समुदायमा आधारित संस्थाहरूसँग साझेदारी गर्न सकिने, प्राकृतिक तथा साँस्कृतिक सम्पदाको संरक्षण गर्दै पर्यटकलाई आकर्षित गर्न सकिने, प्रभावकारी विकास योजना र कार्यान्वयनका लागि उत्कृष्ट अभ्यासहरू, नवीन समाधानहरू, र सिकेका पाठहरू आदानप्रदान गर्न सरकारी निकायहरू, शिक्षाविद्हरू, नागरिक समाज र निजी क्षेत्र लगायत सरोकारवालाहरू बीच ज्ञान आदानप्रदान, सिकाइ र सहकार्य गर्न सकिने जस्ता बिषयहरू प्रमुख सम्भावना र अवसरको रूपमा पहिचान गरिएको छ ।

## ३.४ निर्देशक सिद्धान्त

- सुशासन प्रवर्द्धन : स्थानीय सरकार /शासन लाई सुशासनयुक्त बनाइनेछ ।
- स्थानीय अर्थतन्त्र सुदृढीकरण : कृषिलाई आधुनिकीकरण र यान्त्रीकरण गरी एग्रो टुरिज्म प्रवर्द्धन समेतका माद्यमबाट स्थानीय अर्थतन्त्रमा सुदृढीकरण गरिनेछ ।
- दिगो विकास : दिगो भूमि प्रयोग अभ्यास प्रवर्द्धन, जैविक विविधता संरक्षण र प्राकृतिक संरक्षणमा जोड दिदै वातावरणीय सुदृढीकरण मार्फत दिगो विकास हासिल गरिनेछ ।
- सामाजिक न्याय तथा समतामूलक विकासः सीमान्तकृत वर्गका आवश्यकतालाई सम्बोधन गर्ने र स्रोत र अवसरमा उनीहरूको पहुँच सुनिश्चित गर्ने समावेशी नीति तथा कार्यक्रमलाई प्राथमिकता दिएर सामाजिक न्याय र समतामूलक विकास सुनिश्चित गरिनेछ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण : लैङ्गिक उत्तरदायी कार्यक्रम र लक्षित वर्ग विशेष कार्यक्रम मार्फत लैङ्गिक समानत तथा समाजिक समावेशीकरण सुनिश्चित गरिनेछ।
- विपद् जोखिम न्यूनीकरण : बाढी, पहिरो र भूकम्पजस्ता सम्भावित खतराहरूको विश्लेषण गरी प्रारम्भिक चेतावनी प्रणाली र आपतकालीन तयारी योजनाहरू लागू गर्दै विपद जोखिम न्यूनीकरण गरिनेछ।
- विज्ञान र प्रविधिको प्रयोग : अनुसन्धान र विकासमा लगानी गरी डिजिटल पूर्वाधार मार्फत र स्मार्ट स्थानीय शासन सञ्चालन गरिनेछ ।

## ३.५ सोच, लक्ष्य तथा उद्देश्य

दीर्घकालीन सोच, निर्देशक सिद्धान्त, समष्टिगत उद्देश्य र रणानीतिहरू तर्जुमा गरिएको छ ।

| | |
|---|---|
| दीर्घकालीन सोच | समृद्ध नौगाड, सुखी नौगाडबासी |
| समष्टिगत लक्ष्य | आर्थिक, सामाजिक, वातावरणीय, पूर्वाधार विकास, सुशासन र नागरिक सचेतना मार्फत गाउँपालिकाका सबै नागरिकहरूको कल्याण र जीवनको गुणस्तर अभिवृद्धि भएको हुनेछ । |
| समष्टिगत उद्देश्य | १. आर्थिक विकास : कृषिमा आधुनिकीकरण र यान्त्रीकरण गरी उद्यमशीलता एवं सहकारी प्रवर्द्धन र बजारीकरण मार्फत रोजगारी अभिवृद्धि गर्दै नागरिकहरूको जीवनस्तरमा सुधार ल्याउने ।<br>२. सामाजिक विकास : शिक्षा, स्वास्थ्य सेवा, सामुदायिक विकास, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन, सीमान्तकृत समुदायहरूको सशक्तीकरण अभिवृद्धि र सामाजिक एकता र सहभागिता बढाउने खालका कार्यक्रमहरू लागु गर्ने ।<br>३. पूर्वाधार विकास : पूर्वाधार विकाससँग सम्बन्धित सडक, खानेपानी आपूर्ति, सरसफाइ सुविधा, सिँचाइ, सञ्चार सेवा र बिजुली, नेटवर्कहरू जस्ता आवश्यक क्षेत्रको विकास, स्तरोन्नति र विस्तार गर्ने । |

| | |
|---|---|
| | ४. वातावरण तथा विपद व्यवस्थापन : वातावरणीय दिगोपन प्रवर्द्धन, प्राकृतिक स्रोत संरक्षण, दिगो स्रोत व्यवस्थापन अभ्यासहरू र पर्यावरण-मैत्री पहलहरू मार्फत जलवायु परिवर्तनको प्रभावलाई कम गर्न उपायहरू लागू गर्ने ।<br>५. सुशासन तथा संस्थागत विकास : सार्वजनिक सेवा प्रवाहमा सुशासन प्रवर्द्धन गर्दै प्रभावकारी शासन र उत्तरदायी नेतृत्व सुनिश्चित गर्ने । |

द्रष्टव्य: समष्टिगत लक्ष्य, उद्धेश्य, रणनीति र विषयगत लक्ष्य, उद्धेश्य, रणनीति बिच अन्तरसम्बन्ध

नौगाड गाउँपालिकाको वार्षिक योजनामा उल्लिखित समष्टिगत लक्ष्य, उद्धेश्य, रणनीति र बिभिन्न परिच्छेदहरूमा उल्लिखित बिषयगत लक्ष्य, उद्धेश्य, रणनीति बिचको अन्तरसम्बन्ध र बिषयगत लक्ष्य, उद्धेश्य, रणनीतिहरूले समष्टिगत लक्ष्य, उद्धेश्य, रणनीतिहरूलाइ पुरा गर्न कसरी योगदान पुग्न सक्छ भन्ने बिषयमा समिक्षात्मक बिश्लेषण यहाँ उल्लेख गरिएको छ । गाउँपालिकाका समग्र आबश्यकताहरूलाइ सम्बोधन गरी एक पूर्ण विकसित गाउँपालिकाको रूपमा स्थापित गर्न सकियो या सकिएन, यस सम्बन्धमा मूल्याङ्कन गरी बास्तविक तथ्य अभिलेखिकरण गर्नु अपरिहार्य बिषय हो । आबधिक योजनामा सामुदायिक आवश्यकता र वर्तमान सामाजिक-आर्थिक स्थितिमा आधारित विकासका लागि प्राथमिकताका क्षेत्रहरू पहिचान गरिएको छ। मुख्य क्षेत्रहरूमा पूर्वाधार, स्वास्थ्य, शिक्षा, कृषि, सिचाइ, बिद्युत, संचार, सुशासन, जोखिम न्युनिकरण आदि बिशेष रूपमा उल्लिखित गरिएका छन ।

- तालिम र विकास कार्यक्रम मार्फत स्थानीय अधिकारी र कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्नु महत्त्वपूर्ण हुन्छ। क्षमता अभिवृद्धिले आयोजना कार्यान्वयनमा संलग्न कर्मचारीहरूसँग आवश्यक सीप र ज्ञान भएको सुनिश्चित गर्दछ। जसले आयोजनाको सफल कर्यान्वयन गर्ने, गुणस्तर कायम गर्ने, सेवा अभिबृद्धि गर्ने र दिगोपना कायम गर्नमा सहयोग पुग्दछ । यसो भयो भने एउटै आयोजनामा पटकपटक बजेट बिनियोजन गर्नुपर्ने, अन्य प्राथमिकताहरूलाइ छोड्नु पर्ने जस्ता झण्झटिला र जनसमुदायबाट प्राय बिरोध हुने प्रकृयाको अन्त्य हुनेछ ।यसबाट दिगो आर्थिक बृद्धि र व्यवस्थित विकास संस्कृतिको विकास हुनेछ ।
- विकास कर्यक्रमहरूमा लक्षित वर्गको अपनत्वका लागि सहभागिता विकास प्रयासहरू सुनिश्चत गरिनेछ । योजना र कार्यान्वयन प्रक्रियाहरूमा समुदायलाई संलग्न गराउनाले परियोजनाहरूले समुदायको वास्तविक आवश्यकताहरू पूरा गरेको सुनिश्चित गर्दछ। सार्वजनिक परामर्श, सर्वेक्षण, र प्रतिक्रिया संयन्त्रहरू मार्फत निर्णय प्रक्रियामा समुदायका सदस्यहरूलाई संलग्न गराउँन सहयोग पुग्दछ ।
- गैरसरकारी संस्थाहरू, निजी क्षेत्रका संस्थाहरू र अन्य सरकारी एजेन्सीहरूसँगको साझेदारीले थप स्रोत र विशेषज्ञताको लाभ उठाउन मद्दत हुनेछ जसका कारण सहयोगी प्रयासहरूले थप र नवीन समाधानहरू गर्न र साझा जिम्मेवारीहरूको प्रत्याभुत गर्न लाभदायि हुनेछ ।
- सडक, विद्यालय, स्वास्थ्य सेवा र सिँचाइ प्रणाली जस्ता पूर्वाधारमा गरिने लगानीले गाउँपालिकाको समग्र विकासमा ठूलो प्रभाव पर्दछ। यी परियोजनाहरूमा प्रायः मात्रात्मक लक्ष्यहरू हुन्छन्, जस्तै कि किलोमिटर सडक निर्माण वा निर्माण गरिएका नयाँ कक्षाकोठाहरूको संख्या।यस्ता कार्यक्रमले नागरिकहरूका सेवासुबिधालाइ अभिबृद्ध गर्दछ प्रतिफलमा आयबृद्धि, सामाजिक सदभाव, सेवा प्रबर्द्धन र सुखी समुदाय विकासमा योगदान पुग्दछ ।
- गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षामा पहुँच सुधार गर्नु आधारभूत कुरा हो। यसमा आधारभूत अस्पतालको प्रभावकारी रुपमा सञ्चालन, नयाँ स्वास्थ्य केन्द्रहरूको निर्माण, विद्यमान सुविधाहरूको स्तरोन्नति, स्वास्थ्यकर्मीहरूलाई तालिम दिने र साक्षरता दर र शैक्षिक उपलब्धि बढाउन शैक्षिक कार्यक्रमहरू लागू

गर्ने बिषयहरू बिषयगत क्षेत्रका लक्ष्य र उद्धेश्यहरू समावेश छन। यी उपलब्धिहरूले समग्र लक्ष्य र परिणाम हासिल गर्न सहयोग गर्नेछन ।

- कृषि ग्रामीण क्षेत्रमा प्राथमिक जीविकाको आधार भएकोले उत्पादकत्वमा सुधारले प्रत्यक्ष रूपमा खाद्य सुरक्षा र आय स्तरमा असर गर्छ। दिगो कृषि अभ्यासहरूले व्यापक विकास लक्ष्यहरूसँग पङ्क्तिबद्ध गर्दै दीर्घकालीन आर्थिक स्थिरता र वातावरण संरक्षण सुनिश्चित गर्दछ।
- रोजगारीका अवसरहरू सिर्जना गर्न र साना व्यवसायहरूलाई प्रबर्द्धन गर्नाले स्थानीय अर्थतन्त्रलाई बढावा दिन मद्दत पुग्छ र व्यावसायिक तालिम कार्यक्रमहरू, लघुवित्त योजनाहरू र स्थानीय उद्यमहरूको क्षेत्रमा हुने सहयोगले बेरोजगारी घटाउन र घरपरिवारको आय बढाउन मद्दत गर्न पुग्ने भएको हुँदा लक्ष्य प्राप्त गर्न सहयोगि हुनेछ । त्यसैगरी वातावरण संरक्षण र दिगो प्राकृतिक स्रोत व्यवस्थापनका लागि कार्यक्रमहरू कार्यान्वयन गर्ने गरी बिषयगत रणनीति अवलम्बन गरिएको छ जसले दीर्घकालीन पारिस्थितिक सन्तुलन सुनिश्चित गर्न र पुनरूत्थान परियोजनाहरू, माटो संरक्षण उपायहरू, र दिगो कृषि अभ्यासहरू प्रवर्द्धन मर्फत समग्र नतिजा हासिल गर्न सहयोगशिद्ध हुनेछ ।
- प्रविधिको प्रयोग गरी विभिन्न परियोजनाहरूको दक्षता र प्रभावकारिता बढाउन बिशेष प्रयासको तालमेल मिलाइनेछ, उदाहरणका लागि, भौगोलिक सूचना प्रणाली (GIS) को प्रयोग गरी पूर्वाधार परियोजनाहरूको योजना र अनुगमन गर्ने, वा राम्रो शासन र सेवा प्रवाहको लागि डिजिटल प्लेटफर्महरू कार्यान्वयन गर्ने। साथै सम्भावित जोखिमहरूको पहिचान गरी विपद् तयारी, वित्तीय जोखिम व्यवस्थापन, र अप्रत्याशित चुनौतीहरूको बावजुद लक्ष्यहरू पूरा भएको सुनिश्चित गर्न महत्वपूर्ण परियोजनाहरूका लागि वैकल्पिक कार्यान्वयन योजनाहरू समावेश गरिएका छन ।
- समुदायलाई सशक्त बनाउन, गरिबी घटाउन र दीर्घकालीन विकासलाई प्रोत्साहन गर्न शिक्षा महत्त्वपूर्ण छ । उन्नत शैक्षिक सुविधा र गुणस्तरीय शिक्षाले युवाहरूलाई राम्रो रोजगारीका अवसरहरूका लागि तयार पार्दै गाउँपालिकाको सामाजिक-आर्थिक विकासमा योगदान पुर्‍याउँछ।

### ३.६ परिमाणात्मक लक्ष्य निर्धारण

संघीय सरकार, प्रदेश सरकारका परिमाणात्मक लक्ष्यहरूको आधारमा र दिगो विकास लक्ष्य समेतलाई मध्यनजर गरी नौगाड गाउँपालिकाको आवधिक योजनाको दिर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणानीतिहरूको मापनका लागि प्रमुख सूचकहरू तय गर्दै परिमाणात्मक लक्ष्य निर्धारण गरिएको छ ।

तालिका ४ **परिमाणात्मक लक्ष्य**

| नतिजा सूचक | इकाई | आधार वर्षसम्म | | | योजना अन्त्यसम्मको अवस्था | | |
|---|---|---|---|---|---|---|---|
| | | संघ २०७९।८० को स्थिति | सुप प्रदेश ०७७।७८ | नौगाड ८०।८१ | संघ ८५।८६ | सुप प्रदेश ८२।८३ | नौगाड २०८५।८६ |
| समष्टिगत सूचक तथा परिमाणात्मक लक्ष्य | | | | | | | |
| बहुआयामिक गरिबी | प्रतिशत | २०.३ | २५.३ | १५ | १३ | १३ | १२ |
| मानव विकास सूचकांक | सूचकांक | ०.६०१ | | | ०.६५० | | |
| निरपेक्षित गरिबी | प्रतिशत | २०.३ | २४.६ | १२ | १२ | ११ | ९ |
| प्रतिव्यक्ति वार्षिक आय | अ.डलर | १४५६ | ९१८ | १२ | २३५१ | १७१५ | १६ |
| औसत आयु (जन्म हुँदाको) | वर्ष | ७१.३ | ६९.८ | ६९ | ७३ | ७२ | ७२ |
| साक्षरता दर (५ बर्ष माथि) | प्रतिशत | ७६.२ | ६३.५ | | ८५ | ९० | ९० |
| अपेक्षित आयु (जन्म हुँदाको) | बर्ष | ७१.३ | | | ७३ | | |
| बेरोजगारी दर | प्रतिशत | ११.४ | ११.५ | ६ | ५ | ७.५ | ४ |
| प्रतिव्यक्ति खाद्यान्न उत्पादन | केजी | ११.७५ | .... | १० | .... | .... | २० |

| नतिजा सूचक | इकाई | आधार वर्षसम्म | | | योजना अन्त्यसम्मको अवस्था | | |
|---|---|---|---|---|---|---|---|
| | | संघ २०७९।८० को स्थिति | सुप प्रदेश ०७७।७८ | नौगाड ८०।८१ | संघ ८५।८६ | सुप प्रदेश ८२।८३ | नौगाड २०८५।८६ |
| नियमित सिँचाइ भूमि | प्रतिशत | ३३ | .... | १५ | .... | .... | ३० |
| कृषिमा आबद्ध जनसंख्या | प्रतिशत | ६०.४ | ५४.५ | ४० | .... | ४० | ४५ |
| रोजगारीमा गैरकृषि क्षेत्रको योगदान | प्रतिशत | ३६.५ | ४५.५ | १० | .... | | १५ |
| बिद्यालयमा आधारभूत तहको भर्नादर | प्रतिशत | ९२.३ | | ९० | ९९५. | | १०० |
| ३० मिनेटको दुरीमा स्वास्थ्य सेवामा पहुँच भएका घरधुरी | प्रतिशत | ७७ | २८.७ | ६० | ९० | ८० | १०० |
| उच्च मध्यमस्तरको खानेपानीबाट लाभान्वित जनसंख्या | प्रतिशत | २५.८ | ८६.५३ | ९५ | ४५ | ९९ | १०० |
| ३० मिनेटको दुरीमा यातायातमा पहुँच भएका घरपरिवार | प्रतिशत | ८२ | .... | ८५ | ९५ | .... | ९५ |
| विद्युत सेवाबाट लाभान्वित जनसंख्या | प्रतिशत | ९६.७ | ६४.६९ | ८८.८ | १०० | ९९ | १०० |
| इन्टरनेट सेवामा पहुँच प्राप्त घरधुरी | प्रतिशत | ६९.२ | ४७.८ | २७ | ९० | ८० | १०० |
| वन क्षेत्र ओगटेको भूमि | प्रतिशत | ४५.३ | | ३० | .... | .... | ३३ |

*स्रोत:मानव विकास प्रतिवेदन:२०२२, सुदूरपश्चिम प्रदेश आवधिक योजना २०७६।७७, पन्ध्रौं योजना, आर्थिक सर्भेक्षण २०७९/८०*

परिमाणात्मक लक्ष्य पुरा हुन सक्ने मुलभुत आधारहरू यस प्रकार अनुमान गरिएको छ ।

नौगाड गाउँपालिकाको यस योजनामा उल्लिखित परिमाणात्मक लक्ष्यहरू पूरा गर्न रणनीतिक योजना, स्रोत विनियोजन र प्रभावकारी कार्यान्वयन अपरिहार्य छ। यी लक्ष्यहरू प्राप्त गर्ने आधारभूत तरिकाहरू यहाँ उल्लेख गरिएको छः

- योजना कार्यान्वयनको मूल्याङ्कन गर्नु पहिलो चरणको अपरिहार्यता हो। यसमा सामुदायिक आवश्यकता र वर्तमान सामाजिक-आर्थिक स्थितिमा आधारित विकासका लागि प्राथमिकताका क्षेत्रहरू पहिचान गर्ने बिषय संलग्न छ। मुख्य क्षेत्रहरूमा पूर्वाधार, स्वास्थ्य, शिक्षा, कृषि र रोजगारी हुन सक्छन।
- प्राथमिकताहरू पहिचान भएपछि, कुशलतापूर्वक स्रोतहरू बाँडफाँड गरिनेछ। यसमा आर्थिक, मानवीय र भौतिक स्रोतहरू समावेश रहनेछन्। गाउँपालिकाले बजेट विनियोजन लक्ष्यअनुरूप भएको र रकम कसरी प्रयोग गर्ने भन्ने कुरामा पारदर्शिता रहेको सुनिश्चित गर्नेछ ।
- तालिम र विकास कार्यक्रम मार्फत स्थानीय जनप्रतिनिधिहरु र कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्नु महत्त्वपूर्ण बिषय छ भन्ने कुरा सबैमा ज्ञात भैसकेको छ। क्षमता अभिवृद्धिले आयोजना कार्यान्वयनमा संलग्न कर्मचारीहरूसँग आवश्यक सीप र ज्ञान भएको सुनिश्चित गरिनेछ ।
- योजना र कार्यान्वयन प्रक्रियाहरूमा समुदायलाई संलग्न गराउनाले परियोजनाहरूले बासिन्दाहरूको वास्तविक आवश्यकताहरू पूरा गरेको सुनिश्चित गर्नमा मद्धत पुग्दछ। सार्वजनिक परामर्श, सर्वेक्षण, र प्रतिक्रिया संयन्त्रहरू सहित निर्णय प्रक्रियामा समुदायका सदस्यहरूलाई संलग्न बिशिष्ट प्रकारको संयन्त्र तयार गरी सुनिश्चित गरिनेछ ।
- गैरसरकारी संस्थाहरू, निजी क्षेत्रका संस्थाहरू र अन्य सरकारी एजेन्सीहरूसँगको साझेदारीले थप स्रोत र विशेषज्ञताको लाभ उठाउन मद्दत पुग्ने छ । प्रभावकारी साझेदारीता तथा सहकार्यलाइ पुर्णरूपमा कार्यान्वयन गरिनेछ ।
- निर्धारित लक्ष्यहरू प्राप्त गर्नको लागि प्रभावकारी परियोजना व्यवस्थापन आवश्यक छ। यसमा विस्तृत परियोजना योजना, स्पष्ट समयरेखा, र परिभाषित भूमिका र जिम्मेवारीहरू समावेश हुनेछन्। प्रगति ट्र्याक गर्न र आवश्यक समायोजन गर्न नियमित अनुगमन र मूल्याङ्कन सञ्चालन गरिनेछ ।
- प्रभावकारी अनुगमन र मूल्याङ्कन (M&E) ढाँचा स्थापना गर्नु महत्त्वपूर्ण छ । M&E ले परियोजनाहरूको प्रभावकारिता मूल्याङ्कन गर्न, चुनौतीहरू पहिचान गर्न र प्रभावकारी निर्णयहरू गर्न मद्दत गर्दछ । नियमित रिपोर्टिङ र प्रतिक्रियाहरूले कमजोरी हटाउँन, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न सहयोग पुग्दछ ।
- सडक, विद्यालय, स्वास्थ्य सेवा र सिँचाइ प्रणाली जस्ता पूर्वाधारमा लगानी गर्दा गाउपालिकाको समग्र विकासमा ठूलो प्रभाव पर्न सक्छ । यी परियोजनाहरूमा प्रायः मात्रात्मक लक्ष्यहरू हुन्छन्, जस्तै कि किलोमिटर सडक निर्माण वा निर्माण गरिएका नयाँ कक्षाकोठाहरूको संख्या ।
- गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षामा पहुँच सुधार गर्नु आधारभूत कुरा हो । यसमा नयाँ स्वास्थ्य केन्द्रहरूको निर्माण, विद्यमान सुविधाहरूको स्तरोन्नति, स्वास्थ्यकर्मीहरूलाई तालिम दिने र साक्षरता दर र शैक्षिक उपलब्धि बढाउन शैक्षिक कार्यक्रमहरू लागू गर्ने बिषयहरू समेटिनेछन ।
- कृषि प्रायः ग्रामीण क्षेत्रहरूमा एक प्रमुख आर्थिक गतिविधि भएकोले, कृषि उत्पादकत्व सुधार गर्न पहलहरू महत्त्वपूर्ण छन्। यसमा किसानहरूलाई राम्रो बीउ, मल, आधुनिक खेती प्रविधिको तालिम, र वर्षभरी खेतीलाई संचालन गर्न सिँचाइ प्रणालीहरू सिर्जना गर्न पहुँच अभिबृद्धि गरिनेछ ।

- रोजगारीका अवसरहरू सिर्जना गर्न र साना व्यवसायहरूलाई प्रबर्द्धन गर्नाले स्थानीय अर्थतन्त्रलाई बढावा दिन मद्दत पुग्छ । व्यावसायिक तालिम कार्यक्रमहरू, लघुवित्त योजनाहरू र स्थानीय उद्यमहरूको संचालनले बेरोजगारी घटाउन र घरपरिवारको आय बढाउन मद्दत पुग्दछ ।
- वातावरण संरक्षण र दिगो प्राकृतिक स्रोत व्यवस्थापनका लागि कार्यक्रमहरू कार्यान्वयन गर्दा दीर्घकालीन पारिस्थितिक सन्तुलन सुनिश्चित हुन्छ । यसमा पुनरूत्थान परियोजनाहरू, माटो संरक्षण उपायहरू, र दिगो कृषि अभ्यासहरू प्रवर्द्धन गर्न सकिन्छ ।
- प्रविधिको प्रयोगले विभिन्न परियोजनाहरूको दक्षता र प्रभावकारिता बढाउन सक्छ। उदाहरणका लागि, भौगोलिक सूचना प्रणाली (GIS) को प्रयोग गरी पूर्वाधार परियोजनाहरूको योजना र अनुगमन गर्न, वा राम्रो शासन र सेवा प्रवाहको लागि डिजिटल प्लेटफर्महरू कार्यान्वयन गर्न सकिनेछ ।
- सम्भावित जोखिमहरूको लागि आकस्मिक योजनाहरू हुनु आवश्यक छ । यसमा विपद् तयारी, वित्तीय जोखिम व्यवस्थापन, र अप्रत्याशित चुनौतीहरूको बावजुद लक्ष्यहरू पूरा भएको सुनिश्चित गर्न महत्वपूर्ण उपायको रूपमा लागु गर्न सकिनेछ ।

## ३.७ रणनीति तथा प्राथमिकता

| रणानीति | प्राथमिक क्षेत्रहरू |
|---|---|
| एकीकृत पूर्वाधार विकास | • आधारभूत सेवाहरूमा पहुँच सुधार गर्न सडक, पुल, खानेपानी आपूर्ति प्रणाली, र विद्युतीकरणको निर्माण र मर्मत-सम्भारलाई प्राथमिकता दिइनेछ ।<br>• बृहत् पूर्वाधार योजनाको विकास गरिनेछ । |
| कृषि आधुनिकीकरण | • कृषिमा आधुनिकीकरण गर्दै (रैथाने बाली, उन्नत पशुपालन) व्यवसाय प्रवर्द्धन गरिनेछ।<br>• किसानहरूलाई मल, बिउ, उपकरण आदिमा गुणस्तरीय सहयोग र प्रविधिमा पहुँच अभिवृद्धि गरिनेछ ।<br>• कृषि उत्पादकत्व र आय आर्जन बढाउन तालिम र क्षमता विकास, अनुदान र सुरक्षा प्याकेजहरू प्रदान गरिनेछ ।<br>• कृषि तथा पशुपंक्षी पालनमा बीमा व्यवस्था गर्ने र खाद्य सुरक्षा प्रवर्द्धन गरिनेछ। |
| शैक्षिक विकास | • शिक्षाको गुणस्तर सुधार गर्न र भर्ना दरहरू बढाउन शैक्षिक सुविधाहरूको सुदृढीकरण गरिनेछ ।<br>• शिक्षक तथा कर्मचारीहरूको क्षमता विकासका लागि तालिम कार्यक्रम र नवीन शिक्षण विधिहरू लागू गरिनेछ।<br>• प्राविधिक शिक्षालय र उच्च शिक्षाका लागि पूर्वाधार निर्माण गरिनेछ। |
| स्वास्थ्य सेवा पहुँच सुधार | • स्वास्थ्य सेवा पूर्वाधारहरू विकास र विस्तार गरिनेछ ।<br>• आवश्यक चिकित्सा आपूर्ति र कर्मचारीहरूले स्वास्थ्य सुविधाहरू सुसज्जित गरिनेछ<br>• विशेष गरी दुर्गम क्षेत्रहरूमा स्वास्थ्य सेवाहरूमा पहुँच सुधार गर्न गाउँघर कार्यक्रमहरू लागू गरिनेछ । |
| जीविकोपार्जन विविधीकरण | • उद्यमशीलता प्रवर्द्धन, व्यावसायिक तालिम प्रदान, र ऋण र बजार पहुँच अभिवृद्धिका लागि जोड दिइनेछ।<br>• कृषि बाहेक जीविकोपार्जनका विकल्पहरूको विविधीकरण गरिनेछ । |
| पर्यावरण संरक्षण र दिगोपना | • प्राकृतिक स्रोतहरूको संरक्षण, दिगो भूमि प्रयोग र वन व्यवस्थापन अभ्यासहरू प्रवर्द्धन गरिनेछ ।<br>• दिगोपन सुनिश्चित गर्न वातावरण संरक्षणबारे चेतना जगाउने उपायहरू लागू गरिनेछ। |
| सामुदायिक | • निर्णय प्रक्रियामा समुदायको सहभागिता बढाउन स्थानीय शासन संरचनाहरू सुदृढ गर्दै |

| रणानीति | प्राथमिक क्षेत्रहरू |
|---|---|
| सशक्तीकरण र सहभागिता | बासिन्दाहरूलाई सशक्त बनाइनेछ ।<br>• सामाजिक एकता अभिवृद्धि गर्न समुदायमा आधारित संस्थाहरूको सवलिकरणलाई जोड दिइनेछ । |
| पर्यटन विकास र प्रवर्द्धन | • गाउँपालिकाभित्र पर्यटकीय सम्भावनाको पहिचान र विकास गरिनेछ ।<br>• इको टुरिज्म, सांस्कृतिक पर्यटन र साहसिक पर्यटनका लागि पूर्वाधार विकासमा लगानी गरिनेछ ।<br>• सांस्कृतिक सम्पदाको संरक्षणमा प्रवर्द्धन गरी पर्यटन राजस्व वृद्धि र रोजगारीका अवसर सिर्जना गरिनेछ । |
| प्रकोप पूर्वतयारी र लचिलोपन निर्माण | • प्राकृतिक प्रकोप र जलवायु परिवर्तन प्रभावहरूका लागि समुदायको तैयारी र लचिलोपन को वृद्धि गरिनेछ ।<br>• प्रकोप जोखिम न्यूनीकरण योजनाहरूको विकास र कार्यान्वयन, प्रारम्भिक चेतावनी प्रणालीहरूको स्थापना, र प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गरिनेछ। |
| साझेदारी निर्माण र स्रोत परिचालन | • सरकारी निकायहरू, गैरसरकारी संस्थाहरू, निजी क्षेत्रका संस्थाहरू र अन्तर्राष्ट्रिय संस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ।<br>• बाह्य विशेषज्ञताको सीप र दक्षताको लाभ हासिल गरिनेछ । |

## ३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट

गाउँपालिका गौरवका आयोजनाहरू

गाउँपालिकाको समग्र विकासलाई टेवा पुर्‍याउने, सन्तुलित विकासका लागि पर्याय हुने, परिवर्तनलाई टेवा पुर्‍याउने, बहुआयामिक प्रभाव पर्ने, आर्थिक तथा सामाजिक विकासमा सहयोग पुग्ने, स्थानीय नागरिकलाई प्रत्यक्ष फाइदा पुग्ने, आयआर्जन तथा रोजगारिलाई अभिवृद्धि गर्ने, दुई वा दुई भन्दा बढी पालिकाहरूसँग कनेक्टिभिटी हुने र आवधिक योजनाले लिएका लक्ष्य तथा उद्देश्यहरू पूरा गर्ने खालका योजनाहरू गाउँ गौरवका आयोजनाहरू रूपमा परिभाषित गरिएको छ । यस आवधिक योजना अबधिमा कार्यान्वयन गर्नेगरी निम्नानुसार गाउँ गौरवका आयोजनाहरू छनौट गरिएको छः

**तालिका ५ गाउँपालिका गौरवका आयोजनाहरू**

| कार्यक्रमहरू | एकाइ | अनुमानित स्रोत वार्षिक लक्ष्य (रू लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा |
| ग्रामीण विद्युतीकरण कार्यक्रम (प्रदेश सरकारसँगको सहलगानीमा) | संख्या | २०० | २०० | २०० | २०० | २०० | १००० |
| सुरक्षित खानेपानी विस्तार आयोजना (एक घर एक धारा) | संख्या | ५०० | ५०० | ५०० | १००० | | २५०० |
| ग्रामीण सडक विस्तार तथा स्तरोन्नति कार्यक्रम | किमी | १००० | १००० | १००० | १००० | १०० | ४१०० |
| गाउँपालिका गौरवका योजनाको जम्मा | | १७०० | १७०० | १७०० | २२०० | ३०० | ७६०० |

***स्रोतः अनुमान तथा योजना छनौट***

गाउँपालिकामा आ.व. २०७८।७९ मा कुल बजेट ४८,६०,४२,९६४ आ.व. २०७९।८० मा कुल बजेट ४२,८८,८५,२७८ र आ.व. २०८०।८१ मा कुल बजेट ४१,७२,२०,५०० रहेको छ ।

क्षेत्रगत रूपमा विगत तीन आर्थिक वर्षमा आर्थिक विकासमा १३.१९ प्रतिशत, सामाजिक विकासमा ५६.३६ प्रतिशत, पूर्वाधार विकासमा १४.०७ प्रतिशत, वन वातावरण क्षेत्रमा १.२७ प्रतिशत र संस्थागत विकासमा ०.३५ प्रतिशत औषत बजेट विनियोजन भएको छ । विगतको बजेट विनियोजनमा गाउँपालिकाले सामाजिक विकासलाई तुलनात्मक रूपमा बढी प्राथमिकता दिएको छ ।

**आर्थिक विकास**

| विवरण | जम्मा | | |
|---|---|---|---|
| | २०७८।७९ | २०७९।८० | २०८०।८१ |
| कृषि तथा पशु-पंक्षीपालन | २७५७४७२० | ३६१९२५०० | १७४२३६०० |
| सिँचाइ | ४६८००००० | १००००० | २३५५००० |
| पर्यटन तथा संस्कृति | ६८९८२४० | १४२६५९६० | ० |
| उद्योग, व्यापार तथा व्यवसाय | ४७८८२०० | ५२६५००० | २८४०००० |
| बैंक वित्तीय तथा सहकारी संस्था | १९०००० | ५००००० | ७००००० |
| श्रम तथा रोजगार | ३००००० | ९६०७००० | |

सामाजिक विकास

| विवरण | जम्मा | | |
|---|---|---|---|
| | २०७८।७९ | २०७९।८० | २०८०।८१ |
| शिक्षा | १८२५५७००० | १५७०४२८८० | १७४३११५०० |
| आधारभूत स्वास्थ्य | ५१४६७३२० | ४६७३६३८० | ६०५२४००० |
| लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ४३०००० | २४२५००० | १७६८००० |
| खानेपानी तथा सरसफाइ | ४१८१८०० | ९७५८००० | ५३८५००० |
| युवा तथा खेलकुद | ५७०००० | १७८०००० | १९००००० |
| श्रम तथा रोजगार | ३००००० | ४९६०७००० | |

पूर्वाधार विकास

| विवरण | जम्मा | | |
|---|---|---|---|
| | २०७८।७९ | २०७९।८० | २०८०।८१ |
| सडक, यातायत तथा पुल | ४३०७५००० | ३२८२७२६४ | १३३७८००० |
| आवास तथा बस्ती विकास र सहरीकरण | १२८५७००० | ३३६३८७३६ | २४९९२००० |
| विद्युतीकरण तथा वैकल्पिक ऊर्जा | ११९२५००० | ८९६०००० | ४०५७००० |
| सूचना तथा सञ्चार | ६४०००० | ५३०००० | ६००००० |

वन, वातावरण तथा विपद व्यवस्थापन

| विवरण | जम्मा | | |
|---|---|---|---|
| | २०७८।७९ | २०७९।८० | २०८०।८१ |
| वन तथा जैविक विविधता | ७९४००० | ३००००० | ५००००० |
| विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन | ७०२१६५७ | २३१०००० | ४२००००० |
| भू तथा जलाधार संरक्षण | ४२०००० | १५०००० | १५०००० |
| वातावरण तथा फोहोर व्यवस्थापन | | ६५०००० | ४३०००० |

सुशासन तथा संस्थागत विकास

| विवरण | जम्मा | | |
|---|---|---|---|
| | २०७८।७९ | २०७९।८० | २०८०।८१ |
| ऐन, नियम तथा जवाफदेहिता | ४२०००० | ८००००० | ८००००० |
| मानव संसाधन तथा संस्थागत विकास | १२६०००० | ६५०००० | ७२५००० |

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ अनुसार आर्थिक विकासका लागि गाउँपालिकाको आर्थिक विकासका क्षेत्रहरू विशेषत कृषि तथा पशुपंक्षी पालन, पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति, खाद्य तथा पोषण, वन तथा वातावरण,बैंक वित्तीय संस्था तथा सहकारी, उद्यमशिलता तथा वैदेशिक रोजगार, भू उपयोग तथा भूमी व्यवस्था आदि रहेका छन् । उपरोक्त आर्थिक क्षेत्रका सूचकहरूका लागि भिन्ना भिन्नै विश्लेषण गरी समस्याहरू, चुनौतीहरू, अवसरहरूको विद्यमान अवस्था पहिचान गरी आगामी ५ वर्षका लागि सूचकहरूमा आधरित लक्ष्य, उद्देश्य एवं परिणामहरू निर्धारण गरिएको छ ।तय गरिएको नतिजा प्रासिका लागि विभिन्न कार्यक्रमहरू तय गर्दै ती कार्यहरू सफलता पूर्वक सम्पन्न गर्न निर्दिष्ट रणनीति एवं कार्यनीतिहरू निर्धारण गरिएको छ ।

## ४.१ कृषि तथा पशुपंक्षी पालन

### ४.१.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले खाद्य सम्बन्धी अधिकारलाई मौलिक हकको रूपमा प्रत्याभूति गरेको छ । देशको अर्थतन्त्र सुदृढ गर्न राज्यले कृषि क्षेत्रमा विशेष जोड समेत दिएको छ । कृषिको व्यवसायिकरण, औद्योगिकीकरण र विविधीकरणका लागि भूउपयोग नीति अवलम्वन गर्न आवश्यक छ ।जसले कृषि उत्पादकत्व अभिवृद्धि गर्न महत्वपूर्ण सहयोग गर्ने छ । आधुनिकीकरण, भूमिको उत्पादनशीलता, प्रकृति र वातावरणीय सन्तुलनका आधारमा भूउपयोग गर्ने र कृषि सामग्री तथा उपजहरूको उचित मूल्य निर्धारण र बजार पहुँचको सहज व्यवस्थापन पक्षलाई राष्टको निर्देशक सिद्धान्तले समेत स्वीकार गरेको छ ।

त्यसैगरी १५औं पञ्चवर्षीय योजनाको दिर्घकालीन लक्ष्यले उच्च र दिगो उत्पादन र उत्पादकत्व अभिवृद्धिलाई र तीव्र, दिगो तथा रोजगारमूलक आर्थिक वृद्धिलाई राष्ट्रिय रणनीतिका रूपमा ग्रहण गरेको छ ।कृषि क्षेत्रको लगानी र विकासलाई दिगो विकास लक्ष्यको प्रमुख पक्षका रूपमा अंगिकार समेत गरिएको छ । यसर्थ कृषिमा आधुनिकीकरण र औद्योगिकीकरण गरी आयआर्जन वृद्धि र रोजगारी सृजनामा योगदानको आधार बनाउन आवश्यक छ जसले भोकमरी अन्त्य तथा खाद्य सुरक्षा र पोषणको सुनिश्चितता गर्दै गरिबी निवारणमा समेत योगदान पुग्नेछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले ठोस रूपमा कृषि क्षेत्रलाई सम्बोधन गर्नेगरी कृषि उत्पादन र व्यवस्थापन, बजार तथा हाटबजार पूर्वाधार निर्माण, साना सिँचाइ, प्रविधिक सेवा, कृषि सामग्री आपूर्ति, कृषक क्षमता विकास, प्रकोप तथा महामारी नियन्त्रणा, पशु चिकित्सकको व्यवस्था, नस्ल सुधार, आहार, वीमा तथा कर्जा सहजीकरणा, चरन क्षेत्रको विकास तथा व्यवस्थापन, उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन आदि कार्यहरू स्थानीय तहले गर्नेगरी निर्दिष्ट गरेको छ ।

### ४.१.२ समस्या तथा चुनौतीहरू

कृषि तथा पशुपंक्षी क्षेत्रमा अनुदान पाएको कृषकले सम्बन्धी पेशामा लगानी नगरी अन्यत्र लगानी गर्नु, प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रोजगारी सिर्जना भए तापनि प्रयाप्त बजेट नहुनु, बैंक तथा वित्तीय संस्थाहरूमा किसानहरूको पहुँच कमजोर हुनु, ठूला बजार र व्यापारिक केन्द्रमा यहाँका किसानहरूको पहुँच कमजोर, दक्ष कृषि प्राविधिकहरू नहुनु र भएकाले पनि अपेक्षित सेवा दिन नसक्नु, नवीनतम व्यवसायका लागि दक्ष प्राविधिक र इक्युबेशन सेवाहरू सहितको उद्यमिशलतालाई प्रवर्द्धन गर्ने कार्यक्रमहरूको अभाव हुनु, प्रभावकारी शासन व्यवस्थाको अभाव र राजनीतिक अस्थिरता हुनु र प्रविधिमैत्री कृषि कार्यक्रमहरू नहुनुजस्ता प्रमुख समस्याहरू छन् । भिरालो भूभाग र सीमित खेतीयोग्य जमिनलाई उर्बर बनाउनु, बाढी-पहिरो जस्ता प्रकोपहरूको जोखिम न्यूनीकरण गर्नु, आधुनिक कृषि अभ्यासहरूमा किसानहरूलाई रूपान्तरण गर्नु, व्यवसायिक कृषि उपजहरूको सहज बजार पहुँचमा राख्नु र किसानहरूले जलवायु परिवर्तनका असरहरूको अनुकूलन गर्न सक्नु जस्ता चुनौतीहरू रहेका छन् ।

### ४.१.३ सम्भावना तथा अवसर

उच्च उत्पादन र रोग प्रतिरोधी नस्लहरूका लागि प्रजनन कार्यक्रम स्थापना गर्न सकिने, यस क्षेत्रको प्राकृतिक सौन्दर्य र सांस्कृतिक सम्पदाको सदुपयोग गर्न सकिने, सहकारी र कृषक समूहहरूको सहकार्यलाई प्रभावकारी बनाउन सकिने, बाली विविधीकरण, संरक्षण कृषि र कृषिवन जस्ता जलवायु स्मार्ट कृषि अभ्यासहरू द्वारा जलवायु परिवर्तनका प्रभावहरूलाई कम गर्न र दिगो कृषि उत्पादन सुनिश्चित गर्न सकिने जस्ता सम्भावना र अवसरहरू पनि बिद्यमान रहेका छन् ।

### ४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

| | |
|---|---|
| लक्ष्य | कृषि तथा पशुपालनमा व्यवसायीकरण तथा यान्त्रीकरण गरिएको हुनेछ । |
| उद्देश्य | १ कृषिको वैज्ञानिकीकरण प्रवर्द्धन गर्ने ।<br>२ कृषिलाई गाउँपालिकाको अर्थतन्त्रको मुख्य स्रोतको रूपमा विकास गर्ने ।<br>३ नस्ल सुधार र उन्नत पशुपालनमा जोड दिने । |
| रणनीतीहरू | १ कृषि सामग्री र वस्तुहरूको सर्वसुलभ उपलब्धता<br>२ कृषि बजार पहुँच अभिवृद्धि<br>३ कृषि तथा पशुपंक्षी पालनलाई प्रविधिसँग अन्तरनिहित गरिने .<br>४ पशुपंक्षी सम्बन्धी प्राविधिकहरूको प्रभावकारी परिचालन । |
| कार्यनीति | रणानीति १ का कार्यनीति<br>• किसानहरूको माग र मात्रा अनुसार समयमै मल तथा बिउ उपलब्ध गराइनेछ<br>• मल-बिउको सही प्रयोग सम्बन्धमा किसानहरूलाई सचेतना अभिवृद्धि गरिनेछ<br>• उत्कृष्ट किसानलाई प्रोत्साहनको उचित प्रबन्ध गरिनेछ । |
| | रणानीति २ का कार्यनीति<br>• कृषि उत्पादन भण्डारण र बिक्रीका लागि बजारीकरणको उचित प्रबन्ध मिलाइनेछ ।<br>• कृषि तथा पशुजन्य उत्पादनको बहुउपयोगिता रणनीति र लामो समय खपाउ रणनीति अवलम्बन गरिनेछ ।<br>• कृषि उत्पादनको बिक्रीका लागि उचित मुल्य निर्धारणको लगि नीतिगत व्यवस्था गरिनेछ |
| | रणानीति ३ का कार्यनीति<br>• कृषि आधुनिकीकरणका लागि प्रविधिको प्रयोग गरिनेछ ।<br>• कृषि र पशुपालन व्यवसाय नवीनतम प्रविधिको व्यवस्था गरिनेछ ।<br>• नस्ल सुधार र तथा बेमौसमी खेती प्रणालीको विकास गरिनेछ । |
| | रणनीति ४ को कार्यनिति<br>• प्रत्येक वडामा दक्ष पशु प्राविधिक परिचालन गरिनेछ ।<br>• प्रत्येक वडामा कृषि प्राविधिक परिचालन गरिनेछ ।<br>• स्थानीय किसानहरूका लागि वडास्तरमा प्राविधिक तालिम सञ्चालन गरिनेछ । |

### ४.१.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू

तालिका ६ कृषि तथा पशुपंक्षीपालन क्षेत्रमा गाउँपालिकाले गर्ने मुख्य कार्यक्रमहरू

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू लाखमा) | | | | | | दिविल संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व. | पाँचौ आ.व. | जम्मा | | | |
| नीतिगत संरचना निर्माण कार्यक्रम | संख्या | १ | १० | ० | ० | ० | ० | १० | २ | ३ | १ |
| कृषि पकेट क्षेत्र विकास कार्यक्रम | संख्या | ८ | ३० | १० | ५ | ५ | ५ | ५५ | २ | ३ | १ |
| रैथाने बाली विकास कार्यक्रम | संख्या | ८ | ५ | ५ | ५ | ५ | ५ | २५ | २ | ३ | १ |
| नगदे बाली प्रवर्द्धन कार्यक्रम | संख्या | ३ | ३ | ३ | ३ | ३ | ३ | १५ | २ | ३ | १ |
| व्यावसायिक पशुपंक्षी पालन | संख्या | ४ | ५ | ५ | ५ | ५ | ५ | २५ | २ | ३ | १ |
| मत्स्यपालन व्यवसाय प्रवर्द्धन | संख्या | २ | १ | १ | १ | १ | १ | ५ | २ | ३ | १ |
| पशुपालन व्यवसाय प्रवर्द्धन कार्यक्रम | संख्या | १० | १० | १० | १० | १० | १० | ५० | २ | ३ | १ |
| कृषि व्यवसायमा आधुनिकीकरण तथा यान्त्रिकरण कार्यक्रम | संख्या | ५ | २० | ५० | ३० | ३० | ३० | १६० | २ | ३ | १ |
| मौरीपालन व्यवसाय प्रवर्द्धन कार्यक्रम | संख्या | ५ | १५ | १५ | १५ | १५ | १५ | ७५ | | | |
| जम्मा | | | ९९ | ९९ | ७४ | ७४ | ७४ | ४२० | | | |

### ४.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान र जोखिम पक्ष

**तालिका ७ कृषि तथा पशुपंक्षी पालन क्षेत्रको नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाइ | आधार वर्ष २०८०।८१ | योजना अविधको लक्ष्य | | | पुष्ट्याइको स्रोत | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | | |
| प्रभाव | कृषि तथा पशुपालनमा व्यवसायीकरण तथा यान्त्रीकरण गरिएको हुनेछ | कृषिमा आत्मनिर्भर परिवार संख्या | संख्या | ४० | ४५ | ५० | ६५ | दर्ता विवरण | दर्ता भएर पनि नविकरण नहुने दर्ता नविकरण भएर पनि निस्कृय बस्ने |
| असर | कृषि तथा पशुपालनको वैज्ञानिकीकरण मार्फत कृषि क्षेत्र गाउँ-पालिकाको अर्थतन्त्रको मुख्य स्रोतको रूपमा विकास हुनेछ | व्यवसायिक कृषि तथा पशुपालन गर्ने कृषकहरू आत्मानिर्भर बन्दै जानेछन् | प्रतिशत | ३० | ३५ | ३६ | ४० | गाउँपालिकाको लेखा शाखाको प्रतिवेदन | प्रभावकारी राजश्व संकलनमा समस्या |
| प्रतिफल | कृषि सामग्री र वस्तुहरूको सर्वसुलभ उपलब्धता | कृषि सामग्री प्राप्त गर्ने कृषक संख्या | संख्या | ० | १०० | २०० | ३०० | कृषि शाखाको प्रतिवेदन | बजेट अभाव हुनसक्छ |
| | कृषि बजार पहुँच अभवृद्धि | कृषि तथा पशुजन्य उत्पादनहरूको बिक्री परिमाण | प्रतिशत | १५ | २० | ४० | ७० | कृषि शाखाको प्रतिवेदन | अभिलेखीकरणको समस्या |
| | कृषि तथा पशुपंक्षी पालनलाई प्रविधिसँग अन्तरनिहित गरिने | प्रविधि युक्त कृषि तथा पशुपंक्षी फार्म संख्या | संख्या | ० | ५ | १० | २० | कृषि शाखाको प्रतिवेदन | प्रविधिको उपयोगमा ज्ञान र दक्षता अभाव |
| | पशुपंक्षी सम्बन्धी प्राविधिकहरूको प्रभावकारी परिचालन | कृषि प्राविधिक संख्या | | ३ | ६ | | | गाउँपालिकाको अभिलेख | |
| | | पशु प्राविधिक संख्या | | ३ | ६ | | | | |

## ४.२ सिँचाइ

### ४.२.१ पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स-साना सतह तथा भूमिगत सिँचाइ प्रणालीको सञ्चालन, मर्मत-सम्भार, रेखदेख, स्तरोन्नति एवं अनुगमन तथा नियमन गर्न सक्ने अधिकार स्थानीय तहलाई दिएको छ। कृषियोग्य भूमिमा नियमित बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराई कृषिको उत्पादन र उत्पादकत्व वढाउन सिँचाइको दिगो व्यवस्थापन गर्नुपर्ने, परम्परागत सिँचाइ प्रणालीको मर्मत-सम्भार एवं नयाँ प्रविधिमा आधारित सिँचाइ प्रणालीको माध्यमबाट सिँचित क्षेत्र विस्तार गर्दै सिँचाइ पूर्वाधार निर्माण तथा सिँचाइ प्रणालीलाई सुदृढीकरण गर्नुपर्ने भएको छ ।

### ४.२.२ समस्या तथा चुनौतीहरू

सिँचाइ आयोजनाहरू भल-बाढीको जोखिममा पर्नु र दिगोपनामा समस्या हुनु, नियमित मर्मत-सम्भारको अभाव हुनु, प्रायः मौसमी प्रकारका पानीका स्रोतहरू हुनु, रिचार्ज पोखरी, जलाशय र वितरण प्रणालीको अभाव हुनु, स्थानीय विशेषज्ञता र प्राविधिक ज्ञानको अभाव हुनु, कृषि भूमि प्रायः साना प्लटहरूमा टुक्रिएको हुनु, अनुचित सिँचाइ अभ्यासहरूले माटोको क्षय हुनु र जलवायु परिवर्तनको प्रभावजस्ता प्रमुख समस्या तथा चुनौतीहरूहरू रहेका छन् ।

### ४.२.३ सम्भावना तथा अवसर

गैरसरकारी संस्थाहरू र अन्तरपालिका रणनीतिक सहकार्य गर्न सकिने, रिचार्ज पोखरी, वर्षाको पानी संकलन मार्फत सिँचाइको दिगोपना कायम गर्न सकिने, थोपा सिँचाइ र स्प्रिंकलर प्रणालीजस्ता उन्नत सिँचाइ विधिहरू अपनाएमा पानीको उपयोग गर्न सकिने देखिन्छ । सिँचाइसँग जोडिएका कृषि-व्यवसायका अवसरहरू, जस्तैः उच्च मूल्यको बाली, कृषि प्रशोधन एकाइहरू र उचित बजारीकरणले स्थानीय किसानहरूका लागि आर्थिक लाभ बढाउन एवं सिँचाइ पूर्वाधारमा लगानीलाई प्रोत्साहित गर्न सकिनेजस्ता प्रमुख सम्भावना र अवसर रहेका छन् ।

### ४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

| | |
|---|---|
| लक्ष्य | पालिकाभित्र भएका जलस्रोतको संरक्षण, संवर्द्धन, व्यवस्थापन र सदुपयोग गर्दै अधिकतम प्रतिफल दिने परियोजना निर्माण गरिएको हुनेछ । |
| उद्देश्य | १. जलस्रोत नीति निर्माण गरी कार्यान्वयन गर्ने<br>२. जलस्रोत संरक्षण तथा सदुपयोग गर्नका लागि जनसहभागिता सुनिश्चित गर्ने |
| रणानीती | १.अधिकतम प्रतिफल दिने परियोजनाहरू सञ्चालन गर्न सङ्घ र प्रदेश सरकारसँग साझेदारी गर्ने<br>२.समुदायमा आधारित साना सिँचाइ कार्यक्रमहरू सञ्चालन गर्ने<br>३.जलस्रोत संरक्षण/व्यवस्थापन गर्न समुदायमा आधारित संस्थाहरू गठन गरी परिचालन गर्ने |
| कार्यनीति | रणनीति १ का कार्यनीति<br>उत्पादक समूहका सदस्यहरूलाई सहुलियतपूर्ण तवरले सिँचाइ सुविधा उपलब्ध गराइनेछ ।<br>पानीको बहुउपयोग प्रविधिको विकास गरिनेछ । |
| | रणनीति २ का कार्यनीति<br>थोपा सिँचाइ र स्प्रङकल प्रविधि लागु गरिनेछ ।<br>समुदायका सदस्यहरूलाई तालिम मार्फत क्षमता विकास गरिनेछ । |
| | रणनीति ३ का कार्यनीति<br>प्रत्येक वडामा कृषि तथा सिँचाइ समूह गठन गरिनेछ ।<br>यस्तो समहका सदस्यहरूलाई तलिम कार्यक्रम सञ्चालन गरिनेछ । |

### ४.२.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू

**तालिका ८ गाउँपालिकाको सिँचाइ क्षेत्रका मुख्य कार्यक्रम तथा आयोजनाहरू**

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू लाखमा) | | | | | | दिविल संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रोआ.व. | चौथो आ.व. | पाँचौ आ.व. | जम्मा | | | |
| सिँचाइ कुलो निर्माण | संख्या | ७ | १२ | १० | ७ | ५ | ६ | ४० | २ | ३ | १ |
| सिँचाइ पूर्वाधार मर्मत-सम्भार | संख्या | १५ | २ | २ | २ | २ | २ | १० | २ | ३ | १ |
| सिँचाइका लागि रिचार्ज पोखरी निर्माण | संख्या | १० | २ | २ | २ | २ | २ | १० | २ | ३ | १ |
| सामूहिक सिँचाइ उपभोक्ता समूह निर्माण तथा सुदृढीकरण | संख्या | ६ | ० | ३ | ३ | ३ | ३ | १२ | २ | ३ | १ |
| वर्षा पानी संकलन र सिँचाइ प्रणाली | संख्या | ६ | ० | ४ | ४ | ४ | ४ | १६ | २ | ३ | १ |
| पक्की सिँचाइ कुलो सुधार तथा संरक्षण | कि.मि. | २० | ० | १० | १० | १० | १० | ४० | २ | ३ | १ |
| साना तथा मध्यस्तरका सिँचाई निर्माण आयोजना | कि.मि. | ३० | ० | १५ | २० | २० | २० | ७५ | २ | ३ | १ |
| सौर्य पम्प सिँचाइ प्रणाली लिफ्ट सिँचाइ आयोजना | संख्या | २ | ० | ५ | १० | १० | १० | ३५ | २ | ३ | १ |
| वर्षा पानी संकलन तथा भण्डारण ट्यांकी कार्यक्रम | संख्या | ६ | ० | ५ | ५ | ५ | ५ | २० | २ | ३ | १ |
| माइक्रो/ड्रिप सिँचाइ प्रविधि प्रवर्द्धन कार्यक्रम | संख्या | २ | ० | १० | १२ | ५ | ५ | ३२ | २ | ३ | १ |
| सिँचाइ व्यवस्थापन समिति सशक्तीकरण तथा मर्मत कार्यक्रम | संख्या | १२ | ० | ५ | ३ | ३ | ३ | १४ | २ | ३ | १ |
| सिँचाइ नक्सांकन तथा अध्ययन (फिजिबिलिटी स्टडी) | संख्या | २ | ० | १० | ० | २० | ० | ३० | २ | ३ | १ |
| जम्मा | | | १६ | ८१ | ७८ | ८९ | ७० | ३३४ | | | |

### ४.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान तथा जोखिम पक्ष

**तालिका ९ सिँचाइ क्षेत्रको नतिजा खाका**

**सिँचाइ क्षेत्रको नतिजा खाका यसप्रकार रहेको छ ।**

| नतिजा तह | नतिजा | सूचक | इकाइ | आधार वर्षको २०८०।८१ | योजना अविधको लक्ष्य | | | पुष्टयाइको स्रोत | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| प्रभाव | जलस्रोतको संरक्षण, संवर्द्धन, व्यवस्थापन र सदुपयोग गर्दै अधिकतम प्रतिफल दिने परियोजना निर्माण गरिएको हुनेछ | कुल वर्षैभरि सिँचाइ हुने क्षेत्रफल | प्रतिशत | २० | ५० | ७० | ८० | आर्थिक विकास शाखाको प्रतिवेदन | प्राकृतिक जोखिमका कारण प्रतिफल कमजोर हुन सक्ने |
| असर | नीतिगत रूपमै व्यवस्था गरी सिँचाइ विकासमा जनसहभागिता वृद्धि हुनेछ । | जनसहभागितामा विकास भएका सिँचाइ सुविधाहरू (कुलो, पोखरी, थोपा सिँचाइ) को संख्या | प्रतिशत | ० | ० | २५ | ५० | | दिगो व्यवस्थापन र नियमित मर्मत-सम्भारमा vcसमस्या हुन सक्ने |
| प्रतिफल | अधिकतम प्रतिफल दिने परियोजनाहरू सञ्चालन गर्न सङ्घ तथा प्रदेश सरकारसँगको साझेदारीता | साझेदार संस्थाहरू | संख्या | ० | २ | ३ | ४ | | प्रभावकारी साझेदारीता नहुन सक्छ |
| | | कार्यक्रम संख्या | संख्या | ० | ३ | ४ | ५ | | |
| | | कार्यक्रमको विविधिकरण | क्षेत्र | ० | २ | ३ | ५ | | |
| | समुदायमा आधारित साना सिँचाइ कार्यक्रमहरू सञ्चालन गर्ने | साना सिँचाइ योजनाको संख्या | संख्या | १ | १० | २० | ३० | | लाभ भन्दा लगानी बढी हुन सक्ने सम्भावना र अभिलेखको अभाव |
| | | साना सिँचाइ योजनाबाट सिँचित भूमि | हेक्टर | ५ | ७ | ९ | ११ | | |
| | जलस्रोत संरक्षण तथा व्यवस्थापन गर्न समुदायमा आधारित संस्थाहरू गठन गरी परिचालन गर्ने | जलस्रोतसँग सम्बन्धित सामुदायिक संस्थाहरू | संख्या | ० | ३ | ५ | ९ | | |

## ४.३ पर्यटन विकास

### ४.३.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले पर्यटन प्रवर्द्धनलाई राज्यको निर्देशक सिद्धान्तको रूपमा ग्रहण गरेको छ । यसको विकासका लागि ऐतिहासिक, साँस्कृतिक, धार्मिक र पुरातात्विक सम्पदा एवं प्राकृतिक स्रोतहरूको पहिचान, संरक्षण, प्रवर्द्धन र प्रसार-प्रसार गरी राष्ट्रिय अर्थतन्त्रको एक महत्वपूर्ण आधारको रूपमा पर्यावरण अनुकूल हुनेगरी पर्यटन उद्योग विकास गर्दै प्राप्त लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने नीति संविधानमा उल्लेख भएको छ । त्यसैगरी १५ औं राष्ट्रिय योजनाले पर्यटनलाई विशेष महत्व दिदै गुणस्तरीय पर्यटन सेवाको विकास र विस्तारलाई रूपान्तरणका प्रमुख सम्वाहकका रूपमा ग्रहण गरिएको छ । त्यसैगरी नेपाललाई आकर्षक, सुरक्षित, मनोरञ्नात्मक पर्यटकीयमैत्री गन्तव्यको रूपमा स्थापित गर्ने, नयाँ पर्यटकीय गन्तव्यहरूको पहिचान, विविधीकरण, पूर्वाधार विकासमा निजीक्षेत्रको प्रवर्द्धन गर्दै रोजगारीका अवसरहरू वृद्धि भई जनताको जीवनस्तरमा सुधार ल्याउने परिकल्पना भएको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन सम्बन्धी आयोजनाहरूको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन, नियमन गर्ने साथै ऐतिहासिक, पुरातात्विक, साँस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचीन स्मारकको संरक्षण गर्ने, स्थानीय मौलिक झल्किने साँस्कृतिक रीतिरिवाजको संरक्षण, प्रवर्द्धन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

### ४.३.२ समस्या तथा चुनौती

धर्मिक तथा  पर्यटकीय स्थलहरू सम्म आवतजावत गर्न सडक सञ्जाल नहुनु, पुगेको ठाउँसम्म पनि धुलाम्य सडक हुनु, ऐतिहासिक क्षेत्रहरूलाई पनि पर्यटकिय गन्तव्यका रूपमा प्राथमिकता दिन नसकिनु, अन्य क्षेत्र को तुलनामा पर्यटन क्षेत्रलाई प्राथमिकता नदिनु, पछिल्लो समयमा हाम्रो मौलिक संस्कृति प्रति नयाँ पुस्तामा ध्यान कम हुनु, पश्चिमी संस्कृतितर्फ देखासिकी बढ्नु, संस्कृति कला ऐतिहासिक पहिचान झल्काउने परम्परागत पहिचान संरक्षणका लागि सांस्कृतिक संग्राहलय बनाउन नसकिएको, दीर्घकालीन पर्यटन विकास गुरूयोजना तर्जुमा नभएको, धार्मिक, साँस्कृतिक पर्यटन प्रवर्द्धनमा गाउँपालिकाबाट यथेष्ट सम्वोधनको अभाव तथा न्यून प्राथमिकता आदि प्रमुख समस्या तथा चुनौतीहरूको रूपमा रहेका छन् ।

### ४.३.३ सम्भावना तथा अवसर

नागेश्वमधाम, ताराकोट भवानी, छिपुलथान डाईभर्सिटी पार्कलगायतका धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने । तल बगर, नौगाड खोला र त्यसमा बनेका विभिन्न तालहरूको मनोरम दृश्यावलोकनको उपयुक्त वतावरण बनाउन सकिने, विभिन्न किसिमका लोक सांस्कृतिक जात्रा, जस्तैः विसु, लोकबाजा दमाह सहितको छलियानाच, देउडा खेल खेल्ने परम्परा रहेको, धार्मिक सम्पदाहरू उजागर गर्न सकिने, पर्यटनमा आधारित उद्योग व्यवसायहरूको प्रवर्द्धनबाट रोजगारी सिर्जना एवं आयस्तरमा अभिवृद्धि हुन सक्ने आदि प्रमुख सम्भावना र अवसरहरू रहेका छन् ।

### ४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

| | |
|---|---|
| लक्ष्य | व्यावसायिक पर्यटन प्रवर्द्धनको ज्ञान, सीप र दक्षता अभिवृद्धि गराएर सामाजिक उत्तरदायित्वसहितको भरपर्दो, प्रतिस्पर्धी, विश्वासिलो र गुणस्तरीय पर्यटन प्रवर्द्धन गरी आयआर्जन तथा रोजगारीका अवसर सिर्जना गरिएको हुनेछ । |

| | |
|---|---|
| उद्देश्य | १ दिगो पर्यटन प्रवर्द्धन गर्न र रोजगारी तथा आयआर्जनका अवसर वृद्धि गर्नु ।<br>२ गुणस्तरीय तथा जिम्मेवार पर्यटन व्यवसाय प्रवर्द्धन गर्नु ।<br>३ सहभागितामा आधारित पर्यटन विकास गरी स्थानीय वातावरण तथा प्रकृति संरक्षण गर्नु । |
| रणनीति | १ आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने ।<br>२ पर्यटनसम्बन्धी पूर्वाधार र सेवाहरू विकास-अभिवृद्धि गर्ने।<br>३ पर्यटकीय आकर्षण विस्तार गर्ने र सहज पहुँच बढाउने । |
| कार्यनीतिहरू | रणनीति १ का कार्यनीति<br>• धार्मिक, ऐतिहासिक, साँस्कृतिक एवं प्राकृतिक क्षेत्रहरूको पहिचान एवं नक्साङ्कन गरिनेछ ।<br>• पर्यटकिय क्षेत्रको विस्तृत विवरणहरू तयार पारी परिचायत्मक पुस्तिका तयार पारिनेछ ।<br>• अन्तरपालिका समन्वय एवं सहकार्यमा पर्यटकीय सञ्जाल तथा कोरिडर विकास गरिनेछ । |
| | रणनीति २ का कार्यनीति<br>• पर्यटकीय क्षेत्रको विकास, विस्तार तथा मर्मत सुधार गरिनेछ ।<br>• पर्यटकीय स्थलहरूको विकासका लागि गुरूयोजना तयार गरी काम गरिनेछ।<br>• स्थानीय समुदायसँग सहकार्य गरी हरेक वर्ष साँस्कृतिक मेला तथा प्रदर्शनी आयोजना गरिनेछ । |
| | रणनीति ३ का कार्यनीति<br>• युवाहरूलाई पर्यटक गाइड, कुक, वेटर जस्ता व्यवसायिक सीप तालिम प्रदान गरिनेछ ।<br>• होमस्टेहरू सञ्चालन गर्न महिला, विपन्न एवं दलित वर्ग समुदायलाई प्रोत्साहित गरिनेछ ।<br>• पर्यटन उद्यमशीलता विकास गरिनेछ । |

### ४.३.५ मुख्य कार्यक्रम आयोजनाहरू

**तालिका १० गाउँपालिकाको पर्यटन, सँस्कृति तथा सम्पदा सम्बन्धी कार्यक्रम तथा आयोजनाहरू**

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू लाखमा) | | | | | | दिविल संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व. | पाँचौं आ.व. | जम्मा | | | |
| पर्यटन पद मार्ग निर्माण | संख्या | ५ | ४ | ४ | ४ | ४ | ४ | २० | ८ | २ | ३ |
| मन्दिर निर्माण तथा मर्मत | संख्या | ५ | ४ | ४ | ४ | ४ | ४ | २० | ८ | २ | ३ |
| धार्मिक तथा पर्यटकीय धाममा आवास गृह निर्माण | संख्या | ५ | ४ | ४ | ४ | ४ | ४ | २० | ८ | २ | ३ |
| पर्यटकीय खेलमैदान निर्माण | संख्या | ५ | ४ | ४ | ४ | ४ | ४ | २० | ८ | २ | ३ |
| होमस्टे प्रवर्द्धन | संख्या | ५ | ४ | ४ | ४ | ४ | ४ | २० | ८ | २ | ३ |
| केवुलकार : ताराकोट, छिपुलथा, नागेश्वरधाम | संख्या | ५ | ४ | ४ | ४ | ४ | ४ | २० | ८ | २ | ३ |
| आनारी गुफा संरक्षण आयोजना | संख्या | ५ | १ | १ | १ | ० | ० | ३ | ८ | २ | ३ |
| जम्मा | | | २५ | २५ | २५ | २४ | २४ | १२३ | | | |

### ४.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान तथा जोखिम पक्ष

**तालिका ११ पर्यटन, सँस्कृति तथा सम्पदा क्षेत्रको नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाइ | आधार वर्ष २०८०।८१ | योजना अविधको लक्ष्य | | | पुष्ट्याइको स्रोत | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | | |
| प्रभाव | पर्यटन प्रवर्द्दनबाट आयआर्जन तथा रोजगारीका अवसर सिर्जना भएको हुनेछ | पर्यटनबाट रोजगारी हासिल गर्ने जनसंख्या | संख्या | ० | १० | ३० | १०० | आर्थिक विकास शाखाको प्रतिवेदन | प्राकृतिक जोखिम, यातायात पूर्वाधारको अभाव, पर्यटक खानबस्न उपयुक्त सुविधा, सुरक्षा सम्बेदनशिलता |
| | | वार्षिक आय वृद्धि | प्रतिशत | ० | १० | १५ | १६ | | |
| असर | सहभागितामूलक रूपमा पर्यटकिय गन्तव्यहरूको विकास भै पर्यटकहरूले भ्रमण गरेका हुनेछन | मुख्य पर्यटन गन्तव्यको संख्या | संख्या | १ | २० | २५ | २५ | | |
| | | पर्यटकहरूको संख्या | संख्या | ० | २०० | ५०० | १००० | | |
| | | एकजना पर्यटकबाट गरिएको सरदर खर्च | रकम | ० | १०००० | १०००० | १५००० | | |
| प्रतिफल | आन्तरिक र बाह्य पर्यटकको संख्या उल्लेख्य हुनेछ । | वार्षिक आन्तरिक पर्यटक संख्या | संख्या | ५०० | १००० | २००० | २५०० | | |
| | | वार्षिक बाह्य पर्यटकको संख्या | संख्या | ० | २००० | ३००० | ५००० | | |
| | पर्यटन पूर्वाधारको विकास हुनेछ | पर्यटकीय गन्तव्यको संख्या | संख्या | १ | २० | २५ | २५ | | |
| | पर्यटन व्यवसायको प्रचार प्रशार हुनेछ | पर्यटन व्यवसायमा संलग्न उद्यमीहरू | संख्या | ० | ३० | ५० | १०० | | |

## ४.४ उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति

### ४.४.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले अर्थ, उद्योग र वाणिज्य लाई राज्यको निर्देशक सिद्धान्तको रूपमा अंगिकार गरेको छ। यस अनुसार साधन स्रोतको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने, तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास, विस्तार एवं उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने एवं सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने नीति ग्रहण भएको छ । त्यसैगरी १६ औं राष्ट्रिय योजनामा दीर्घकालीन राष्ट्रिय रणनीतिका रूपमा तीव्र दिगो र रोजगारमूलक आर्थिक वृद्धिलाई अंगिकार गरिएको छ भने उद्यमशील कार्य संस्कृति विकासलाई रूपान्तरणका प्रमुख सम्वाहकका रूपमा र उद्योगजन्य पूर्वाधारको विकास, उत्पादन र उत्पादकत्वमा अभिवृद्धि, रोजगारीका थप अवसरहरूको सिर्जना, स्थानीय श्रम र सीपमा आधारित उद्योगको प्रवर्द्धन र विकासका साथै निर्यात प्रवद्दन र आयात व्यवस्थापन गर्ने गरी उद्योग क्षेत्रको समग्र विकास गर्ने परिकल्पना गरिएको छ । स्थानीय सरकारस सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय बजार व्यवस्थापन, स्थानीय वस्तुहरूको उत्पादन तथा आपूर्ति व्यवस्था, व्यापार प्रवर्द्धनमा सहजीकरण, स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन तथा अभिलेखीकरण, स्थानीय वस्तुहरूको गुणस्तर परीक्षण, स्थानीय व्यापार तथा वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण लगायतका जिम्मेवारीहरू स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

### ४.४.२ समस्या तथा चुनौती

अल्लोको स्रोतको पूर्ण उपयोगका लागि प्रविधि, पूर्ण दक्षता, मेसिन औजार र विद्युतीकरणको समस्या, नवीनतम पेशाप्रति नयाँ पिँढीहरूमा अरूचि, नौगाडमा उत्पादन हुने बेसार, खुर्सानी र अन्य मसला बाली प्रशस्त भए तापनि उद्यमशीलतामा परिणत गर्न नसकिएको, नौगाडमा उत्पादन हुने धागोलाई व्यवसायीकरण गर्न नसकिएको, यस क्षेत्रमा प्रशस्त पाइने च्युरीलाई  प्रशोधन गरी व्यवसायको रूपमा प्रवर्द्धन गर्न नसकिएको, स्थानीय सरकारबाट स्पष्ट औद्योगिक नीति र प्रोत्साहनको अभाव, स्थानीय उद्यमशीलता र उद्योगहरू नहुनु, होटल, साना व्यवसायलाई प्रवर्द्धन गर्न नसिकएको आदि प्रमुख समस्याहरू रहेका छन् । स्थानीय उद्यमीहरूका लागि वित्तीय स्रोत र ऋण सुविधामा पहुँच बढाउनु, विभिन्न समुदायहरू बीचको सम्पत्ति र स्रोतहरूमा पहुँचको असमानता हटाउनु, आयातित वस्तुमा परनिर्भरता घटाउनु, युवा जनशक्तिलाई उद्योग व्यवसायमा आकर्षित गर्दै उद्यमशीलता विकास गर्नु , स्थानीय साधन स्रोतमा आधारित लघु, घरेलु तथा साना उद्योगहरूको बजार विकास गर्नु, उद्योग, व्यवसायमा निजी तथा सहकारी क्षेत्रको लगानी वृद्धि गर्नु आदि प्रमुख चुनौतीहरू रहेका छन् ।

### ४.४.३ सम्भावना तथा अवसर

स्थानीय स्रोत अल्लोको धागो-कपडा उत्पादन गर्न सकिने, चिउरी उत्पादन क्षेत्रमा, हर्बल साबुन उत्पादनको सम्भावना समेत रहेको, स्थानीय स्तरमा होटल व्यवसायलाई प्राथमिकता दिन सकिने, कृषि उत्पादनहरू जस्तैः अन्न, तरकारी र फलफूलहरूका लागि प्रशोधन उद्योगहरू विकास गर्न सकिने, स्थानीय जैवक विविधताको प्रयोग गरी औषधीय वनस्पति र जडीबुटीहरूको खेती र प्रशोधन उद्योगहरू सञ्चालन गर्न सकिने, स्थानीय प्राकृतिक आकर्षण, सांस्कृतिक स्थल र पदयात्रा मार्गको प्रवर्द्धन गरी इको टुरिजम, सांस्कृतिक पर्यटन र साहसिक पर्यटनको विकास गर्न सकिने, होमस्टे, गेस्टहाउस र साना होटलहरू स्थापना र सञ्चालन गर्न सकिने, परम्परागत शिल्प, कपडा र कलाकृतिको उत्पादनलाई बढावा दिइ आयआर्जन बढाउन सकिने, दूध, मासु र अन्य पशुजन्य उत्पादनहरूको उत्पादन र प्रशोधनमा ध्यान केन्द्रित गर्दै दुग्ध खेती र पशुपालन व्यवसायको विकासको प्रचुर सम्भावना छ ।

### ४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

<table>
<tr><td>लक्ष्य</td><td>औद्योगिकीकरण संस्कृतिको विकास भएको हुनेछ ।</td></tr>
<tr><td>उद्देश्य</td><td>१ सबै नागरिकको व्यावसायिक क्षमता अभिवृद्धि गरी उद्यम विकासका लागि अभिप्रेरित गर्नु ।<br>२. सबै नागरिकलाई आार्थिक विकास पब्लिक लिमिटेड कम्पनीमा सहभागी गराई कम्पनीका माध्यमबाट विभिन्न उद्योग सञ्चालन गर्नु ।</td></tr>
<tr><td>रणनीति</td><td>१.पालिकाको उद्योग, वाणिज्य तथा आपूर्ति नीति निर्माण गरी लागु गर्ने<br>२. उद्योग विकासमैत्री वातावरण निर्माण गर्न पालिकावासीलाई उद्यम विकासतर्फ उत्प्रेरित गर्ने<br>३. स्थानीयस्तरमा उपलब्ध कच्चा पदार्थ र तुलनात्मक लाभका क्षेत्र पहिचान गरी उद्योगहरू सञ्चालन गर्ने ।</td></tr>
<tr><td rowspan="3">कार्यनीतिहरू</td><td>रणनीति १ का कार्यनीति<br>• औधोगिक नीतिनिर्माण गरी कार्यान्वयन गरिनेछ<br>• उद्यम तथा औधोगिक विकासका लागि पालिकाको ५० प्रतिशत शेयर र कम्तीमा पनि ७५ प्रतिशतभन्दा वढी घरपरिवार सहभागि रहेको नौगाड पव्लिक लिमिटेड कम्पनी स्थापना गरी सञ्चालनको वातावरण बनाइनेछ ।<br>• उद्यम विकासका लागि स्थानीय स्तरमै क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।</td></tr>
<tr><td>रणनीति २ का कार्यनीति<br>• उद्योग तथा व्यापार गुरूयोजना तयार गरिनेछ ।<br>• नयाँ व्यवसायमा युवाहरूलाई संलग्न गराउने वातावरण बनाइनेछ ।<br>• रैथाने उद्यमशिलताको प्रवर्द्धन गरिनेछ ।</td></tr>
<tr><td>रणनीति ३ का कार्यनीति<br>• अल्लो भांगो उद्योगलाई प्रोत्साहन गरिनेछ ।<br>• उत्पादनको व्यापारीकरणका लागि बजारीकरणको विकास गरिनेछ ।<br>• युवा र महिला उद्यमशील सम्मान कार्यक्रम राखिनेछ ।</td></tr>
</table>

### ४.४.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू

**तालिका १२ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति कार्यक्रम तथा आयोजनाहरू**

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू लाखमा) | | | | | | दिविल संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व. | पाँचौ आ.व. | जम्मा | | | |
| जुस उद्योग सञ्चालन | संख्या | ५ | ४ | ४ | ४ | ४ | ४ | २० | ९ | १ | ३ |
| अचार उद्योग सञ्चालन | संख्या | ५ | ४ | ४ | ४ | ४ | ४ | २० | ९ | १ | ३ |
| छाला जुत्ता उद्योग | संख्या | ५ | ४ | ४ | ४ | ४ | ४ | २० | ९ | १ | ३ |
| प्रविधिमा आधारित आरन सञ्चालन | संख्या | ५ | ४ | ४ | ४ | ४ | ४ | २० | ९ | १ | ३ |
| सिलाई कटाइ तालिम र उद्योग सञ्चालन | संख्या | १० | ४ | ४ | ४ | ४ | ४ | २० | ९ | १ | ३ |
| अल्लो-भाँगो प्रशोधन उद्योग | संख्या | ६ | ५ | ५ | ५ | ५ | ५ | २५ | ९ | १ | ३ |
| बिस्कुट उद्योग | संख्या | १ | १ | १ | १ | ० | ० | ३ | ९ | १ | ३ |
| सिस्नु पाउडर उत्पादन उद्योग | संख्या | ५ | १ | २ | १ | २ | १ | ७ | ९ | १ | ३ |
| नेपाली हाते कागज उद्योग | संख्या | २ | २ | २ | २ | २ | २ | १० | ९ | १ | ३ |
| आलु चिप्स उद्योग स्थापना तथा सञ्चालन | संख्या | १ | ० | ० | ५ | ५ | ५ | १५ | ९ | १ | ३ |
| जम्मा | | | २९ | ३० | ३४ | ३४ | ३३ | १६० | | | |

### ४.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान तथा जोखिम पक्ष

**तालिका १३ उद्योग, व्यापार तथा व्यवसाय क्षेत्रको नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाइ | आधार वर्ष २०८०।८१ | योजना अविधको लक्ष्य पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | पुष्ट्याइको स्रोत | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | औद्योगिकीकरण संस्कृतिको विकास भएको हुनेछ | उद्योग व्यापारबाट हुने वार्षिक आय | प्रतिशत | १० | १५ | ३० | ५० | आर्थिक विकास शाखाको प्रतिवेदन | प्राकृतिक जोखिम, यातायात पूर्वाधारको अभाव, जनचेतना, लगानीको सीमितता |
| असर | उद्यमशिलता तर्फ मानिसहरूको आकर्षण बढ्ने छ र उद्योग व्यापार पनि अर्थतन्त्रको महत्वपूर्ण एक हिस्साको रूपमा स्थापित हुनेछ । | उद्योग व्यापारबाट रोजगारी वृद्धि | संख्या | ० | १५ | ३० | ५० | | |
| प्रतिफल | पालिकाको उद्योग, वाणिज्य तथा आपूर्ति नीति लागु हुनेछ | नीति पारित भएको मिति नीतिले उद्योग क्षेत्रलाई प्रवर्द्धन गर्ने प्रक्षपण | मिति प्रतिशत | ० | १० | २० | ३० | | |
| | उद्योग विकासमैत्री वातावरण निर्माण गर्न पालिकावासीलाई उद्यम विकासतर्फ उत्प्रेरित गरिनेछ | पब्लिक लिमिटेडको संख्या | संख्या | ० | ७ | १० | १५ | | |
| | | शेयर सदस्यहरूको संख्या | संख्या | ० | २००० | ३००० | ३१०० | | |
| | | शेयर पुजी | रकम | | १ करोड | २ करोड | ५ करोड | | |
| | स्थानीयस्तरमा उपलब्ध कच्चा पदार्थ र तुलनात्मक लाभका क्षेत्र पहिचान गरी उद्योगहरू सञ्चालन गर्ने । | उद्योगको विविधीकरण | क्षेत्र | ० | १ | २ | ४ | | |
| | | उद्योगका प्रकारहरू | प्रकार | | २ | ३ | ४ | | |

### ४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा

#### ४.५.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले श्रम तथा रोजगारीको हकलाई मौलिक हकको रूपमा ग्रहण गरेको छ भने १५ औं राष्ट्रिय योजनाले गुणस्तरीय मानव पूँजी निर्माणलाई रूपान्तरणका प्रमुख सम्वाहकको रूपमा लिएको छ । नेपालमा, स्थानीय स्तरमा थप रोजगारीका अवसरहरू सिर्जना गर्ने, कार्यशक्तिको सीप अभिवृद्धि गर्ने, निष्पक्ष श्रम अभ्यासहरू सुनिश्चित गर्ने र समावेशी र दिगो विकासलाई प्रवर्द्धन गर्ने जस्ता विषयहरू स्थानीय तहले पनि गर्ने गरी विभिन्न कानुनहरूले विभिन्न प्रावधानहरू राखेका छन् । श्रम ऐन, २०१७, सामाजिक सुरक्षा ऐन, २०१७, वैदेशिक रोजगार ऐन, २००७, औद्योगिक उद्यम ऐन, २०२०, र स्थानीय सरकार सञ्चालन ऐन, २०१७ जस्ता कानुनले यी लक्ष्यहरूका लागि स्पष्ट व्यवस्था र प्रावधानहरू उल्लेख गरेका छन् । यी कानूनहरूले रोजगारी सम्झौता, उचित पारिश्रमिक, सुरक्षित कामको अवस्था, सामाजिक सुरक्षा लाभहरू, आप्रवासी कामदारहरूका लागि सुरक्षा, र साना तथा मझौला उद्योगहरूको प्रवर्द्धनलाई जोड दिएको छ। यी प्रावधानहरूले स्थानीय सरकारहरूलाई स्थानीय आवश्यकताहरू अनुरूप आर्थिक विकास गर्न सशक्त बनाउने अपेक्षा गरिएको छ। यद्यपि, प्रभावकारी कार्यान्वयनमा स्रोतको कमी, समन्वयका समस्याहरू र थप सचेतना र अनुपालनको अभावका कारणा स्थानीय सरकारहरूले विभिन्न चुनौतीहरूको सामना गर्नु परेको छ ।

#### ४.५.२ समस्या तथा चुनौती

काम अनुसारको दक्षता अभाव, न्युन पारिश्रामिकमा वैदेशिक रोजगारीमा जाने, वैदेशिक रोजगारीमा सिकेको सीपको उपयोग हुन नसकेको, उच्च बेरोजगारी दर, अनौपचारिक क्षेत्रमा कामको सुरक्षाको अभाव, अपर्याप्त पारिश्रमिक, खराब कामको अवस्था, अपर्याप्त व्यावसायिक तालिम सुविधा, श्रम अधिकार बारे चेतनाको कमी, अपर्याप्त स्रोत, स्थानीय र केन्द्र सरकार बीच समन्वय आदि प्रमुख समस्याहरू रहेका छन् भने बालश्रम कम गर्नु, श्रम कानूनको कार्यान्वयन गर्नु, ग्रामीण क्षेत्रमा लगानी आकर्षित, लैङ्गिक समानतामा सांस्कृतिक अवरोधहरू, अनौपचारिक क्षेत्रका श्रमिकहरूलाई औपचारिक अर्थतन्त्रमा एकीकृत गर्ने र पुराना व्यावसायिक तालिम कार्यक्रमहरूको स्तरोन्नति गर्ने, अनौपचारिक श्रमिकहरूलाई सामाजिक सुरक्षा प्रदान गर्ने जस्ता चुनौतीहरू विद्यमान रहेका छन् ।

#### ४.५.३ सम्भावना तथा अवसर

त्यसैगरी रोजगारमूलक व्यवसाय प्रवर्द्धन हुने खालका कार्यक्रमहरू लागु गर्न सकिने, स्थानीय उद्यमशीलताको विकास गरी युवालाई संलग्न गराउन सकिने, कृषि र पर्यटनमा आधारित उद्योगहरूमा लगानी बढाउन सकिने, स्थानीय सहकारीलाई सुदृढ गर्ने, रोजगारीमूलक तालिममा सञ्चालन गर्न सकिने र युवा रोजगारी लक्षित कार्यक्रमहरू, राम्रो श्रम बजार नीतिहरूका लागि स्थानीय शासन प्रवर्द्धन गर्न सकिने जस्ता मुलभुत सम्भावना र अवसरहरू देखिन्छन ।

### ४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

| | |
|---|---|
| लक्ष्य | दिगो विकास, सीप अभिवृद्धि, र समावेशी आर्थिक वृद्धि मार्फत रोजगारीका अवसरहरू अभिवृद्धि गर्ने र श्रमको अवस्था सुधार गरिने |
| उद्देश्य | १ विविध आर्थिक गतिविधि मार्फत स्थानीय रोजगारी ३० प्रतिशतले वृद्धि गर्ने ।<br>२ सबै कामदारहरूका लागि काम गर्ने अवस्था र सामाजिक सुरक्षा सुधार गर्ने। |
| रणनीतिहरू | १ स्थानीय उद्यमशिलताको विकास गर्ने ।<br>२ व्यावसायिक तालिम र सीप विकास कार्यक्रम विस्तार गर्नेः<br>३ रोजगारी वृद्धिलाई सहयोग गर्न स्थानीय शासन र पूर्वाधारको सुदृढीकरण गर्ने |
| कार्यनीतिहरू | रणनीति १ का कार्यनीति<br>• स्थानीय उद्यमीहरूलाई लघुवित्त र स्टार्टअप अनुदान उपलब्ध गराइनेछ ।<br>• नियमित उद्यमशीलता र व्यवसाय व्यवस्थापन तालिम कार्यशालाहरू आयोजना गरिनेछ।<br>• नयाँ क्षमता विकास गर्न स्थानीय व्यापार इन्क्युबेशन सेन्टर स्थापना गरिनेछ। |
| | रणनीति २ का कार्यनीति<br>• विभिन्न व्यावसायिक प्रशिक्षण पाठ्यक्रमहरूका लागि प्राविधिक विद्यालयहरू र गैरसरकारी संस्थाहरूसँग साझेदारी गरिनेछ।<br>• स्थानीय व्यवसायहरूसँगको सहकार्यमा प्रशिक्षण कार्यक्रमहरू लागू गरिनेछ ।<br>• दुर्गम क्षेत्रहरूमा पुग्न र साइटमा सीप विकास प्रदान गर्न मोबाइल प्रशिक्षण प्रयासहरू गरिनेछ। |
| | रणनीती ३ का कार्यनीति<br>• रोजगारीका अवसरहरू सृजना गर्न र रोजगारी सेवाहरू सहज बनाउन स्थानीय प्रयासहरू गरिनेछ।<br>• व्यवसायहरूलाई आकर्षित गर्न र आर्थिक गतिविधिहरूलाई व्यापक गर्न यातायात र सञ्चार पूर्वाधार सुधारमा जोड दिइनेछ।<br>• निष्पक्ष श्रम अभ्यास र सुरक्षित कामको अवस्था सुनिश्चित गर्न नियमित अनुगमन र मूल्याङ्कन कार्य गरिनेछ। |

### ४.५.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू

तालिका १४ श्रम, रोजगारी र सामाजिक सुरक्षा क्षेत्रको मुख्य कार्यक्रम तथा आयोजनाहरू

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू लाखमा) | | | | | | दिविल संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व. | पाँचौ आ.व. | जम्मा | | | |
| श्रम स्वीकृति पालिकाबाटै हुने | वर्षभरी | १ | ५ | १ | ० | ० | ० | ६ | २ | ३ | १ |
| रोजगारी अभिबृद्धि कार्यक्रम | संख्या | १० | २० | २० | २० | २० | २० | १०० | | | |
| श्रम सुरक्षा सम्बन्धमा जनचेतनामूलक कार्यक्रम सञ्चालन | पटक | ५ | २ | २ | २ | २ | २ | १० | २ | ३ | १ |
| श्रम बजारको विशेष अनुगमन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | २ | ३ | १ |
| युवा तथा सीपमूलक तालिम कार्यक्रम | संख्या | ५ | २५ | २५ | २५ | २५ | २५ | १२५ | २ | ३ | १ |
| सामुदायिक रोजगारी सिर्जना कार्यक्रम | संख्या | ५ | १० | १० | १० | १० | १० | ५० | २ | ३ | १ |
| सामाजिक सुरक्षा भत्ता व्यवस्थापन | संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | २० | २ | ३ | १ |
| श्रमिक तथा असंगठित श्रमिक दर्ता अभियान | संख्या | ५ | २ | २ | २ | २ | २ | ५० | २ | ३ | १ |
| महिला र दलित लक्षित उद्यम विकास कार्यक्रम | संख्या | ५ | १० | १० | १० | १० | १० | ५० | २ | ३ | १ |
| जम्मा | | | ८० | ७६ | ७५ | ७५ | ७५ | ४१६ | | | |

### ४.५.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान तथा जोखिम पक्ष

**तालिका १५ श्रम, रोजगारी र सामाजिक सुरक्षाक्षेत्रको नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाइ | आधारवर्ष २०८०।८१ | योजना अवधिको लक्ष्य | | | पुष्ट्याइको स्रोत | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| प्रभाव | दिगो विकास, सीप अभिवृद्धि, र समावेशी आर्थिक वृद्धि मार्फत रोजगारीका अवसरहरू अभिवृद्धि गर्ने र श्रमको अवस्था सुधार गरिने | दक्ष तथा सीपयुक्त जनशक्ति | प्रतिशत | २ | ३ | ५ | १० | आर्थिक विकास शाखाको प्रतिवेदन | वित्तीय व्यवस्थापनमा कठिनाइ, युवा उद्यमशिलताको दिगोपना, उद्यमशिलताबाट हुने नाफा र उपार्जन प्रति बिश्वासको संकट, सहयोगी निकायको अस्पष्टता |
| असर | व्यवसायमूलक, सीपमूलक एवं वैदेशिक रोजगार मार्फत पालिकामा ३० प्रतिशत रोजगारी सृजना हुनेछ | व्यवसायमूलक/सीपमूलक तालिम हासिल गर्नेको संख्या | संख्या | ० | २० | ५० | २०० | | |
| | | रोजगारी हासिल गर्ने जनशक्ति संख्या | संख्या | ९४ | १२५ | २२० | २०० | | |
| प्रतिफल | स्थानीय शासन सुदृढ भै सीपमूलक तथा व्यवसायमूलक तालिममा युवा समूहको ठूलो हिस्सा संलग्न भै व्यापक उद्यमशिलता प्रवर्द्धन हुनेछ | रोजगार नीति तर्जुमा र कार्यान्वयन संख्या | संख्या | १ | २ | ३ | ४ | | |
| | | उद्यमशिलतामा संलग्न युवा | संख्या | १५ | ५० | १०० | ३०० | | |
| | | युवाहरूको संख्या | संख्या | १० | ४० | ८० | १५० | | |
| | रोजगारी प्रवर्द्धन गर्न गाउँपालिकाले रणनीतिक रूपमा पहलकदमी लिनेछ | कार्यक्रम र बजेट | प्रतिशत | ० | १ | १ | १ | | |
| | | युवा लक्षित बजेट | प्रतिशत | ३ | ५ | ८ | १० | | |
| | निष्पक्ष श्रम अभ्यास र सुरक्षित कामको अवस्था सुनिश्चित गर्न नियमित अनुगमन र मूल्याङ्कन कार्य गरिनेछ। | अनुगमन समिति गठन मिति<br>अनुगमन गरिएको संख्या र सहभागि सदस्यहरू | संख्या | ७५ | ७५ | ७५ | ७५ | | |

सामाजिक विकास क्षेत्र अन्तर्गतका प्रमुख क्षेत्रका रूपमा शिक्षा, आधारभूत स्वास्थ्य तथा पोषण, खानेपानी तथा सरसफाइ, लक्षित वर्ग तथा सामाजिक समवेशीकरण, भाषा कला साहित्य संस्कृति र युवा तथा खेलकुद रहेका छन् । उपरोक्त प्रमुख क्षेत्रहरूको विद्यमान अवस्था, समस्या तथा चुनौतीहरूको विश्लेषण गरी आगामी ५ वर्षका लागि लक्ष्य, उद्देश्य एवं लक्ष्य परिमाण निर्धारण गरिएको छ र सोको प्राप्तिका लागि अवलम्बन गर्नुपर्ने रणनीति तथा कार्यनीति एवं प्रमुख कार्यक्रमहरूको तर्जुमा भएका छन् ।

## ५.१ आधारभूत स्वास्थ्य

### ५.१.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले स्वास्थ्यलाई मौलिक हकको रूपमा राखेको छ । धारा ३५ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भनी स्पष्ट उल्लेख छ ।संविधानले भेदभावविना स्वास्थ्य सेवामा समान पहुँचमा जोड दिएको छ र स्वास्थ्य सेवा जोखिममा परेका र सीमान्तकृत समूहलगायत सबै व्यक्तिको पहुँचमा हुनेछ भनी सुनिश्चित गरेको छ।

राष्ट्रिय स्वास्थ्य नीति २०७६ ले गुणस्तरीय स्वास्थ्य सेवामा समान पहुँचलाई जोड दिँदै विश्वव्यापी स्वास्थ्य कभरेज प्रदान गर्ने लक्ष्य राखेको छ। मुख्य उद्देश्यहरूमा मातृ र बाल स्वास्थ्य सुधार, सरूवा र नसर्ने रोगहरूको रोकथाम र नियन्त्रण, र स्वास्थ्य पूर्वाधारको वृद्धि आदि छन् ।सार्वजनिक स्वास्थ्य सेवा ऐनले निवारक, प्रवर्द्धनात्मक, उपचारात्मक र पुनर्स्थापना स्वास्थ्य सेवाहरूमा ध्यान केन्द्रित गर्दै सार्वजनिक स्वास्थ्य सेवाहरू उपलब्ध गराउने सरकारको जिम्मेवारीहरू स्पष्ट गरेको छ। यसले अत्यावश्यक औषधिको उपलब्धता र विभिन्न प्रशासनिक तहमा स्वास्थ्य संस्थाहरूको स्थापनालाई अनिवार्य गर्दछ।

त्यसैगरी १५ औं राष्ट्रिय योजनामा सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चित गर्ने पक्षलाई दीर्घकालीन राष्ट्रिय रणनीतिको रूपमा ग्रहण गरिएको छ भने औसत आयु वृद्धि गर्ने, गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको समतामूलक पहुँच एवं उपभोग सुनिश्चित गर्ने, स्वस्थ, सवल, उत्पादनशील, एवं सुखी र स्वास्थ नागरिक बनाउने परिकल्पना समेत भएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य, पोषण सेवा, महिला तथा बालबालिकाको कुपोषण, परिवार नियोजन तथा मातृशिशु कल्याण एवं रक्तसञ्चार सेवा सञ्चालन, ग्रामीण तथा शहरी स्वास्थ्य सेवा स्थापना, सञ्चालन र स्वास्थ्य सम्बन्धी पूर्वाधार निर्माण, जनचेतनाको अभिवृद्धि गर्ने जिम्मेवारीहरू स्थानीय तहमा निहित गरिएको छ ।

### ५.१.२ समस्या तथा चुनौती

६ वटै वडामा बर्थिङ सेन्टर सन्चालनमा रहेतापनि दक्ष प्रसूतिकर्मी अभाव छ । पर्याप्त भवन, कोठाहरू र सामग्रीहरूको अभाव, घुम्ति शिविर तथा गाउँघर जनस्वास्थ्य सेवाका लागि कार्यक्रम नहुनु, स्वास्थ्य कर्मी तथा सरसफाइ कर्मीहरूलाई क्षमता अभिबृद्धि तालिम नहुनु स्वास्थ्य क्षेत्रका विशेष समस्याहरू हुन् । स्वास्थ्य संस्थाहरूमा पूर्वाधार विकास, उपकरणहरू व्यवस्था र दक्ष चिकित्सकको व्यवस्था गर्नु, योग्य स्वास्थ्य विज्ञहरू आकर्षित गर्ने र निरन्तर कायम गर्नु, धेरै मानिसहरूलाई सहभागि गराइ पुर्णा खोप सुनिश्चित गर्नु, प्रभावकारी स्वस्थ्य अभियानहरू सञ्चालन गर्नु, दुर्गम स्वास्थ्य-चौकीहरूमा औषधि र चिकित्सा उपकरणहरूको निरन्तर आपूर्ति सुनिश्चित गर्न यातायात कठिनाइहरू सहज बनाउनु मुख्य चुनौती रहेका छन् ।

### ५.१.३ सम्भावना तथा अवसर

त्यस्तै टेलिमेडिसिन सेवाहरू लागू गर्नाले टाढाका बिरामीहरू र स्वास्थ्य सेवा प्रदायकहरूबीचको खाडललाई कम गर्न सकिन्छ । सरकारी र गैरसरकारी संस्थाहरूसँग सहकार्य र साझेदारीता अभिवृद्धि गर्न सकिने, सडक र सञ्चार सञ्जालहरू सुधार गर्ने उद्देश्यका विकास परियोजनाहरू कार्यान्वयन गर्न सकिने र सामुदायिक स्वास्थ्य बीमा योजनाहरू लागु गर्न सकिने जस्ता प्रमुख सम्भावना र अवसरहरू पनि रहेका छन् ।

### ५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

| | |
|---|---|
| लक्ष्य | नेपाल सरकारले प्रदान गर्ने निदानात्मक, प्रवर्द्धनात्मक, प्रतिरोधात्मक स्वास्थ्य सेवाहरूमा सबैको पहुच अभिवृद्धि भएको हुनेछ । |
| उद्देश्य | १ आधारभूत स्वास्थ्य सेवामा सबैको पहुच सुनिश्चत गर्ने ।<br>२ स्वास्थ्य क्षेत्रमा लगानी बढाइ सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रवर्द्धन गर्ने । |
| रणनीतिहरू | १ गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच हुने गरी प्रभावकारी सेवा उपलब्ध गराउने<br>२ पालिकाभित्रका सबै स्वास्थ्य संस्थामा तोकिए बमोजिमका स्वास्थ्यकर्मीहरूको प्रबन्ध मिलाउने<br>३ स्वास्थ्य क्षेत्रको विकासका लागि बहुआयामिक साझेदारीता रणनीति अख्तियार गर्ने |
| कार्यनीतिहरू | रणानीति १ का कार्यनीति<br>• आवश्यकता अनुसार एम्बुलेन्स, औषधी, उपकरण र दक्ष स्वास्थ्यकर्मी सहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणाली विकास गरिनेछ ।<br>• गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुर्‍याउन स्वास्थ्य बीमा कार्यक्रम लागु गरिनेछ।<br>• सर्ने र नसर्ने रोगका बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रमहरू |
| | रणानीति २ का कार्यनीति<br>• निजी र गैरसरकारी क्षेत्रमा स्वास्थ्य सम्बन्धी अध्ययन, अनुसन्धान र सेवा प्रवाहका क्षेत्रमा सहकार्यको स्पष्ट मोडालिटी लागु गरिनेछ ।<br>• स्वास्थ्य क्षेत्रमा सुशासन कार्ययोजना बनाइ लागु गरिनेछ ।<br>• स्वास्थ्य कर्मीहरूका लागि तालिम कार्यक्रम सञ्चालन गरिनेछ । |
| | रणनीति ३ का कार्यनीति<br>• आवश्यक औषधि र उपकरणको नियमित आपूर्ति सुनिश्चित गर्न राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरूसँग साझेदारी गरिनेछ।<br>• डिजिटल स्वास्थ्य सेवाको कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।<br>• मातृ तथा बाल स्वास्थ्य, पोषण, सरसफाइ केन्द्रित व्यापक स्वास्थ्य शिक्षा अभियानहरू सञ्चालन गरिनेछ ।<br>• स्वास्थ्य प्रवर्द्धन गतिविधिहरूमा समुदायका नेताहरू र स्थानीय स्वयंसेवकहरूलाई संलग्न गराइनेछ। |

### ५.१.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू

**तालिका १६ आधारभूत स्वास्थ्य क्षेत्रको कार्यक्रम तथा आयोजनाहरू**

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू लाखमा) | | | | | | दिविल संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व. | पाँचौ आ.व. | जम्मा | | | |
| सबै स्वास्थ्य संस्थामा इन्टरनेट जडान गर्ने | प्रतिशत | ७५ | १ | १ | १ | १ | १ | ५ | ३ | १ | २ |
| सबै स्वास्थ्य संस्थामा भवन फर्निचरको राम्रो प्रबन्ध गर्ने | प्रतिशत | ९० | ३ | ३ | ३ | ३ | ३ | १५ | ३ | १ | २ |
| स्वास्थ्य संस्थाका जीर्ण भवनहरू मर्मत गर्ने | संख्या | १६ | १० | १० | १० | १० | १० | ५० | ३ | १ | २ |
| स्वास्थ्य संस्थामा एम्बुलेन्सको व्यवस्था गर्ने | वटा | २ | ० | ० | १ | ० | १ | २ | ३ | १ | २ |
| सबै स्वास्थ्य संस्थामा खोपको उचित प्रबन्ध गर्ने | प्रतिशत | १०० | २ | २ | २ | २ | २ | १० | ३ | १ | २ |
| आधारभूत अस्पतालमा दक्ष चिकित्सक र सबै स्वास्थ्य संस्थामा कर्मचारीहरूको व्यवस्था गर्ने | सख्या | ६० | २५० | २५० | २५० | २५० | २५० | १२५० | ३ | १ | २ |
| सबै स्वास्थ्य संस्थामा E- HMIS तथा इ स्वास्थ्य सेवा सञ्चालन गर्ने | संख्या | १६ | १ | १ | १ | १ | १ | ५ | ३ | १ | २ |
| सबै स्वास्थ्य संस्थामा पर्याप्त औषधि उपलब्ध गराउने | प्रतिशत | १०० | ५० | ५० | ५० | ५० | ५० | २५० | ३ | १ | २ |
| सबै स्वास्थ्य संस्थामा ल्याव, एक्से मेसिन, अन्य उपकरणको व्यवस्थागर्ने | सख्या | ७ | ० | २० | २० | २० | २० | १०० | ३ | १ | २ |
| सबै स्वास्थ्य संस्थामा कमर्चारी आवास गृहको व्यवस्था गर्ने | संख्या | ७ | ५ | ५ | ५ | ५ | ५ | २५ | ३ | १ | २ |
| जनस्वास्थ्य शिक्षा, स्वास्थ्यकर्मी क्षमता अभिबृद्धि र स्क्रिनिङ कार्यक्रम | संख्या | ५ | १० | १० | १० | १० | १० | ५० | ३ | १ | २ |
| जम्मा | | | ३३२ | ३५२ | ३५३ | ३५२ | ३५३ | १७४२ | | | |

## ५.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान तथा जोखिम पक्ष

**तालिका १७ आधारभूत स्वास्थ्य क्षेत्रको नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाइ | आधार वर्षको २०८०।८१ | योजना अवधिको लक्ष्य | | | पुष्टयाइको स्रोत | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| प्रभाव | नेपाल सरकारले प्रदान गर्ने निदानात्मक, प्रवर्द्धनात्मक, प्रतिरोधात्मक स्वास्थ्य सेवाहरूमा सबैको पहुँच अभिवृद्धि भएको हुनेछ | पुर्ण खोपयुक्त पालिका घोषणा | प्रतिशत | १०० | १०० | १०० | १०० | सामाजिक विकास शाखाको प्रतिवेदन | वित्तीय व्यवस्थापनमा कठिनाइ, बिकटता, बाहिरबाट स्वास्थ्य जनशक्ति जान नमान्ने, औषधिकोअभाव, स्वयंसेवक परिचालनमा वित्तीय समस्या |
| | | स्थानीय स्वास्थ्य संस्थामा उपचार गराएर घर फर्कने जनसंख्या | प्रतिशत | २० | २५ | ५० | ७० | | |
| | | मातृशिशु स्वास्थ्य सेवा | प्रतिशत | २५ | ३० | ६० | ८० | | |
| असर | सबै नागरिकलाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रवर्द्धन गरिनेछ | ३० मिनेटको पैदल दुरीमा स्वास्थ्य सेवा पहुँच पुगेको जनसंख्या | प्रतिशत | ३५ | ४० | ६० | ८० | | |
| | | आधारभूत स्वास्थ्य सेवामा पहुँच पुगेको जनसंख्या | प्रतिशत | ६० | ७० | ८० | ९५ | | |
| प्रतिफल | पालिका भित्रका सबै स्वास्थ्य संस्थामा तोकिए बमोजिमका स्वास्थ्यकर्मीहरूको प्रबन्ध मिलाउने | स्वास्थ्य संस्थाको संख्या | संख्या | | | | | | |
| | | स्वस्थ्य चिकित्सकको संख्या | संख्या | ४५ | ५० | ६० | १०० | | |
| | आवश्यकता अनुसार एम्बुलेन्स, औषधी, उपकरण र दक्ष स्वास्थ्यकर्मी सहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणाली विकास गरिनेछ । | एम्बुलेन्स संख्या | संख्या | ० | २ | ० | ० | | |
| | | स्वास्थ्य संस्था भवन र उपकरण भएको संख्या | संख्या | १ | ६ | ० | ० | | |
| | स्वास्थ्य बिमा कार्यक्रम लागु गरिनेछ । | बिमामा संलग्न परिवार संख्या<br>बिमाको प्रभावकारीता | प्रतिशत | ० | २० | ४० | ७० | | |

## ५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन

### ५.२.१ पृष्ठभूमि

नेपालको संविधानले नागरिकलाई आधारभूत शिक्षालाई निशुल्क एवं अनिवार्य गर्ने, र माध्यामिक तह सम्मको शिक्षालाई निःशुल्क पाउने प्रत्याभूति गरेको छ । त्यसैगरी १५ औं राष्ट्रिय योजनामा सुलभ तथा गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने पक्षलाई दीर्घकालीन राष्ट्रिय रणनीतिको रूपमा ग्रहण गरिएको छ। भने शिक्षाको माध्यमबाट व्यक्तिको सर्वाङ्गिण विकास गर्ने र गुणस्तरीय शिक्षा प्रणालीलाई सामाजिक एवं आर्थिक रूपान्तरणको रूपमा परिकल्पना गरिएको छ।

त्यसैगरी नेपालमा शिक्षा, विज्ञान र प्रविधिका आधारभूत सिद्धान्तहरू समावेशीता, गुणस्तर, सान्दर्भिकता, समानता, दिगोपन, जीवनपर्यन्त सिकाइ र एकीकरणमा केन्द्रित छन्। नेपालको संविधान, शिक्षा ऐन, विज्ञान तथा प्रविधि विकास ऐन र विभिन्न नीतिहरू जस्ता विद्यमान नेपाल कानुनहरूले निशुल्क र अनिवार्य शिक्षा सुनिश्चित गर्ने, वैज्ञानिक अनुसन्धानको प्रवर्द्धन र सूचना प्रविधि पूर्वाधारको विकास गरी यी सिद्धान्तहरूलाई प्रवर्द्धन गर्ने प्रावधानहरू उल्लेख गरेका छन् ।मुख्य प्रावधानहरूमा विपन्न समूहहरूका लागि छात्रवृत्ति, शिक्षकहरूका लागि प्रशिक्षण कार्यक्रमहरू, अनुसन्धान अनुदानहरू, र डिजिटल पहुँच विस्तार गर्ने विषयहरू समावेश छन्। यी कानून र पहलहरूले समान अवसरहरू सिर्जना गर्ने, विचारलाई प्रोत्साहन गर्ने, र सामाजिक-आर्थिक विकास र विश्वव्यापी प्रतिस्पर्धा गर्न सक्ने गर्ने गुणस्तरीय शैक्षिक र प्राविधिक परिदृश्य विकास गर्ने लक्ष्य राख्छन्।

### ५.२.२ समस्या तथा चुनौतीहरू

विद्यालयमा सबै बालबालिकाहरूलाई पहुँच सहभागिता र गुणस्तर सुनिश्चितता गर्न नसक्नु, पाठ्यक्रमले तोकेका सिकाइ उपब्धि हासिल गर्न नसक्नु, विषयगत र कक्षागत रूपमा शिक्षकहरूको दरबन्दी नहुनु, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच नहुनु र प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, वैकल्पिक सिकाइको प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु,

उपयुक्त भौतिक पूर्वाधारको विकास गर्न नसक्नु प्रमुख कमजोरीहरू हुन् । त्यसैगरी प्रमुख चुनौतीहरूका रूपमा बालमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वाधार निर्माण गरी सिकाइ वातावरणमा सुधार ल्याउनु, स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउनु, विषयगत तथा कक्षागत रूपमा शिक्षक दरबन्दीको व्यवस्था मिलाउनु, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउनु, साक्षरता निरन्तर शिक्षा तथा जीवनपर्यन्त शिक्षाका लागि अवसर प्रदान गर्नु, आपतकालीन अवस्थामा विद्यार्थीको सिक्ने अधिकार सुनिश्चित गर्दै सिकाइका वैकल्पिक माध्यमका अवसर प्रदान गर्नु जस्ता विषयहरू रहेका छन् ।

### ५.२.३ सम्भावना तथा अवसर

मुख्य सम्भावना र अवसरहरूमा संवैधानिक तथा कानुनी आधारहरू प्राप्त हुनु, तिन तहका सरकारबीच समन्वय सहकार्य र जिम्मेवारी हुनु, आधारभूत तह तथा माध्यमिक शिक्षाका अधिकार स्थानीय तहमा हुनु, स्थानीय पाठ्यक्रमको निर्माण तथा कार्यान्वयनको अधिकार स्थानीय तहमा हुनु र तिनै तहका सरकारले शिक्षा क्षेत्रमा लगानी गर्न सकिने वातावरण हुनु जस्ता विषयहरू रहेका छन् ।

### ५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

| | |
|---|---|
| लक्ष्य | शिक्षामा समतामूलक पहुँच सुनिश्चत भएको हुनेछ । |
| उद्देश्य | १ आधारभूत तथा माध्यमिक शिक्षाको गुणस्तर सुनिश्चित गर्ने<br>२ पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि हासिल गर्ने गरी कार्यक्रम लागु गर्ने |
| रणानीतिहरू | १ शिक्षामा पहुँच सुनिश्चितता गर्नका लागि विद्यालयहरूको नक्साकन गरी आवश्यकताका आधारमा शैक्षिक सेवाहरूको पहुँच विस्तार गर्ने।<br>२ विपन्न र लक्षित वर्गका विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गर्ने।<br>३ बालमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वाधार निर्माण गर्ने । |
| कार्यनीतिहरू | १ रणानिति १ का कार्यनीति<br>• आवश्यकताका आधारमा शैक्षिक सुधार कार्यक्रम लागु गरिनेछ ।<br>• विद्यालयहरूमा भौतिक पूर्वाधारहरूको यथोचित व्यवस्था मिलाइनेछ ।<br>• प्रभावकारी अध्ययन अध्यापनका लागि विद्यालय र विद्यार्थीहरूलाई आधुनिक शैक्षिक सामग्री र स्रोत उपलब्ध गराइनेछ। |
| | रणानीति २ को कार्यनिति<br>• शिक्षा नीति लागु गरी सबै बालबालिको शैक्षिक अधिकार सुनिश्चित गर्न छात्रवृत्ति र सहयायोग प्याकेजहरू लागु गरिनेछ ।<br>• लक्षित वर्ग विशेष कार्यक्रमहरू लागु गरिनेछ ।<br>• शिक्षामा प्रविधिलाई अनुशरण गरिनेछ । |
| | रणानीति ३ का कार्यनीति<br>• प्रयोगकर्ता मैत्रि संरचनाहरू निर्माण गरिनेछ ।<br>• विद्यार्थीको स्वास्थ्य र हेरचाह वतावरणमा सुधार ल्याइनेछ । |

### ५.२.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू

**तालिका १८ शिक्षा, विज्ञान तथा नवप्रवर्तन सम्बन्धी मुख्य कार्यक्रम तथा आयोजनाहरू**

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू लाखमा) | | | | | | दिविल संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व. | पाँचौ आ.व. | जम्मा | | | |
| विद्यार्थी छात्रवृत्ति कार्यक्रम | कार्यक्रम | ५ | १० | १० | १० | १० | १० | ५० | ४ | १ | ३ |
| विद्यालय भवन निर्माण र मर्मत-सम्भार तथा फर्निचर, खानेपानी, शौचालय निर्माण व्यवस्था | कार्यक्रम | ५ | ६० | ६० | ६० | ६० | ६० | ३०० | ४ | १ | ३ |
| शैक्षिक गुणस्तर अभिबृद्धि कार्यक्रम | कार्यक्रम | ५ | १० | १० | १० | १० | १० | ५० | ४ | १ | ३ |
| विद्यालयमा इ-क्लास सञ्चालन | कार्यक्रम | ५ | ११ | ११ | ११ | ११ | ११ | ५५ | ४ | १ | ३ |
| शिक्षक तालिम तथा क्षमता विकास | कार्यक्रम | ५ | ११ | ११ | ११ | ११ | ११ | ५५ | ४ | १ | ३ |
| मैदान विकास तथा स्तरोन्नति | कार्यक्रम | ५ | ११ | ११ | ११ | ११ | ११ | ५५ | ४ | १ | ३ |
| ICT, इ-पुस्तकालय तथा पुस्तकालय र साइन्स ल्याव स्थापना | कार्यक्रम | ५ | ७ | ७ | ७ | ७ | ७ | ३५ | ४ | १ | ३ |
| विद्यालय नर्सिङ कार्यक्रम | कार्यक्रम | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | ४ | १ | ३ |
| शिक्षक कर्मचारी थप | कार्यक्रम | ५ | ३५० | ३५० | ३५० | ३५० | ३५० | १७५० | ४ | १ | ३ |
| विद्यालयहरूमा सूचना प्रविधि जडान | कार्यक्रम | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | ४ | १ | ३ |
| विषयगत सञ्जाल तथा घुम्ति बैठक | संख्या | २० | १ | १ | १ | १ | १ | ५ | | | |
| सिकाई आदान प्रदान तथा शैक्षिक कार्यशाला सञ्चालन कार्यक्रम | कार्यक्रम | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | | | |
| जम्मा | | | ४८६ | ४८६ | ४८६ | ४८६ | ४८६ | २४३० | | | |

### ५.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान तथा जोखिम पक्ष

**तालिका १९ शिक्षा, विज्ञान तथा नवप्रवर्तनक्षेत्रको नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाइ | आधार वर्ष ०८०।८१ | योजना अविधको लक्ष्य | | | पुष्ट्याइको स्रोत | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| प्रभाव | शिक्षामा समतामूलक पहुँच सुनिश्चतत भएको हुनेछ | साक्षरता दर | प्रतिशत | ७४.२० | ८० | ८३ | ९५ | शिक्षा युवा तथा खेलकुद शाखाको प्रतिवेदन | वित्तीय व्यवस्थापनमा कठिनाइ, बिकटता, बाहिरबाट शिक्षकहरू जान नमान्ने, बाहिरबाट गएका शिक्षकहरूको नियमितता, गुणास्तर शिक्षामा सुनिश्चिततामा शंका, पूर्वाधार विकास खर्चिलो |
| असर | शिक्षाको गुणस्तर सुनिश्चित गरी पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि हासिल हुनेछ । | वार्षिक विद्यार्थी भर्ना दर | प्रतिशत | ९४.४ | ८० | ९० | १०० | | |
| | | ड्रपआउटरेट | प्रतिशत | १७ | २५ | १० | ० | | |
| | | वार्षिक विद्यार्थी उत्तीर्ण प्रतिशत | प्रतिशत | ६० | ७५ | ९० | १०० | | |
| प्रतिफल | शिक्षामा पहुँच सुनिश्चितता गर्नका लागि विद्यालयहरूको नक्सांकन गरी आवश्यकताका आधारमा शैक्षिक सेवाहरूको पहुँच विस्तार गरिनेछ | विद्यार्थी शिक्षक अनुपात | अनुपात | ६३:१ | | | १०० | | |
| | | वार्षिक विद्यालय खुल्ने औसत दिन | दिन | २३० | ० | ० | १०० | | |
| | | प्रविधि प्रयोग गर्ने विद्यालय संख्या | प्रतिशत | १७ | ४० | ७५ | १०० | | |
| | | प्रविधि प्रयोग गर्ने विद्यार्थी संख्या | प्रतिशत | २० | ४० | ७५ | १०० | | |

| नतिजा तह | नतिजा | सूचक | इकाइ | आधार वर्ष ०८०।८१ | योजना अविधको लक्ष्य | | | पुष्ट्याइको स्रोत | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| | विपन्न र लक्षित वर्गका विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ | छात्रावृत्ति पाउने विद्यार्थी संख्या | प्रतिशत | ५ | ५० | १०० | १२० | | |
| | बालमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वाधार निर्माण गरिनेछ | भुकम्प प्रतिरोधि संरचना भएको विद्यालय संख्या | संख्या | ५ | ३० | ७० | १०० | | |
| | | छात्रा शौचालय भएको विद्यालय संख्या | संख्या | ३५ | २२ | ३५ | ४५ | | |
| | | अपाङ्गतामैत्री चर्पी र खानेपानी सुविधा भएको विद्यालय संख्या | संख्या | १० | १३ | २५ | ३० | | |
| | | महिनावारी स्वच्छताको सुविधा भएको विद्यालय संख्या | संख्या | ९ | १० | ३० | ४५ | | |

### ५.३ खानेपानी तथा सरसपफाइ

#### ५.३.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ को धारा ३५ले विशेष गरी स्वच्छ खानेपानी र सरसफाइको अधिकारलाई मौलिक अधिकारको रूपमा मान्यता दिएको छ। सरसफाइ तथा स्वच्छता गुरूयोजना २०६८ ले खानेपानी तथा सरसफाइमा विश्वव्यापी पहुँच हासिल गर्न राष्ट्रिय रणनीति बनाएको छ ।दिगो विकास लक्ष्यमा स्वच्छ खानेपानीलाई एक महत्वपूर्ण लक्ष्य सूचकको रूपमा व्यवस्था गरिएको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय खानेपानी व्यवस्थापन गर्ने, त्यसका लागि नीति, कानुन, मापदण्ड तथा योजना कार्यान्वयन, नियमन गर्ने, महसुल निर्धारण गर्ने जस्ता जिम्मेवारीहरू स्थानीय तहको कार्यक्षेत्र भित्र राखिएको छ । आर्थिक, ,सामाजिक र सांस्कृतिक अधिकार (१९६६)मा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार समितिले सामान्य टिप्पणी नं. १५ (२००२) मार्फत व्याख्या गरेको यो लेखले मानव सम्मानपूर्वक जीवन जिउनका लागि पानीको मानव अधिकार अपरिहार्य छ भनी जोड दिएको छ ।

#### ५.३.२ समस्या तथा चुनौतीहरू

खानेपानी तथा सरसफाइ क्षेत्रमा विशेषगरी सुख्खा मौसममा पानीको स्रोतको उपलब्धता कम हुने, निर्माण भएका संरचनाहरूको नियमित मर्मत-सम्भार नहुँदा जिर्ण हुनु, अझै खुला दिसा गर्ने बानि पूर्ण रूपमा अन्त्य नहुनु, करिब २९१ घरधुरीहरू अझै पनि खोला, कुवा, खोल्सा विभिन्न असुरक्षित स्रोतबाट खानेपानीको गुजरा चलाउनु, ३८ घरहरूमा अझै पनि कुनै प्रकारको शौचालय नहुनु र उनीहरू खुला दिसपिसाब गर्नु, २६४५ घरधुरीमा सरसफाइ सुविधाको रूपमा सामान्य स्तरको खाल्डे चर्पी मात्र हुनु, गाउँपालिकामा २ वटा मात्र सार्वजनिक शौचालय हुनु प्रमुख समस्याका रूपमा रहेका छन् । मुख्य चुनौतीहरूमा पहाडी भूभागमा खानेपानी र सरसफाइ पूर्वाधार निर्माण र मर्मत गर्नका लागि लगानी र प्राविधिक विशेषज्ञता व्यवस्थापन गर्नु, पानीका स्रोतहरू सुक्दै जाने प्रक्रियाले यस क्षेत्रको खानेपानी समस्या सम्बोधन गर्ने विषय चुनौतीपूर्ण हुनु, उपलब्ध सीमित जलस्रोतको दिगो उपयोग र व्यवस्थापन सुनिश्चित गर्नु, स्थानीय समुदायलाई सरसफाइ सुविधाहरूको उचित व्यवस्थापन र प्रयोगमा संलग्न गराउन निरन्तर सचेतना र शिक्षा कार्यक्रमहरू आवश्यक छ, जुन हाल अपर्याप्त छ आदि रहेका छन् ।

#### ५.३.३ सम्भावना तथा अवसर

समस्याहरूका अलावा यस क्षेत्रमा खानेपानी र सरसफाइ परियोजनाहरूको स्वामित्व लिन स्थानीय समुदायहरूलाई सशक्तीकरण गर्न सकिने, वर्षाको पानी संकलन र प्रयोग गर्ने प्रविधि लागु गर्न सकिने, स्थानीय सरकार र गैरसरकारी संस्थाहरू बीचको सहकार्यलाई सुदृढ गर्दै खानेपानी आपूर्ति र सरसफाइमा सुधारका लागि थप स्रोतसाधन, प्राविधिक विशेषज्ञता र नवीन समाधानहरू ल्याउन सकिने, पानी शुद्धीकरण र सरसफाइका लागि किफायती र दिगो प्रविधिहरूको प्रयोग गर्न सकिने उदाहरणका लागि, कम लागतको फिल्टरेशन प्रणाली र पर्यावरण मैत्री सरसफाइ समाधानहरू गर्न सकिने र व्यापक स्वास्थ्य र स्वच्छता शिक्षा कार्यक्रमहरू लागू गर्न सकिने सम्भावना र अवसरहरू पनि रहेका छन् ।

#### ५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

| | |
|---|---|
| लक्ष्य | सुरक्षित खानेपानी र सुधारिएको सरसफाइ सुविधामा शत प्रतिशतको पहुँच पुग्ने छ । |
| उद्देश्य | १ सबै वडाहरूमा खानेपानी आपूर्ति प्रणालीको निर्माण र सञ्चालन सुनिश्चित गर्ने।<br>२ सरसफाइ सुविधा सुधार र गाउँपालिका भर स्वच्छता अभ्यास प्रवर्द्धन गर्ने।<br>३ मुहान संरक्षण र दिगो खानेपानी तथा सरसपफाइका लागि स्थानीय स्रोत परिचालन गर्ने । |

| | |
|---|---|
| रणनीतिहरू | १ विद्यमान संरचनाहरूको मर्मत-सम्भार र थप सेवा विस्तार गरी दिगो खानेपानी तथा सरसपफाइ सेवा स्थापित गरिनेछ ।<br>२ खानेपानी र सरसफाइको दिर्घकालीन समाधानका लागि नवीनतम प्रयोग र प्राविधिक आविष्कारहरू मा जोड दिइनेछ ।<br>३ बाह्य सहयोग हासिल गर्ने र स्थानीय स्रोत परिचालन बढाइनेछ । |
| कार्यनीतिहरू | रणानीति १ का कार्यनीति<br>• खानेपानी आपूर्ति प्रणाली र सरसफाइ सुविधाको सञ्चालन र मर्मत-सम्भारका लागि प्रत्येक वडा समितिलाई अधिकार सहित जिम्मेवार बनाइनेछ।<br>• पानी आपूर्ति र सरसफाइ सेवाहरूको दिगोपन सुनिश्चित गर्न उपभोक्ता समितिलाई आधारभूत मर्मत, मर्मत दक्षता, र वित्तीय व्यवस्थापन बारे तालिम दिइनेछ।<br>• खानेपानी र सरसफाइ सेवाहरूको कार्यसम्पादन अनुगमन गर्न र कुनै पनि समस्यालाई तुरून्तै सम्बोधन गर्न समुदायमा आधारित प्रविधियुक्त अनुगमन र प्रतिक्रिया संयन्त्रको विकास गरिनेछ। |
| | रणनीति २ का कार्यनीति<br>• घरायसी तहमा सुरक्षित पिउने पानी सुनिश्चित गर्न बायोस्यान्ड फिल्टर र सौर्य कीटाणुशोधन जस्ता कम लागतको पानी शुद्धिकरण प्रविधिको प्रवर्द्धनमा सहयोग गरिनेछ ।<br>• फोहोरलाई कम्पोष्ट र बायोग्यास जस्ता बहुमूल्य स्रोतहरूमा परिणत गर्ने कम्पोष्ट शौचालय र बायोग्यास प्रणाली जस्ता पर्यावरणमैत्री सरसफाइ समाधानहरू लागू गरिनेछ।<br>• जलस्रोतको प्रभावकारी नक्सा र व्यवस्थापन गर्न, आवश्यकताका क्षेत्रहरू पहिचान गर्न र सोही अनुसार पूर्वाधार विकासको योजना बनाउन भौगोलिक सूचना प्रणाली लागु गरिनेछ । |
| | रणनीति ३ का कार्यनीति<br>• खानेपानी तथा सरसफाइ आयोजनाहरूका लागि वित्तीय र प्राविधिक स्रोत परिचालन गर्न गैर-सरकारी संस्थाहरू, अन्तर्राष्ट्रिय संस्थाहरू र निजी क्षेत्रका संस्थाहरूसँग साझेदारी गरिनेछ।<br>• खानेपानी तथा सरसफाइका पहलका लागि सरकारी कोष र नीतिगत सहयोग बढाउन पहल गरिनेछ ।<br>• उत्कृष्ट अभ्यासहरू र नवीन दृष्टिकोणहरू सिक्नका लागि अन्य क्षेत्रहरूमा सफल खानेपानी र सरसफाइ परियोजनाहरूको भ्रमण गरी ज्ञान आदानप्रदानको व्यवस्था मिलाइनेछ । |

## ५.३.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू

तालिका २० **खानेपानी तथा *सरसफाइ* सम्बन्धी मुख्य कार्यक्रम तथा आयोजनाहरू**

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू लाखमा) | | | | | | दिविल संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व. | पाँचौ आ.व. | जम्मा | | | |
| एक घर एक धारा सतप्रतिशत घरधुरीमा पुर्याउने | प्रतिशत | १०० | १०० | १०० | १५० | १५० | १५० | ६५० | ६ | ३ | १ |
| पानीका स्रोतहरू संरक्षणका लागि बृक्षारोपण गर्ने | संख्या | ५००० | २ | २ | २ | २ | २ | १० | ६ | ३ | १ |
| नियमित पानी परीक्षण गर्ने | पटक | २५ | १ | १ | १ | १ | १ | ५ | ६ | ३ | १ |
| व्यवस्थित शौचालय प्रयोग गर्नेको संख्या सतप्रतिशत पुर्याउने | प्रतिशत | १०० | ११ | ११ | ११ | ११ | ११ | ५५ | ६ | ३ | १ |
| साबुन पानीले हातधुने लगायत सरसफाइ र स्वच्छता अभियानहरू सञ्चालनगर्ने | पटक | १५ | ३ | ३ | ३ | ३ | ३ | १५ | ६ | ३ | १ |
| आवश्यकता अनुसार सार्वजनिक शौचालयहरू निर्माण गरी सञ्चालन गर्ने | वटा | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | ६ | ३ | १ |
| हरेक विद्यालयमा महिनाबारी स्वच्छताको उचित प्रबन्ध गर्ने | अभियान | ५० | २ | २ | २ | २ | २ | १० | ६ | ३ | १ |
| जम्मा | | | १२४ | १२४ | १७४ | १७४ | १७४ | ७७० | | | |

## ५.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान तथा जोखिम पक्ष

तालिका २१ **खानेपानी तथा *सरसफाइ* क्षेत्रको नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाइ | आधार वर्ष २०८०।८१ | योजना अवधिको लक्ष्य | | | पुष्ट्याइको स्रोत | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | | |
| प्रभाव | सुरक्षित खानेपानी र सुधारिएको सरसफाइ सुविधामा शत प्रतिशतको पहुँच पुग्ने छ | सुरक्षित खानेपानी पहुँच (आधारभूत र मध्यम स्तर) | प्रतिशत | ६४.८९ | ७० | ८० | १०० | सामाजिक विकास शाखाको प्रतिवेदन | वित्तीय व्यवस्थापनमा कठिनाइ, बिकटता, पूर्वाधार विकासमा जटिलता, मर्मत-सम्भार र दिगोपना कायम गर्न कठिनाइ, मानिसहरूको बानी-व्यबहार परिवर्तन गर्न चुनौतीपूर्ण |
| | | सरसफाइमा पहुँच पुगेको जनसंख्या (सरसफाइ) | प्रतिशत | ९९ | १०० | ० | ० | | |
| असर | प्रत्येक घरमा व्यवस्थित र सुरक्षित खानेपानी सुविधा (एक घर एक धारा) उपलब्ध हुनेछ। त्यसैगरी सबै परिवारले व्यवस्थित चर्पी प्रयोग गरेका हुनेछन् । | एक घर एक धारामा पहुँचयोग्य घरपरिवार | प्रतिशत | ३७.७० | ५० | ८० | १०० | | |
| | | व्यवस्थित चर्पी (फल्ससहित सेफ्टिट्यांकमा जोडिएको) प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ९९ | १०० | ० | ० | | |
| प्रतिफल | सबै वडामा खानेपानी योजना सञ्चालन गरिनेछ । | नसञ्चालनमा रहेका खानेपानी | संख्या | ७१ | ५ | ८ | ५ | | |
| | प्रत्येक घरमा व्यवस्थित चर्पी हुनुका साथै सबै कार्यालय र संस्थाहरूमा पनि प्रयोगकर्ता मैत्री चर्पी हुनेछ | व्यवस्थित चर्पी भएको घरसंख्या | संख्या | २९७५ | २९ | ० | ० | | |
| | | प्रयोगकर्तामैत्री चर्पी भएको कार्यालय तथा सार्वजनिक निकाय संख्या | प्रतिशत | ० | ३० | ५० | ८० | | |
| | | अपाङ्गमैत्री शौचालय अपाङ्गता भएका घरधुरी | संख्या | ० | ७० | ७० | ७५ | | |
| | सार्वजनिक शौचालय निर्माण र सञ्चालन गरिनेछ | सञ्चालनमा रहेका सार्वजनिक शौचालय संख्या | संख्या | २ | ४ | २ | १ | | |

## ५.४ लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा लक्षित वर्ग

### ५.४.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ को धारा १८ ले उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, विचारधारा वा अन्य समान आधारमा हुने भेदभावलाई निषेध गर्दै समानताको अधिकारको प्रत्याभूति गर्दछ । धारा ३८ ले समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका सबै संरचना र निकायमा सहभागी हुने अधिकारसहित महिलाको अधिकार सुनिश्चित गरेको छ । धारा ४० ले दलितहरूको सशक्तीकरण, राज्यका अङ्गहरूमा प्रतिनिधित्व र भेदभाव र छुवाछुतबाट संरक्षणका लागि विशेष व्यवस्था सहितको अधिकार सुनिश्चित गर्दछ। धारा ४२ ले विशेषगरी महिला, दलित, आदिवासी जनजाति र मधेसी समुदायलाई समावेशी सिद्धान्तका आधारमा राज्यका निकाय र सार्वजनिक सेवामा सहभागी हुने अधिकारसहित सामाजिक न्यायको अधिकार प्रदान गर्दछ । राष्ट्रिय महिला आयोग ऐनले महिला अधिकारको प्रवर्द्धन र संरक्षण गर्न र लैङ्गिक समानता सुनिश्चित गर्न सरकारलाई आवश्यक उपायहरू सिफारिस गर्न राष्ट्रिय महिला आयोगको स्थापना भएको जनाएको छ । कार्यस्थलमा हुने यौन उत्पीडन रोकथाम ऐन २०७१ ले कार्यस्थलमा हुने यौन उत्पीडनलाई रोक्नका लागि र अपराधीहरूको निवारण र सजायका लागि संयन्त्र प्रदान गर्ने लक्ष्य राखेको छ ।

१५ औं पञ्चवर्षीय योजनामा परिस्कृत तथा मर्यादित जीवनलाई दीर्घकालीन राष्ट्रिय लक्ष्यको रूपमा अंगिकार गरिएको छ भने गरिबी निवारण गर्ने र आर्थिक सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने पक्षलाई दीर्घकालीन राष्ट्रिय रणनीतिको रूपमा लिइएको । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूको लगत राख्ने, परिचयपत्र वितरण गर्ने, सामाजिक सुरक्षा र सुविधाको व्यवस्थापन गर्ने, दिवाखाजा, आश्रय केन्द्र सञ्चालन एवं पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने र सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन जस्ता जिम्मेवारीहरू संघ एवं प्रदेश सरकारको समन्वयमा गर्ने कार्य स्थानीय तहको क्षेत्राधिकारमा राखिएको छ ।

### ५.४.२ समस्या तथा चुनौती

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण क्षेत्रमा मुलभूत रूपमा लैङ्गिक हिंसालाई बढवा दिने सामाजिक संरचना विद्यमान हुनु, हिंसामा परेका महिला, बालबालिका, दलित, जनजाति तथा जेष्ठ नागरिकका लागि पुनर्स्थापनाकेन्द्रहरूको अभाव, क्षमता विकास प्याकेजहरूको अभाव, लक्षित वर्ग कार्यक्रमलाई सहि रूपमा कार्यान्वयन गर्न नसक्नु, गाउँपालिकाका निर्णय प्रक्रियाहरूमा अपेक्षाकृत सहभागिता सुनिश्चितता गर्न नसक्नु प्रमुख समस्याहरू रहेका छन् । यसैगरी मुख्य चुनौतीहरूमा लैङ्गिक समानता कायम गर्नु, जेष्ठ नागरिकहरूको संरक्षण र व्यवस्थापन गर्नु, लैङ्गिक उत्तरदायी शासन प्रणाली स्थापित गर्नु, विभेदको अन्त्य गर्नु, विश्वव्यापी मान्यता अनुसार बालबालिका र महिलाहरूको हक हितको संरक्षण गर्नु आदि रहेका छन् ।

### ५.४.३ सम्भावना तथा अवसर

लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा केन्द्रित हुने शिक्षा र सचेतना कार्यक्रमहरू लागु गर्न सकिने, स्थानीय अगुवाहरू र सरकारी अधिकारीहरूलाई सान्दर्भिक कानूनहरू राम्रोसँग कार्यान्वयन र लागू गर्न तालिम सञ्चालन गरी परिचालन गर्न सकिने, महिला तथा सीमान्तकृत समूहहरूलाई आर्थिक अवसरहरू प्रदान गर्न सशक्तीकरण अभियान सञ्चालन गर्न सकिने, महिला र सीमान्तकृत समूहहरूको प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्ने समावेशी नीतिहरू अपनाउन र कार्यान्वयन गर्न स्थानीय सरकारहरूलाई प्रोत्साहन गर्न सकिने, लैङ्गिक समानता र सामाजिक समावेशीकरणका मुद्दाहरूलाई प्रभावकारी रूपमा सम्बोधन गर्न स्थानीय संस्थाहरूको क्षमता निर्माण गर्न सकिने आदि प्रमुख सम्भावना तथा अवसरका रूपमा रहेका छन् ।

### ५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

| | |
|---|---|
| लक्ष्य | महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू विरूद्ध हुने सबै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य गरी सक्षम र आत्म सम्मानपूर्ण जीवनयापन भएको हुनेछ । |
| उद्देश्य | १ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मुलप्रवाहीकरण गर्ने<br>२ बालमैत्री वातावरण सृजना गर्ने<br>३ जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूको हक हित संरक्षण गर्ने |
| रणानीतिहरू | १ पालिका अन्तर्गतका सबै निकायहरूमा लैङ्गिक समानता कायम गर्ने ।<br>२ लैङ्गिक हिंसा अन्त्य गर्न सहयोग पुग्ने खालका कार्यक्रमहरू तर्जुमा गरी लागु गर्ने<br>३ बालमैत्री शासन लागु गर्ने |
| कार्यनीतिहरू | रणनीति १को कार्यनीति<br>१ गाउँपालिकाका नीति निर्माण र कार्यान्वयनमा महिलाको समान सहभागिता तथा प्रतिनिधित्व बढोत्तरी गरिनेछ ।<br>२ लैङ्गिक समानता प्रसिका लागि पुरूषको समेत सहभागिता र सहयोगको वातावरण बनाइनेछ |
| | रणनीति २ का कार्यनीति<br>१ महिला हिंसा सम्बन्धी सबै प्रकारका घटनाहरूको कानुनी समाधानका लागि समान पहुँच अभिवृद्धि गरिनेछ ।<br>२ पालिका भित्र कम्तिमा १ वटा पुनर्स्थापना केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ ।<br>३ पालिकामा राहात कोष स्थापना गरिनेछ । |
| | रणनीति ३ का कार्यनीति<br>१ स्थानीय तहले तर्जुमा गर्ने कानुन तथा नीतिहरू बालमैत्री शासन सँग अन्तरसम्बन्धित बनाइनेछ<br>२ बाल अधिकार र विकासका लागि ठोस रणनित अवलम्बन गरिनेछ ।<br>३ विभिन्न गैर सरकारी संस्था एवं वित्तीय संस्थाहरूसँग सहकार्य र साझेदारी अभिवृद्धि गरिनेछ । |

### ५.४.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू

तालिका २२ महिला, बालबालिका तथा लक्षित वर्ग सम्बन्धी मुख्य कार्यक्रम तथा आयोजनाहरू

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू लाखमा) | | | | | | दिविल संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व. | पाँचौ आ.व. | जम्मा | | | |
| लैङ्गिक हिंसा बिरूद्ध सचेतनामूलक कार्यक्रम | पटक | ४५ | ३ | ३ | ३ | ३ | ३ | १५ | ५ | १ | ३ |
| हिंसापीडित महिलाहरूका लागि पुनर्स्थापना केन्द्रको स्थापना | वटा | १ | ३ | ३ | ३ | ३ | ३ | १५ | ५ | १ | ३ |
| राहात कोषस्थापना र सञ्चालन | संख्या | १ | ३ | ३ | ३ | ३ | ३ | १५ | ५ | १ | ३ |
| महिला उद्यमशिलता विकासका लागि मह उत्पादन, च्युउरीका परिकारउत्पादन, साबुन बनाउन, सिलाइकटाइ जस्ता तालिम कार्क्रम सञ्चालन | संख्या | १ | ३ | ३ | ३ | ३ | ३ | १५ | ५ | १ | ३ |
| जेसीरणनीति तजुर्मा र वार्षिक रूपमा जेसी परीक्षण | पटक | १ | ३ | ३ | ३ | ३ | ३ | १५ | ५ | १ | ३ |
| बाल अधिकार सम्बन्धी सचेतना मूलक कार्यक्रम | संख्या | ५ | ३ | ३ | ३ | ३ | ३ | १५ | ५ | १ | ३ |
| बाल क्लब स्थापना र सञ्चालन एवं वाल सञ्जाल गठन | संख्या | १५ | ३ | ३ | ३ | ३ | ३ | १५ | ५ | १ | ३ |
| बाल कोषस्थापना र सञ्चालन | संख्या | १५ | ३ | ३ | ३ | ३ | ३ | १५ | ५ | १ | ३ |
| वार्डस्तरमा बाल उद्यान निर्माण | संख्या | ६ | ३ | ३ | ३ | ३ | ३ | १५ | ५ | १ | ३ |
| जेष्ठ नागरिकका लागि दिवा सेवा केन्द्र स्थापना र सञ्चालन | संख्या | २ | ३ | ३ | ३ | ३ | ३ | १५ | ५ | १ | ३ |

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू लाखमा) | | | | | | दिविल संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व. | पाँचौ आ.व. | जम्मा | | | |
| जेष्ठनागरिक आश्रम र सत्संग स्थलहरूको निर्माण | संख्या | १ | ३ | ३ | ३ | ३ | ३ | १५ | ५ | १ | ३ |
| अन्तर पुस्ता छलफल तथा अन्तरक्रिया | पटक | ४५ | ३ | ३ | ३ | ३ | ३ | १५ | ५ | १ | ३ |
| जेष्ठनागरिक र इन्टनेट कार्यक्रम सञ्चालन | संख्या | ६ | ३ | ३ | ३ | ३ | ३ | १५ | ५ | १ | ३ |
| अपाङ्गतामैत्री संरचना निर्माणमा सचेतना कार्यक्रम | संख्या | १५ | ३ | ३ | ३ | ३ | ३ | १५ | ५ | १ | ३ |
| अपाङ्गता भएका व्यक्तिहरूका लागि क्षेमता विकास प्याकेज | प्याकेज | ५ | ३ | ३ | ३ | ३ | ३ | १५ | ५ | १ | ३ |
| अपाङ्गता भएका व्यक्तिहरूका लागि हेल्पडेस्क स्थापना | संख्या | १ | ३ | ३ | ३ | ३ | ३ | १५ | ५ | १ | ३ |
| सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका लागि खानेपानी तथा सरसफाई सुविधामा सहजै पहुँचका लागि अपाङ्गतामैत्री संरचना निर्माण गर्ने | संख्या | ३७२ | १० | १० | १० | १० | १० | ६० | ५ | १ | ३ |
| गरीब वगर्को उत्थान र विकासका लागि लक्षित कार्यक्रम | संख्या | ६ | ९ | ९ | ९ | ९ | १० | ४६ | ५ | १ | ३ |
| जम्मा | | | ६७ | ६७ | ६७ | ६७ | ६८ | ३४६ | | | |

## ५.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान तथा जोखिम पक्ष

**तालिका २३ महिला, बालबालिका तथा लक्षित वर्गक्षेत्रको नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाइ | आधार वर्ष २०८०।८१ | योजना अवधिको लक्ष्य | | | पुष्ट्याईको स्रोत | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | | |
| प्रभाव | महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू बिरूद्ध हुने सबै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य गरी सक्षम र आत्म सम्मानपूर्ण जीवन यापन भएको हुनेछ । | सबै प्रकारका हिंसाको अन्त्य | प्रतिशत | २० | ३० | ६० | १०० | सामाजिक विकास शाखाको प्रतिवेदन | वित्तीय व्यवस्थापनमा कठिनाइ, बिकटता, पूर्वाधार विकासमा जटिलता, चेतना र सशक्तीकरणको अभाव, युवा पलायन र जिविकोपर्जनमै संघर्ष गर्नुपर्ने अवस्था |
| | | गाउँपालिकाका गतिविधिमा समावेशीकरणको प्रयोग | प्रतिशत | २५ | ४५ | ७५ | १०० | | |
| असर | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण गरिने | निर्णय प्रक्रियामा महिलाको भूमिका | प्रतिशत | | | | ५० | | |
| | | बालबालिकाको बिचारको सुनुवाइ | प्रतिशत | ५ | २० | ३० | ४० | | |
| | | अपाङ्गता सँग सम्बन्धित कार्यक्रम | संख्या | ० | ७ | ७ | ७ | | |
| | | गरीव लक्षित कार्यक्रम | संख्या | ० | २ | २ | २ | | |
| | | जेष्ठ नागरिक सामाजिक सुरक्षाको अवस्था | संख्या | ० | २ | २ | २ | | |
| प्रतिफल | पालिका अन्तर्गतका सबै निकायहरूमा समावेशीकरण सुनिश्चित भएको हुने | लैससास रणनीति तर्जुमा र कार्यान्वयन | मिति | १ | १ | १ | १ | | |
| | | लैससास परीक्षणको नतिजा | प्रतिशत | ७० | ८० | ९० | १०० | | |
| | लैङ्गिक हिंसा अन्त्य गर्न सहयोग पुग्ने खालका कार्यक्रमहरू तर्जुमा गरी लागु गरिएको हुने | लैङ्गिक हिंसा अन्त्यका लागि सञ्चालित कार्यक्रम संख्या | संख्या | ३ | ४ | ५ | २ | | |
| | बालमैत्री शासन लागु गरिने | बाल क्लबको संख्या | संख्या | ० | ५ | ५ | ५१०० | | |
| | | बाल क्लबमा संलग्न बालबालिकाको संख्या | प्रतिशत | २५ | ४५ | ७५ | १०० | | |

## ५.५. युवा तथा खेलकुद

### ५.५.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ को धारा १८ ले समानताको अधिकार सुनिश्चित गर्दै युवा लगायत सबै नागरिकका लागि खेलकुद र मनोरञ्जन गतिविधिहरूमा समान पहुँचको प्रावधान उल्लेख गरेको छ । धारा ५१ (ज) ले युवाहरूको शारीरिक र मानसिक विकासमा सहयोग गर्ने, खेलकुद र मनोरञ्जनात्मक गतिविधिहरूमा उनीहरूको सहभागिता प्रवर्द्धन गर्ने नीतिहरू अवलम्बन गर्न राज्यलाई निर्देशन दिने व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले शिक्षा, रोजगारी, स्वास्थ्य र खेलकुद लगायत युवा विकासलाई सहयोग गर्ने नीति र कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्न स्थानीय सरकारहरूलाई जिम्मेवारी दिएको छ । राष्ट्रिय युवा नीतिले सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक विकासमा युवाहरूको सक्रिय सहभागितालाई प्रोत्साहन छ भने राष्ट्रिय खेलकुद विकास ऐन (२०२०) ले खेल मैदान, खेलकुद परिसर, तालिम केन्द्रलगायत स्थानीय तहमा खेलकुद पूर्वाधारको विकास गर्न स्थानीय तहको जिम्मेवारी हो भनेको छ।

### ५.५.२ समस्या तथा चुनौती

युवा तथा खेलकुद क्षेत्रमा मुख्य समस्याहरूमा युवा तथा खेलकुद विकास आयोजनाका लागि अपर्याप्त बजेट अभाव, खेल मैदान, जिम, र सामुदायिक केन्द्रहरू जस्ता पर्याप्त खेल सुविधाहरूको अभाव, युवा खेलकुद प्रतिभाहरूको पहिचान र सहयोग गर्न व्यवस्थित कार्यक्रमहरूको अभाव, प्रशिक्षित प्रशिक्षक र खेल प्रशासकको अभाव, सामुदायिक सहभागिताको न्यून स्तर र खेल गतिविधिहरूमा कम रूचि, खेलकुद र शारीरिक क्रियाकलापका फाइदाहरूबारे समुदायमा चेतनाको कमी, विद्यमान युवा तथा खेलकुद नीतिहरूको कमजोर कार्यान्वयन र अनुगमन, विद्यमान खेलकुद पूर्वाधारहरूको अभाव र भएका सुविधाहरूको कमजोर मर्मत-सम्भार खेलकुद गतिविधि र सुविधाहरूमा स्वास्थ्य र सुरक्षा मापदण्डहरूमा अपर्याप्त ध्यान आदि रहेका छन् भने मुख्य चुनौतीहरूमा भौगोलिक कठिनाइले स्रोतहरू उपयोग गर्न, प्रशिक्षण, र प्रतिस्पर्धाहरूमा भाग लिनु, स्थानीय सरकारको योजनामा खेलकुद प्राथमिकतामा नपर्नु र युवा सहभागितामा ठोस दृष्टिकोण नहुनु, परम्परागत मनोवृत्तिले खेलकुदको महत्त्वलाई कम मूल्याङ्कन गरेको । महिला सहभागित अझ चुनौतीपूर्ण रहेको, सरकारी निकाय, गैरसरकारी संस्था र निजी क्षेत्रलगायत विभिन्न सरोकारवालाहरूबीच प्रभावकारी समन्वयको अभाव आदि रहेका छन् ।

### ५.५.३ सम्भावना तथा अवसर

त्यसैगरी यस क्षेत्रमा मुख्य सम्भावना र अवसरहरूका रूपमा युवा तथा खेलकुद विकासमा बिजियोजित राष्ट्रिय तथा प्रादेशिक सरकारका कार्यक्रम र अनुदानको सदुपयोग गर्न सकिने, सार्वजनिक-निजी साझेदारी मार्फत खेलकुद पूर्वाधार र कार्यक्रमहरूमा लगानी गर्न निजी क्षेत्रलाई संलग्न गराउन सकिने, खेल संस्कृतिलाई बढावा दिन स्वयंसेवक कार्यक्रमहरू र स्थानीय खेलकुद क्लबहरू मार्फत सामुदायिक संलग्नतालाई प्रोत्साहन गर्न सकिने, स्रोत, प्रशिक्षण, र उत्कृष्ट अभ्यासहरूका लागि अन्तर्राष्ट्रिय संस्थाहरूसँग साझेदारी गर्न सकिने, नेतृत्व प्रशिक्षण र खेल प्रशासन र निर्णय प्रक्रियामा संलग्नता मार्फत युवाहरूलाई सशक्तीकरण गर्न सकिने र खेलकुद कार्यक्रमहरू र सुविधाहरूको प्रवर्द्धन, व्यवस्थापन र वृद्धि गर्न प्रविधिको प्रयोग गर्न सिकने आदि विषयहरू मूलभूत रूपमा रहेका छन् ।

### ५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

| | |
|---|---|
| लक्ष्य | समावेशी र जीवन्त खेल संस्कृति सिर्जना भएको हुनेछ । |
| उद्देश्य | १ खेलकुद क्रियाकलापमा युवाहरूको संलग्नता बढाउन प्रोत्साहन र सहजीकरण गर्ने ।<br>२. खेलकुदमा पहुँचयोग्य र उच्च गुणस्तरीय सुविधाहरू उपलब्ध गराउन खेलकुद पूर्वाधारको विकास र सुधार गर्ने ।<br>३. खेलकुदमा युवा सहभागिताका लागि प्रोत्साहन गर्ने । |
| रणानीतिहरू | १ खेलकुद सँग सम्बन्धित नीति निर्माण र योजना तर्जुमाका साथै खेलकुद गतिविधिहरूमा युवा संलग्नता र सहभागिता अभिवृद्धि गर्ने ।<br>२ खेलकुद पूर्वाधारहरूको विकास गर्ने र भएका पूर्वाधारहरूको मर्मत-सम्भार गर्ने ।<br>३ खेलकुदमा युवा सहभागितका लागि विशेष योजना सहित कार्यक्रम लागु गर्ने |
| कार्यनीतिहरू | रणनीति १ को कार्यनीति<br>• खेलकुद गतिविधिहरूमा युवाहरूको संलग्नतालाई प्रवर्द्धन गर्न र कार्यक्रमहरू आयोजना गर्न व्यापक युवा खेलकुद विकास नीतिको विकास गरिनेछ ।<br>• अन्तर-विद्यालय प्रतियोगिताहरू गर्न र विद्यार्थीहरूमा खेलकुद संस्कृतिको विकास गर्न विद्यालय खेलकुद कार्यक्रमहरू तर्जुमा गरिनेछ ।<br>• युवाहरूको नेतृत्वमा खेलकुद क्लबहरूलाई व्यवस्थित गर्न र क्षमता निर्माण कार्यशालाहरू आयोजना गर्नका लागि आर्थिक र तार्किक सहायता प्रदान गरिनेछ। |
| | रणनीति २ को कार्यनीति<br>• खेलकुद सुविधाहरूको निर्माण र मर्मत-सम्भार गर्न, बहुउद्देश्यीय कम्प्लेक्सलाई प्राथमिकता दिई सामुदायिक आवश्यकताहरूको मूल्याङ्कन गर्न खेलकुद पूर्वाधार योजना र विकास गरिनेछ ।<br>• खेलकुद गतिविधिहरूका पारदर्शी अनुगमन प्रणाली लागू गर्ने।<br>• विश्वव्यापी डिजाइन सिद्धान्तहरू र विशेष उपकरणहरूको व्यवस्था मिलाइनेछ । |
| | रणनीति ३ का कार्यनीति<br>• खेलकुद विषयमा युवाहरूलाई विभिन्न खेलको तालिम उपलब्ध गराइनेछ ।<br>• युवा विकासका गतिविधिहरू सञ्चालन गरिनेछ ।<br>• युवा सहभागिता, सम्मान र पहिचानका कार्यक्रमहरू लागु गरिनेछ । |

### ५.५.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू

**तालिका २४ युवा तथा खेलकुद सम्बन्धी मुख्य कार्यक्रम तथा आयोजनाहरू**

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू लाखमा) | | | | | | दिविल संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व. | पाँचौ आ.व. | जम्मा | | | |
| युवा सूचना केन्द्रको स्थापना र सञ्चालन | संख्या | १ | ४ | ४ | ४ | ४ | ४ | २० | ५ | १ | ३ |
| युवा क्लब दर्ता र सञ्चालन | संख्या | ६ | ४ | ४ | ४ | ४ | ४ | २० | ५ | १ | ३ |
| युवाको सहभागितामा योजना तर्जुमा अभ्यास | वर्ष | ५ | ४ | ४ | ४ | ४ | ४ | २० | ५ | १ | ३ |
| प्रत्येक वार्डमा खेल मैदान निर्माण र स्तर वृद्धि | संख्या | ६ | ४ | ४ | ४ | ४ | ४ | २० | ५ | १ | ३ |
| खेलकुद कार्यक्रम सञ्चालन | संख्या | ६ | ४ | ४ | ४ | ४ | ४ | २० | ५ | १ | ३ |
| पालिका स्तरीय रंगशाला निर्माण | संख्या | १ | ५ | १०० | १०० | १०० | १५० | २० | ५ | १ | ३ |
| विद्यालयस्तरमा खेलकुद विकासका गतिविधिहरू | संख्या | २० | ५ | ५ | ५ | ५ | ५ | २० | ५ | १ | ३ |
| योग तथा ध्यान केन्द्र स्थापना | संख्या | १ | ५ | ५ | ५ | ५ | ५ | २० | ५ | १ | ३ |
| दुर्व्यसनी विरूद्धको अभियान | संख्या | ५ | ५ | ५ | ५ | ५ | ७ | २२ | ५ | १ | ३ |
| जम्मा | | | ४० | १३५ | १३५ | १३५ | १८७ | ६३२ | | | |

### ५.५.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान तथा जोखिम पक्ष

**तालिका २५ युवा तथा खेलकुद क्षेत्रको नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाइ | आधार वर्ष २०८०।८१ | योजना अविधको लक्ष्य | | | पुष्ट्याइको स्रोत | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | | |
| प्रभाव | समावेशी र जीवन्त खेल संस्कृति सिर्जना भएको हुनेछ | खेलकुद विकासमा हासिल नतिजा | प्रतिशत | १ | ५४ | १५ | २० | सामाजिक विकास शाखाको प्रतिवेदन | वित्तीय व्यवस्थापनमा कठिनाइ, बिकटता, पूर्वाधार विकासमा जटिलता, मर्मत-सम्भार र दिगोपना कायम गर्न कठिनाइ, खेलकुद क्षेत्रबाट हुने फाइदाप्रति शंका |
| असर | खेलकुदलाई युवाहरूको आकर्षणको क्षेत्रको रूपमा विकसित गरिनेछ | खलकुद प्रतियोगिताहरू | संख्या | ० | १ | २ | ३ | | |
| | | खेलकुदमा विविधता | क्षेत्र | | २ | २ | ३ | | |
| प्रतिफल | खेलकुद सँग सम्बन्धित नीति निर्माण र योजना तर्जुमाका साथै खेलकुद गतिविधिहरूमा युवा संलग्नता र सहभागिता अभिवृद्धि गरिने | युवा नीति तर्जुमा र कार्यान्वयन | मिति | ० | १ | ० | ० | | |
| | | खेलकुदमा संलग्न युवाको संख्या | प्रतिशत | ० | १० | ५० | १५० | | |
| | | राष्ट्रिय खेलाडी संख्या | संख्या | ० | ० | ० | १० | | |
| | खेलकुद पूर्वाधारहरूको विकास गर्ने र भएका पूर्वाधारहरूको मर्मत-सम्भार गरिने | खेलकुद मैदान संख्या | संख्या | ० | २ | २ | २ | | |
| | | मर्मत-सम्भार गरिएका खेलकुद मैदान | संख्या | ० | २ | २ | २ | | |
| | खेलकुदमा युवा सहभागितका लागि विशेष योजना सहित कार्यक्रम लागु गरिने | युवा तथा खेलकुद कार्यक्रम संख्या | संख्या | ० | १० | १२ | २० | | |

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ अनुसार पूर्वाधार विकासका प्रमुख क्षेत्रका रूपमा सडक यातायात तथा पुलपुलेसा, आवास तथा बस्ती विकास, शहरीकरण तथा सार्वजनिक निर्माण, वैकल्पिक ऊर्जा र सूचना तथा सञ्चार प्रविधि रहेका छन् । उपरोक्त प्रमुख क्षेत्रहरूको विद्यमान अवस्था, समस्या तथा चुनौतीहरूको विश्लेषण गरी आगमी ५वर्षका लागि लक्ष्य, उद्देश्य एवं लक्ष्य परिमाण निर्धारण र सोको प्राप्तिका लागि अवलम्बन गर्नुपर्ने रणनीति तथा कार्यनीति एवं प्रमुख कार्यक्रमहरूको तर्जुमा भएका छन् ।

## ६.१ आवास तथा बस्ती विकास र शहरीकरण

### ६.१.१ पृष्ठभूमि

संविधानत, आवासलाई मौलिक हकको रूपमा लिइएको छ । अव्यवस्थित वसोवासलाई व्यवस्थित गर्ने, योजनावद्ध रूपमा विकास गर्ने नीति नेपाल सरकारले अंगिकार गरेको छ भने १६औं राष्ट्रिय योजनाले आन्तरिक एवं अन्तरदेशीय अन्तर आवद्धता वृद्धि गर्ने र दिगो शहरी तथा बस्ती विकास गर्नेलाई दीर्घकालीन राष्ट्रिय रणनीतिका रूपमा अंगिकार गरेको छ ।१६ औं योजनामा आधुनिक, दिगो, व्यवस्थित शहर, आवास र बस्ती विकासलाई रूपान्तरणका प्रमुख सम्वाहकको रूपमा ग्रहण गरिएको छ भने वढ्दो शहरीकरणलाई व्यवस्थित गर्न आधुनिक पूर्वाधारयुक्त, योजनावद्ध, वातावरणमैत्री, विपद् प्रतिरोधी, सुरक्षित, व्यवस्थित, समावेशी, आर्थिक रूपमा गतिशिल, एवं साँस्कृतिक तथा पुरातात्विक महत्व कायम हुने गरी सभ्य शहरहरूको विकास गर्ने, आर्थिक गतिविधि तथा गतिशिलता सिर्जना गर्ने, रोजगारीका अवसर वृद्धि हुने गरी सघन शहर, नयाँ शहर र शहरी कोरिडरको व्यवस्थित ढङ्गबाट विकास गर्ने परिकल्पना गरिएको छ । त्यसैगरी अव्यवस्थित वसोवास व्यवस्थापन गर्ने, व्यवस्थित बस्ती विकास कार्यक्रम सञ्चालन गर्ने, संघ र प्रदेशको मापदण्डको अधिनमा रही एकीकृत बस्ती विकासका जग्गा एकीकरण गर्ने, जग्गा विकास एवं व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

### ६.१.२ समस्या तथा चुनौती

भूउपयोग योजना नबन्नु र भूउपयोग योजना अनुसार बस्ती विकास गर्न नसक्नु, मापदण्ड विपरीत आवास तथा बस्ती विकास, शहरीकरण हुनु, आवास क्षेत्र निर्माण तथा भवन निर्माण गर्दा प्राविधिक परामर्श नलिनु, गुणस्तरीय बस्ती विकासको समस्या, सार्वजनिक निर्माण, भवनहरूको मर्मत-सम्भार नियमित नहुनु आदि प्रमुख समस्याहरू रहेका छन् । मुख्य चुनौतीहरूमा भुकम्प प्रतिरोधी संरचनाहरू निर्माण गर्नु, दुर्गम र बिकट क्षेत्र । सामान्यतया भिरालो जमिन र बसोबास गर्नु, सार्वजनिक संरचनाहरूको गुणस्तर कायम राख्नु, सार्वजनिक निर्माणको दिगो उपयोग एवं समुदायहरूमा अपनत्व सिर्जना गर्नु र सार्वजनिक संरचनाको निर्माणमा निजी, सहकारी क्षेत्रको लगानी वृद्धि गर्नु आदि रहेका छन् ।

### ६.१.३ सम्भावना तथा अवसर

त्यसैगरी मुख्य सम्भावना तथा अवसरहरूमा एकीकृत बस्ती विकास गर्न सकिने, भूकम्प प्रतिरोधात्मक एवं भवन संहिता अनुसार सार्वजनिक भवन तथा संरचना निर्माण गर्न सकिने, जग्गा विकास तथा ल्यान्डपुलिङका लागि उपयुक्त क्षेत्र, विकास गर्न सकिने आदि विषयहरू रहेका छन् ।

### ६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

| | |
|---|---|
| लक्ष्य | सुरक्षित, सुलभ र वातावरणमैत्री एकीकृत आवास र बस्ती विकास गरिएको हुनेछ |
| उद्देश्य | १ एकीकृत आवास र बस्ती विकास गरी अव्यवस्थित र छरिएको घरपरिवारलाई एकताबद्ध र प्रभावकारी सेवाको वातावरण बनाउनु<br>२ स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वस्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्नु |
| रणानीति | ग्रामीण क्षेत्रमा भौगोलिक हिसाबले बिकट र छरिएर रहेका तथा विपदको जोखिममा रहेका र सिमान्तकृत घरपरिवारहरूका लागि एकीकृत बस्ती विकास गर्ने ।<br>भूउपयोग योजना तर्जुमा कार्यन्वयन गरी सोही बमोजिम आवास र बस्ती विकास गर्ने<br>भवन निर्माण डिजाइन तथा सुपरिव्यक्षण गर्ने कर्मचारीको क्षमता विकास गर्ने |
| कार्यनीति | रणनीति १ का कार्यनीतिहरू<br>भूउपयोग गुरूयोजना तर्जुमा गरी लागु गरिनेछ ।<br>जोखिममा रहेका सिमान्तकृत समुदायका लागि एकीकृत बस्ती विकास मार्फत व्यवस्थित गरिनेछ ।<br>भवन निर्माण मापदण्ड लागु गरिनेछ । |
| | रणनीति २ का कार्यनीतिहरू<br>बजार, घनाबस्ती र सडकसँग जोडिएको बसोबासलाई व्यवस्थित गरिनेछ ।<br>सडक क्षेत्रमा हुनसक्ने थप बस्ती विस्तारलाई निरूत्साहित गरिनेछ<br>कृषियोग्य जमिनमा हुने सम्भाबित बस्ती विकासलाई रोक लगाइनेछ । |
| | रणनीति ३ का कार्यनीतिहरू<br>गुणस्तरीय भवन निर्माणका लागि समुदायस्तरमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ<br>प्राविधिक डिजाइन पास गरेर मात्र भनव निर्माण गर्न प्रोत्साहन गरिनेछ<br>दिगोपनालाई विशेष ख्याल गरिनेछ । |

### ६.१.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू

तालिका २६ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण क्षेत्रको मुख्य कार्यक्रम तथा आयोजनाहरू

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू लाखमा) | | | | | | दिविल संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आव. | तेस्रो आ.व. | चौथो आव. | पाँचौ आव. | जम्मा | | | |
| खाद्य डिपो घर निर्माण | वटा | २ | ४० | ४० | ४० | ४० | ४० | २०० | ११ | २ | ३ |
| सामुदायिक भवन निर्माण | वटा | २ | ३० | ३० | ३० | ३० | ३० | १५० | ११ | २ | ३ |
| दलित मिलन केन्द्र भवन निर्माण | वटा | ६ | २० | १० | १० | १० | १० | ६० | ११ | २ | ३ |
| हेली प्याड निर्माण | वटा | ६ | ० | १० | १० | १० | १० | ४० | ११ | २ | ३ |
| चौतारा निर्माण | वटा | २५ | १० | १० | १० | १० | १० | ५० | ११ | २ | ३ |
| सार्वजनिक संस्थाहरूको भवन निर्माण | वडा | १० | ५० | ५० | ५० | ५० | ५० | २०० | | | |
| जम्मा | | | १५० | १५० | १५० | १५० | १५० | ७५० | | | |

### ६.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान तथा जोखिम पक्ष

**तालिका २७ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण क्षेत्रको नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाइ | आधार वर्षको २०८०।८१ | योजना अवधिको लक्ष्य | | | पुष्ट्याइको स्रोत | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | | |
| प्रभाव | सुरक्षित, सुलभ र वातावरणमैत्री एकीकृत आवास र बस्ती विकास गरिएको हुनेछ | व्यवस्थित क्षेत्रमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | ० | ५ | ७ | १२ | पूर्वाधार विकास शाखाको प्रतिवेदन | वित्तीय व्यवस्थापनमा कठिनाइ, बिकटता, पूर्वाधार विकासमा जटिलता, मर्मत-सम्भार र दिगोपना कायम गर्न कठिनाइ, सडक निर्माणमा धेरै बजेट चाहिने |
| असर | जोखिममा रहेको बस्ती व्यवस्थापन गरी जोखिम न्यूनीकरण गर्नुका साथै शहरीकरणको विकास भएको हुनेछ । | शहरीकरण बस्ती संख्या | संख्या | ० | १ | २ | ३ | | |
| | | शहरी जनसंख्या | संख्या | ० | ५ | ७ | १२ | | |
| प्रतिफल | ग्रामीण क्षेत्रमा भौगोलिक हिसाबले बिकट र छरिएर रहेका तथा विपदको जोखिममा रहेका र सिमान्तकृत घर-परिवारहरूका लागि एकीकृत बस्ती विकास गर्ने। | एकीकृत बस्ती | संख्या | ० | ० | ० | १ | | |
| | | एकीकृत बस्तीमा बसोबास गर्ने परिवार संख्या | संख्या | ० | ० | ० | १०० | | |
| | भूउपयोग योजना तर्जुमा गरी सोही बमोजिम बस्ती विकास गर्ने | भूउपयोग योजना पारित मिति | मिति | ० | १ | ० | ० | | |
| | भवन निर्माण डिजाइन तथा सुपरिव्यक्षण गर्ने कर्मचारीको क्षमता विकास गर्ने | तालिम प्राप्त जनशक्ति नक्सा पास गरी बनेका घरसंख्या | संख्या | ० | १ | २ | १ | | |

## ६.२ सडक, यातायात तथा पुलपुलेसा

### ६.२.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ अनुसार यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित, र अपाङ्गता भएका व्यक्ति अनुकुल बनाउने नीति राज्यले अवलम्वन गरेको छ । यातायात सुविधामा नागरिकहरूको सरल, सहज र समान पहुँच सुनिश्चित गर्ने, यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिने, सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गर्ने नीति राज्यले अंगिकार गरेको छ । यातायात क्षेत्रले देशको आर्थिक-सामाजिक रूपान्तरणका लागि वलियो र भरपर्दो आधार निर्माण गर्ने, यातायात अन्तर्गत सडक, जल, रेलमार्ग, हवाइ रज्जु मार्गलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप सुरक्षित गर्ने, भरपर्दो, सुलभ र गुणस्तरीय बनाउने परिकल्पना १५ औं राष्ट्रिय योजनाले गरेको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय सडक, ग्रामीण सडक,कृषि सडक, झोलुङ्गे पुल र पुलेसाहरूको मर्मत-सम्भार एवं स्तरोन्नति गर्ने, यातायात सुरक्षाको व्यवस्थापन गर्ने, स्थानीय सार्वजनिक यातायातको रूट निर्धारण, सेवाको गुणस्तरीयता निर्धारण गर्ने र भाडादर निर्धारण एवं नियमन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्र भित्र राखिएको छ ।

### ६.२.२ समस्या तथा चुनौती

सडक, यातायात तथा पुलपुलेसा क्षेत्रमा पर्याप्त मात्रामा आर्थिक, प्राविधिक एवं भौतिक स्रोतको अभाव हुनु, यातायात पूर्वाधारमा अपेक्षाकृत विकास नहुनु, निर्धारित मापदयण्ड पूरा नगरी योजनाहरू छनोट हुनु, प्राविधिक डिजाइनमा भन्दा हतारमा राजनीतिक प्रभावमा यातायात पूर्वाधार विकासका कामहरू हनु , जोखिमयुक्त कच्चि सडकको बाहुल्य हुनु, क्षमता भन्दा बढी यात्री राखेर गाडिहरू चलाउनु, यातायात सुरक्षाका कुनै मापदण्ड लागु नहुनु, वास्तविक फिल्ड अनुसार डिपिआर नहुँदा निर्माण कार्यमा असहज, गुणस्तर मापन गर्ने उपकरण, ल्याब नहुँदा गुणस्तरमा व्यथिति, विषय क्षेत्रगत प्राविधिकहरूको अभाव एकै प्राविधिकले सबै प्रकारका डिजाइनहरू गर्नुपर्ने र सडक निर्माण गर्दा सरोकारवालाहरूसँग समन्वय अभाव आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन् भने मुख्य चुनौतीहरूमा कठिन भुगोलका कारण निर्माण कार्य खर्चिलो हुनु, प्राविधिक डिजाइन गरेर मात्र सडक निर्माण कार्य गर्नु, सडकको सीमा क्षेत्र तथा राइट अफ वे कायम राख्नु, सडक मापदण्डलाई प्रभावकारी रूपमा कार्यान्वयन ल्याउनु, निर्धारित समयमा निर्माण कार्य सम्पन्न गर्नु आदि रहेका छन् ।

### ६.२.३ सम्भावना तथा अवसर

त्यसैगरी मुख्य सम्भावना र अवसरहरूमा पर्यटन सडक निर्माणमा जोड दिन सकिने, अन्तर पालिका सडक निर्माण रणनीति अवलम्बन गर्न सकिने, सडक गुरूयोजना बनाइ लागु गर्न सकिने, यातायात निति बनाइ लागु गर्न सकिने र यातायात पूर्वाधार र पर्यटकीय स्थल र प्राकृतिक आकर्षणहरूमा पहुँच अभिवृद्धि गर्न सकिने जस्ता विषयहरू रहेका छन् ।

### ६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

| | |
|---|---|
| लक्ष्य | दिगो, भरपर्दो र सहज यातायात पूर्वाधार विकास भएको हुनेछ । |
| उद्देश्य | १ गुणस्तरीय यातायात पूर्वाधारको विकास गरी नागरिकहरूको सामाजिक तथा आर्थिक विकासमा परिवर्तन ल्याउने<br>२ विद्यमान यातायात पूर्वाधारहरूको मर्मत-सम्भार र गुणस्तर सुधार गरी सहज र सर्वसुलभ यातायात व्यवस्था विकास गर्ने |

| | |
|---|---|
| रणनीतिहरू | १ योजनाको दिर्घकालीन उपयोगिताका लागि निर्माण भैसकेका पूर्वाधारहरूको संरक्षण, विस्तार तथा मर्मतका लागि कोषको व्यवस्था गर्ने<br>२ गाउँपालिकाको आर्थिक तथा सामाजिक गतिविधिलाई सन्तुलित, समावेशी, गतिशील बनाउन योगदान गर्न सक्ने रणनीतिक सडक सञ्जाल विस्तार गर्ने ।<br>३ प्रमुख ग्रामीण बस्ती र प्रमुख पर्यटकीय गन्तव्यहरू जोड्ने सडकहरूको विकास र विस्तार गर्ने<br>४ पर्यटकीय पदमार्गको निर्माण कार्यलाई अभियानका रूपमा अघि बढाउने |
| कार्यनीति | रणनीति १को कार्यनीतिहरू<br>• नेपाल सरकारले निर्धारण गरेको न्युनतम मापदण्डको पालना गरी सडकको गुणस्तर कायम गरिनेछ ।<br>• पुल निर्माण कार्यको गुणस्तर कायम गर्न अनुगमन गरिनेछ ।<br>• योजनाको दिर्घकालीन उपयोगिताका लागि निर्माण भैसकेका पूर्वाधारहरूको मर्मत-सम्भार र संरक्षणका लागि कोषको व्यवस्था गरिनेछ । |
| | रणनीति २ का कार्यनीतिहरू<br>• व्यवसायिक गतिविधिलाई गतिशील बनाउन सडकको निर्माण तथा स्तरवृद्धि गरिनेछ<br>• प्राथमिकता प्राप्त लोकमार्ग तथा गाउँपालिकाको रणनीतिक सडक सञ्जालको निर्माणमा तिब्रता दिइनेछ ।<br>• सदाबहार यातायात सम्भव बनाउन विशेष कदम चालिनेछ । |
| | रणनीति ३ का कार्यनीतिहरू<br>• योजनाको सम्भाव्यता अध्ययन, बिस्तृत डिजाइन र लागत अनुमान गरेर मात्र सडक निर्माणको कार्य गरिनेछ ।<br>• सम्पुर्ण यातायात पूर्वाधारहरूलाई नियमित सूचना प्रणालीमा सूचीकृत गरी अध्याबधिक गरिनेछ ।<br>• यातायात पूर्वाधार विकासमा व्यापक जनसहभागित सुनिश्चित गरिनेछ । |
| | रणनीति ४ का कार्यनीतिहरू<br>• पदमार्ग निर्माण तथा व्यवस्थापनका लागि जनसहभागितालाई व्यापक बनाइनेछ ।<br>• पदमार्ग गुरूयोजना बनाइ लागु गरिनेछ ।<br>• पदमार्गहरूको विकास गरी एतिहासिक धार्मिक तथा पर्यटकीय स्थानहमा जोडिनेछ। |

### ५.२.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू

**तालिका २८ सडक, पुल तथा यातायात क्षेत्रको मुख्य कार्यक्रम तथा आयोजनाहरू**

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू लाखमा) | | | | | | दिविल संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व. | पाँचौ आ.व. | जम्मा | | | |
| सडक गुरू योजना तर्जुमा | पटक | १ | १० | ० | ० | ० | ० | १० | ९ | ३ | ३ |
| हालका धुलेरोडहरूको स्तरोन्नति | कि.मि. | १५ | २०० | २०० | २०० | २०० | २०० | १००० | ९ | ३ | ३ |
| प्रत्येक वडामा सडक सञ्जाल पुर्याउने | संख्या | ६ | १०० | १०० | १०० | १०० | १०० | ५०० | ९ | ३ | ३ |
| झोलुंगे पुल निर्माण | संख्या | १० | १०० | १०० | १०० | १०० | १०० | ५०० | ९ | ३ | ३ |
| ट्रष्ट पुल निर्माण | सख्या | ४ | ९० | ९० | ९० | ९० | ९० | ४५० | ९ | ३ | ३ |
| कृषि सडक निर्माण तथा ट्र्याक खोल्ने | संख्या | ४ | १८ | ४० | ४० | ४० | ४० | १७८ | | | |
| जम्मा | | | ५१८ | ५१८ | ५१८ | ५१८ | ५१८ | २५९० | | | |

### ६.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान तथा जोखिम पक्ष

**तालिका २९ सडक, पुल तथा यातायात क्षेत्रको नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाइ | आधार वर्षको २०८०।८१ | योजना अवधिको लक्ष्य | | | पुष्ट्याइको स्रोत | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | | |
| प्रभाव | दिगो, भरपर्दो र सहज यातायात पूर्वाधार विकास भएको हुनेछ । | वर्षैभरि यातायात सेवामा पुहँच पुगेको जनसंख्या | प्रतिशत | २५ | ४० | ६० | ८० | पूर्वाधार विकास शाखाको प्रतिवेदन | वित्तीय व्यवस्थापनमा कठिनाइ, बिकटता, पूर्वाधार विकासमा जटिलता, मर्मत-सम्भार र दिगोपना कायम गर्न कठिनाइ, सडक निर्माणमा धेरै बजेट चाहिने |
| असर | यातायातमा सहज पहुँच अभिवृद्धि हुनेछ । | ३० मिनेटको दुरीमा यातायात सेवामा पहुँच भएको जनसंख्या | प्रतिशत | १५ | ४० | ६० | ८० | | |
| प्रतिफल | रणनीतिक सडक सञ्जालको विकास हुनेछ । | कालोपत्रे सडकको लम्बाइ | कि.मि. | १५ | ३० | ४५ | ६० | | |
| | | ग्राभेल सडकको लम्बाइ | कि.मि | ६१ | १०० | २०० | १०० | | |
| | | धुले सडकको लम्बाइ | कि.मि | ५० | १०० | २०० | ३०० | | |
| | पर्यटकिय पदमार्गहरूको विकास गरिनेछ । | पदमार्गको लम्बाइ | कि.मि. | | १०० | २०० | ५०० | | |
| | सडक पुल निर्माण गरिनेछ । | झोलुंगे पुलको संख्या | संख्या | १० | २ | ३ | ५ | | |
| | | पक्की पुलको संख्या | संख्या | ४ | १ | १ | १ | | |

## ६.३ विद्युत् तथा वैकल्पिक ऊर्जा

### ६.३.१ पृष्ठभूमि

नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्ने, नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपद र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने र ऊर्जाको समुचित प्रयोग गर्ने प्रावधान नेपाल संविधान, २०७२ मा राखिएको छ । जलविद्युत उत्पादन वृद्धि र हरित अर्थतन्त्र प्रवर्द्धनलाई १५ औं राष्ट्रिय योजना अनुसार रूपान्तरणका प्रमुख सम्वाहकका रूपमा, र स्वच्छ एवं नवीकरणीय ऊर्जालाई दीर्घकालीन लक्ष्य प्राप्तिको सहयोगी क्षेत्रको रूपमा ग्रहण गरिएको छ । स्वच्छ ऊर्जा खपतमा वृद्धि गरी वातावरण र जलवायुमा पर्ने नकारात्मक असर कम गर्ने, स्वच्छ ऊर्जा उपभोगमा समुन्नत हुने परिकल्पना पनि १५ औं योजनामा गरिएको छ । त्यसैगरी स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन गर्ने, सञ्चालन एवं नियमन गर्ने, वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास, हस्तान्तरण, क्षमता अभिवृद्धि एवं प्रवर्द्धन गर्ने, साना जलविद्युत आयोजनाको (१ मेगावाट सम्मका) तथा वैकल्पिक ऊर्जा सम्बन्धीको नीति, कानुन, योजना तर्जुमा, कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

### ६.३.२ समस्या तथा चुनौती

विद्युत तथा वैकल्पिक ऊर्जा क्षेत्रका प्रमुख समस्याहरूमा परम्परागत चुल्हो प्रयोगले मानव स्वास्थ्यमा प्रतिकुल असर परिरहेको र अझै २४२५ घरमा नेशनल ग्रिडको विद्युत सेवा पुगेको छैन, पहिरोको जोखिम क्षेत्र भएका कारण विद्युत पोलहरू बगाउन भएकाले निरन्तर विद्युत सप्लाइको समस्या छ , विद्युत गुरूयोजना नहुनु, न्यून संख्यामा विद्युत ट्रान्समिटर र कमजोरका प्रसारणका कारण विद्युत सेवा समय समयमा अवरूद हुन्छ, काठका पोलहरू विस्तापित नहुँदा असुरक्षा वढ्दो, सार्वजनिक स्थल एवं सडक क्षेत्रमा वत्तिहरू नहुँदा रातमा असुरक्षा वढ्दो आदि पहिचान गरिएको भने मुख्य चुनौतीहरूमा सदाबहार र भरपर्दो विद्युत सेवा सञ्चालन गर्नु , सुधारिएको चुल्हो र विद्युतीय चुल्होहरूलाई प्रवर्द्धन गर्नु, स्थानीय स्तरमा विद्युत खपतमा वृद्धि ल्याउनु र सौर्य ऊर्जालाई भरपर्दो वैकल्पिक ऊजाको रूपमा स्थापित गर्नु आदि रहेका छन् ।

### ६.३.३ सम्भावना तथा अवसर

त्यसैगरी यस क्षेत्रका मुख्य सम्भावना तथा अवसरहरूमा नेशनल ग्रिड मार्फत सतप्रतिशत घरमा विद्युतिकरण गर्न सकिने, खाना पकाउन समेत परम्परागत चुल्होलाई विस्तापित गरी आधुनिक तथा सुधारिएको चुल्हो, विद्युत उपयोग गरी ऊर्जा संचय गर्न सकिने, विद्युतलाई सूचनाका लागि प्रयोग गरी अपेक्षाकृत लाभ लिन सकिने, वैकल्पिक ऊर्जामा जोड दिन सकिने, विद्युतमा आधारित सबै प्रकारका उद्योग व्यवसायहरू सञ्चालनमा ल्याउन सकिने, धार्मिक, ऐतिहासिक एवं सार्वजनिक स्थल एवं सडकहरूमा सौर्य ऊर्जालाई उपयोगमा ल्याउन सकिने, विद्युत एवं वैकल्पिक ऊर्जामा आधारित यातायात सेवाहरू सञ्चालन गर्न सकिने र वैकल्पिक ऊर्जा खासगरी सौर्य ऊर्जा सदुपयोगमा जोड दिन सकिने आदि रहेका छन् ।

### ६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

| | |
|---|---|
| लक्ष्य | नविकरणीय तथा वैकल्पिक ऊर्जाको उत्पादन र उपभोगमा क्षमता बढाइ वातावरणमैत्री दिगो, भरपर्दो र गुणस्तरीय स्वच्छ ऊर्जामा सबैको पहुँच अभिवृद्धि भएको हुनेछ । |
| उद्देश्य | १ ऊर्जाको उपभोगमा दक्षता बढाइ वातावरणमैत्री, दिगो, भरपर्दो र गुणस्तरीय ऊर्जा स्रोतमा पहुँच बढाउने ।<br>२ विद्युत विस्तारलाई प्रभावकारी बनाउन तर वैकल्पिक ऊर्जा प्रयोगमा जोड दिने |

| | |
|---|---|
| रणनीति | १ ऊर्जा क्षेत्रको संस्थागत संरचना तयार गरी दिगो र अधिकतम उपभोग गर्ने ।<br>२ उपलब्ध सम्पुर्ण ऊर्जा स्रोतको पहिचान गरी दिगो ऊर्जा स्रोत व्यवस्थापनका लागि काम गर्ने।<br>३ ऊर्जालाई बहुआयामिक क्षेत्रमा उपभोग गर्ने । |
| कार्यनीति | रणनीति १ का कार्यनीतिहरू<br>• संघीय स्वरूप अनुसार स्थानीय स्तरमा पनि ऊर्जा क्षेत्रको संस्थागत संरचना तयार गरिनेछ ।<br>• संगठनात्मक संरचना अनुसार विद्युत जडान र मर्मत-सम्भार गर्न दक्ष जनशक्तिको व्यवस्था गरी प्रभावकारी परिचालन गरिनेछ ।<br>• घरयासी प्रयोजनमा अधिकतम ऊर्जा स्रोत प्रयोग गर्ने परिवारलाई पुरस्कारको व्यवस्था गरिनेछ । |
| | रणनीति २ का कार्यनीतिहरू<br>• गाउँपालिकाको ऊर्जा विकासका लागि गुरू योजना बनाइ लागु गरिनेछ<br>• निर्माण सम्पन्न भै सञ्चालनमा रहेका लघु तथा जलविद्युत योजनाहरूको मर्मत-सम्भार गरी भरपर्दो र दिगो बनाइनेछ ।<br>• ऊर्जा र सडक सञ्जाललाई अन्तरसम्बन्धित बनाइनेछ । |
| | रणनीति ३ का कार्यनीतिहरू<br>• ऊर्जा खपत र व्यवस्थापनका लागि सचेतना अभियानहरू सञ्चालन गरिनेछ<br>• सार्वजनिक संस्थाहरू जस्तै अस्पताल, विद्यालय, धार्मिक तथा पर्यटकीय स्थलमा नियमित उज्यालो व्यवस्थापनका लागि शौर्य ऊर्जा जडान गरिनेछ<br>• ऊर्जाको अधिकतम उपयोग गरी सहज जीवन यापनका लागि विशेष रणनीति अवलम्बन गरिनेछ । |

### ६.३.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू

**तालिका ३० जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा क्षेत्रको मुख्य कार्यक्रम तथा आयोजनाहरू**

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू लाखमा) | | | | | | दिविल संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आव. | तेस्रो आ.व. | चौथो आव. | पाँचौ आव. | जम्मा | | | |
| विद्युत सेवामा सतप्रतिशत जनताको पहुच अभिवृद्धि गर्ने | कार्यक्रम | १ | २० | २० | २० | २० | २० | १०० | ७ | ३ | ३ |
| प्रत्येक विद्यालय, स्वास्थ्य संस्था, सार्वजनिक कार्यालयमा २४ घण्टा विद्युत सेवा सुनिश्चित गर्ने | प्रतिशत | १०० | ४ | ४ | ४ | ४ | ४ | २० | ७ | ३ | ३ |
| शौर्य ऊर्जाको उत्पादन वृद्धि गरी उद्योग, लिफ्ट सिँचाइ र खानेपानीमा प्रयोग गर्ने | कार्यक्रम | ५ | ६ | ६ | ६ | ६ | ६ | ३० | ७ | ३ | ३ |
| परम्परागत पानी घट्टलाई सुधार तथा स्तरोन्नती कार्यक्रम | कार्यक्रम | २० | ४ | ४ | ४ | ४ | ४ | २० | ७ | ३ | ३ |
| फोहोर प्रशोधनबाट जैविक ऊर्जा उत्पादन गर्ने | संख्या | १ | १० | १० | १० | १० | १० | ५० | ७ | ३ | ३ |
| खाना बनाउन सुधारिएको र विद्युतीय ऊर्जा प्रयोगमा प्रोत्साहन गर्ने | प्रतिशत | ६० | १ | १ | १ | १ | १ | ५ | ७ | ३ | ३ |
| जम्मा | | | ४५ | ४५ | ४५ | ४५ | ४५ | २२५ | | | |

### ६.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान तथा जोखिम पक्ष

**तालिका ३१ *जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा क्षेत्रको नतिजा खाका***

| नतिजा तह | नतिजा | सूचक | इकाइ | आधार वर्ष २०८०।८१ | योजना अवधिको लक्ष्य | | | पुष्ट्याइको स्रोत | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | | |
| प्रभाव | नविकरणीय तथा वैकल्पिक ऊर्जाको उत्पादन र उपभोगमा क्षमता बढाइ वातावरणमैत्री दिगो, भरपर्दो र गुणस्तरीय स्वच्छ ऊर्जामा सबैको पहुँच अभिवृद्धि भएको हुनेछ । | विद्युतमा पहुँच पुगेको कुल जनसंख्या | प्रतिशत | ८८.८१ | ९० | ९५ | १०० | पूर्वाधार विकास शाखाको प्रतिवेदन | वित्तीय व्यवस्थापनमा कठिनाइ, बिकटता, पूर्वाधार विकासमा जटिलता, मर्मत-सम्भार र दिगोपना कायम गर्न कठिनाइ, ऊर्जा क्षेत्रको विकासमा धेरै बजेट चाहिने |
| | | वर्षैभरि विद्युत सेवा उपभोग गर्ने जनसंख्या | प्रतिशत | ६२.८२ | ९० | ९५ | १०० | | |
| असर | इन्धनको मुख्य स्रोतको रूपमा विद्युतलाई बनाइनेछ र विशेषगरी वैकल्पिक ऊर्जामा जोड दिइनेछ । | विद्युत उपभोग गर्ने परिवार | संख्या | ६२.८२ | | | १०० | | |
| | | वैकल्पिक ऊर्जामा संलग्न परिवार | संख्या | २५.९९ | ५० | ५५ | ६० | | |
| प्रतिफल | ऊर्जा क्षेत्रको संस्थागत संरचना तयार गरी दिगो र अधिकतम उपभोग गरिनेछ । | गाउँपालिकाको ऊर्जा नीति | संख्या | ० | ० | ० | २५ | | |
| | | ऊर्जा क्षेत्रमा काम गर्ने जनशक्ति | संख्या | ० | १ | १ | ३ | | |
| | | जनशक्तिको दक्षता तथा क्षेमता विकास | प्रतिशत | ० | २० | ५० | १०० | | |
| | उपलब्ध सम्पुर्ण ऊर्जा स्रोतको पहिचान गरी दिगो ऊर्जा स्रोत व्यवस्थापनका लागि काम गरिनेछ । | ऊर्जाका मुख्य स्रोतहरू | प्रकार | ० | २ | ३ | ३ | | |
| | | दिगोपनाको अवस्था | प्रतिशत | ५० | ६० | ७० | १०० | | |

| नतिजा तह | नतिजा | सूचक | इकाइ | आधार वर्ष २०८०।८१ | योजना अविधको लक्ष्य | | | पुष्ट्याइको स्रोत | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | | |
| | ऊर्जालाई बहुआयामिक क्षेत्रमा उपभोग गरिनेछ । | खानेपानीमा ऊर्जाको उपयोग | प्रतिशत | ० | २५ | ३० | ४० | | |
| | | सिँचाइमा ऊर्जाको उपयोग | प्रतिशत | ० | २५ | ३० | ४० | | |
| | | यातायातमा ऊर्जाको उपयोग | प्रतिशत | ० | २५ | ५० | ७० | | |
| | | खाना पकाउन ऊर्जाको उपयोग | प्रतिशत | ८८.८१ | ९० | ९५ | १०० | | |
| | | बत्ति बाल्न ऊर्जाको उपयोग | प्रतिशत | ० | ० | ० | २० | | |
| | | उद्योग व्यवसायमा ऊर्जाको उपयोग | प्रतिशत | ० | १० | २५ | ५० | | |

### ६.४ सूचना, सञ्चार तथा प्रविधि

#### ६.४.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ अनुसार राष्ट्रिय आवश्यकता अनुसार सूचना प्रविधिको विकास विस्तार गरी सर्वसाधारणको सहज सरल पहुँच सुनिश्चित गर्ने र सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने, नागरिकको व्यक्तित्व विकासका लागि सूचना केन्द्र तथा पुस्तकालयको स्थापना, प्रवर्द्धन गर्ने नीति राज्यले अंगिकार गरेको छ । १५ औं योजनाले सूचना प्रविधि तथा सञ्चार पूर्वाधार र वृहत सञ्जालीकरणलाई रूपान्तरणको प्रमुख सम्वाहकको रूपमा ग्रहण गरेको छ । सतप्रतिसत जनसंख्या आधुनिक सञ्चारको पहुँच भित्र आवद्ध हुने, सरकारी तथा निजी कारोवारहरूमा सञ्चार प्रविधिको उच्चतम प्रयोग भई सुशासन विकास गर्ने र समृद्धिमा सञ्चार क्षेत्रको उल्लेखनीय योगदान पुर्‍याउने, सुशासन कायमका लागि सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने, सञ्चार क्षेत्रमा सर्वसुलभ प्रविधिको उच्चाम प्रयोग गर्ने, संस्थागत क्षमता विकासका साथै एकीकृत डिजिटल सेवा प्रवर्द्धन गर्ने, डिजिटल नेपालको अवधारणालाई कार्यान्वयनमा ल्याउने परिकल्पना १५ औ योजनामा गरिएको छ ।

त्यसैगरी एफ.एम रेडियो (१०० बाट सम्मको) सञ्चालन, अनुमति, नवीकरण, खारेजी, नियमन गर्ने, सूचना तथा अभिलेख केन्द्र स्थापना तथा सञ्चालन गर्ने, स्थानीय अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको उपयोग गर्ने, स्थानीय तथ्याङ्क सङ्कलन, प्रशोधन गरी नवीनतम प्रविधियुक्त र सूचना प्रणालीमा आवद्धता गर्ने, स्थानीय क्षेत्रमा सूचना प्रविधिको विकास एवं प्रवर्द्धन गर्ने र संघ प्रदेशको कानुनको अधिनमा रही स्थानीय क्षेत्रभित्र इण्टरनेट सेवा, टेलिसेण्टर, केवुल तथा तारविहीन टेलिभिजन प्रणरणको अनुमिति, नवीकरण तथा नियमन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

#### ६.४.२ समस्या तथा चुनौती

सूचना, सञ्चार तथा प्रविधि क्षेत्रका मुख्य समस्याहरूमा सबै सामुदायिक विद्यालयहरूमा आइसिटिको सहज पहुँचको अभाव, सार्वजनिक स्थल, कार्यालयहरूमा सिसिटिभी जडान नभएको, अनलाइन मार्फत सार्वजनिक सेवाहरू प्रवाह हुन् नसकेको, सबै सूचना, तथ्याङ्कहरू डिजिटाइजेशन हुन् नसकेको आदि रहेका छन् भने मुख्य चुनौतीहरूमा गाउँपालिकाका अभिलेखहरूलाई प्रविधिमैत्री बनाउनु, सामाजिक सञ्जालको वृद्धि संगै वढ्दो, दुरूपयोगमा नियन्त्रण गर्नु, वढ्दो साइवर अपराधलाई नियन्त्रण गर्नु, आवश्यक जनशक्ति एवं प्राविधिक ज्ञानमा अभिवृद्धि ल्याउनु आदि रहेका छन् ।

#### ६.४.३ सम्भावना तथा अवसर

त्यसैगरी यस क्षेत्रका मुख्य सम्भावना र अवसरहरूमा डिजिटलाइन सेवा प्रवाह स्थापित गर्न सकिने, सूचना प्रविधिमा निजी क्षेत्रको लगानी वृद्धि गर्न सकिने, सार्वजनिक सेवा प्रवाहहरू क्रमिक रूपमा अनलाईन तथा प्रविधिमैत्री हुँदै गएको, सूचना सञ्चार क्षेत्रमा युवाहरूको आकर्षण वढ्दो । यस सम्बन्धी सफ्टवेयर विकास गरी निकासमा अभिवृद्धि गर्न सकिने र रोजगारिता सिर्जना एवं आय आर्जनको मुख्य स्रोतको रूपमा विकास गर्न सकिने र वेबसाइट, मोवाइल एप्स जस्ता प्रविधिबाट गाउँपालिकाका सूचनाहरू नागरिक समक्ष पुर्‍याउन एवं जानकारी गर्न सहज भएको आदि विषयहरू पहिचान भएका छन् ।

#### ६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

| | |
|---|---|
| लक्ष्य | डिजिटल स्थानीय शासन सञ्चालन भएको हुनेछ |
| उद्देश्य | १ सूचना तथा सञ्चारका प्रविधिलाई विस्तार गर्दै गुणस्तरीय एवं भरपर्दो बनाउनु<br>२ सूचना तथा सञ्चार प्रविधि उपयोग गर्दै विद्युतीय सुशासन प्रवर्द्धन गर्नु |

| | |
|---|---|
| रणनीतिहरू | १ सूचना तथा सञ्चार प्रविधिका पूर्वाधारहरू विस्तार एवं निर्माण गर्ने<br>२ आइसिटि सेवाहरूलाई विस्तार गर्दै उपलब्धतामा सहजता ल्याउने<br>३ सार्वजनिक सेवाहरूलाई अनलाईन गर्दै आइसिटिको उपयोगमा वृद्धि ल्याउने |
| कार्यनीतिहरू | रणनीति १ कार्यनीति<br>• मोवाइल नेटवर्क कभरेजमा गुणस्तरीयता ल्याउन मोवाइल टावरहरू थप एवं विस्तार गर्न नेपाल टेलिकम एवं सेवा प्रदायक संस्थाहरूसँग समन्वय गरिनेछ ।<br>• फाइवर केवल विस्तारलाई जोड दिदै इण्टरनेट सेवा प्रदायकहरूलाई प्रोत्साहित गरिनेछ ।<br>• आइसिटि नेटवर्कसँग सम्वन्धित राउटर, स्विच, फाइरवाल, लोडव्यालेन्स लगायतका उपकरण |
| | रणनीति २ का कार्यनीतिहरू<br>• घर, कार्यालय लगायतका क्षेत्रहरूमा आइसिटीबाट लाभान्वित हुने व्यवस्था मिलाइनेछ ।<br>• स्वास्थ्य चौकी, सुरक्षा चौकी, दमकल, एम्वुलेन्स जस्ता सार्वजनिक एवं संवेदनशील क्षेत्रहरूमा वढी क्षमताको इण्टरनेट सेवा निःशुल्क उपलब्ध गराइनेछ ।<br>• विद्यालयहरूमा आइसिटिलाई प्रभावकारी बनाउदै ई-पुस्तकालय, ई-हाजिरी, सिसिटिभी, डिजिटल वोर्ड, अनलाइन कक्षाको व्यवस्था मिलाइनेछ । |
| | रणनीति ३ का कार्यनीतिहरू<br>• गाउँपालिकाको खरिद प्रक्रिया, राजस्व सङ्कलन, नक्सापास लगायतका सेवाका लागि बेग्लाबेग्लै कम्प्युटर सफ्टवेयर निर्माण गरी सेवामा सहजता एवं पारदर्शी बनाइनेछ।<br>• मोवाइल एप्स निर्माण एवं अद्यावधिक गर्दै गाउँपालिकाका सबै गतिविधिहरू प्रवाह गरिनेछ ।<br>• गाउँपालिकाको वेबसाइटलाई अद्यावधिक गर्दै सूचनाहरू नियमित रूपमा सूचना तथा प्रकाशनहरू अपलोड गर्ने, स्वत प्रकाशन, सूचना माथिको हकलाई सुनिश्चित गरिनेछ । |

### ६.४.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू

**तालिका ३२ सूचना सञ्चार तथा प्रविधि क्षेत्रको मुख्य कार्यक्रम तथा आयोजनाहरू**

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू लाखमा) | | | | | | दिविल संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आव. | तेस्रो आ.व. | चौथो आव. | पाँचौ आव. | जम्मा | | | |
| गाउँपालिका र वडा कार्यालयबाट इ-शासन सचालन | कार्यक्रम | १ | १६ | १६ | १६ | १६ | १६ | ८० | १६ | ३ | ३ |
| ५० प्रतिशत घरमा इन्टरनेट सेवा पुर्‍याउने | प्रतिशत | ५० | ४ | ४ | ४ | ४ | ४ | २० | १६ | ३ | ३ |
| प्रत्येक कार्यालायमा सफ्टवयर सिस्टमको विकास | प्रतिशत | १०० | १० | १० | १० | १० | १० | ४० | १६ | ३ | ३ |
| गाउँपालकाको वृत्तचित्र निर्माण | संख्या | १ | ० | ० | १० | ० | १० | २० | १६ | ३ | ३ |
| नयाँ प्रविधि प्रयोग गर्न तालिम कार्यक्रमहरू सञ्चालन | सख्या | ५ | १० | १० | १० | १० | १० | ५० | १६ | ३ | ३ |
| जम्मा | | | ४० | ४० | ५० | ४० | ५० | २२० | | | |

### ६.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान तथा जोखिम पक्ष

**तालिका ३३ सूचना सञ्चार तथा प्रविधि क्षेत्रको नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाइ | आधार वर्षको २०८०।८१ | योजना अविधको लक्ष्य | | | पुष्ट्याइको स्रोत | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौं वर्ष | | |
| प्रभाव | डिजिटल स्थानीय शासन सञ्चालन भएको हुनेछ । | दिगो इन्टरनेट सेवामा पहुँच जनसंख्या | प्रतिशत | ७ | २५ | ५० | १०० | पूर्वाधार विकास शाखाको प्रतिवेदन | वित्तीय व्यवस्थापनमा कठिनाइ, बिकटता, पूर्वाधार विकासमा जटिलता, मर्मत-सम्भार र दिगोपना कायम गर्न कठिनाइ, इन्टरनेट सेवा प्रयोग गर्न ज्ञान र सीपको अभाव |
| | | गाउँपालिकाको सेवाबाट सन्तुष्ट जनसंख्या | प्रतिशत | ० | ३० | ५० | १०० | | |
| असर | गाउँपालिकामा इ-शासन सञ्चालन गरिनेछ । | गाउँपालिकाको इ शासनबाट लाभान्वित सेवाग्राही | प्रतिशत | ० | २० | ३० | ५० | | |
| | | गाउँपालिकाको कार्यसम्पादनको उत्कृष्टता | प्रतिशत | ६० | ७० | ८० | ९० | | |
| प्रतिफल | सूचना प्रविधिका लागि पूर्वाधार विकास (टावर निर्माण, अप्टिकल फाइवर विस्तार) गरिनेछ । | प्रविधिले कभर गरेको क्षेत्र | प्रतिशत | ९५ | ९६ | ९७ | १०० | | |
| | | प्रविधि प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ७ | २० | ३० | १०० | | |
| | विद्यालय र सार्वजनिक क्षेत्रमा प्रविधिको प्रयोग गरी सेवा प्रवाह सहज बनाइनेछ । | प्रविधिको प्रयोग गर्ने विद्यालय संख्या | प्रतिशत | १ | २५ | ५० | १०० | | |
| | | प्रविधिको प्रयोग गर्ने सार्वजनिक संस्थाहरू | | ० | १० | १० | १० | | |
| | गाउँपालिकाको वेबसाइट लाई सर्वसाधारणको पहुँचमा पुर्याइ सबैजसो सूचनाहरू वेबसाइटमा राखिनेछ । | वेबसाइट भिजिट गर्ने सदस्यहरू | संख्या | ० | २५ | ५० | ७० | | |
| | | वेबसाइटमा राखिएको सूचना प्राप्त गरी प्रतिकृया दिने व्यक्तिहरू | संख्या | ० | २५ | ५० | ८० | | |

स्थानीय तह योजना तर्जुमा दिग्दर्शन, २०७८ अनुसार वन, वातावरण तथा विपद् व्यवस्थापनका लागि प्रमुख क्षेत्रका रूपमा वन तथा जैविक विविधता, भू तथा जलाधार व्यवस्थापन, वातावरण तथा फोहोर व्यवस्थापन, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन रहेका छन् । उपरोक्त प्रमुख क्षेत्रहरूको विद्यमान अवस्था, समस्या तथा चुनौतीहरूको विश्लेषण गरी आगमी ५ वर्षका लागि लक्ष्य, उद्देश्य एवं लक्ष्य परिमाण निर्धारण गरिएको छ र सोको प्राप्तिका लागिअवलम्बन गर्नुपर्ने रणनीति तथा कार्यनीति एवं प्रमुख कार्यक्रमहरूको तर्जुमा भएका छन् ।

## ७.१ वन तथा जैविक विविधता

### ७.१.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ अनुसार वन, वन्यजन्तु, पंक्षी, वनस्पती तथा जैविक विविधताको संरक्षण, संवर्द्धन र दिगो उपयोग गर्ने, प्रकृति, वातावरण वा जैविक विविधता माथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरण प्रभाव निर्मूल वा न्यून गर्ने, उपयुक्त उपायहरू अवलम्वन गर्ने नीति राज्यले ग्रहण गरेको छ । १५ औं राष्ट्रिय योजनाले प्राकृतिक स्रोतको संरक्षण गर्ने र परिचालनलाई दीर्घकालीन राष्ट्रिय रणनीतिका रूपमा ग्रहण गरेको छ । जैविक विविधताको संरक्षण गर्दै गुणात्मक पर्यटनको गन्तव्य स्थानको रूपमा विकास गर्ने, संरक्षणमुखी सोचमा आधारित वन व्यवस्थापन र सोबाट प्राप्त लाभको समन्यायिक बाँडफाँड गर्ने, कृषिवनको अत्याधिक प्रयोगबाट जलाधार व्यवस्थापन तथा पर्यावरणीय पद्धति संरक्षण गर्ने, कृषिको उत्पादकत्वमा वृद्धि गर्ने, वनजन्य तथा जडीबुटीको उत्पादनमा वृद्धि भई निर्यात र रोजगारी सिर्जना गर्ने परिकल्पना १५ औं योजनामा गरिएको छ ।

त्यसैगरी संघ तथा प्रदेशको कानुनको अधिनमा रही स्थानीय स्तरमा सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती, साझेदारी वनको संरक्षण, संवर्द्धन,उपयोग गर्ने, वन उपभोक्ता समूहको व्यवस्थापन गर्ने, वन प्रवर्द्धन गर्ने, सार्वजनिक खाली जग्गा पाखा वा क्षेत्रहरूमा वृक्षारोपण गर्ने, सम्भार, उपयोग, व्यवस्थापन गर्ने, नदी किनार तथा उकासमा, नहर तथा सडक किनारमा वृक्षारोपण गर्ने, जडीबुटी तथा गैरकाष्ठ वन पैदावर सम्बन्धी सर्वेक्षण गर्ने, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन, बजार व्यवस्थापन गर्ने, वनबिउ बगैंचा स्थापना, व्यवस्थापन तथा प्रवर्द्धन गर्ने, नर्सरी स्थापना गर्ने, विरूवा उत्पादन, वितरण, रोपण तथाप्रवर्द्धन गर्ने, वन्यजन्तु एवं चराचुरूङ्गीको अभिलेखन, संरक्षण, व्यवसायिक पालन, उपयोग, अनुगमन गर्ने, मानव तथा वन्यजन्तु वीचको द्वन्द्व व्यवस्थापन गर्ने, वन्यजन्तु पर्यटन तथा आयआर्जन गर्ने, रैथाने प्रजातिको संरक्षण तथा प्रवर्द्धन गर्ने एवं मिचाहा प्रजातिको नियन्त्रण गर्ने, जैविक विविधताको अभिलेखीकरण र हरियाली प्रवर्द्धन गर्ने जस्ता कार्यहरू स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

### ७.१.२ समस्या तथा चुनौती

वन तथा जैविक विविधता क्षेत्रमा विशेषगरी वनक्षेत्र क्रमिक रूपमा अतिक्रमणमा पर्दै, खुल्ला एवं खाली सार्वजनिक क्षेत्रहरूमा वृक्षारोपण नभएको, बहुमूल्य जडीबुटीहरूको पहिचान, संरक्षण र प्रवर्द्धन नभएको, वन जङ्गलको दिगो सदुपयोग गर्दै जीविकोपार्जनका लागि आयमूलक कार्यमा उपयोग गर्न नसक्नु, पूर्वाधार विकास र वन जङ्गलबीच सन्तुलन कायम हुन् नसक्नु आदि रहेका छन् भने मुख्य चुनौतीहरूमा वन तथा जैविक विविधताको संरक्षण गर्नु, मिचाहा प्रजातिको वढोत्तरीबाट रैथानी प्रजातिहरूको संरक्षण गर्नु, मानव र वन्यजन्तु वीचको द्वन्द्व न्यूनीकरण गर्नु र वन्यजन्तुहरूको आहार व्यवस्थापन गर्नु आदि रहेका छन् ।

### ७.१.३ सम्भावना तथा अवसर

त्यसैगरी मुख्य सम्भावना तथा अवसरहरूमा यस क्षेत्रमा धार्मिक एवं सामुदायिक वन क्षेत्र उपभोक्ताहरूकै संरक्षकत्वमा जिम्मेवारी दिनु, कुरिलो लगायतका जडीबुटीहरूको व्यवसायिक खेती गर्न सकिने, वन्यजन्तु, चराचुरूङ्गी, वनसम्पदा, जैविक विविधता सम्मिश्रण गर्न सकिने, गैरकाष्ठ वन पैदावरमा आधारित उद्योग, व्यवसाय सञ्चालन गर्न सकिने आदि रहेका छन् ।

### ७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

| | |
|---|---|
| लक्ष्य | वन विकास र जैविक विविधताको दिगो संरक्षण एवं संवर्द्धन भएको हुनेछ । |
| उद्देश्य | १.जैविक विविधता तथा वन्य जीवजन्तुहरूको दिगो संरक्षण गर्दै पारिस्थितिकीय प्रणाली कायम राख्नु<br>२. वनक्षेत्रको विस्तार गर्दै बहुमूल्य जडीबुटीहरूको व्यवसायिक खेतीलाई आयआर्जनको मुख्य स्रोतको रूपमा विकास गर्नु |
| रणनीतिहरू | १. जैविक विविधताको संरक्षण, संवर्द्धन एवं प्रवर्द्धन गर्ने<br>२. वन क्षेत्रलाई दिगो तथा वैज्ञानिक व्यवस्थापन गर्ने<br>३. वनक्षेत्रलाई विकास विस्तार गर्दै उत्पादनमुखी बनाउने एवं गैरकाष्ठ वन पैदावरको दिगो उपयोग गर्दै आयआर्जनको स्रोतको रूपमा विकास गर्ने |
| कार्यनीतिहरू | रणनीति १ कार्यनीतिहरू<br>• वन तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, ऐन नियम तथा कानुनहरू वनाई जैविक विविधताको संरक्षण गरिनेछ ।<br>• सामुदायिक वन उपभोक्ता समूह मार्फत समुदायमा जैविक विविधता, वन क्षेत्रको संरक्षण सम्बन्धी चेतनामा अभिवृद्धि गरिनेछ ।<br>• लोपोन्मुख चराचुरूङ्गी एवं वन्यजन्तुहरूको वासस्थान संरक्षण, जङ्गल क्षेत्रमा आहार व्यवस्थापन, एवं चोरी शिकारीलाई नियन्त्रण गरिनेछ ।<br>• जैविक विविधतालाई पर्यटन प्रवर्द्धनसँग जोड्दै पर्यटन क्षेत्रको रूपमा विकास गरिनेछ । |

| | |
|---|---|
| | रणनीति २ का कार्यनीतिहरू<br><br>• मिचाहा प्रजातिको नियन्त्रण, नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण जस्ता क्रियाकलापहरू सञ्चालन गरिनेछ ।<br>• चरनका लागि निश्चित क्षेत्रहरू निर्धारण गरी छाडा चरिचरन, वन अतिक्रमण जस्ता क्रियाकलापहरूलाई नियन्त्रण गर्दै दण्ड जरिवानाको व्यवस्था गरिनेछ।<br>• सामुदायिक वन उपभोक्ता समूह तथा महिला समूहहरूको वैज्ञानिक वन व्यवस्थापनमा क्षमता वृद्धि गर्दै वन क्षेत्रको दिगो संरक्षण गरिनेछ ।<br>• वन क्षेत्रमा फलफूल लगायतका वोट-विरूवाहरूको रोपण गरी हरियाली विकास गरिनेछ । |
| | रणनीति ३ का कार्यनीतिहरू<br><br>• वनमा आधारित उपभोक्ता समूहसंगको सहकार्यमा गैरकाष्ठ वन पैदावर सङ्कलन, प्रशोधन केन्द्रहरू सञ्चालन गरिनेछ ।<br>• गैरकाष्ठ वन पैदावर तथा स्थानीय जडीबुटीहरूको व्यवसायिक खेती तथा उद्यमशीलता विकास गर्दै उत्पादित सामानहरूको मूल्य श्रृङ्खला अभिवृद्धि गर्दै बजारको विस्तार एवं प्रवर्द्धन गरिनेछ ।<br>• स्थानीय जडीबुटीहरूको वौद्धिक सम्पत्ति संरक्षण तथा व्यापार चिन्हहरू दर्ता गरी निकासी बजार प्रवर्द्धन गरिनेछ ।<br>• सम्भाव्यताका आधारमा कृषि-वनको व्यवसायिक खेतीका लागि महिला, विपन्न, सीमान्तकृत एवं दलित वर्ग समुदायलाई प्रोत्साहित गरिनेछ । |

### ७.१.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू

तालिका ३४ वन तथा जैविक विविधता क्षेत्रको मुख्य कार्यक्रम तथा आयोजनाहरू

| कार्यक्रमहरू | एकाइ | योजना को कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू लाखमा) | | | | | | दिविल संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आव. | तेस्रो आ.व. | चौथो आव. | पाँचौ आव. | जम्मा | | | |
| डाँडाहरूमा वृक्षारोपण र हरियाली प्रवर्द्धन | कार्यक्रम | १ | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ | ३ | २ |
| जैविक विविधताको संरक्षण तथा थप विस्तार NTFP नर्सरी व्यवस्थापन | कार्यक्रम | १ | ४ | ४ | ४ | ४ | ४ | २० | १५ | ३ | २ |
| वन क्षेत्र विस्तार | कार्यक्रम | १ | ५ | ५ | ५ | ५ | ५ | २५ | १५ | ३ | २ |
| चरिचरनलाई व्यवस्थित गर्ने | संख्या | १ | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ | ३ | २ |
| बाटो, पार्क र नदी किनारमा हरियाली प्रवर्द्धन | सख्या | १ | ४ | ४ | ४ | ४ | ४ | २० | १५ | ३ | २ |
| जलाधार क्षेत्र संरक्षण पानी पुर्नभरण पोखरी निर्माण | संख्या | ३६ | ० | १० | १० | १० | १० | ४० | १५ | ३ | २ |
| जम्मा | | | १९ | २९ | २९ | २९ | २९ | १३५ | | | |

## ७.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान तथा जोखिम पक्ष

**तालिका ३५ वन तथा जैविक विविधता क्षेत्रको नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाइ | आधार वर्षको २०८०।८१ | योजना अवधिको लक्ष्य | | | पुष्ट्याइको स्रोत | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | | |
| प्रभाव | वन विकास र जैविक विविधताको दिगो संरक्षण एवं संवर्द्धन भएको हुनेछ | वन क्षेत्र | प्रतिशत | ३० | ४० | ४५ | ५० | वन, वातावरणा तथा विपद व्यवस्थाप शाखाको प्रतिवेदन | वित्तीय व्यवस्थापनमा कठिनाइ, बिकटता, पूर्वाधार विकासमा जटिलता, वन सम्बन्धि कानुनी जटिलता |
| असर | वनक्षेत्रको विस्तार गर्दै बहुमूल्य जडीबुटीहरूको व्यवसायिक खेतीलाई आयआर्जनको मुख्य स्रोतको रूपमा विकास गरिनेछ | जडिबुटी प्रशोधन केन्द्र | संख्या | ० | १ | १ | १ | | |
| प्रतिफल | जैविक विविधताको संरक्षण, संवर्द्धन एवं प्रवर्द्धन गरिनेछ | वन नीति | मिति | ० | ० | ० | १ | | |
| | | सचेतना अभियान | संख्या | ० | १ | १ | १ | | |
| | | वन्यजन्तु तथा पंक्षी संरक्षण | रणनीति | ० | १ | ० | ० | | |
| | | वन पर्यटन विकास | प्रगति | | | | | | |
| | वन क्षेत्रलाई दिगो तथा वैज्ञानिक व्यवस्थापन गरिनेछ | बृक्षारोपण | संख्या | ० | १००० | २०० | ५०० | | |
| | | हरियाली प्रवर्द्धन | प्रतिशत | ४० | ५० | १०० | १०० | | |
| | | सामुदायिक वन व्यवस्थापन | संख्या | १० | २ | २ | २ | | |

| नतिजा तह | नतिजा | सूचक | इकाइ | आधार वर्षको २०८०।८१ | योजना अविधको लक्ष्य | | | पुष्ट्याइको स्रोत | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | | |
| | वनक्षेत्रलाई विकास विस्तार गर्दै उत्पादनमुखी बनाउने एवं गैरकाष्ठ वन पैदावरको दिगो उपयोग गर्दै आयआर्जनको स्रोतको रूपमा विकास गरिनेछ | गैरकाष्ठ वन पैदावर सङ्कलन, प्रशोधन केन्द्रहरूको संख्या | संख्या | ० | १ | १ | १ | | |
| | | गैरकाष्ठ वन पैदावर तथा स्थानीय जडीबुटीहरूको व्यवसायिक खेती संख्या | संख्या | ० | १ | १ | १ | | |
| | | स्थानीय जडीबुटीहरूको व्यापार चिन्हहरू दर्ता संख्या | संख्या | ० | १ | १ | १ | | |
| | | कृषि-वनको व्यवसायिक खेतीका लागि महिला, विपन्न, सीमान्तकृत एवं दलित वर्ग समुदायको सहभागिता | प्रतिशत | ० | २० | ३० | ४० | | |

## ७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

नेपाल संविधान, २०७२ अनुसार राज्यले जल उत्पन्न प्रकोप नियन्त्रण गर्ने, नदीको व्यवस्थापन गर्ने, जलस्रोतको बहुपउयोगी विकास गर्ने नीति अंगिकार गरेको छ । नदी किनारहरूमा बाढी-पहिरो नियन्त्रण र व्यवस्थापन गर्ने, एकीकृत जलाधार व्यवस्थापन गर्ने, जलवायु परिवर्तनबाट जलस्रोतको उपलब्धता र उपयोगमा पार्ने प्रभाव न्यून गर्ने, पर्यावरणीय सन्तुलनमा सुधार गर्ने परिकल्पना १५ औं राष्ट्रिय योजनाले गरेको छ । त्यसैगरी जलाधार संरक्षण, पानी मुहानहरूको संरक्षण गर्ने, ढुङ्गेधारा, कुवा, सीमसार, नदी किनार र उकास क्षेत्र लगायतका भूसंरक्षण तथा जलाधार क्षेत्रको संरक्षण गर्ने जिम्मेवारीहरू स्थानीय सरकारको कार्यक्षेत्रभित्र राखिएको छ।

### ७.२.२ समस्या तथा चुनौती

भू तथा जलाधार क्षेत्रका मुख्य समस्याहरूमा पहिरो एवं भू-क्षयको प्रकोप वढ्दो, पहिरो नियन्त्रणका प्रयासहरूमा प्रभावकारीताको अभाव, ठाडो, भिरालो क्षेत्रका मलिलो माटोलाई वर्षातको पानीले वगाइ दिने, भिरालो जग्गाको नियन्त्रणका लागि भएका प्रयासहरू अपुग, ठाडो भिरालो क्षेत्रहरूमा बायो-इन्जिनियरिङ प्रविधि प्रयोगमा नआउनु र नदीखोलाबाट वालुवा जथाभावी उत्खनन आदि रहेका छन् भने प्रमुख चुनौतीहरूमा संवेदनशील क्षेत्रहरूको व्यवस्थापन तथा बस्तीहरूको संरक्षण गर्नु , कमजोर भू-बनौट भएकोले पहिरो नियन्त्रण गर्नु, धनजन एवं वालीनालीमा हुँदै आएको क्षति न्यूनीकरण गर्नु, पीडित पक्षलाई तत्काल राहतको व्यवस्था गर्नु र जलाधार तथा पानीका मुहानहरू सुक्दै गएकोले तिनको दिगो संरक्षण गर्नु आदि रहेका छन् ।

### ७.२.३ सम्भावना तथा अवसर

त्यसैगरी मुख्य सम्भावना र अवसरहरूमा कृषियोग्य भूमिका नियमित रूपमा सिँचाइ उपलब्ध हुन सक्ने र कृषि उत्पादन र उत्पादकत्वमा अभिवृद्धि ल्याउन सकिने, नदी खोलाको पानीलाई निश्चित अवधिसम्म पानी ट्याङ्कीमा सङ्कलन गरी प्रशोधन गर्दै खानेपानी आयोजना सञ्चालन गर्न सकिने, खोला किनार एवं नजिकका क्षेत्रहरूमा मत्स्यपालन व्यवसाय ठूलो स्तरमा सञ्चालन गर्न सकिने, झरना, पौडीपोखरी, स्नानकुण्ड आदिको निर्माणबाट आन्तरिक पर्यटन प्रवर्द्धन गर्न सकिने, कृषि-वनको व्यवसायिक खेती सञ्चालन गर्न सकिने, वर्षातको पानी सङ्कलनबाट सुख्खा हुँदै गएको भूमिगत सतहलाई पुर्नभरण गर्न सकिने र जलाधार क्षेत्रहरू, पानी मुहान, झरना, ताल तलैया, पोखरी तथा सीमासार क्षेत्रहरू भएकोले पर्यटन प्रवर्द्धन एवं आयमूलक उद्योग व्यवसायहरू सञ्चालन गर्न सकिने आदि रहेका छन् ।

### ७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

| | |
|---|---|
| लक्ष्य | दिगो व्यवस्थापनबाट भू तथा जलाधार क्षेत्रको संरक्षण र संवर्द्धन भएको हुने |
| उद्देश्य | १. बाढी-पहिरोबाट हुने क्षतिमा न्यूनीकरण ल्याउदै भूक्षयलाई रोकथाम तथा नियन्त्रण गर्नु<br>२. जलस्रोत क्षेत्रहरूको संरक्षण, संवर्द्धन गर्दै जलस्रोतबाट आयआर्जनको स्रोत बनाउनु |
| रणनीतिहरू | रणनीतिहरू<br>१. बाढी-पहिरो तथा भू-क्षय नियन्त्रण तथा रोकथाम गर्ने<br>२. भू-संरक्षण एवं संवर्द्धन गर्ने<br>३. जलस्रोतको दिगो संरक्षण, संवर्द्धन गर्ने<br>४. जलस्रोतहरूलाई बहुउपयोगी बनाउदै आयस्रोतको रूपमा विकास गर्ने |

रणनीति १.१ को पहिरो तथा भू-क्षय नियन्त्रण गर्दै क्षति न्यूनीकरण अन्तर्गका कार्यनीतिहरू

- भू-क्षय, बाढी-पहिरो प्रभावित क्षेत्रहरू पहिचान गर्दै नक्साङ्कन गरिनेछ ।
- भिरालो जमिन, खोल्साखाल्सी, पहिरो तथा भूक्षय क्षेत्रहरूमा बाँस, वाबियो, अम्रिसो रोपण गर्दै बायोइन्जिनियरिङ प्रविधिबाट भू-क्षयलाई नियन्त्रण गरिनेछ ।
- जथाभावी सडक निर्माण गर्ने, भौतिक पूर्वाधार तथा संरचनाहरू निर्माण गर्ने, वनविनास गर्ने जस्ता कार्यहरूलाई पूर्णत निरूत्साहित एवं निषेध गरिनेछ ।
- अति संवेदनशील क्षेत्रका बस्तीलाई सुरक्षित क्षेत्रमा स्थानान्तरण गर्दै सम्भावित क्षतिबाट सुरक्षित राखिनेछ ।
- संवेदनीशल क्षेत्र तथा भू-क्षय प्रभावित क्षेत्र नजिकका बस्तीहरूमा आपतकालीन अवस्था वारे जानकारीका लागि पूर्वसूचना दिने मेसिन उपकरणहरू जडान गरी सम्भावित क्षतिलाई न्यूनीकरण गरिनेछ ।

रणनीति १.२ को भू-संरक्षण एवं संवर्द्धन गर्ने अन्तर्गतका कार्यनीतिहरू

- भू-उपयोग योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
- ठाडो एवं भिरालो भूभागमा आइ.इ.इ, इआइए जस्ता वातावरणीय लगायत भौगोलिक अवस्थाका वारेमा विस्तृत अध्ययन पश्चात मात्रै भौतिक संरचनाहरू निर्माण गरी त्यस्ता भूभागहरूको संरक्षण गरिनेछ ।
- वर्षातको भलपानीको भण्डारण, सडक छेउ नाली निर्माण, रिचार्ज पोखरी निर्माण, हरियोहारको व्यवस्थापन एवं गरासुधार जस्ता कार्यबाट भूमिको दिगो संरक्षण गरिनेछ ।
- भिरालो भूमिमा अव्यवस्थित बस्तीहरू तथा जग्गा प्लटिङ गरी बस्ती विस्तार गरिने अभ्यासलाई निरूत्साहित गरिनेछ ।
- जमिनको भित्री सतह सुख्खा हुन् गई पानीको मुहान सुक्ने र जमिन समेत भासिने हुँदा स्वीकृतिविना र अव्यवस्थित एवं जथाभावी निर्माण हुने डिपवोरिङ गर्ने अभ्यास माथि नियन्त्रण गरिनेछ ।

रणनीति २.१ को जलस्रोतको दिगो संरक्षण, संवर्द्धन अन्तर्गतका कार्यनीतिहरू

- गाउँपालिका क्षेत्रभित्र जलस्रोत तथा जलाधार क्षेत्रको अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन, अभिलेखीकरण, नियमन एवं संरक्षण गरिनेछ । यसका लागि जलाधार संरक्षण ऐन, कानुनहरू निर्माण गरिनेछ ।
- पानीमुहान, पानीपोखरी, सीमसार, तालतलैया लगायतका स्रोतहरूको क्षेत्राधिकार निर्धारण गरी अतिक्रमणलाई नियन्त्रण गर्दै आवश्यकताका आधारमा तारवार, पर्खाल, रिटेनिङवाल, वृक्षारोपण एवं रिचार्जपोखरीहरू निर्माण गरी संरक्षण एवं संवर्द्धन गरिनेछ
- पानीमुहान, पोखरी, तालतलैया, खोलामा पानीको मात्रा यथेष्ट र स्थिर राख्न अध्ययनका आधारमा जलाशयहरू निर्माण गरिनेछ र वर्षातको पानी सञ्चय गरी पानी भरण गर्ने भूमिगत सतह पानी पुर्नभरण गर्ने व्यवस्था मिलाइनेछ ।

| | |
|---|---|
| | • नदी तथा खोला किनारामा तटवन्ध निर्माण गरिनेछ । ठूला प्रकृतिका वर-पिपल लगायतका रूखहरू वृक्षारोपण गरी नदी खोला किनारमा हुने भूक्षयलाई न्यूनीकरण गरिनेछ ।<br>• स्थानीय समुदायसँग सहकार्य गर्दै उद्योग कलकारखाना एवं शहर-बजारबाट निष्कासित दुषित पानी, ढल निकास, फोहोरमैला फाली जलस्रोतहरू प्रदूषण गर्ने अभ्यासलाई नियन्त्रण गरी जलस्रोतहरूको संरक्षण एवं संवर्द्धन गरिनेछ । |
| | रणनीति २.२ को जलस्रोतलाई बहुउपयोगी बनाउने आयआर्जनको रूपमा विकास गर्ने अन्तर्गतका कार्यनीतिहरू<br>• नदी तथा खोला किनार तथा नदी उकास क्षेत्रमा व्यवसायिक रूपमा कृषि-वन खेती गर्न स्थानीयहरूलाई प्रोत्साहित गर्दै आवश्यक सहयोग उपलब्ध गराइनेछ ।<br>• सम्भाव्यताका आधारमा गाउँपालिकाका विभिन्न क्षेत्रहरूमा पानीपोखरी, पानीट्याङ्की निर्माण गरी कृषि भूमिमा नियमित सिँचाइको व्यवस्था मिलाइनेछ ।<br>• निजी तथा सहकारी क्षेत्रसँग सहकार्य गर्दै गाउँपालिका क्षेत्रभित्रका जलाधारमा झरना, पौडीपोखरी, स्नानकुण्ड एवं मनोरञ्जन पार्कहरू निर्माण गरी आन्तरिक पर्यटकीय क्षेत्रको रूपमा विकास गरिनेछ ।<br>• निजी तथा सहकारी क्षेत्रसँग सहकार्य गर्दै वर्षाको पानी भण्डारण, नदी खोलाबाट स-साना जलाशय निर्माण गरी सङ्कलित पानीलाई प्रशोधनको व्यवस्था मिलाई खानेपानी आयोजनाहरू सञ्चालन गरिनेछ ।<br>• मत्स्यपालनलाई व्यवसायिक सञ्चालन गर्न प्रोत्साहित गरिनेछ । यसका लागि खुल्ला क्षेत्र एवं पानी आपूर्तिको व्यवस्था मिलाइनेछ । |

### ७.२.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू

**तालिका ३६ भूसंरक्षण तथा जलाधार व्यवस्थापन क्षेत्रको मुख्य कार्यक्रम तथा आयोजनाहरू**

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू लाखमा) | | | | | | दिविल संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आव. | तेस्रो आ.व. | चौथो आव. | पाँचौ आव. | जम्मा | | | |
| सिंचाइ तथा साना बाँध निर्माण कार्यक्रम | संख्या | १० | ३९ | ३९ | ३९ | ३९ | ३९ | १९५ | १२ | ३ | १ |
| भू-स्खलन नियन्त्रण तथा पहिरो रोकथाम कार्यक्रम | संख्या | १० | ३० | ३० | ३० | ३० | ३० | १५० | १२ | ३ | १ |
| पानीको स्रोत स्वच्छता अभियान र पानी पोखरी निर्माण | कार्यक्रम | १ | ३ | ३ | ३ | ३ | ३ | १५ | १२ | ३ | १ |
| जैविक भूसंरक्षण तथा नदीतट बृक्षारोपण कार्यक्रम | संख्या | ५००० | ७ | ७ | ७ | ७ | ७ | ३५ | १२ | ३ | १ |
| बाढी-पहिरो पूर्वसूचना प्रणाली जडान | सख्या | २ | ५ | ५ | ५ | ५ | ५ | २५ | १२ | ३ | १ |
| जलाधार क्षेत्र जल स्रोत संरक्षण तथा पुनःस्थापना कार्यक्रम | संख्या | ३६ | ० | १० | १० | १० | १० | ४० | १२ | ३ | १ |
| जम्मा | | | ८४ | ९४ | ९४ | ९४ | ९४ | ४६० | | | |

### ७.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान तथा जोखिम पक्ष

**तालिका ३७ भूसंरक्षण तथा जलाधार व्यवस्थापनक्षेत्रको नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाइ | आधार वर्षको २०८०।८१ | योजना अविधको लक्ष्य | | | पुष्ट्याइको स्रोत | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | | |
| प्रभाव | दिगो व्यवस्थापनबाट भू तथा जलाधार क्षेत्रको संरक्षण र संवर्द्धन भएको हुने | जलाधारको संरक्षण र भुक्षय नियन्त्रण | प्रतिशत | ० | २० | ४० | ८० | वन, वातावरणा तथा विपद व्यवस्थाप शाखाको प्रतिवेदन | वित्तीय व्यवस्थापनमा कठिनाइ, बिकटता, पूर्वाधार विकासमा जटिलता, वातावरण क्षेत्र प्राथमिकतामा नपर्नु |
| असर | बाढी-पहिरोबाट हुने क्षतिमा न्यूनीकरण ल्याउँदै भूक्षयलाई रोकथाम तथा नियन्त्रण हुने | भुक्षय नियन्त्रण | प्रतिशत | ० | २० | ४० | ८० | | |
| प्रतिफल | बाढी-पहिरो तथा भू-क्षय नियन्त्रण तथा रोकथाम गरिने | आइइइ, इआइए जस्ता वातावरणीय | संख्या | ० | १ | २ | ३ | | |
| | | भिरालो जमिन, खोल्साखाल्सी, पहिरो तथा भूक्षय क्षेत्रहरूमा बाँस, वावियो, अम्रिसो रोपण क्षेत्र | हेक्टर | ० | ५० | ५० | ५० | | |
| | | संवेदनीशल क्षेत्र तथा भू-क्षय प्रभावित क्षेत्र नजिकका बस्तीहरूमा आपतकालीन अवस्था वारे जानकारीका लागि पूर्वसूचना दिने मेसिन उपकरणहरू जडान | संख्या | ० | १ | १ | १ | | |

| नतिजा तह | नतिजा | सूचक | इकाइ | आधार वर्षको २०८०।८१ | योजना अविधको लक्ष्य | | | पुष्ट्याइको स्रोत | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | | |
| | भू-संरक्षण एवं संवर्द्धन गरिने | पानी मुहान, पानीपोखरी, सीमसार, तालतलैया लगायतका स्रोतहरूको क्षेत्राधिकार निर्धारण नदी तथा खोला किनारामा तटवन्ध निर्माण | कि.मि | ० | १ | १ | १ | | |
| | जलस्रोतहरूलाई बहुउपयोगी बनाउँदै आयस्रोतको रूपमा विकास गरिने | नदी तथा खोला किनार तथा नदी उकास क्षेत्रमा | संख्या | ० | १ | १ | १ | | |
| | | व्यवसायिक रूपमा कृषि-वन खेती संख्या | संख्या | ० | २ | ५ | १० | | |
| | | गाउँपालिकाका विभिन्न क्षेत्रहरूमा पानीपोखरी, पानीट्याङ्की निर्माण संख्या | संख्या | ० | २ | २ | २ | | |
| | | गाउँरपालिका क्षेत्रभित्रका जलाधारमा झरना, पौडीपोखरी, स्नानकुण्ड एवं मनोरञ्जन पार्कहरूको संख्या | संख्या | ० | २ | २ | २ | | |

### ७.३ वातावरण तथा फोहोर व्यवस्थापन

#### ७.३.१ पृष्ठभूमि

वातावरणीय सन्तुलनका लागि वनक्षेत्र सुरक्षित राख्ने, जन साधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना वढाई औद्योगिक एवं भौतिक विकासमा पर्न सक्ने जोखिम न्यूनीकरण गर्ने, वातावरण प्रदूषण गर्नेले दायित्व व्यहोनुपर्ने र वातावरण संरक्षणमा पूर्व सावधानी एवं पूर्व सूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्वन गर्ने नीति राज्यबाट अंगिकार गरेको छ । त्यसैगरी स्थानीय स्तरमा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्ने, वातावरणीय जोखिम न्यूनीकरण गर्ने, न्यून कार्बनमुखी तथा वातावरणमैत्री विकास गर्ने, वातावरण संरक्षण गर्ने, स्थानीय स्तरमा सरसफाइ तथा फोहोरमैला व्यवस्थापन गर्ने जिम्मेवारीहरू स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

#### ७.३.२ समस्या तथा चुनौती

वातावरण तथा फोहोर व्यवस्थापन क्षेत्रका मुख्य समस्याहरूमा फाहोरमैला व्यवस्थापन सम्बन्धी जनचेतनाको कमी, जैविक र अजैविक फोहोरलाई वर्गीकरण गरी त्यसको व्यवस्थापनको अभाव, जथाभावी, अव्यवस्थित रूपमा फोहोर फाल्ने गर्नेलाई कारवाही नहुने, फोहोर न्यूनीकरण गर्ने, प्रशोधन गर्ने तथा पुनः प्रयोगमा ल्याउने अभ्यासको कमी, प्लाष्टिकजन्य वस्तुहरूको प्रयोगमा नियन्त्रणको अभाव, प्लाष्टिक झोलाको जथाभावी प्रयोग, सडक, चोक, बजार एवं सार्वजनिक क्षेत्रहरूमा सार्वजनिक शौचालय नहुनु, पुराना, थोत्रा सवारी साधनहरूबाट वायु एवं ध्वनि प्रदूषण वढ्दो मात्रामा र घर, कार्यालय, कारखानाका दुषित फोहोर पानी तथा ढलको व्यवस्थित हुन् नसकेको, जल प्रदूषण वढ्दो आदि रहेका छन् । मुख्य चुनौतीहरूमा प्लाष्टिजन्य वस्तुलाई प्रभावकारी रूपमा प्रतिवन्ध गर्नु, फोहोरलाई आयअर्जनको एक स्रोतको रूपमा विकास गर्नु, फोहोरलाई सुरक्षित विसर्जन गर्नु, फोहोर र वातावरणीण वीच सन्तुलन कायम राख्नु, ध्वनि, वायु, जल लगायतका प्रदूषणलाई न्यूनीकरण एवं नियन्त्रण गर्नु, नदी खोलामा हुँदै आएको ढल निकासलाई नियन्त्रण गर्नु आदि रहेका छन् ।

#### ७.३.३ सम्भावना तथा अवसर

त्यसैगरी यस क्षेत्रका मुलभूत सम्भावना तथा अवसरहरूमा फोहोरमैलालाई स्रोतमै व्यवस्थापन गरी न्यूनीकरण गर्न सकिने, जैविक फोहोरबाट घरघर वा व्यवसायिक रूपमा मल उत्पादन गर्न सकिने, फोहोरमैलाको प्रभावकारी व्यवस्थापनबाट रोजगारी सिर्जना एवं आयआर्जन गर्न सकिने र अजैविक फाहोरलाई निश्चित क्षेत्रमा विसर्जन गर्दै स्यानिटरी पार्क निर्माण गर्न सकिने आदि रहेका छन् ।

#### ७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

| | |
|---|---|
| लक्ष्य | सन्तुलित एवं स्वच्छ वातावरण प्रवर्द्धन भएकोहुनेछ। |
| उद्देश्य | १ फोहोरमैलालाई व्यवस्थित तवरले विसर्जन गर्दै हरियाली वृद्धि गर्नु ।<br>२ वातावरण प्रदूषण नियन्त्रणका उपायहरू अवलम्वनबाट स्वच्छ वातावरण प्रवर्द्धन गर्नु । |
| रणनीतिहरू | १ घर, आँगन, चोक, बजार क्षेत्रका फोहोरहरू व्यवस्थित तवरले सङ्कलन, प्रशोधन गर्दै सुरक्षित विसर्जन फोहोरलाई सदुपयोग गर्दै आयस्रोतको रूपमा विकास गर्ने ।<br>२ सबै प्रकारका प्रदूषणहरू न्यूनीकरण र नियन्त्रण गर्ने<br>३ हरियाली क्षेत्र विस्तार गर्दै स्वच्छ वातावरण प्रवर्द्धन गर्ने |

| | |
|---|---|
| कार्यनीतिहरू | रणनीति १ का कार्यनीतिहरू<br>• फोहोरमैलाको उचित विसर्जनका लागि सुरक्षित फोहोरमैला विसर्जन क्षेत्र निर्धारण गरिनेछ ।<br>• घर, पसल, कार्यालय एवं सार्वजनिक स्थल आदिमा उत्पादित फोहोरलाई व्यवस्थित रूपमा सङ्कलनका लागि निर्धारित रङ्गका डष्टबिनहरूमा राखिनेछ ।<br>• सङ्कलित फोहोरहरूलाई ढुवानी गर्दै एक निश्चित स्थानमा थुपार्ने, जैविक अजैविक फोहोरहरूलाई छुट्याउँदै तथा प्रशोधन गरिनेछ । |
| | रणनीति २ कार्यनीतिहरू<br>• उत्पादित जैविक मलको विक्री वितरणका लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ ।<br>• घरघरमा उत्पादित फोहोरमैलाबाट जैविक मल उत्पादन गर्ने सम्बन्धी प्राविधिक तालिमहरू प्रदान गरी सीप,ज्ञान प्रदान गरिनेछ ।<br>• व्यवसायिक रूपमा फोहोरमैलाबाट जैविक मल उत्पादन गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गर्दै सहकार्य गरिनेछ । |
| | रणनीति ३ का कार्यनीतिहरू<br>• ठूला उद्योगहरूबाट हुने वातावरण प्रदूषण नियन्त्रणका लागि निश्चित क्षेत्रनिर्धारण गर्दै प्रदूषण न्यूनीकरणका आधुनिक प्रविधिहरूको प्रयोगका लागि प्रोत्साहित गरिनेछ ।<br>• विद्युतीय वैकल्पिक एवं हरित ऊर्जाको प्रयोगलाई प्रोत्साहित गर्दै वातावरण सन्तुलन कायम राख्न जोड दिइनेछ । |

### ७.३.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू

तालिका ३८ वातावरण तथा फोहोरमैला व्यवस्थापन क्षेत्रको मुख्य कार्यक्रम तथा आयोजनाहरू

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू लाखमा) | | | | | | दिविल संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आव. | तेस्रो आ.व. | चौथो आव. | पाँचौ आव. | जम्मा | | | |
| फोहोरमैला व्यवस्थापन सचेतना अभियान (घरधुरी टोल र शौचालय स्तरमा) | पटक | १५ | ३ | ३ | ३ | ३ | ३ | १५ | १२ | ३ | १ |
| फोहोर व्यवस्थापनका लागि निश्चित स्थानको विकास | संख्या | २ | ४ | ४ | ४ | ४ | ४ | २० | १२ | ३ | १ |
| फोहोरलाई स्रोतमै वर्गिकरण र बिसर्जन गर्ने अभ्यास | प्रतिशत | ७५ | २ | २ | २ | २ | २ | १० | १२ | ३ | १ |
| विद्यालयमा फोहोरमैला बिसर्जनको उचित प्रबन्ध | प्रतिशत | १०० | २ | २ | २ | २ | २ | १० | १२ | ३ | १ |
| बाटो, पार्क र नदि किनारमा फोहोर गर्न प्रतिबन्ध/सचेतीकरण अभियान | प्रतिशत | ७५ | २ | २ | २ | २ | २ | १० | १२ | ३ | १ |
| पूर्ण सरसफाई प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन | संख्या | ३६ | १ | ३ | ३ | ३ | ३ | १० | १२ | ३ | १ |
| जम्मा | | | १४ | १६ | १६ | १६ | १६ | ७८ | | | |

## ७.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान तथा जोखिम पक्ष

**तालिका ३९ वातावरण तथा फोहोरमैला व्यवस्थापन क्षेत्रको नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाइ | आधार वर्षको २०८०।८१ | योजना अवधिको लक्ष्य | | | पुष्ट्याइको स्रोत | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | | |
| प्रभाव | समुदाय, घरधुरी र संस्थागत सन्तुलित एवं स्वच्छ वातावरण प्रवर्द्धन भएको हुनेछ | वातावरणा प्रदूषण न्यूनीकरण गर्ने | प्रतिशत | ५० | ७५ | ८० | १०० | वन, वातावरणा तथा विपद व्यवस्थापन शाखाको प्रतिवेदन | वित्तीय व्यवस्थापनमा कठिनाइ, बिकटता, पूर्वाधार विकासमा जटिलता, वातावरण क्षेत्र प्राथमिकतामा नपर्नु |
| असर | सन्तुलित एवं स्वच्छ वातावरण प्रवर्द्धन भएको हुनेछ | सुरक्षित पानीको स्तर | प्रतिशत | ४० | ५० | ७५ | १०० | | |
| | | स्वस्थ जनसंख्या | प्रतिशत | ४० | ५० | ८० | ९० | | |
| प्रतिफल | वातावरण प्रदूषण नियन्त्रणका उपायहरू अवलम्वनबाट स्वच्छ वातावरण कायम राखिनेछ | वातावरणा सम्बन्धी कार्यक्रम | संख्या | ० | १ | ३ | ६ | | |
| | सबै प्रकारका प्रदूषणहरू न्यूनीकरण नियन्त्रण गरिनेछ | जैविक मल उत्पादन | संख्या | ० | १ | १ | १ | | |
| | | जैविक मल उत्पादनमा संलगन संख्या | | | | | १००<br>२०० | | |
| | | जैविक मल उत्पादनमा सहयोगी निकाय | संख्या | ० | ५० | १०० | | | |
| | हरियाली क्षेत्र विस्तार गर्दै स्वच्छ वातावरण प्रवर्द्धन गरिनेछ | हरियाली प्रवर्द्धन | प्रतिशत | ५० | ७५ | ९० | १०० | | |

## ७.४ विपद् व्यवस्थापन तथा जलवायु परिवर्त अनुकुलन

### ७.४.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ अनुसार राज्यले प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना एवं तयारी गर्ने,उद्धार, राहत एवं पुनर्स्थापना गर्ने नीति अंगिकार गरेको छ । अन्तर्राष्ट्रिय स्तरका मापन केन्द्रहरूबाट जलवायु परिवर्तनसम्बन्धी सूचना अद्यावधिक एवं प्रवाह गर्ने परिकल्पना १५ औं राष्ट्रिय योजनामा गरिएको छ भने उत्थानशीलता विकासलाई दीर्घकालीन राष्ट्रिय रणनीतिको रूपमा लिइएको छ । विपद्पूर्व, सो पश्चात र विपद्को समयमा स्थानीय तहले निभाउनुपर्ने, विपद् तथा जलवायु परिवर्तन अनुकूलन सम्बन्धी योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, अनुगमन एवं नियमन गर्ने, जोखिम बस्तीहरू पहिचान गर्ने, नक्साङ्कन गर्ने, बस्ती स्थानान्तरण गर्ने जस्ता जिम्मेवारीहरू पनि स्थानीय तहको क्षेत्राधिकारमा राखिएको छ ।

### ७.४.२ समस्या तथा चुनौती

यस क्षेत्रका मुख्य समस्याहरूमा बाढी, पहिरो र भुक्षयको उच्च जोखिम रहेको, अव्यवस्थित बसोबासर र वन फडानी हुनु, जनचेतनाको अभाव, जलवायु परिवर्तको प्रभावले अतिवृष्टि र अनावृष्टिको असहज प्रभाव, आपतकालीन उद्धारका लागि तालिम प्राप्त स्वयंसेवक, राहत सामग्रीहरूको व्यवस्था कमी, विपद पीडितहरूका लागि राहत, सुरक्षित वासका लागि सुरक्षित र संरक्षित क्षेत्रको अपर्याप्तता र संवेदनशील क्षेत्रको नक्सांकन र संरक्षण सम्बन्धी कार्यक्रमको अभाव आदि रहेका छन् भने मुख्य चुनौतीहरूमा दिगो विकास र व्यवस्थापन गर्नु, स्थानीय सहभागित जुटाउनु, पीडितहरूलाई तत्काल उद्धार गर्नु, सङ्कटोन्मुख एवं लोपोन्मुख जैविक विविधताको संरक्षण, संवर्द्धन गर्नु आदि रहेका छन् ।

### ७.४.३ सम्भावना तथा अवसर

त्यसैगरी यस क्षेत्रका मुख्य सम्भावना तथा अवसरहरूमा पूर्वसूचना प्रणाली, पूर्वतयारी कार्ययोजना तर्जुमा गर्दै आपतकालीन उद्धार टोलीहरूको क्षमता अभिवृद्धि गर्न सकिने र एम्वुलेन्स, वारूणयन्त्र लगायतका साधनहरू सहज उपलब्ध हुन सक्ने आदि पहिचान गरिएको छ ।

### ७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

| | |
|---|---|
| लक्ष्य | विपद् जोखिम न्यूनीकरण गरिएको हुनेछ । |
| उद्देश्य | १ विपद् जोखिम न्यूनीकरणका लागि विपद् पूर्व सूचना प्रणाली विकास गर्ने<br>२ जलवायु परिवर्तन अनुकूलनका उपायहरू अवलम्वन गर्दै क्षति न्यूनीकरण गर्नु |
| रणनीति | १ विपद् उत्थानशील समाजको निर्माण गर्ने<br>२ सरोकारवालाको समन्वय र सहकार्यमा विपद जोखिम न्यूनीकरणलाई प्रभावकारी बनाउने<br>३ जलवायु परिवर्तन अनुकुलनका उपायहरू प्रवर्द्धन गर्ने |
| | रणनीति १ का कार्यनीतिहरू<br>• पूर्व सूचना प्रणालीको विकास गरिनेछ ।<br>• विपद जोखिम उद्धार, राहात तथा व्यवस्थापनका लागि अधिकार सम्पन्न समिति निर्माण गरिनेछ ।<br>• विपद जोखिम प्रतिकार्य योजना तर्जुमा गरी लागु गरिनेछ । |

| | |
|---|---|
| | रणनीति २ का कार्यनीतिहरू<br>• विपद जोखिमका घटनाहरू अद्यावधिक गरिनेछ ।<br>• विपद जोखिम न्यूनीकरण तथा उद्धार राहातका लागि सरोकारवालाको सहभागिता अभिवृद्धि गरिनेछ ।<br>• विपद जोखिम न्यूनीकरणका लागि कोष र जनशक्ति व्यवस्था गरिनेछ |
| | रणनीति ३ का कार्यनीतिहरू<br>• जलवायु परिवर्तन अनुकूलनका लागि सामुदायिक संस्था एवं सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्दै फोहोरलाई व्यवस्थित गर्ने, प्लाष्टिकजन्य उत्पादनहरू वाल्ने कार्यलाई निरूत्साहित गर्ने गरिनेछ ।<br>• घरघरमा फलफूलका विरूवा रोप्ने, घरबाट उब्रेको पानी तथा वर्षाको पानीलाई सतहमुनी पुर्नभरण गर्ने जस्ता कार्यहरूका लागि अभिप्रेरित गरिनेछ ।<br>• जलवायुमैत्री कृषि प्रविधिमा जोड दिइनेछ ।<br>• वार्षिक बालीपात्रो वनाई सोही अनुसार कृषिखेतीको व्यवस्था मिलाइनेछ ।<br>• घरायसी प्रयोजनमा बढी कार्बन उत्पादन गर्ने मेसिन उपकरणहरू रेफ्रिजेरेटर, एयर कण्डिसनर, ड्रायर, हिटरजस्ता उपकरणहरूको प्रयोगलाई निरूत्साहित गरिनेछ । |

## ७.४.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू

**तालिका ४० विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता मुख्य कार्यक्रम तथा आयोजनाहरू**

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू लाखमा) | | | | | | दिदिल संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आव. | तेस्रो आ.व. | चौथो आव. | पाँचौ आव. | जम्मा | | | |
| विपद न्युनिकरण, पूर्वतयारी र पुनर्निमार्ण सम्बन्धी तालिम | संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | १३ | ३ | १ |
| विपद जोखिम पहिचान र प्रतिकार्य निर्माण | संख्या | १ | १० | ० | ० | ० | ० | १० | १३ | ३ | १ |
| राहात सामग्रीहरूको पूर्व तयारी | कार्यक्रम | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | १३ | ३ | १ |
| विपद व्यवस्थापन सम्बन्धी सचेतना अभियान | संख्या | ५ | २ | २ | २ | २ | २ | १० | १३ | ३ | १ |
| नया प्रविधि प्रयोग गर्न तालिमका कार्यक्रमहरू सञ्चालन | सख्या | ५ | ५ | | ५ | ० | ० | १० | १३ | ३ | १ |
| जलवायु परिवर्तको प्रभाव जोखिम न्यूनीकरणका लागि सचेतना अभियान | पटक | ५ | ३ | ३ | ३ | ३ | ३ | १५ | १३ | ३ | १ |
| प्लास्टिक पोखरी निर्माण | वटा | २० | ३ | ३ | ३ | ३ | ३ | १५ | १३ | ३ | १ |
| वातावरणीय अध्ययन | संख्या | ३ | ५ | ५ | ५ | ५ | ५ | २५ | १३ | ३ | १ |
| जम्मा | | | ३८ | ११ | २८ | २३ | २३ | १२३ | | | |

### ७.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान तथा जोखिम पक्ष

**तालिका ४१ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता क्षेत्रको नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाइ | आधार वर्ष २०८०।८१ | योजना अविधको लक्ष्य | | | पुष्ट्याइको स्रोत | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | | |
| प्रभाव | विपद् जोखिम न्यूनीकरण गरिएको हुनेछ | विपद जोखिम न्यूनीकरणको स्तर | प्रतिशत | ० | २० | ३० | ५० | वन, वातावरणा तथा विपद व्यवस्थाप शाखाको प्रतिवेदन | वित्तीय व्यवस्थापनमा कठिनाइ, बिकटता, पूर्वाधार विकासमा जटिलता, वातावरण क्षेत्र प्राथमिकतामा नपर्नु |
| असर | जलवायु अनुकुलन कार्यहरूबाट विपद जोखिम न्यूनीकरण भएको हुने | जोखिमका घटना | प्रतिशत | | ३० | १० | ५ | | |
| प्रतिफल | विपद् उत्थानशील समाजको निर्माण गरिनेछ | पूर्व सूचना प्रणाली जडान विपद जोखिम प्रतिकार्य योजना लागु | संख्या | ० | १० | १० | १० | | |
| | | समिति गठन र समितिको संख्या | मिति | ० | २ | २ | २ | | |
| | सरोकारवालाको समन्वय र सहकार्यमा विपद जोखिम न्यूनीकरणलाई प्रभावकारी बनाइनेछ | विपदका घटनाहरूको अभिलेख<br>विपद जोखिम राहातका लागि संलग्न संख्या<br>विपद जोखिम न्यूनीकरण कोष<br>विपद जोखिम उद्धार राहातमा संलग्न दक्ष जनशक्ति | प्रतिशत<br>संख्या<br>रू<br>संख्या | ०<br>०<br>० | ५०<br>२०<br>२० | ८०<br>५०<br>५० | १००<br>१००<br>१०० | | |
| | जलवायु परिवर्तन अनुकुलनका उपायहरू प्रवर्द्धन गरिनेछ | प्लाष्टिकजन्य वस्तु प्रयोग गर्न प्रतिबन्ध लगाउनुका साथै यस्ता वस्तु बाल्न या जलाउन पूर्णरूपमा प्रतिबन्धित हुनेछ<br>जलवायुमैत्री कृषि प्रविधिमा संलग्न किसानहरूको संख्या | प्रतिशत<br>संख्या | ०<br>० | २०<br>१०० | ५०<br>२०० | ९५<br>३०० | | |

स्थानीय तह योजना तर्जुमा दिग्दर्शन, २०७८ अनुसार सुशासन तथा संस्थागत विकास अन्तर्गतका प्रमुख क्षेत्रहरूमा सुशासन, ऐन कानुन तथा न्यायिक व्यवस्था, वित्तीय स्रोत परिचालन तथा व्यवस्थापन, मानव संसाधन विकास, संस्थागत विकास तथा सार्वजनिक सेवा प्रवाह र योजना व्यवस्थापन रहेका छन् । उपरोक्त प्रमुख क्षेत्रहरूको विद्यमान अवस्था,समस्या तथा चुनौतीहरूको विश्लेषण गरी आगमी ५ वर्षका लागि लक्ष्य, उद्देश्य एवं लक्ष्य परिमाण निर्धारण गरिएको छ र सोको प्राप्तिका लागि अवलम्बन गर्नुपर्ने रणनीति तथा कार्यनीति एवं प्रमुख कार्यक्रमहरूको तर्जुमा भएका छन् ।

## ८.१ सुशासन ऐन, कानुन तथा न्यायिक व्यवस्था

### ८.१.१ पृष्ठभूमि

नेपालमा, गाउँपालिकाको काम र कर्तव्यहरू नियन्त्रण गर्ने कानूनी ढाँचा मुख्य रूपमा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा उल्लिखित छ, जुन सुशासन ऐन, २०६५ र नेपालको संविधान, २०७२ सँग सँग सम्न्धित छ । सुशासन, जवाफदेहिता, पारदर्शिता र तल्लो तहमा प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्ने लक्ष्य राख्दै स्थानीय शासनका लागि बृहत् संरचना सहित अधिकार विकेन्द्रित गरिएको छ । थप रूपमा, यी गाउँपालिकाहरू भित्रको न्यायिक प्रणालीलाई स्थानीय विवाद समाधान गर्न सहज बनाउन संरचनागत व्यवस्था गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिकाहरूले सार्वजनिक अभिलेख, स्थानीय विकास योजना, पूर्वाधार विकास (जस्तैः सडक र पुलहरू), र स्थानीय स्रोतहरू व्यवस्थापन गर्न जिम्मेवारी पाएका छन् । तिनीहरू शिक्षा, स्वास्थ्य, खानेपानी आपूर्ति, सरसफाइ, र कृषि सेवा जस्ता आधारभूत सेवाहरूको निरीक्षण गर्ने, स्थानीय कानूनहरू लागू गर्ने, भूमि प्रयोगको व्यवस्थापन, वातावरण संरक्षण, र स्थानीय बजारहरूको निरीक्षण गर्ने कामको पनि जिम्मेवारी पाएका छन् । त्यसैगरी उनीहरूलाई स्थानीय स्रोतहरू जस्तै सम्पत्ति कर, व्यापार इजाजतपत्र, र सेवा शुल्कहरूबाट कर, शुल्क सङ्कलन गर्ने जिम्मेवारी छ र यसैको आधारमा वार्षिक बजेट तयार गरी विवेकपूर्ण वित्तीय व्यवस्थापन गर्ने र खर्चमा पारदर्शिता अपनाउने मापदण्ड समेत तोकिएको छ ।

कानुनतः निर्णय प्रक्रियामा सार्वजनिक सहभागिता सुनिश्चित गर्ने, नियमित सार्वजनिक सुनुवाइ गर्ने र सीमान्तकृत समुदायहरूको समावेशीतालाई बढावा दिने साथै स्थानीय तहमा पारदर्शिता, जवाफदेहिता र जनसहभागिता सुनिश्चित गर्दै सुशासनका अभ्यासहरूलाई प्रवर्द्धन गर्न, ग्रामीण जनसंख्याका लागि सार्वजनिक सेवाहरूको गुणस्तर र पहुँच सुधार गर्न र समयमै न्याय प्रदान गर्न जस्ता विषयहरू गाउँपालिकाका अधिकार र कर्तव्यहरू हुन् । यी कार्यहरू गर्दा गाउँपालिकाहरूले कानुन बनाएर कानुन बमोजिम गर्नुपर्ने हुन्छ ।

### ८.१.२ समस्या तथा चुनौती

यस गाउँपालिकामा सुशासन र कानुनि क्षेत्रका मुख्य समस्याहरूमा हाल सम्म २४ वटा मात्र कानुन बनेको, सुशासन ऐनका प्रावधानहरू पूर्ण रूपमा कार्यान्वयन गर्न र न्यायिक गतिविधिहरूलाई पूरा गर्न अपर्याप्त कोष र स्रोतहरू, प्रशासनिक र न्यायिक कार्यहरू प्रभावकारी रूपमा व्यवस्थित गर्न प्रशिक्षित र दक्ष जनशक्तिको अभाव, आधुनिक प्रविधिमा सीमित पहुँच, कुशल रेकर्ड राख्ने, सञ्चार र सेवा प्रावधानमा बाधा, स्थानीय अधिकारीहरूलाई सुशासन, कानुनी प्रक्रिया र सार्वजनिक प्रशासनमा अपर्याप्त प्रशिक्षणको अभाव, स्थानीय जनतामा उनीहरूको अधिकार र स्थानीय शासन र न्यायिक प्रणालीको कार्यप्रणालीको बारेमा चेतनाको न्यून स्तर र स्थानीय राजनीतिक गतिशीलताले शासन र न्यायिक प्रक्रियाको निष्पक्षता र प्रभावकारितामा हस्तक्षेप गर्न सक्ने आदि पहिचान गरिएको छ भने मुख्य चुनौतीहरूमा सबै कानुनहरू तर्जुमा गर्नु, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न सक्रिय जनसहभागिता र निरीक्षणलाई प्रोत्साहित गर्नु, न्यायिक समितिहरूले प्रभावकारी, निष्पक्ष र स्वतन्त्र रूपमा काम गर्ने सुनिश्चित गर्नु र स्थानीय अधिकारीहरू र न्यायिक समितिका सदस्यहरूका लागि निरन्तर क्षमता अभिवृद्धि कार्यक्रमहरू कार्यान्वयन गर्नु आदि रहेका छन् ।

### ८.१.३ सम्भावना तथा अवसर

त्यसैगरी मुख्य सम्भावना र अवसरहरूमा स्थानीय आवश्यकता र चुनौतीहरूलाई सम्बोधन गर्ने अनुकूल समाधानहरूका लागि काम गर्न सकिने, समुदायको निकटताले थप उत्तरदायी र अनुकूलन शासन अभ्यासहरूलाई सक्षम बनाउँन सकिने, डिजिटल उपकरण र प्लेटफर्महरूको अवलम्बनले सेवा प्रवाह, पारदर्शिता र दक्षता बढाउन सकिने आदि रहेका छन् ।

### ८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

| | |
|---|---|
| लक्ष्य | पारदर्शिता, जवाफदेहिता, समावेशीता र प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्ने सुशासनको सुदृढ ढाँचा र प्रभावकारी न्यायिक प्रणाली स्थापना हुनेछ । |
| उद्देश्य | १. समयमै र पारदर्शी सेवाहरू प्रदान गर्न प्रशासनिक प्रक्रिया र स्रोत व्यवस्थापन सुधार गर्ने ।<br>२. पहुँचयोग्य र प्रभावकारी विवाद समाधान प्रदान गर्न स्थानीय न्यायिक समितिहरूको क्षमता विकास र अभिवृद्धि गर्ने । |
| रणनीतिहरू | १. प्रशासनिक दक्षता र पारदर्शिता अभिवृद्धि गर्न बृहत् तालिम कार्यक्रम सञ्चालन गर्ने ।<br>२. डिजिटल शासन सुदृढ गर्दै प्रशासनिक दक्षता र पारदर्शिता अभिवृद्धि गर्ने ।<br>३. स्थानीय न्यायिक संयन्त्रलाई सुदृढ गर्ने । |
| कार्यनीति | रणनीति १ को कार्यनीति<br>• पालिकाका पदाधिकारीहरूका लागि सुशासन अभ्यास, वित्तीय व्यवस्थापन र सार्वजनिक सेवा प्रवाह सम्बन्धी तालिमहरू नियमित रूपमा आयोजना गरिनेछ ।<br>• नागरिकको अधिकार, स्थानीय सरकारको भूमिका र जिम्मेवारीहरू र पारदर्शिताको महत्त्वबारे शिक्षित गर्न सचेतना अभियानहरू लागू गरिनेछ ।<br>• सार्वजनिक जानकारीका लागि स्थानीय मिडिया, सामुदायिक बैठकहरू, र डिजिटल प्लेटफर्महरू प्रयोग गरिनेछ । |
| | रणनीति २ का कार्यनीति<br>• सार्वजनिक सेवाहरूका लागि अनलाइन पोर्टलहरू, डिजिटल रेकर्डहरू व्यवस्थापन, र वास्तविक-समय डेटा पहुँच सहित सेवा वितरणका लागि डिजिटल उपकरणहरू विकास र प्रयोग गरिनेछ ।<br>• ई-गभर्नेन्स प्लेटफर्महरू प्रयोगकर्ता-मैत्री र दुर्गम क्षेत्रहरूमा रहेका सबै बासिन्दाहरूका लागि पहुँचयोग्य बनाइनेछ ।<br>• डिजिटल सेवाहरूमा समतामूलक पहुँच सुनिश्चित गर्न सीमान्तकृत समुदायहरूमा लक्षित गरिनेछ । |
| | रणनीति ३ का कार्यनीति<br>• स्थानीय न्यायिक समितिका सदस्यहरूलाई कानुनी प्रक्रिया, मध्यस्थता, र द्वन्द्व समाधानका लागि विशेष प्रशिक्षण प्रदान गरिनेछ ।<br>• मध्यस्थता प्रक्रियाहरूमा स्थानीय नेताहरू र सम्मानित समुदायका सदस्यहरूलाई संलग्न गराइनेछ ।<br>• कानूनी सहायता सेवाहरू स्थापना गर्नुहोस्:<br>• सीमान्तकृत समूहहरूलाई न्यायको पहुँचमा मद्दत गर्न कानूनी सहायता सेवाहरू स्थापना गरिनेछ । |

### ८.१.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू

**तालिका ४२ संस्थागत विकास तथा सुशासन मुख्य कार्यक्रम तथा आयोजनाहरू**

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू लाखमा) | | | | | | दिविल संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आव. | तेस्रो आ.व. | चौथो आव. | पाँचौ आव. | जम्मा | | | |
| इ-शासन सञ्चालन गर्ने | कार्यक्रम | १ | ५ | १ | १ | १ | १ | ९ | १६ | ३ | ३ |
| बन्न बाकी कानुनहरू तर्जुमा गर्ने | संख्या | ३० | १२ | ० | ० | ० | ० | १२ | १६ | ३ | ३ |
| दरबन्दी अनुसार कर्मचारी भर्ना गर्ने | कार्यक्रम | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | १६ | ३ | ३ |
| कर्मचारी एवं न्यायिक समितिको क्षमता विकासका लागि तालिम सञ्चालन गर्ने | संख्या | ५ | ३ | २ | २ | २ | २ | ११ | १६ | ३ | ३ |
| उपकरण र पूर्वाधारहरू पर्याप्त व्यवस्था गर्ने | पटक | २ | १० | ० | ५ | ० | ० | १५ | १६ | ३ | ३ |
| वार्षिक रूपमा सेवा ग्राही सन्तुष्टि मापन गर्ने | पटक | ५ | ३ | ३ | ३ | ३ | ३ | १५ | १६ | ३ | ३ |
| संगठन तथा व्यवस्थापन सर्भे गर्ने | पटक | १ | ५ | ० | ० | ० | ० | ५ | १६ | ३ | ३ |
| सामाजिक परीक्षण, सार्जनिक सुनुवाइ | पटक | ५ | ३ | ३ | ३ | ३ | ३ | १५ | १६ | ३ | ३ |
| जम्मा | | | ४६ | १४ | १९ | १४ | १४ | १०७ | | | |

## ८.१.६ अपेक्षित उपलब्धि तथा नतिजा अनुमान तथा जोखिम पक्ष

**तालिका ४३ संस्थागत विकास तथा सुशासन क्षेत्रको नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाइ | आधारवर्ष ८०।८१ | योजना अविधको लक्ष्य | | | पुष्ट्याइको स्रोत | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | तस्रो वर्ष | पाँचौ वर्ष | | |
| प्रभाव | पारदर्शिता, जवाफदेहिता, समावेशीता र प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्ने सुशासनको सुदृढ ढाँचा र प्रभावकारी न्यायिक प्रणाली स्थापना हुनेछ । | सुशासन युक्त गाउँपालका बन्ने छ | प्रतिशत | ० | २० | ५० | १०० | वन, वातावरणा तथा विपद व्यवस्थाप शाखाको प्रतिवेदन | वित्तीय व्यवस्थापनमा कठिनाइ, बिकटता, पूर्वाधार विकासमा जटिलता, वातावरण क्षेत्र प्राथमिकतामा नपर्नु |
| असर | न्यायिक समितिहरूको क्षमता विकास र अभिवृद्धि गरिनेछ । | क्षमता विकास कृयाकलापहरू | संख्या | ० | २ | ३ | ५ | | |
| | | दक्षता हासिल गर्ने कर्मचारी संख्या | प्रतिशत | | | | ९० | | |
| प्रतिफल | प्रशासनिक दक्षता र पारदर्शिता अभिवृद्धि गर्न बृहत् तालिम कार्यक्रम सञ्चालन गरिनेछ । | तालिम संख्या | संख्या | ० | २ | २ | १ | | |
| | | तालिम प्राप्त व्यक्ति संख्या | संख्या | ० | ५ | १० | ३५ | | |
| | | कानुन संख्या | संख्या | १७ | १० | १० | १३ | | |
| | | कर्मचारी संख्या | संख्या | ३१ | ९ | ५ | ५ | | |
| | | इ-गभर्नेन्समा पहुँच पुगेको जनसंख्या | प्रतिशत | ० | २५ | ५० | ७५ | | |
| | स्थानीय न्यायिक संयन्त्रलाई सुदृढ गरिनेछ । | क्षमता विकास तालिम संख्या | संख्या | ० | १ | १ | १ | | |
| | | तालिमका प्रकार | प्रकार | ० | १ | १ | १ | | |
| | | सर्वसुलभ न्याय प्राप्त गर्ने सिमान्तकृत समुदायका व्यक्तिहरू | प्रतिशत | | ५० | ७५ | १०० | | |

## ८.२ वित्तीय स्रोत परिचालन

### ८.२.१ पृष्ठभूमि

नेपालमा, स्थानीय तहमा वित्तीय स्रोत परिचालन गर्ने कानुनी प्रावधान मुख्यतया नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य विभिन्न सहयोगी नियमावली र दिशानिर्देशहरूद्वारा निर्देशित छ। नेपालको संविधान २०७२ ले स्थानीय सरकारहरूको वित्तीय स्वायत्तताको स्पष्ट रूपरेखा प्रदान गरेको छ। धारा २२० ले स्थानीय सरकारहरूलाई तिनीहरूको अधिकार क्षेत्र भित्र कर, शुल्क संकलन र शुल्कहरू लगाउन अधिकार दिएको छ, धारा २२१ ले संघ, प्रदेश र स्थानीय सरकारहरू बीच राजस्वको न्यायोचित बाँडफाँडलाई अनिवार्य गर्दछ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले मुलतः आन्तरिक र बाह्य गरी दुई प्रकारका स्रोतबाट आय आर्जन गर्नसक्ने छ । यसका अलवा क्षमताको आधारमा स्थानीय तहले आन्तरिक ऋण लिन सक्ने व्यवस्था पनि गरिएको छ भने संघ र प्रदेशबाट अनुदानहरू (सशर्त, समपूरक र विशेष), वित्तीय समानीकरण र राजस्व बाँडफाँड पाउने व्यवस्था मिलाइएको छ  स्थानीय सरकारले वार्षिक बजेट र विकास योजना बनाउनु पर्ने हुन्छ, यी बजेट तथा कार्यक्रमहरू राष्ट्रिय विकास नीति र प्राथमिकताहरूसँग मिल्नु पर्ने हुन्छ ।

### ८.२.२ समस्या र चुनौतीहरू

गाउँपालिकामा धेरै ग्रामीण क्षेत्रहरू रहेको,  ग्रामीण क्षेत्रहरूमा प्रतिव्यक्ति आय कम हुनु, स्थानीय कर र शुल्कहरूबाट पर्याप्त राजस्व संकलन नहुनु, आर्थिक योजना, बजेट र राजस्व संकलनलाई कुशलतापूर्वक व्यवस्थापन गर्न प्रायः तालिम प्राप्त र दक्ष जनशक्तिको अभाव, स्थानीय अधिकारीहरूबाट  वित्तीय व्यवस्थापन गर्न क्षमताको अभाव, सडक, सञ्चार सञ्जाल र कार्यालय सुविधा लगायतका अपर्याप्त पूर्वाधारले करको प्रभावकारी असुली र राजस्व आर्जन गर्ने आयोजनाहरूको कार्यान्वयनमा बाधा आदि प्रमुख समस्याहरू रहेका छन् भने आधुनिक प्रविधिमा फराकिलो पहुँचले अभिवृद्धि गर्नु, कर दायित्व र लाभहरू बारे बासिन्दाहरू बीच जागरूकता ल्याउनु र कर संकलन माथिको राजनीति हस्तक्षम कम गर्नु प्रमुख चुनौतीहरू रहेका छन् ।

### ८.२.३ सम्भावना र अवसरहरू

वन र जलस्रोत जस्ता स्थानीय प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापन र उपयोगले महत्त्वपूर्ण राजस्व हासिल गर्न सकिने, प्राकृतिक सौन्दर्य र सांस्कृतिक सम्पदाको सदुपयोग गरी स्थानीय पर्यटन प्रवर्द्धन गर्नाले थप आयआर्जन र रोजगारीका अवसरहरू सृजना गर्न सकिने, स्थानीय अधिकारीहरूका लागि वित्तीय व्यवस्थापन, बजेट र राजस्व सङ्कलनमा निरन्तर तालिम कार्यक्रमहरू लागू गर्दा दक्षता र प्रभावकारितामा सुधार ल्याउन सकिने, सडक, बजार र डिजिटल कनेक्टिभिटीजस्ता पूर्वाधारको विकासमा लगानी गर्दा राम्रो राजस्व संकलन र आर्थिक गतिविधिलाई सहज बनाउन सकिने, ई-गभर्नेन्सका लागि आधुनिक प्रविधिलाई एकीकृत गर्नाले पारदर्शिता, दक्षता र कर सङ्कलनमा सहजता ल्याउन सकिने, कर तिर्नुको महत्त्व र स्थानीय राजस्व उत्पादनका फाइदाहरू बारे बासिन्दाहरूलाई शिक्षित गर्न सचेतना अभियानहरू सञ्चालन गर्न सकिने, पारदर्शिता बढाउन र विश्वास निर्माण गर्न बजेट प्रक्रियामा समुदायलाई संलग्न गराउन सकिने, जस्ता विषयहरू प्रमुख सम्भावना तथा अवसरका रूपमा रहेका छन् ।

### ८.२.४ लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

लक्ष्य

समग्र आर्थिक वृद्धि प्रवर्द्धन गर्ने क्षमता अभिवृद्धि भएको हुनेछ ।

उद्देश्य

१. स्थानीय राजस्व उत्पादन वृद्धि

२. बाह्य कोष र साझेदारी वृद्धि

रणनीति

१. स्थानीय राजस्व उत्पादन वृद्धि गरी कर संकलन र अनुपालन सुधार गर्ने

२. राजस्व स्रोतहरू विविधीकरण गर्ने

३. स्रोत परिचालन र बित्त व्यवस्थापनमा प्रशासनिक र प्राविधिक क्षमता अभिवृद्धि गर्ने ।

कार्यनीतिहरू

रणनीति १को कार्यनीति

- कर तिर्नुको महत्व र सामुदायिक फाइदाका लागि कर राजस्व कसरी प्रयोग गरिन्छ भन्नेबारे बासिन्दाहरूलाई शिक्षित गर्ने गरिनेछ ।
- कर दायित्वहरू र फाइदाबारे सचेतना फैलाउन स्थानीय मिडिया (रेडियो, सामाजिक सञ्जाल) प्रयोग गरिनेछ ।
- नियमित कर भुक्तानी गर्नेहरूका लागि प्रोत्साहन व्यवस्था गरिनेछ ।

रणनीति २ का कार्यनीति

- कर संकलनको अनुगमन र कार्यान्वयन गर्न बलियो प्रणालीको विकास गरिनेछ ।
- नियमित रूपमा सम्पत्ति र व्यापार रेकर्डहरू अद्यावधिक र प्रमाणित गरिनेछ ।
- इको-पर्यटन स्थल, सांस्कृतिक सम्पदा स्थल र स्थानीय शिल्प बजार जस्ता पर्यटकीय आकर्षण र पूर्वाधारको विकास गरिनेछ ।

रणनीति ३ का कार्यनीति

- ट्राभल एजेन्सीहरूसँग साझेदारी गर्दै सामाजिक मिडिया र पर्यटन वेबसाइटहरू मार्फत नौगाडलाई पर्यटक गन्तव्यको रूपमा प्रवर्द्धन को प्रयास गरिनेछ ।
- राजस्व आर्जन गर्न वन र जलस्रोतहरू जस्ता स्थानीय प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापन अभ्यासहरू लागू गरिनेछ ।

### ८.२.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू

गाउँपलिकाले आगामी ५ वर्षमा सञ्चालन गरिने कार्यक्रम तथा आयोजनाहरूको विवरण यसप्रकार रहेको छ ।

**तालिका ४४ वित्तीय स्रोत परिचालन क्षेत्रका मुख्य कार्यक्रम तथा आयोजनाहरू**

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा |
| करनीति तर्जुमा र कार्यान्वयन | संख्या | १ | १० | ० | ० | ० | ० | १० |
| कर सँग सम्बन्धित सबैको अभिलेखीकरण | संख्या | १ | ० | ५ | ० | ० | ० | ५ |
| सहकार्य र साझेदारीता रणनीति निर्माण | संख्या | १ | ० | ५ | ० | ० | ० | ५ |
| स्थानीय खरिद योजना निर्माण | संख्या | १ | ५ | ० | ० | ० | ० | ५ |
| जनमुखी बजेट निर्माण | संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ |
| समितिका सदस्यहरूको क्षमता विकास, प्रोत्साहन तथा सम्मान कार्यक्रम | संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ |
| योजना व्यवस्थापनको जम्मा | | | २५ | २० | १० | १० | १० | ७५ |

### ८.२.६ अपेक्षित उपलब्धि तथा नतिजा अनुमान तथा जोखिम पक्ष

वित्तीय स्रोत परिचालन क्षेत्रको नतिजा खाका यस प्रकार रहेको छ

**तालिका ४५ वित्तीय स्रोत परिचालन क्षेत्रको नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाइ | आधार वर्षको २०८०।८१ | योजना अविधको लक्ष्य | | | पुष्ट्याइको स्रोत | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | तेस्रो वर्ष | पाँच वर्ष | | |
| प्रभाव | दिगो वित्तीय स्रोत परिचालन हासिल गर्न, स्थानीय विकास परियोजनाहरूमा लगानी गर्ने, अत्यावश्यक सेवाहरू प्रदान गर्ने र समग्र आर्थिक वृद्धि प्रवर्द्धन गर्ने क्षमता अभिवृद्धि भएको हुनेछ । | वित्तीय स्रोतमा पालिकाको सवलिकरण स्तर | प्रतिशत | ५ | १० | २५ | ५० | वन, वातावरणा तथा विपद व्यवस्थाप शाखाको प्रतिवेदन | वित्तीय व्यवस्थापनमा कठिनाइ, बिकटता, पूर्वाधार विकासमा जटिलता, वातावरण क्षेत्र प्राथमिकतामा नपर्नु |
| असर | स्थानीय राजस्व उत्पादन वृद्धि र बाह्य कोष र साझेदारी वृद्धि गरिनेछ | कुल पुजी | अर्व | ३ | ३.५ | ४ | ५ | | |
| प्रतिफल | स्थानीय राजस्व उत्पादन वृद्धि गरी कर संकलन र अनुपालन सुधार गर्ने | राजश्वका क्षेत्रहरू<br>राजश्वबाट पुँजी निर्माण | प्रतिशत<br>करोड | ५<br>१२ | २०<br>१२.२५ | ५०<br>१२.५० | ७०<br>१३ | | |
| | राजस्व स्रोतहरू विविधीकरण गर्ने | राजश्वका प्रकार | प्रतिशत<br>प्रतिशत<br>प्रतिकत | ३ | ० | ० | ५० | | |
| | स्रोत परिचालन र बित्त व्यवस्थापनमा प्रशासनिक र प्राविधिक क्षमता अभिवृद्धि गर्ने । | राजश्व कर्मचारीहरू<br>कर्मचारीको दक्षता | संख्या<br>प्रतिशत | ३<br>८० | ३<br>९० | ३<br>९५ | ५<br>१०० | | |

### ८.३ मानव संसाधन, संस्थागत विकास तथा सेवा प्रवाह

#### ८.३.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत विभिन्न कानूनहरूले स्थानीय सरकारहरूको काम, कर्तव्य र अधिकारहरू विशेष गरी मानव संसाधन, संस्थागत विकास र सेवा प्रवाह सम्बन्धी विषयहरूको वर्णन गरेको छ । स्थानीय सरकारहरू- गाउँपालिका, नगरपालिका र जिल्ला सभाहरूलाई उनीहरूको प्रशासनिक र सेवा प्रवाह कार्यहरू व्यवस्थित गर्न महत्त्वपूर्ण अधिकार दिइएको छ । संविधानको धारा ५७ ले राज्यशक्तिको बाँडफाँडलाई स्थानीय मामिलाहरूमा स्वायत्त अधिकार हुने उल्लेख गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहको अधिकार अझ थप स्पष्ट पारेको छ । जसले स्थानीय सरकारहरूलाई स्वतन्त्र रूपमा आफ्नो जनशक्तिको नियुक्ति, व्यवस्थापन र विकास गर्न सक्ने व्यवस्था गरेको छ । यस ऐनले संस्थागत विकासलाई अभिवृद्धि गर्न स्थानीय निकायलाई पद सिर्जना, नियुक्ति र क्षमता अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गर्ने अधिकार दिएको छ । साथै, संविधानको अनुसूची ८ मा उल्लेख भएबमोजिम शिक्षा, स्वास्थ्य, सरसफाइ र स्थानीय पूर्वाधार जस्ता आधारभूत सेवाहरू प्रदान गर्ने जिम्मेवारी स्थानीय सरकारहरूको हो भनी तोकिएको छ। उनीहरूलाई समुदायका आवश्यकताहरू प्रभावकारी रूपमा पूरा गर्न यी सेवाहरूको योजना बनाउने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मा दिइएको छ ।

थप रूपमा, अन्तर-सरकारी वित्तीय व्यवस्था ऐन २०७४ ले वित्तीय स्थानान्तरण र अनुदानका लागि एक रूपरेखा प्रदान गरेको छ । यो विकेन्द्रीकृत दृष्टिकोणले संविधानमा उल्लेखित संघीयता र स्थानीय स्वशासनका सिद्धान्तहरू अनुरूप उत्तरदायी, जवाफदेही र प्रभावकारी स्थानीय शासनलाई प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ। यसरी, संवैधानिक प्रावधान र विस्तृत विधायिकी ढाँचाको संयोजन मार्फत, स्थानीय सरकारहरूले मानव संसाधन व्यवस्थापन, संस्थागत क्षमता विकास र जनतालाई आवश्यक सेवाहरू प्रदान गर्न महत्त्वपूर्ण भूमिका खेल्ने सुनिश्चित गर्दछ ।

#### ८.३.२ समस्या तथा चुनौतीहरू

कर्मचारीहरूका लागि अपर्याप्त प्रशिक्षण र क्षमता निर्माण कार्यक्रमहरू, योग्य कर्मचारीहरूको बढी व्यस्तता, संस्थागत विकासका लागि अपर्याप्त आर्थिक स्रोत, आधुनिक पूर्वाधार र प्राविधिक उपकरणको अभाव, विभिन्न तहका सरकारहरूबीच समन्वय र सञ्चारको कमजोरी, स्थानीय शासनमा सीमित जनचेतना र संलग्नता, शिक्षा, स्वास्थ्य र सरसफाइ जस्ता आधारभूत सेवाहरू प्रदान गर्न चुनौतीहरू, सेवा प्रवाह कार्यक्रमहरूका लागि अपर्याप्त अनुगमन र मूल्याङ्कन संयन्त्र आदि प्रमुख समस्याका रूपमा रहेका छन् भने नतिजामा आधारित कर्मचारी प्रशासनलाई पूर्णरूपमा कार्यान्वयनमा ल्याउनु, संघ एवं प्रदेशका मातहातका कर्मचारीहरूको सरूवा, वढुवा, अवकास भइरहदा नियमित कार्यमा प्रभावकारीता ल्याउनु, संस्थागत संरचनालाई प्रभावकारी एवं स्वचालित बनाउनु, सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, छिटोछरितो, न्यून लागतको बनाउनु र सेवाग्राहीहरूको सन्तुष्टिमा अभिवृद्धि ल्याउदै सेवा प्रवाहलाई पारदर्शि एवं उत्तरदायि बनाउनु आदि प्रमुख चुनौतीको रूपमा रहेका छन् ।

#### ८.३.३ सम्भावना र अवसरहरू

मानव संसाधन तथा संस्थागत विकासमा गाउँपालिकाले नवीनतम अवधारणाहरूको खोजि गर्ने र सोहि बमोजिम क्षमता विकास मार्फत संस्थागत तथा मानव संसाधन विकासका लागि आधारशिला बनाउन सकिने, राम्रा उदाहरणहरूको अध्ययन तथा अवलोकन गरी अनुकरण गर्न सकिने, प्रविधिलाई संस्थागत प्रक्रियाहरूमा एकीकृत गरी मानव संसाधन व्यवस्थापन र संस्थागत विकासमा दक्षता बढाउन सकिने, राजनितिक नेतृत्व र कर्मचारीहरूका लागि क्षमता विकास कार्यक्रमहरू मार्फत डिजिटल उपकरणहरूको प्रयोग र प्रवर्द्धनबाट प्रशासनिक प्रक्रियाहरूलाई सुव्यवस्थित बनाउन सकिने जस्ता व्यापक सम्भावना र अवसरहरूलाई राम्रोसँग उपयोग गर्न सक्ने अवस्था रहेको छ ।

### ८.३.४ लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**लक्ष्य**

सुदृढ संस्थागत विकास मार्फत प्रभावकारी सेवा प्रवाह सुनिश्चित भएको हुनेछ ।

**उद्देश्य**

१. व्यवस्थित र वैज्ञानिक संस्थागत संरचनाको विकास र मानव संसाधन व्यवस्थापन गर्ने ।

२.डिजिटलाइज सेवा प्रवाह पद्धति विकास गर्ने ।

**रणनीति**

१. सीप र ज्ञान अभिवृद्धि गर्न कर्मचारी र नेतृत्वका लागि नियमित प्रशिक्षण र व्यावसायिक विकास कार्यक्रमहरू लागू गर्ने ।

२. सेवा वितरण प्रक्रियालाई व्यवस्थित गर्न नीति र प्रक्रियाहरू विकास र लागू गर्ने ।

**कार्यनीतिहरू**

रणनीति १ का कार्यनीति

- सबै कर्मचारीहरूका लागि व्यावसायिक क्षमता विकास विकास कार्यशालाहरू त्रैमासिक रूपमा आयोजना गरिनेछ ।
- नेतृत्व विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- कर्मचारीको क्षमता विकासका पर्याप्त स्रोतहरू उपलब्ध गरिनेछ ।

**रणनीति २ का कार्यनीति**

- त्रैमासिक रूपमा मानव संसाधन र संस्थागत विकास को प्रगति समीक्षा गरिनेछ ।
- हालका नीतिहरूको परिपालना प्रभावको मूल्याङ्कन गर्न र आवश्यक परिमार्जनहरू सिफारिस गर्न जिम्मेवार नीति समीक्षा समिति गठन गरिनेछ ।
- परिपालना सुनिश्चित गर्नका लागि सबै कर्मचारी सदस्यहरूलाई अद्यावधिक र दस्तावेजीकरण गर्न जिम्मेवार बनाइनेछ ।

**रणनीति ३ का कार्यनीति**

- पहिलो वर्षमा अत्यावश्यक सेवाहरूको डिजिटलाइजेशनलाई प्राथमिकता दिइनेछ ।
- नयाँ डिजिटल उपकरण र प्रणालीहरूमा कर्मचारीहरूका लागि व्यापक प्रशिक्षण आयोजना गरिनेछ ।
- डिजिटलाइज्ड प्रणालीको कार्यान्वयनको क्रममा र पछि उत्पन्न हुने कुनै पनि समस्याहरूलाई सम्बोधन गर्न प्राविधिक सहयोग टोली गठन गरिनेछ ।

### ८.३.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू

गाउँपलिकाले आगामी ५ वर्षमा सञ्चालन गरिने कार्यक्रम तथा आयोजनाहरूको विवरण यसप्रकार रहेको छ ।

**तालिका ४६ मानव संसाधन तथा संस्थागत विकास क्षेत्रका मुख्य कार्यक्रम तथा आयोजनाहरू**

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा |
| थप कर्मचारीहरु व्यवस्था | संख्या | ५ | १० | ० | ० | ० | ० | १० |
| कर्मचारी क्षमता विकास | संख्या | ५ | ० | ५ | ० | ० | ० | ५ |
| सेवाग्राही सन्तुष्टि सर्भे | संख्या | ५ | ० | ५ | ० | ० | ० | ५ |
| संस्थागत विकास संयन्त्र निर्माण | संख्या | १ | ० | ५ | ० | ० | ० | ५ |
| जनप्रतिनिधि क्षमता विकास | संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ |
| पुरस्कार र प्रोत्साहन | संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ |
| जम्मा | | | २० | २५ | १० | १० | १० | ७५ |

### ८.३.६ अपेक्षित उपलब्धि तथा नतिजा अनुमान तथा जोखिम पक्ष

मानव संसाधन तथा संस्थागत विकास क्षेत्रको नतिजा खाका यस प्रकार रहेको छ

**तालिका ४७ मानव संसाधन तथा संस्थागत विकास क्षेत्रको नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाइ | आधार वर्षको २०८०।८१ | योजना अविधको लक्ष्य पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | पुष्टयाइको स्रोत | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | सुदृढ संस्थागत विकास मार्फत प्रभावकारी सेवा प्रवह सुनिश्चित भएको हुनेछ | सेवा प्रति सन्तुष्ट<br>जनप्रतिनिधि र कर्मचारीको व्यवहारबाट सन्तुष्ट | प्रतिशत | २५<br>२५ | ५०<br>५० | ७५<br>७५ | १००<br>१०० | सेवाग्राही सन्तुष्टि सर्भे प्रतिवेदन | कामको चार र प्रविधिको गुणस्तर र निरन्तरता |
| **असर** | सहभागितमूलक पद्धतिबाट तर्जुमा गरीएका नीति नियमहरू | सरोकारवालाको संलग्नता<br>लक्षित वर्गको संलग्नता | प्रतिशत | ५०<br>३० | ६०<br>५० | ७०<br>७० | १००<br>१०० | | |
| **प्रतिफल** | जनमुखी सेवा | सेवा बारे जनताको बुझाइ | प्रतिशत | २० | ५० | ८० | १०० | | |
| | कानुनी अपनत्व | कानुन बुझेका जनसमुदाय | प्रतिशत<br>प्रतिशत<br>प्रतिकत | १० | ३० | ४० | ५० | | |
| | कर्मचारू, जनप्रतिनिधि र जनताबीचको सम्बन्ध | सहयोगी | प्रतिशत | ५० | ६० | ७० | ८० | | |

## ८.४ योजना व्यवस्थापन

### ८.४.१ पृष्ठभूमि

स्थानीय तहको उत्तरदायित्व र योजना व्यवस्थापनको ढाँचा मुख्यतया नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ द्वारा थप कानून र दिशानिर्देशहरूद्वारा पूरक बनाइएको छ । संविधानको धारा ५७ मा संघीय, प्रदेश र स्थानीय तहबीचको अधिकारको बाँडफाँटलाई स्थानीय सरकारलाई कानून निर्माण, योजना र विकासका गतिविधिहरू व्यवस्थापन गर्न उत्तरदायि बनाइएको छ । संविधानको अनुसूची ८ र ९ मा स्थानीय सरकारहरूको विशेष र समवर्ती अधिकारहरू निर्दिष्ट गरिएको छ, जसमा सहरी विकास, स्थानीय पूर्वाधार, स्थानीय कर र सेवा व्यवस्थापन जस्ता क्षेत्रहरू समेटिएको छ तर उच्च सरकारी तहसँग समन्वय आवश्यक छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय सरकारहरूलाई बृहत् राष्ट्रिय र प्रादेशिक नीतिहरूसँग मिलाएर आवधिक योजनाहरू र वार्षिक बजेटहरू तयार गर्न आवश्यक छ, यी योजनाहरू स्थानीय समुदायहरू समावेशी सहभागितामूलक प्रक्रियाहरू मार्फत तयार गरिएको हुनु पर्दछ । यस ऐनले सडक, खानेपानी, सरसफाइ र आवास लगायतका पूर्वाधार विकासका साथै स्वास्थ्य, शिक्षा र कृषि विस्तार जस्ता क्षेत्रमा आवश्यक सेवा प्रवाहका लागि स्थानीय जिम्मेवारीहरू पनि उल्लेख गरेको छ । यसबाहेक, स्थानीय तहले प्रभावकारिता र जवाफदेहिता सुनिश्चित गर्न, विभिन्न सरकारी स्तर र सरोकारवालाहरू बीच समन्वय र स्रोत साझेदारी प्रवर्द्धन गर्न विकास आयोजनाहरूको अनुगमन र मूल्याङ्कनलाई अनिवार्य गर्दछ ।

राष्ट्रिय योजना आयोगका दिग्दर्शनहरू जस्तैः स्थानीय विकास योजना दिग्दर्शन र बजेट तयारी दिग्दर्शन स्थानीय विकास योजनाका लागि संरचित प्रक्रियाहरू हुन् । यिनीहरूले समुदायको संलग्नता र दिगोपनलाई जोड दिन्छन् । सार्वजनिक खरिद ऐन, २०६३ र यसका नियमहरूले स्थानीय स्तरमा पारदर्शिता र दक्षता सुनिश्चित गर्न खरिद प्रक्रियाहरू परिपालना गर्नु पर्दछ भन्ने स्पष्ट गरेको छ। वातावरण संरक्षण ऐन २०७६ ले स्थानीय सरकारहरूलाई उनीहरूको योजनामा वातावरणीय विषय एकीकृत गर्न र महत्त्वपूर्ण परियोजनाहरूका लागि वातावरणीय प्रभाव मूल्याङ्कन सञ्चालन गर्न आवश्यक छ भनी उल्लेख गरेको छ ।

### ८.४.२ समस्या तथा चुनौतीहरू

कृषि, पर्यटन, यातायात, वातावरण जस्ता अति प्राथमिक क्षेत्रहरूको दीर्घकालीन गुरूयोजना तर्जुमा हुन नसक्नु, आयोजनाहरूको दिगोपनामा नीतिगत अभाव, अस्पष्टता र सम्वन्धित उपभोक्ता समितिको जिम्मेवारी न्यून, योजनाहरूको छनौटमा परम्परागत शैली, लाभान्वित वर्गसँग न्यून छलफल अन्तरक्रिया कम हुनु, प्राथमिकता निर्धारण, दिगो विकास लक्ष्यलाई स्थानीयकरण, जलवायु एवं लैङ्गिक सङ्केतहरूसँग छानिएका योजनाहरूको तादात्म्यतामा कमी, आयोजनाहरू छनौट एवं कार्यान्वयन अघि विस्तृत अध्ययन, इन्जिनियरिङ डिजाइन, आइइ, इआइए, भौगोलिक अवस्थिति, आर्थिक एवं वित्तीय सम्भाव्यता जस्ता पक्षहरूका वारेमा न्यून अध्ययन र विश्लेषण र लाभान्वित वर्गको सहभागितामा आयोजनाहरूको अनुगमन, सुपरीवेक्षण, मूल्याङ्कन प्रभावकारीताको अभाव, न्यून संख्या हुने गरेको आदि प्रमुख समस्याहरू रहेका छन् । त्यसैगरी निर्धारित समयमै आयोजनाहरू सफलतापूर्वक सम्पन्न गर्नु, आयोजनाहरूमा दिगोपना एवं गुणस्तरीयता कायम राख्नु, आयोजनाहरूको नियमित मर्मत-सम्भार एवं स्थानीयहरूको स्वामित्व स्थापित गर्नु, ठूला आयोजनाहरूलाई यथेष्ट रूपमा स्रोत व्यवस्थापन (जुटाउनु) गर्नु आदि प्रमुख चुनौतीहरू रहेका छन् ।

### ८.४.३ सम्भावना तथा अवसरहरू

संघीय र प्रदेश सरकार एवं गैर-सरकारी संस्थाहरूबाट स्रोतहरू प्राप्त गर्न सकिने, डिजिटल उपकरणहरू र प्रणालीहरू लागू गरी व्यवस्थापन सुधार गर्न सकिने, निजी क्षेत्रका संस्थाहरूसँगको सहकार्यलाई प्रभावकारी बनाउन सकिने र प्रादेशिक र संघीय सरकारहरूसँगको समन्वयलाई सुदृढ गर्न सकिने सम्भावना र अवसरहरू रहेका छन् ।

### ८.४.४ लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**लक्ष्य**

सहभागिता र डिजिटलाइज पद्धतिबाट योजना छान्ने र प्रविधिमैत्री अनुगमन तथा अभिलेखिकरण गर्ने उत्कृष्ट प्रणालीको कार्यान्वयन भएको हुनेछ ।

**उद्देश्य**

१. योजना छनोटमा उत्कृष्ट स्तरको सहभागिता सुनिश्चत गर्ने ।

२. योजना व्यवस्थापनमा डिजिटलाइज प्रविधिको संस्कृति विकसित गर्ने ।

**रणनीतिहरू**

१. कर्मचारी र नेतृत्वका लागि बृहत् तालिम र समावेशी सामुदायिक संलग्नताका लागि सहभागितामूलक संयन्त्र स्थापना गरेर नौगाडमा दिगो योजनालाई सुदृढ गर्ने।

२. बैठकहरू आयोजना गरेर, सरोकारवाला सल्लाहकार समितिहरू गठन गरेर र प्रतिक्रिया र सञ्चारका लागि डिजिटल प्लेटफर्महरू लागू गरेर नौगाडको योजनामा सामुदायिक संलग्नता बढाउने ।

३. ज्ञान व्यवस्थापन र व्यावहारिक सीप-निर्माणलाई सहज बनाउने ।

**कार्यनीतिहरू**

**रणनीति १ का कार्यनीति**

- गाउँपालिकाका कर्मचारी र नेतृत्वका लागि दिगो विकास र सहभागितामूलक योजनासम्बन्धी त्रैमासिक प्रशिक्षण सत्रहरू, निरन्तर सीप अभिवृद्धि र ज्ञान अद्यावधिक सुनिश्चित गरिनेछ ।
- योजना प्रक्रियामा सक्रिय रूपमा सहभागी हुन् र मार्गदर्शन गर्न समुदायका नेताहरू, व्यवसायिहरू र गैरसरकारी संस्थाका प्रतिनिधिहरूको सल्लाहकारीय संयन्त्र स्थापना गरिनेछ
- पारदर्शिता र निरन्तर सामुदायिक संलग्नता प्रवर्द्धन गर्दै डिजिटल प्लेटफर्महरूको प्रयोग र उपकरणहरू व्यवस्थापन गरिनेछ ।

**रणनीति २ का कार्यनीति**

- दिगो विकास अभ्यासहरू र सहभागितामूलक योजना विधिहरूमा ध्यान केन्द्रित गरिनेछ ।
- योजना प्रक्रियाका सबै चरणहरूमा नियमित परामर्श र संलग्नता सुनिश्चित गर्दै समुदाय भित्रका विभिन्न समूहका प्रतिनिधिहरू समावेश गर्ने सामुदायिक सल्लाहकार समितिहरू स्थापना गरिनेछ ।
- सूचना प्रसारलाई सहज बनाउन अनलाइन पोर्टलहरू र मोबाइल एपहरू जस्ता डिजिटल प्लेटफर्महरू विकास र कार्यान्वयन गरिनेछ ।

**रणनीति ३ का कार्यनीति**

- अभिलेखिकरण र दस्तावेजिकरणलाई दुरूस्त बनाइनेछ ।
- ज्ञान तथा अनुभव आदान प्रदान कार्यक्रमको आयोजना गरिनेछ ।
- योजना व्यवस्थापनमा पूर्ण सहभागिताका लागि उचित सूचना संयन्त्रको विकास गरिनेछ ।

### ८.४.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू

गाउँपालिकाले आगामी ५ वर्षमा सञ्चालन गरिने कार्यक्रम तथा आयोजनाहरूको विवरण यसप्रकार रहेको छ।

**तालिका ४८ योजना व्यवस्थापन क्षेत्रका मुख्य कार्यक्रम तथा आयोजनाहरू**

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा |
| आयोजना कार्यान्वयन नीति तर्जुमा | संख्या | १ | १० | ० | ० | ० | ० | १० |
| ठेक्केदार परिचालन कार्यविधि निर्माण | संख्या | १ | ० | ५ | ० | ० | ० | ५ |
| स्थानीय खरिद योजना निर्माण | संख्या | १ | ५ | ० | ० | ० | ० | ५ |
| उपभोक्ता समिति/श्रम सहकारीहरु, ठेक्केदारको क्षमताअभिवृद्धि | संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ |
| समितिका सदस्यहरूको क्षमता विकास, प्रोत्साहन तथा सम्मान कार्यक्रम | संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ |
| योजना व्यवस्थापनको जम्मा | | | २५ | २० | १० | १० | १० | ७५ |

## ८.४.६ अपेक्षित उपलब्धि तथा नतिजा अनुमान तथा जोखिम पक्ष

**योजना व्यवस्थापन क्षेत्रको नतिजा खाका यस प्रकार रहेको छ ।**

**तालिका ४९ योजना व्यवस्थापन क्षेत्रको नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाइ | आधार वर्ष २०८०।८१ | योजना अविधको लक्ष्य | | | पुष्ट्याइको स्रोत | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | | |
| **प्रभाव** | गाउँपालिकामा संचालित योजनाहरूको सबै पक्षबाट स्वामित्व लिइनेछ | अपनत्वको स्तर | प्रतिशत | २० | ५० | ७० | १०० १०० | गाउँपालिकाको समिक्षा प्रतिवेदन | कामको चार र प्रविधिको गुणस्तर र निरन्तरता |
| **असर** | सहभागितामूलक योजना तर्जुमा र बजेट विनियोजन गरिनेछ | सरोकारवालाको संलग्नता लक्षित वर्गको संलग्नता | प्रतिशत | २५ १० | ५० ३० | ७५ ७० | १०० १०० | | |
| **प्रतिफल** | योजना स्तरमा गुनासो सुनुवाइ व्यवस्थापन | स्पष्ट संयन्त्र निर्माण | प्रतिशत | ५० | ६० | ८० | १०० | | |
| | उपभोक्ता समिति श्रम सहकारी दर्ता | समावेशी समिति | प्रतिशत प्रतिशत प्रतिकत | ५० | ७० | ९० | १०० | | |
| | उपभोक्ता स्तरमा सार्वजनिक परीक्षण | कार्यक्रममा सहभागी संख्या | प्रतिशत | ५० | ७० | ७५ | ८० | | |

## ९.१ पृष्ठभूमि

गाउँपालिकाको विकास र समृद्धिका लागि पर्याप्त र दक्ष जनशक्ति महत्वपूर्ण विषय हो । यस सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐनले स्पष्ट प्रावधान उल्लेख गरेको छ । गाउँपालिकाले मानव संसाधन र संस्थागत विकाससँग सम्बन्धित मुख्य समस्याहरू, मुख्य चुनौतीहरू, सम्भावना र अवसरहरू माथि परिच्छेद ८ मा उल्लेख गरिसकिएको छ । यस पालिकाको समुचित मानव संसाधन व्यवस्थापनका साथै संस्थागत विकासका लागि निम्नानुसार कार्यनीतिका साथ तपशील बमोजिम कार्यक्रम खाका तय गरिएको छ ।

## ९.२ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना

नौगाड गाउँपालिकाको संस्थागत व्यवस्था तथा मानव संशाधनका लागि निम्नानुसार रणनीतिहरू अवलम्बन गरिनेछ । जनशक्ति व्यवस्थापन र संस्थागत विकासका लागि यस आवधिक योजना अवधिमा आवश्यक पर्ने कोष र कार्यक्रमहरूको समेत प्रक्षेपण गरिएको छ । गाउँपालिकाको समग्र व्यवस्थापनको स्पष्ट सांगठानिक संरचना निर्माण गरी जनशक्ति व्यवस्थापन गर्ने, नीति नियमहरूको तर्जुमा गर्ने, कार्य विवरणको परिपालना गर्ने जस्ता विषयहरूको प्रभावकारी परिपालना गरिनेछ । करार कर्मचारी छनौट तथा पदपुर्ति कार्यविधिको पूर्ण पालना गरिनेछ ।सङ्गठन तथा व्यवस्थापन सर्भे गरी संस्थागत व्यवस्थापनको परिस्कृत र अझ व्यवस्थित आधार स्थापित गरिनेछ । कर्मचारी बिच प्रभावकारी समन्वय र सहकार्यको संस्कृति विकास गरिनेछ । गाउँपालिका अन्तर्गतका विभाग, शाखा तथा निकायहरूमा प्रविधिमैत्री सेवा प्रवाहको संयन्त्र निर्माण गरिनेछ । गाउँपालिकामा प्रभावकारी घरदैलो सेवा प्रवाह कार्यक्रम लागु गरिनेछ ।

### ९.२.१ समस्या तथा चुनौती

- व्यबस्थित संस्थागत संरचनाको विकास र संरचना अनुसार कर्मचारीको व्यबस्था नहुनु
- संस्थागत विकास तथा व्यबस्थापन योजना नबन्नु
- दरवन्दी अनुसार कर्मचारी अपुग हुनु
- कर्मचारीको क्षमता अभिवृद्धिका लागि तालिम, अनुशिक्षण, प्रशिक्षणको कमी
- समिति एवं उपसमितिहरू क्रियाशीलता एवं सक्रियातामा कमी
- सेवा प्रवाह चुस्तदुरूस्त, छिटोछरितो हुन नसकेको, परम्परागत कार्यशैली
- जनप्रतिनिधि, कर्मचारी एवं गैसस, विषयगत कार्यालय र सरोकारवालाहरूको क्षमताको अभाव
- नतिजामा आधारित कर्मचारी प्रशासनलाई पूर्णरूपमा कार्यान्वयनमा ल्याउनु
- सार्वजनिक सेवालाई प्रभावकारी एवं स्वचालित प्रवाहलाई गुणस्तरीय, छिटोछरितो बनाउनु

### ९.२.२ सम्भावना तथा अवसर

- संस्थागत विकास तथा व्यबस्थापन सर्भे गरी प्राप्त नतिजा अनुसार कार्ययोजना बनाइ संस्थागत व्यबस्थापनलाइ अपेक्षाकृत बनाउन सकिने
- आवधिक योजना कार्यान्वयनकाका लागि संघ, प्रदेश लगायत निजि क्षेत्र, विज्ञ समूह आदिसँग सहकार्य गर्न सकिने,
- विकास कार्यमा जनप्रतिनिधिहरूको सक्रियता वढ्दो, रचनात्मक सहयोग र आपसमा हातेमालो गरी अघि बढ्न सक्ने सम्भावना
- जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम, गोष्ठीहरू सञ्चालन हुँदै आएको, अनुभव, सिकाइहरू एक अर्को पालिकाहरूसँग ग्रहण हुँदै आएको र जनप्रतिनिधिहरूमा प्रशासनिक विधि प्रक्रियाहरूमा अभ्यस्त भइसकेको सन्दर्भमा नीति, कार्यक्रमहरू तर्जुमा तथा डिजाइनमा प्रभावकारी आउन सक्ने

- कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि तालिम, अनुशिक्षण, प्रशिक्षणहरूमा सहभागिता हुँदै आएको, वृत्तविकास, प्रोत्साहन, उत्कृष्ट कर्मचारी सम्मान र पुरस्कार गर्ने अभ्यासबाट वार्षिक नीति कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन सक्ने

### ९.२.३ लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

लक्ष्य : व्यबस्थित संस्थागत विकास एवं मानव संशाधन परिचालन मार्फत नौगाडको विकास प्रकृयालाइ जनमुखि बनाइने ।

**उद्देश्य**

१. स्पष्ट संस्थागत ढाँचाको निर्माण गरी समुचित रूपमा दक्ष कर्मचारी परिचालन गर्ने

२. कर्मचारीको क्षमता विकासलाइ प्राथमिकतामा राखि दक्ष कर्मचारी परिचालन सुनिश्चत गर्ने

**रणनीतिहरू**

१.१ गाउँपालिकाको संगठन तथा व्यबस्थापन सर्भे गरी प्राप्त नतिजा अनुसार कर्मचारी व्यबस्थापन गर्ने

१.२ संगठनात्मक संरचनालाई प्रभावकारी रूपमा क्रियाशील बनाउने

**कार्यनीतिहरू**

रणनीति १.१ को मानव संशाधन दक्ष एवं व्यावसायिक बनाउने अन्तर्गतका कार्यनीतिहरू

- गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षणका आधारमा संगठन संरचना निर्माण, दरवन्दी सिर्जना एवं भर्ना, कर्मचारी कार्य विवरण तयार पारिनेछ ।
- तालिम, अनुशिक्षण, गोष्ठी लगायतका माध्यमबाट मानव संशाधनको क्षमता अभिवृद्धि गरिनेछ ।
- कर्मचारीहरूको वृत्ति विकासलाई सुनिश्चित गरिनेछ ।
- कार्यसम्पादन प्रभावकारीताको आधारमा उत्कृष्ट कर्मचारीलाई सम्मान एवं पुरस्कृत गरिनेछ र सोही अनुसार दण्ड, सजायको व्यवस्था पनि गरिनेछ ।

रणनीति १.२ को संगठनात्मक संरचनालाई प्रभावकारी रूपमा क्रियाशील बनाउने अन्तर्गतका कार्यनीतिहरू

- गाउँकार्यपालिका प्रति उत्तरदायी हुने समितिहरू गठन गरी क्रियाशील बनाइनेछ । यसका लागि आवश्यक जनशक्ति लगायत साधन स्रोतको व्यवस्था मिलाइनेछ ।
- समिति, उपसमितिहरू समावेशीकरणको सिद्धान्तका आधारमा सबै पक्षहरूको प्रतिनिधित्व हुनेगरी गठन गरिनेछ र आवश्यकताका आधारमा विषयक्षेत्रगत विज्ञहरूको समेत समावेश गरिनेछ ।
- प्रभावकारी रूपमा परिचालनका लागि गठित समिति, उपसमितिहरूको जिम्मेवारी, अधिकार क्षेत्रहरू निर्धारण गरी समितिहरूको कार्यसम्पादन नियमावली तर्जुमा गरिनेछ ।
- समिति तथा उपसमितिका सदस्यहरूको क्षमता विकासका लागि अभिमुखीकरण, तालिम एवं अनुशिक्षण कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- देशभित्रका तथा विदेशका स्थानीय तहसँग भगिनी सम्बन्ध स्थापित गरिनेछ र स्थानीय सरकार सञ्चालनमा प्राप्त भएका ज्ञानसीप, सिकाइ लगायतका बारेमा अनुभवहरू आदनप्रदान गरिनेछ

### ९.२.४ जनशक्ति व्यवस्थापन तथा कार्यक्रमहरू

तालिका ५० संस्थागत व्यवस्था तथा मानव संसाधन योजना कार्यक्रम तथा आयोजनाहरू

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू लाखमा) | | | | | | बजेट प्रतिशत | दिविल संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | | | | |
| जनशक्तिको क्षमता विकास | | | | | | | | | | | | |
| तालिम, अनुशिक्षण, प्रशिक्षण कार्यक्रम | पटक | ५ | १० | १० | १० | १० | १० | ५० | ११.६३ | १६ | ३ | ३ |
| उत्कृष्ट कर्मचारी सम्मान एवं पुरस्कृत | पटक | ५ | २० | २० | २० | २० | २० | १०० | २३.२६ | १६ | ३ | ३ |
| कर्मचारी वृत्त विकास कार्यक्रम | पटक | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | ५.८१ | १६ | ३ | ३ |
| कर्मचारी प्रोत्साहन कार्यक्रम | संख्या | ५ | १० | १४ | १५ | २० | १० | ६९ | १६.०५ | १६ | ३ | ३ |
| करार तथा विज्ञ कर्मचारी भर्ना | संख्या | २ | २० | १५ | १५ | १५ | १५ | ८० | १८.६० | १६ | ३ | ३ |
| संगठनात्मक संरचना निर्माण | कार्यक्रम | १ | ० | १० | ० | ० | ० | ० | ०.०० | १६ | ३ | ३ |
| विज्ञ समूहको गठन | संख्या | ४ | ५ | ५ | ५ | ५ | ५ | २५ | ५.८१ | १६ | ३ | ३ |
| समिति, उपसमितिहरूको जिम्मेवारी तथा कार्यविधि निर्माण | संख्या | १ | १० | ० | ० | ० | ० | १० | २.३३ | १६ | ३ | ३ |

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू लाखमा) | | | | | | बजेट प्रतिशत | दिविल संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
